
वन तथा वातावरण सम्बन्धी संघीय तथा लुम्बिनी प्रदेश स्तरका ऐन नियमहरूको संग्रह, २०८३

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही, नेपाल

वन तथा वातावरण सम्बन्धी संघीय तथा लुम्बिनी प्रदेश स्तरका ऐन नियमहरूको संग्रह, २०८३



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

बुटवल, रुपन्देही, नेपाल

विषयसूची

संघीय वन ऐन, २०७६ १-३२

वातावरण संरक्षण ऐन, २०७६ ३३-५६

वन नियमावली, २०७९ ५७-२७६

वातावरण संरक्षण नियमावली, २०७७ २७७-४०५

प्रदेश वन ऐन, २०७८ ४०६-४७८

वातावरण संरक्षण ऐन, २०७७ ४७९-५०२

प्रदेश वन नियमावली, २०७९ ५०३-६९२

वातावरण संरक्षण नियमावली, २०७७ ६९३-८२०

वन ऐन, २०७६

<u>प्रमाणीकरण मिति</u>
२०७६।०६।२७

<u>संशोधन गर्ने ऐन</u>

१. लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ — २०८१।०३।२४

२. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ — २०८२।०४।१४

संवत् २०७६ सालको ऐन नं. १२
<u>वन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन</u>

संवत् २०७६ सालको ऐन नं. १२

<u>प्रस्तावना</u>: राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्न र निजी, सार्वजनिक र सहरी वनको प्रवर्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्न वन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१
<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "वन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्ग सम्झनुपर्छ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको सम्मिश्रणबाट तयार भएको कुनै वस्तुलाई समेत जनाउँछ।

(ख) "अन्तरप्रादेशिक वन" भन्नाले एकभन्दा बढी प्रदेशमा फैलिएको, भौगोलिक तथा प्राकृतिक रुपमा जोडिएको र पारिस्थितिकीय प्रणालीको दृष्टिबाट अन्तरसम्बन्धित राष्ट्रिय वन सम्झनुपर्छ।

(ग) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, संवर्धन, व्यवस्थापन तथा सदुपयोग गर्न दफा ३१ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनुपर्छ।

(घ) "कबुलियती वन" भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय

वन सम्झनुपर्छ।

(ङ) "गैर काष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रुखहरूबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार लगायत अन्य सबै जैविक उत्पत्तिका सामान सम्झनुपर्छ।

(च) "टाँचा" भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिह्न वा निशाना सम्झनुपर्छ।

(छ) "डिभिजन वन कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालय सम्झनुपर्छ।

(ज) "डिभिजनल वन अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारले खटाएको डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ञ) "धार्मिक वन" भन्नाले दफा २८ बमोजिम जिम्मा दिइएको राष्ट्रिय वन सम्झनुपर्छ।

(ट) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनुपर्छ।

(ठ) "प्रदेश वन निर्देशक" भन्नाले प्रदेश वन निर्देशनालयको प्रमुख सम्झनुपर्छ।

(ड) "प्रदेशभित्रको राष्ट्रिय वन" भन्नाले अन्तरप्रादेशिक वनभन्दा पृथक रुपमा रहेको सम्बन्धित प्रदेशभित्रको राष्ट्रिय वन सम्झनुपर्छ।

(ढ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।

(त) "राष्ट्रिय वन" भन्नाले सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, प्रदेशभित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन सम्झनुपर्छ।

(थ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ।

(द) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनुपर्छः-

(१) काष्ठ पैदावार,

(२) गैरकाष्ठ वन पैदावार, वा

▽(३) चट्टान, ढुङ्गा र माटो।

(ध) "वन संरक्षण क्षेत्र" भन्नाले दफा १५ बमोजिम घोषणा गरिएको वन संरक्षण क्षेत्र सम्झनुपर्छ।

(न) "वन सिमाना चिह्न" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुका खम्बा वा चिन्हपट सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिह्नलाई समेत जनाउँछ।

(प) "वन व्यवस्थापन पद्धति" भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका पद्धति सम्झनुपर्छ।

(फ) "वनक्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ।

(ब) "वातावरणीय परीक्षण" भन्नाले प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ।

(भ) "वातावरणीय सेवा" भन्नाले वनक्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनुपर्छः-

(१) कार्बन सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमका अन्य वस्तु, सेवा तथा लाभ।

(म) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वन तथा भू-संरक्षण विभाग सम्झनुपर्छ।

(य) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले दफा १४ बमोजिम सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनुपर्छ।

(र) "सशस्त्र वन रक्षक" भन्नाले दफा ४६ बमोजिम गठन भएको सशस्त्र वन रक्षक सेवाको विभिन्न पदमा बहाल रहेका सशस्त्र वन रक्षक सम्झनुपर्छ।

(ल) "साझेदारी वन" भन्नाले दफा २३ बमोजिम डिभिजन वन कार्यालय,

▽ लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वन सम्झनुपर्छ।

(ब) "सामुदायिक वन" भन्नाले दफा १८ बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन सम्झनुपर्छ।

(श) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

परिच्छेद-२

राष्ट्रिय वनको भू-स्वामित्व, भू-उपयोग तथा सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. **राष्ट्रिय वनको भू-स्वामित्वः** (१) राष्ट्रिय वनक्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहनेछ।

(२) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बिना राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्न, राष्ट्रिय वनको भोगाधिकार कसैलाई उपलब्ध गराउन, धितो बन्धकी, सट्टापट्टा वा अन्य किसिमले हक हस्तान्तरण गर्न सकिने छैन।

(३) राष्ट्रिय वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने र भोगाधिकार उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **राष्ट्रिय वनको सीमा निर्धारणः** नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण गर्नेछ।

५. **जग्गा प्राप्त गर्न सक्नेः** (१) राष्ट्रिय वनको सिमाना छुट्याउँदा नेपाल सरकारले त्यस्तो वनको संरक्षणको लागि आवश्यक भएमा सो वनभित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो, टहरो तथा अन्य भौतिक संरचना समेत वनको सिमानाभित्र पारी छुट्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वनको सिमानाभित्र पारिएको कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो, टहरो तथा अन्य भौतिक संरचना समेत जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त गरी सोको क्षतिपूर्ति वा मुआब्जा दिनु पर्नेछ।

(३) वन सिमानाभित्र परेको जग्गाको प्राप्ति सम्बन्धी अन्य व्यवस्था जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

६. **निजी जग्गाको लगत काट्नेः** (१) यस परिच्छेद बमोजिम व्यक्तिको निजी जग्गा राष्ट्रिय वनभित्र पारिएकोमा त्यस्तो जग्गा प्राप्त गरी मुआब्जा वा क्षतिपूर्ति निर्धारण गरेपछि सो जग्गाको क्षेत्रफल, कित्ता नम्बर तथा सिमाना सम्बन्धी विवरण खोली डिभिजनल वन अधिकृतले मालपोत कार्यालय एवं सम्बन्धित स्थानीय तहमा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले सो जग्गाको करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले मन्त्रालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

७. **जग्गा दर्ता गर्न नहुनेः** (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन।

(२) कसैले राष्ट्रिय वनभित्रको जग्गा दर्ता गराएको भएमा त्यसरी दर्ता भएको आधारमा त्यस्तो जग्गामा दाबी लाग्ने छैन र त्यस्तो दर्ता स्वतः बदर भएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता समेत यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ।

(४) उपदफा (२) र (३) बमोजिम दर्ता बदर भएको जग्गाको लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न सम्बन्धित स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएमा सात दिनभित्र मालपोत कार्यालयले सो जग्गाको मालपोत र सम्बन्धित स्थानीय तहले सो जग्गाको करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत कट्टा भएको विवरण डिभिजन वन कार्यालयले मन्त्रालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

८. **राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुनेः** यस ऐन बमोजिम पट्टा, पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

९. **वनक्षेत्रमा प्रवेश निषेधः** (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना प्रकाशन गरी राष्ट्रिय वनको पूरै वा केही भागमा निश्चित समयको लागि प्रवेश निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा सिमाना छुट्याई मानिस आवत जावतको लागि बाटो छुट्याउन सकिनेछ र यसरी छुट्याइएको बाटो उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रवेश निषेध गरिएको वनक्षेत्रमा कुनै पनि प्रकारको घरपालुवा चौपाया प्रवेश गराउन पाइने छैन।

(४) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा नेपाल सरकारबाट अनुमति प्राप्त आयोजना सञ्चालकको हकमा तोकिए बमोजिम प्रवेश नियमनको व्यवस्था गरिनेछ।

१०. **राष्ट्रिय वनको भू-उपयोग योजना लागू गर्न सक्नेः** नेपाल सरकारले दिगो वन संरक्षण, व्यवस्थापन एवं वातावरण तथा विकासबीचको सन्तुलन कायम गर्नका लागि कुनै खास वनक्षेत्रमा तोकिए बमोजिम भू-उपयोग योजना लागू गर्न वा गराउन सक्नेछ।

११. **राष्ट्रिय वनको व्यवस्थापनः** (१) नेपाल सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको व्यवस्थापनको लागि प्रदेश सरकारसँग परामर्श गरी एकीकृत वा

प्रदेशगत रणनीतिक योजना बनाउनेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक योजनाको अधीनमा रही प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले यस ऐनको अधीनमा रही सहभागितामूलक रुपमा आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी तोकिए बमोजिम स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनभित्रको कुनै क्षेत्रलाई नेपाल सरकारले वन सम्बन्धी राष्ट्रिय आयोजनाको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

१२. **वनक्षेत्रभित्र बसोबास वा पुनर्बास नगरिने:** (१) रुख भएको कुनै पनि वनक्षेत्र बसोबास वा पुनर्बासको लागि प्रयोग गरिने छैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वन सम्बन्धी तत्काल प्रचलित कानूनको अधीनमा रही बसोबास वा पुनर्बास गरिएका जग्गामा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखि नै रहेका रुखहरू नेपाल सरकारको स्वामित्वमा रहनेछन् र त्यस्ता रुखहरू तोकिए बमोजिम हटाइनेछ।

(३) उपदफा (२) मा उल्लिखित रुखहरू यस ऐन विपरीत हटाउने व्यक्तिलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ।

१३. **सिमसार क्षेत्रको व्यवस्थापन:** (१) राष्ट्रिय वनक्षेत्रभित्रको सीमसार क्षेत्रको संरक्षण, संवर्धन, प्रवर्धन र व्यवस्थापन नेपाल सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सीमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटनको विकास सम्बन्धी कार्य गर्न सकिनेछ।

परिच्छेद-३

सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

१४. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन:** (१) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भागलाई सिमाङ्कन गरी नेपाल सरकारबाट स्वीकृत रणनीतिक योजनाको अधीनमा रही सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन तथा कबुलियती वन बाहेकका अन्य राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि तोकिए बमोजिम कार्ययोजना स्वीकृत गराई लागू गरिनेछ।

(४) नेपाल सरकारले अन्तरप्रादेशिक वनको रणनीतिक योजना बनाउनेछ।

परिच्छेद-४

वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१५. **वन संरक्षण क्षेत्रः** (१) दफा ११ को अधीनमा रही मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सिमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्नेछः-

(क) राष्ट्रिय तथा अन्तरराष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको,

(ख) जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको,

(ग) संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको, वा

(घ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "भू-परिधीय क्षेत्र" भन्नाले वन तथा वनसँग अन्तरसम्बन्धित समुदाय, क्षेत्र तथा प्राकृतिक स्रोत सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन डिभिजन वन कार्यालयले गर्नेछ।

१६. **वन संरक्षण क्षेत्रको व्यवस्थापनः** (१) वन संरक्षण क्षेत्रमा रहेका राष्ट्रिय वनक्षेत्रमा क्षेत्रगत अवस्थितिका आधारमा एक वा सोभन्दा बढी वन व्यवस्थापन पद्धति अवलम्बन गर्न सकिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्रभित्र रहेका अन्य वन व्यवस्थापन पद्धति अन्तर्गत व्यवस्थापन भइरहेको राष्ट्रिय वनको कार्ययोजना बनाउँदा दफा १५ को उपदफा (१) बमोजिमको कार्ययोजनाको अधीनमा रही बनाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

(४) नेपाल सरकारले वन संरक्षण क्षेत्रलाई वन्यजन्तुहरूको लागि जैविक मार्ग घोषणा गर्न सक्नेछ।

१७. **वन संरक्षण क्षेत्रमा रुपान्तरण हुनेः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संरक्षित वन यो ऐन प्रारम्भ भएपछि स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन।

परिच्छेद-५

सामुदायिक वन सम्बन्धी व्यवस्था

१८. सामुदायिक वन हस्तान्तण गर्नेः (१) दफा ३१ बमोजिम गठन भएको उपभोक्ता समूहले वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन तथा वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गर्न र बिक्री वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थित गर्न चाहेमा कार्ययोजना सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्ययोजना स्वीकृत भएमा डिभिजनल वन अधिकृतले उपदफा (१) बमोजिमको उपभोक्ता समूहलाई तोकिए बमोजिमको ढाँचामा वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (१) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्ययोजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ। त्यसरी बनाएको वा संशोधन गरेको कार्ययोजना कार्यान्वयन गर्नुअघि उपभोक्ता समूहले सोको जानकारी डिभिजनल वन अधिकृतलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उपभोक्ता समूहले बनाएको कार्ययोजना वा सोमा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो कार्ययोजना वा संशोधनको जानकारी पाएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो कार्ययोजना वा संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

(७) उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि तोकिए बमोजिम वनक्षेत्र प्रयोग गर्न सक्नेछ।

(९) उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनको लागि गरिबीको रेखामुनिका उपभोक्तालाई सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी दिन सक्नेछ।

१९. सामुदायिक वन फिर्ता लिन सकिनेः (१) दफा १८ बमोजिम हस्तान्तरण भएको

सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरू पालना नगरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने वन उपभोक्ता समूहले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरी उपर प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

२०. **सामुदायिक वन पुनः हस्तान्तरण गर्न सकिनेः** (१) दफा १९ को उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही दफाको उपदफा (२) बमोजिम उजुरी परी प्रदेश वन निर्देशकबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन साविककै उपभोक्ता समूहलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ।

(२) दफा १९ को उपदफा (१) बमोजिमको निर्णय उपर सो दफाको उपदफा (२) बमोजिम उजुर नपरेमा वा त्यस्तो उजुर परी सो निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा १८ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्नु पर्नेछ।

२१. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानि नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैंले कारबाही गर्न नसकेमा सो समूहले डिभिजन वन कार्यालयलाई कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले त्यस्तो जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम जरिबाना गरेको कारणले मात्र त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पुगेको मानिने छैन।

२२. **वनको विकासको लागि खर्च गर्नु पर्नेः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको

हितमा प्रयोग गरिनेछ।

परिच्छेद-६

साझेदारी वन सम्बन्धी व्यवस्था

२३. **साझेदारी वनः** (१) प्रदेश मन्त्रालयले देहायका उद्देश्यका लागि डिभिजनल वन अधिकृतको सिफारिसमा सरकारद्वारा व्यवस्थित वनको कुनै भाग दफा ११ को अधीनमा रही डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सक्नेछः-

(क) वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वनक्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्ताालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्ताालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र संवर्धन गर्न,

(ङ) उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउन।

(२) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी प्रदेश वन निर्देशनालय समक्ष पेश गर्नेछ र प्रदेश वन निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा २४ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(४) उपदफा (१) बमोजिमका साझेदारहरूले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरू पालना नगरेमा प्रदेश मन्त्रालयले त्यस्तो साझेदारी वनको व्यवस्थापन पद्धती अन्त्य गर्न सक्नेछ र सो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन हुनेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

२४. **साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेः** साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवं त्यस्तो वनबाट उपभोक्ताालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताहरूले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

२५. **साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरणः** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूहबाहिर पठाउने गरी छुट्याउन सक्नेछ।

(३) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा खर्च गरिनेछ।

परिच्छेद-७

कबुलियती वन सम्बन्धी व्यवस्था

२६. **कबुलियती वन प्रदान गर्नेः** (१) नेपाल सरकारले देहायको प्रयोजनको लागि राष्ट्रिय वनको हैसियत बिग्रिएको कुनै भाग कबुलियती वनको रुपमा तोकिए बमोजम सम्झौता गरी प्रचलित कानून बमोजिम स्थापित कुनै सङ्गठित संस्थालाई उपलब्ध गराउन सक्नेछ :-

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म वा उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "हैसियत बिग्रिएको वन" भन्नाले बीस प्रतिशतभन्दा कम छत्र घनत्व (क्राउन कभरेज) भएको वन सम्झनुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणको लागि कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न

त्यस्ता जनताको समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

२७. **कबुलियती वन फिर्ता लिन सक्ने:** (१) कबुलियती वनमा सम्झौताको पक्ष वा अन्य कसैले कार्ययोजना विपरीतका कुनै काम गरेमा वा वनमा हानि नोक्सानी पुऱ्याउने कार्य गरेमा डिभिजनल वन अधिकृतले त्यस्तो कबुलियती वन तोकिए बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ र त्यस्ता कार्य गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई अन्य राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

तर त्यसरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको पैंतीस दिनभित्र विभागको महानिर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको उजुरीको सम्बन्धमा विभागको महानिर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ को उपदफा (२) बमोजिम उपलब्ध गराएको वनक्षेत्रमा वन संरक्षणको प्रतिकूल हुने गरी कुनै काम भएमा नेपाल सरकारले जुनसुकै बखत त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र यसरी फिर्ता भएको वन सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नु पर्नेछ।

परिच्छेद-८

धार्मिक वन सम्बन्धी व्यवस्था

२८. **धार्मिक वन:** (१) डिभिजनल वन अधिकृतले परापूर्व कालदेखिको धार्मिक स्थल र त्यसको वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई उक्त क्षेत्र वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रुपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षणको लागि हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन।

२९. **धार्मिक वनमा रहेको वन पैदावारको उपयोग:** (१) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ।

तर धार्मिक वनक्षेत्रमा विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार डिभिजन वन कार्यालय र स्थानीय तहको समन्वयमा बिक्री वितरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय

प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन।

३०. **धार्मिक वन फिर्ता लिन सकिने:** (१) दफा २८ बमोजिम जिम्मा दिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा २९ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने कुराहरू पालना नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरीको सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद-९

उपभोक्ता समूह गठन सम्बन्धी व्यवस्था

३१. **उपभोक्ता समूहको गठन:** (१) सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठन गरिएका उपभोक्ता समूह सम्बन्धित डिभिजन वन कार्यालयमा तोकिए बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ताको लागि सम्बन्धित उपभोक्ता समूहले विधान सहित संलग्न राखी निवेदन दिनु पर्नेछ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

३२. **उपभोक्ता समूह सङ्गठित संस्था हुने:** (१) उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

३३. **<u>उपभोक्ता समूहको कोषः</u>** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र उपभोक्ता समूहले गरेको जरिबानाबाट प्राप्त रकम।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३४. **<u>वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** (१) उपभोक्ता समूहले तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम आफैले वा स्थानीय तह वा संघ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "वन उद्यम" भन्नाले वन्यजन्तु पालन समेतलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिम सञ्चालनमा साझेदारी गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन।

(३) उपदफा (१) बमोजिम वन उद्यम स्थापना गरी सञ्चालन गर्दा मन्त्रालयले तोकिदिएको मापदण्डका आधारमा कार्ययोजना तयार गरी सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वनक्षेत्रको भू-उपयोग परिवर्तन गर्ने, गराउने समूह वा संघ संस्थालाई यस ऐन बमोजिम कारबाही हुनेछ।

(५) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१०

निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था

३५. **निजी वन दर्ता:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ।

(४) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन।

३६. **निजी वनको व्यवस्थापन:** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक प्रयोजनको लागि एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(५) घरायसी प्रयोजनको लागि कुनै जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन स्थानीय तहबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो स्थानीय तहबाट र एक जिल्लाबाट अर्को जिल्लामा वन पैदावार सङ्कलन तथा ओसारपसार गर्नु परेमा जुन जिल्लाबाट सङ्कलन तथा ओसारपसार गर्ने हो सो जिल्लाको डिभिजन वन कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(६) निजी वनको धनीलाई नेपाल सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ।

(७) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले तोकिएको मापदण्डको अधीनमा रही कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ।

३७. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले स्थानीय तहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरू र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरू तोकिए बमोजिमको कार्यविधि पूरा गरी काट्न वा हटाउन सकिनेछ।

३८. **सहरी वनको विकास र व्यवस्थापनः** (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

परिच्छेद-११

बेवारिसी काठ सम्बन्धी व्यवस्था

३९. **बेवारिसी काठको व्यवस्थापनः** (१) कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको काठ वा बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

४०. **हकदाबी उपर कारबाहीः** (१) कसैले दफा ३९ बमोजिम बेवारिसी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित माग गरेमा र सो सम्बन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुगेने देखिएमा त्यस्तो काठ निजलाई हस्तान्तरण गरिनेछ।

(२) बेवारिसी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१२

विकास आयोजना सम्बन्धी व्यवस्था

४१. **वनक्षेत्रको भू-उपयोग परिवर्तन नगरिने** : राष्ट्रिय वनको कुनै पनि भाग वनक्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी प्रयोग गरिने छैन।

तर पूर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई उपलब्ध गराएको वनक्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन।

™४२. **वनक्षेत्रको प्रयोग** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले त्यस्तो योजना, आयोजना वा उद्योग सञ्चालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना वा आयोजना सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश वा स्थानीय तहले कुनै विकास योजना वा आयोजना सञ्चालन गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना वा आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा त्यस्तो योजना वा आयोजना सञ्चालन गर्न राष्ट्रिय वनको त्यस्तो भाग प्रयोग गर्न स्वीकृतिको लागि प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले यस दफाको अधीनमा रही त्यस्तो योजना वा आयोजना सञ्चालन गर्नका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्वीकृति प्राप्त योजना, आयोजना वा उद्योग सञ्चालनको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिँदा त्यस्तो योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रफल बराबरको निजी जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकायबाट सञ्चालन हुने योजना, आयोजना वा उद्योगले जति वन क्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नु पर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि उपदफा (४) बमोजिम निर्धारित रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाईन वा विद्युत मार्गको अधिकार क्षेत्र (राईट अफ वे) बराबरको क्षेत्रमा वृक्षारोपण गर्न र हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने तोकिए बमोजिमको रकम दफा ४५ बमोजिमको कोषमा जम्मा गर्नु पर्नेछ।

(७) उपदफा (४), (५) वा (६) बमोजिम प्राप्त रकम वनको विकास गर्नका लागि जग्गाको व्यवस्था गर्न, त्यस्तो जग्गामा वृक्षारोपण गरी रूख हुर्काउन तथा वनको पुनर्स्थापना, संरक्षण र व्यवस्थापन गर्नको लागि खर्च गर्नु पर्नेछ।

(८) उपदफा (१) वा (३) बमोजिम वनक्षेत्र प्रयोग गर्न स्वीकृति प्राप्त गर्नेले आयोजना सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदायलाई कुनै हानि नोक्सानी हुने भएमा नेपाल सरकारले क्षतिपूर्तिको उपयुक्त व्यवस्था गर्नु पर्नेछ।

४३. **खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्ने:** (१) राष्ट्रिय वनभित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्नु पर्ने भएमा सम्बन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले सोको लागि अनुमति दिन सक्नेछ।

▽(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन् गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन् गर्नको लागि नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

तर राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत भएको आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न बाहेक वनक्षेत्रभित्र पर्ने चट्टान, ढुङ्गा र माटो उत्खनन् गर्न पाइने छैन।

परिच्छेद-१३

वातावरणीय सेवा सम्बन्धी व्यवस्था

४४. **वातावरणीय सेवाको व्यवस्थापन:** (१) नेपाल सरकारले वनक्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश वितरणका लागि देहाय बमोजिमको

▽ लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा संशोधित।

व्यवस्था गर्नेछ :-

(क) जलवायु परिवर्तन अनुकूलन र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको हकमा नेपाल सरकारले निर्धारण गरे बमोजिम व्यवस्थापन, उपयोग तथा लाभांशको बाँडफाँट हुने,

(ख) वनक्षेत्रबाट प्राप्त हुने कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण बाहेकका अन्य वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांशको बाँडफाँट सम्बन्धित वनको कार्ययोजनामा व्यवस्था भए बमोजिम हुने,

(ग) जल विद्युत, खानेपानी र पर्यापर्यटन आयोजना लगायत अन्य निकाय वा उद्योगबाट वातावरणीय सेवा बापत प्राप्त हुने रकम र सोको व्यवस्थापन, उपयोग तथा बाँडफाँट तोकिए बमोजिम हुने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिभिजन वन कार्यालयले आफ्नो वार्षिक कार्यक्रममा व्यवस्था गरी वातावरणीय सेवा बोलपत्र (इन्भाइरोमेण्टल सर्भिसेज टेण्डर) आह्वान गरी तोकिएका शर्त पूरा गरी वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने निजी वनको धनीलाई अनुदान वा अन्य प्रकारको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

४५. **<u>वन विकास कोषको स्थापना</u>**: (१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र संवर्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यको लागि एक वन विकास कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तरराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

™(घ) वातावरणीय सेवाबाट प्राप्त रकममध्ये तोकिए बमोजिमको रकम,

③(ङ) वनक्षेत्र अन्य प्रयोजनको लागि दिए बापत प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) वन विकास कोषको रकम कुनै "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ।

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

③ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा थप।

(६) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-१४

सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था

४६. **सशस्त्र वन रक्षक सेवाको गठनः** (१) राष्ट्रिय वन तथा जैविक विविधताको संरक्षण र संवर्धन गर्न, वन्यजन्तुको अवैध शिकार एवं वन पैदावारहरूको चोरी निकासी रोक्न तथा वन सम्पदाको सुरक्षा गर्न एक सशस्त्र वन रक्षक सेवा रहनेछ।

(२) उपदफा (१) बमोजिम गठित सेवामा तोकिए बमोजिमका पदहरू रहनेछन्।

(३) सशस्त्र वन रक्षक सेवाको सङ्गठन संरचना र दरबन्दी नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

(४) सशस्त्र वन रक्षकको नियुक्ति तथा सेवा शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. **विभागीय सजायः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम गरेमा सशस्त्र वन रक्षकलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजाय :

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने,

(४) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) खाइपाइ आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्ने,

(६) हालको पदमा ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्ने।

(ख) विशेष सजाय :

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

(२) उपदफा (१) बमोजिम विभागीय सजाय हुने अवस्था, प्रक्रिया तथा पुनरावेदन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. **कैदको सजाय हुनेः** (१) देहायको कसुर गर्ने सशस्त्र वन रक्षकलाई जन्मकैदको सजाय हुनेछः-

(क) सशस्त्र विद्रोहमा सरिक भएमा,

(ख) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा सङ्घीय इकाइ वा विभिन्न जात, जाति, धर्म,

सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा सङ्केतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा,

(ग) आफ्नो जिम्मामा रहेको सरकारी वा कसैको हातहतियार वा खरखजाना बेचविखन गरेमा वा कुनै प्रकारबाट अरु कसैलाई सुम्पिएमा,

(घ) आफ्नो प्रयोगको निमित्त लिई राखेको वा आफूले जिम्मा लिई राखेको हातहतियार खरखजाना लिई भागेमा,

(ङ) आतङ्ककारी गतिविधिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सघाएमा,

(च) सुरक्षासँग सम्बन्धित सूचना तथा खबरहरू अनधिकृत व्यक्ति, संस्था वा समूहलाई उपलब्ध गराएमा वा उपलब्ध गराउन प्रयास गरेमा वा अन्य कसैलाई त्यस्तो गर्न दुरुत्साहन गरेमा।

(२) देहायको कुनै कसुर गर्ने सशस्त्र वन रक्षकलाई कसुरको मात्रा हेरी दुई वर्षदेखि बाह्र वर्षसम्म कैदको सजाय हुनेछः-

(क) ड्यूटीमा रहेको वा नरहेको भए पनि आफुभन्दा माथिल्लो दर्जाको सशस्त्र वन रक्षक वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी हो भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदाहुँदै पनि आपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

(ख) सशस्त्र विद्रोहको षडयन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आफूभन्दा माथिल्लो दर्जाका पदाधिकारीलाई सो कुराको यथाशक्य चाँडो खबर वा सूचना नदिएमा,

(ग) वन पैदावार, वन्यजन्तुको आखेटोपहार चोरी शिकारी गर्ने वा मिलेमतो गरी वनसँग सम्बन्धित कसुर गर्नेलाई कुनै प्रकारले सहयोग पुऱ्याएमा,

(घ) आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको अभियुक्तलाई जानी-जानी भाग्न दिएमा वा भगाउन सहयोग गरेमा ।

(३) देहायका कसुर गर्ने सशस्त्र वन रक्षकलाई कसुरको मात्रा हेरी दुई वर्षसम्म कैदको सजाय हुनेछः–

(क) ड्यूटीको समयमा मादक पदार्थ सेवन गरेमा वा आफ्नो कमाण्डरको आदेशको अवहेलना गरेमा वा बिना ईजाजत क्याम्प छाडी गएमा,

(ख) कुनै राजनीतिक सङ्गठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनीतिक उद्देश्यले आयोजित जुलुस वा प्रदर्शनमा भाग लिएमा,

(ग) आफ्नो जिम्मामा रहेका हातहतियार, खरखजाना वा सवारी साधन

वा नगदी वा जिन्सी सामानको दुरुपयोग गरेमा, लापरबाहीपूर्वक हराएमा, बिगारेमा वा भत्काएमा,

(घ) आफ्नो जिम्मामा रहेको सम्पत्ति लिई भागेमा।

(४) सशस्त्र वन रक्षकले कुनै किसिमले सरकारी वा सार्वजनिक वा व्यक्तिगत धनमाल लुटेमा वा हानि नोक्सानी पुऱ्याएमा निजलाई प्रचलित कानून बमोजिम हुने सजायमा थप दुई वर्षसम्म कैदको सजाय हुनेछ।

परिच्छेद-१५

कसुर र सजाय

४९. **कसुरः** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) दफा ७ को उपदफा (१) विपरीत राष्ट्रिय वनभित्रको जग्गा दर्ता गरे वा गराएमा,

(ख) दफा ९ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा,

(ग) राष्ट्रिय वन फाँड्ने वा वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिजकार्य उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(घ) राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा,

(ङ) निषेध गरिएको वनक्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा,

(च) राष्ट्रिय वनक्षेत्रबाट वन पैदावार हटाउने, ओसारपसार वा बिक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(छ) राष्ट्रिय वनक्षेत्रको रुख वा बिरुवा काट्ने, हाँगा बिंगा छिमल्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(ज) ईजाजत प्राप्त गरी राष्ट्रिय वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(झ) वनक्षेत्रबाट बग्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चून पोल्ने वा यी वस्तुहरूबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने काम गरेमा,

(ञ) वन पैदावार लिन पाएको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ट) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा,

(ठ) वन सिमाना चिह्न उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(ड) टाँचा वा निसाना कीर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(ढ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले नोक्सान गरेमा,

(ण) नर्सरी वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका बार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(त) शिकार खेल्ने, वन्यजन्तुको आखेटोपहार राख्रे, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गरेमा,

(थ) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राखेमा,

(द) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गरेमा,

(ध) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा।

५०. **<u>सजाय</u>**: (१) दफा ४९ को खण्ड (क) अन्तर्गतको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) दफा ४९ को खण्ड (ग) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ। त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ।

(४) दफा ४९ को खण्ड (घ) अन्तर्गतको कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(५) दफा ४९ को खण्ड (ङ) अन्तर्गतको कसुर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिबाना हुनेछः-

(क) भेडा, बाखा जातको भए पचास रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म,

(ख) हात्ती भए एक हजार रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म,

(ग) अन्य चौपाया भए एक सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म।

(६) दफा ४९ को खण्ड (च), (छ), (ज), (झ) वा (ञ) अन्तर्गतको कसुर

गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः-

(क) एक हजार रुपैयाँसम्मको बिगो भए एक हजार रुपैयाँसम्म जरिबाना,

(ख) एक हजार रुपैयाँदेखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए एक महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(ग) पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्मको बिगो भए तीन महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(घ) पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्मको बिगो भए छ महिनासम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(ङ) एक लाख रुपैयाँदेखि पाँच लाख रूपैयाँसम्मको बिगो भए एक वर्षसम्म कैद वा बिगो बमोजिम जरिबाना वा दुवै,

(च) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई वर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै।

(७) दफा ४९ को खण्ड (ट) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी तीन वर्षसम्म कैद वा बिगोको दोब्बर जरिबाना वा दुवै सजाय हुनेछ।

(८) दफा ४९ को खण्ड (ठ) वा (ड) अन्तर्गतको कसुर गर्नेलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(९) दफा ४९ को खण्ड (ढ) अन्तर्गतको कसुर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिबाना हुनेछ र सोही कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटक एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(१०) दफा ४९ को खण्ड (ण) अन्तर्गतको कसुर गर्नेलाई बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(११) दफा ४९ को खण्ड (त) अन्तर्गतको कसुर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको सजाय हुनेछ।

(१२) दफा ४९ को खण्ड (थ) अन्तर्गतको कसुर गर्नेलाई त्यस्तो कसुरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(१३) दफा ४९ को खण्ड (द) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(१४) दफा ४९ को खण्ड (ध) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

५१. <u>हैरानी गर्ने नियतले कब्जा वा पक्राउ गर्नेलाई सजाय</u>: मनासिब माफिकको कारण नभई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले रिसइविले वा हैरानी गर्ने नियतले

मालवस्तु कब्जा गरेमा वा कसैलाई पक्राउ गरेमा त्यस्ता कर्मचारीलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

५२. **कर्तव्य पालना गर्दा बाधा अड्चन पुऱ्याउनेलाई सजायः** यस ऐन बमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालना गर्दा कसैले बाधा अड्चन पुऱ्याएमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

५३. **कसुरदारलाई भाग्न सहयोग गर्नेलाई सजायः** यस ऐन अन्तर्गतको कसुर गर्ने व्यक्तिलाई भाग्न सहयोग गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सरहको सजाय हुनेछ।

५४. **दुरुत्साहन दिने वा मिलेमतो गर्नेलाई सजायः** यस ऐन अन्तर्गतको कसुर गर्न दुरुत्साहन दिने वा मिलेमतो गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

५५. **कसुरको उद्योग गर्नेलाई सजायः** यस ऐन बमोजिमको कसुरको उद्योग गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको संरक्षित वन्यजन्तु सम्बन्धी कसुरको उद्योग भएमा कसुरदारलाई भए सरह र अन्य कसुरको उद्योग भएमा कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

परिच्छेद-१६

कसुरको जाँचबुझ र कार्यविधि

५६. **कसुर रोक्न आवश्यक कारबाही गर्नेः** कसैले यो ऐन बमोजिम सजाय हुने कसुर गर्न लागेको छ भन्ने शङ्का लागेमा वा कसुर गर्दैका अवस्थामा फेला परेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो कसुर हुन नपाउने प्रबन्ध गर्नु पर्नेछ र सो कामका लागि आवश्यक बल प्रयोग गर्न सक्नेछ।

५७. **विशेष अधिकारः** (१) यस ऐन अन्तर्गतको वन तथा वन्यजन्तु सम्बन्धी कसुरमा संलग्न कसुरदारलाई वनक्षेत्रभित्र वा बाहिर पक्राउ गर्न लाग्दा पक्राउ गर्न नदिने वा पक्राउ परिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जत गरी कसुरदारलाई भगाई लैजाने अवस्था परेमा वा पक्राउ गर्ने व्यक्तिकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था उत्पन्न भएमा डिभिजनल वन अधिकृतको आदेशले वन सुरक्षाको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले घुँडा मुनी लाग्ने गरी गोली चलाउन सक्नेछ।

(२) राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृत वा वन सहायकले सो आवादी हटाउन वा घर, छाप्रो भत्काउन सक्नेछ र त्यस्तो क्षेत्रमा लगाएको बाली समेत जफत गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले हुने अरु सजायमा सो उपदफामा लेखिएको कुराले कुनै असर पार्ने छैन।

५८. **पक्राउ गर्ने अधिकारः** (१) यस ऐन बमोजिमको कुनै कसुरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको

लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई अनुसन्धान अधिकारी, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले पक्राउ गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारी, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ।

तर यसरी पक्राउ गरिनु पर्ने व्यक्ति महिला भएमा सम्भव भएसम्म वनसम्बन्धी महिला कर्मचारी वा महिला सुरक्षाकर्मीको प्रयोग गर्नु पर्नेछ।

(५) कुनै कसुरको सिलसिलामा पक्राउ गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ। सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

५९. <u>खानतलासीको अधिकार</u>: (१) यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिब कारण भएमा कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीसम्मका वन प्राविधिक कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाका कर्मचारीले प्रचलित कानून बमोजिम कुनै स्थानको खानतलासी गर्न सक्नेछ।

<u>स्पष्टीकरण</u>: यो दफाको प्रयोजनको लागि "स्थान" भन्नाले स्थायी वा अस्थायी भवन वा टहरा सम्झनुपर्छ र सो शब्दले खाली जग्गा, पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारी साधनलाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्ने व्यक्तिले खानतलासी गर्नु पर्ने कारण

खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम खानतलासी गर्दा सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्य तथा कम्तीमा दुईजना साक्षी राखी निजहरूको रोहबरमा गर्नु पर्नेछ।

(४) मानिस बसोबास गरेको घरमा खानतलासी गर्नु परेमा सो घरमा महिला भए हट्ने सूचना र मौका दिनु पर्नेछ।

(५) यस दफामा लेखिएका कुनै कुराले खानतलासी गर्ने कर्मचारीलाई सूर्यास्त देखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुने छैन।

६०. **वन पैदावार र तत्सम्बन्धी मालवस्तु कब्जामा लिन सक्ने:** (१) कुनै वन पैदावार भण्डारण वा ओसार पसारका क्रममा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्ता वन पैदावार र कसुरसँग सम्बन्धित हतियार, डुङ्गा, सवारी साधन तथा चौपायालाई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले कब्जामा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै वन पैदावार वा वस्तु कब्जा गरिएमा त्यसरी कब्जा गर्ने कर्मचारी वा सुरक्षाकर्मीले कब्जामा लिएको वन पैदावार वा वस्तुको विवरण खोली सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिनु पर्नेछ र त्यस्तो वन पैदावार वा वस्तुमा खास चिह्न लगाई नाप जाँच गरी यथाशक्य चाँडो डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कब्जामा लिएका वन पैदावार बाहेकका कसुरसँग सम्बन्धित हतियार, डुङ्गा, सवारी साधन वा चौपायालाई कम्तीमा राजपत्र अनङ्कित द्वितीय श्रेणीका कर्मचारी वा सो सरहका सुरक्षाकर्मीले तोकेको दिन र स्थानमा दाखिला गर्ने शर्तमा सम्बन्धित स्थानीय तहको कम्तीमा एकजना पदाधिकारी वा सदस्य तथा कम्तीमा दुईजना स्थानीय व्यक्तिको उपस्थितिमा मालधनीलाई कागज गराई छाडिदिन सक्नेछ।

६१. **दसी प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिमको कसुरको सम्बन्धमा बरामद भएका वन पैदावार वा त्यस्तो कसुर हुने कार्य गर्नको लागि प्रयोग भएका औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी बरामद भएका वन पैदावार, औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेश गरेमा दसी प्रमाण पेश गरे सरह मानिनेछ।

(३) उपदफा (२) बमोजिम दसी प्रमाण राखेको ठाउँमा मुद्दा हेर्ने अधिकारीले डोर खटाई प्रतिवेदन लिई कारबाही गर्न सक्नेछ।

६२. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्नेछ।

(२) यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ।

(३) एउटै कसुरमा कुनै व्यक्तिलाई एक वर्षभन्दा कम र कुनै व्यक्तिलाई एक वर्षभन्दा बढी कैद सजाय हुने रहेछ भने सो मुद्दाको अनुसन्धान तथा तहकिकात उपदफा (२) बमोजिमको कर्मचारीले गर्नेछ।

(४) यस ऐन बमोजिमको कसुरको अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नु पर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण संलग्न मिसिल मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको मिसिल प्राप्त भएकोमा सम्बन्धित सरकारी वकील कार्यालयले उक्त विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा सो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकिन गरी सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदाबी सहितको मिसिल पुनः सरकारी वकीलको कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम मिसिल प्राप्त भए पछि सम्बन्धित सरकारी वकील कार्यालयले उपदफा (५) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ।

(९) उपदफा (५) वा (८) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकृतले नेपाल सरकारको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

६३. **नेपाल सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।

६४. **कब्जा गरिएका मालवस्तुको व्यवस्थापनः** (१) यस ऐन बमोजिम सजाय हुने कसुरसँग

सम्बन्धित भई कब्जा गरिएका र धनी पत्ता नलागेका वन पैदावार, औजार, हतियार, सवारी साधन, चौपाया लगायतका मालवस्तुको हकदार कुनै भए हकदाबी गर्न आउनु भनी अनुसन्धान अधिकृतले सबैले देख्ने ठाउँमा सात दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मालवस्तु उपर हकदाबी परेमा निर्णयको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मालवस्तु उपर हकदाबी नपरेमा वा हकदाबी नपुग्ने ठहरी फैसला भएमा त्यस्तो मालवस्तु नेपाल सरकारको हुनेछ।

६५. **सडी गली जाने वन पैदावार, मालवस्तु र चौपाया लिलाम गर्न सकिने:** (१) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा कब्जा गरिएका सडी गली जाने वन पैदावार, मालवस्तु वा संरक्षण प्रदान गर्न नसकिने अवस्थाका वन पैदावार, मालवस्तु वा चौपायालाई नजिकको वन कार्यालय वा सुरक्षित स्थानमा ल्याई डिभिजनल वन अधिकृतले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई लिलाम बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकम त्यस्तो मुद्दा फैसला हुँदाका बखत ठहरे बमोजिम हुने गरी धरौटीमा आम्दानी बाँधिनेछ।

६६. **पूर्पक्ष सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पक्राउ गरिएको र एक वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दाको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिन मनासिब माफिकको आधार देखिएमा त्यस्तो व्यक्तिलाई पूर्पक्षका लागि थुनामा राखी कारबाही गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अरु व्यक्तिको हकमा निजलाई हुन सक्ने कैद वा जरिबानाको उपल्लो हदसम्मको नगद धरौटी वा जेथा जमानी दिए तारिखमा राखी र त्यस्तो धरौटी वा जमानी दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

तर पटके कसुर गरी छ महिनाभन्दा बढी कैद हुने कसुरदारलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम अभियुक्तलाई पूर्पक्षको लागि थुनामा राखी कारबाही गर्दा निजलाई हुनसक्ने सजायको उपल्लो हदभन्दा बढी अवधि थुनामा राख्न पाइने छैन।

६७. **मुद्दा हेर्ने अधिकारी:** (१) यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाइनेछ।

(३) यस ऐन अन्तर्गत एक हजार रुपैयाँसम्म जरिबाना हुने कसुरमा पक्राउ

परेको व्यक्तिलाई मुद्दाको अनुसन्धान गर्न दर्जा पुगेको कर्मचारीले मुचुल्का खडा गरी तत्काल जरिबाना गरी छाडिदिन सक्नेछ।

(४) उपदफा (१) वा (३) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

६८. **बरामद भएका मालवस्तु जफत हुनेः** (१) कसैले यो ऐन बमोजिम सजाय हुने कसुर गरेको ठहरेमा त्यस्तो कसुरसँग सम्बन्धित बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरू जफत हुनेछन्।

(२) यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धानको सिलसिलामा बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरू मुद्दा हेर्ने अधिकारीको अनुमतिमा लिलाम बिक्री गरी प्राप्त रकम मुद्दा किनारा नलागुञ्जेलसम्म धरौटी खातामा राख्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदार बाहेक अन्य व्यक्तिले जानी-जानी कसुरदारलाई सघाउ पुऱ्याउन त्यस्तो सवारी साधन प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्था अनुसन्धानबाट नदेखिएमा वा पचास हजार रूपैयाँभन्दा कम मोल पर्ने बोझबाहक जफत गरिने छैन र त्यस्तो कार्य गर्नेलाई यस ऐन बमोजिम हुने सजायमा पचास हजार रूपैयाँसम्म थप सजाय हुनेछ।

६९. **जफत भएका वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापनः** नेपाल सरकार वा प्रदेश सरकारले यस ऐन बमोजिमको कसुरमा जफत भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधिजन्य प्रयोग वा धार्मिक कार्यका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ।

परिच्छेद-१७

विविध

७०. **वृक्षारोपण र वन पैदावार आपूर्तिः** वृक्षारोपण कार्यलाई प्रवर्धन गर्न, धार्मिक कार्य, विपद् व्यवस्थापन, घर निर्माण, शव दहन तथा अत्यावश्यक विकास निर्माण लगायतका कार्यमा आवश्यक पर्ने काठ दाउरा आपूर्तिका लागि नेपाल सरकारले तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ।

७१. **नाका तोक्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वन पैदावार आयात निर्यातको लागि नाका तोक्न सक्नेछ।

७२. **वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्नेः** कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यावसायिक सम्भाव्यता तथा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा जानकारी गराउनु पर्नेछ।

तर औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम लघु र घरेलु उद्यमको

रुपमा रहेका उद्यमहरूको हकमा यो प्रावधान लागू हुने छैन।

७३. **अन्तरतह समन्वयः** (१) यस ऐनको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन नेपाल सरकारले मन्त्रालय, प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तहका प्रतिनिधिहरू रहेको अन्तरतह समन्वय समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७४. **अध्ययन अनुसन्धान सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले वन सम्बन्धी कुनै अनुसन्धानात्मक कार्य गर्ने कुनै संस्थालाई अनुसन्धानात्मक कार्यको लागि कुनै वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

तर मन्त्रालय मातहतका अध्ययन अनुसन्धान गर्ने निकायहरूको हकमा विभागले वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वनक्षेत्र उपलब्ध गराइएको संस्थाले वनक्षेत्रको संरक्षण र विकास हुने गरी त्यस्तो क्षेत्र उपयोग गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम वनक्षेत्र उपलब्ध गराउने र अध्ययन तथा अनुसन्धान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७५. **वन बीउ उद्यान घोषित गर्न सक्नेः** नेपाल सरकारले राष्ट्रिय वनको कुनै भागलाई वन बीउ उद्यान घोषणा गर्न सक्नेछ।

७६. **कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेः** वनक्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "कृषि वन" भन्नाले एउटै जग्गामा बहुवर्षीय रुख प्रजातिका साथै अन्नबाली वा फलफूल वा घाँसेबाली वा मत्स्यपालन वा पशुपालनलाई एकीकृत रुपमा खेती गर्ने प्रणाली सम्झनुपर्छ।

७७. **प्रतिबन्ध लगाउन सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता, कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको प्रयोजनको लागि तोकिएका वन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ।

७८. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

७९. **सुराकीलाई पुरस्कार दिनेः** यस ऐन बमोजिमको कसुर हुन लागेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसुरदारलाई हुने जरिबानाको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ।

८०. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) प्रदेश मन्त्रालयले प्रदेशभित्रको वन व्यवस्थापनको सम्बन्धमा समय समयमा

अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(३) डिभिजनल वन अधिकृतले जिल्लाभित्र विभिन्न वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भएका वनको अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालय तथा प्रदेश मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. **अधिकार प्रत्यायोजनः** नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार आफू मातहतका कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

८२. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

८३. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

८४. **कार्यविधि वा निर्देशिका बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

८५. **ऐन कार्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ।

८६. **खारेजी र बचाउः** (१) वन ऐन, २०४९ खारेज गरिएको छ।

(२) वन ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

८७. **मुद्दा सर्नेः** वन ऐन, २०४९ बमोजिम जिल्ला वन अधिकृत समक्ष विचाराधीन मुद्दा, निवेदन, प्रतिवेदन तथा सोसँग सम्बन्धित मिसिल दफा ६७ बमोजिमको मुद्दा हेर्ने अधिकारी समक्ष सर्नेछ।

वातावरण संरक्षण ऐन, २०७६

प्रमाणीकरण मिति

२०७६।०६।२४

संशोधन गर्ने ऐन

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ २०८२।०४।१४

वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्नको लागि वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३१ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(घ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय

क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(ङ) "जलवायु परिवर्तन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(च) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचिकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ।

(छ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(ञ) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ट) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ठ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव

कार्यान्वयन गर्न स्वीकृतिप्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ङ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ढ) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ण) "परिषद्" भन्नाले दफा ३२ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(त) "प्रदेश मन्त्रालय" भन्नाले वातावरण सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(थ) "फोहरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ध) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु सम्झनु पर्छ।

(न) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(प) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(फ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ब) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण विभाग सम्झनु पर्छ।

(भ) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ को उपदफा (२) बमोजिमको निकाय सम्झनु पर्छ।

(म) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ।

(य) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

वातावरणीय अध्ययन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने:** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायको निकाय समक्ष पेश गर्नु पर्नेछ:-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम सङ्घको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा

प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,

(ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष,

(ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिको लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पुग्ने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रुपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।

(५) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **<u>विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने</u>:** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवम् दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा

प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ।

५. **क्षेत्र निर्धारण तथा कार्य सूचीः** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **मापदण्ड एवम् गुणस्तर कायम गर्नु पर्नेः** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवम् गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन।

७. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेः** (१) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा सम्बन्धित निकायले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि सम्बन्धित निकायले सो निकायको प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा सम्बन्धित निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा सम्बन्धित निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन

स्वीकृत गर्नेछ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **प्रस्ताव कार्यान्वयन गर्न नहुने**: कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

९. **रणनीतिक वातावरणीय विश्लेषण** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **वातावरणीय व्यवस्थापन योजना**: (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुमध्ये कुन-कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन-कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा सम्बन्धित निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी सम्बन्धित निकायले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत् कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

११. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेः** (१) दफा ७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

[☑]तर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुख सङ्ख्या दश प्रतिशतसम्म घटेको वा बढेको भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने छैन। यसरी वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुखको सङ्ख्या घटेको वा बढेकोमा प्रस्तावकले सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याइँ सहित सम्बन्धित निकाय समक्ष निवेदन दिनु पर्नेछ।

तर सम्बन्धित निकायले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) [™]विभाग वा तोकिएको निकायले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई

☑ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा थप।

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी [™]विभाग वा तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम [™]विभाग वा तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१३. **रोक लगाउन सक्नेः** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

१४. **नेपाल सरकार वा प्रदेश सरकारले वातावरणीय अध्ययन गर्न सक्नेः** (१) नेपाल सरकार वा प्रदेश सरकार आफैंले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा सम्बन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त नहुने कार्य सम्बन्धी विवरण तयार

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण तथा उपदफा (२) बमोजिमको विवरणको सम्बन्धित निकायले अभिलेख राख्नु पर्नेछ।

(४) यस दफा बमोजिमको विवरण सम्बन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक, निकाय तथा सरोकारवाला पक्षले सो अनुरुप कार्य गर्नु पर्नेछ।

परिच्छेद-३

प्रदूषण नियन्त्रण

१५. **प्रदूषण नियन्त्रणः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) कसैले पनि जनजीवन, जनस्वास्थ्य एवम् वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न वा गराउन हुँदैन।

(३) हिमाल आरोहण, पदयात्रा, दृश्यावलोकन वा अन्य कुनै प्रयोजनको लागि हिमालय वा उच्च पहाडी क्षेत्रमा जाने कुनै पनि व्यक्ति वा समूहले नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी प्रदूषण गरी वातावरणमा प्रतिकूल प्रभाव पार्ने कार्य गर्न वा गराउन हुँदैन।

(४) उपदफा (२) वा (३) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव परेको देखिएमा विभागले सम्बद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) कुनै पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेमा वा पर्न सक्ने देखिएमा विभागले आवश्यक कारबाहीको लागि मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम विभागबाट लेखी आएमा मन्त्रालयले सरोकारवाला निकाय वा अन्य सरोकारवालासँग आवश्यक परामर्श गरी त्यस्तो पदार्थ, इन्धन, औजार,

यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता सामग्रीको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम निर्धारण भएको मापदण्डको पालनाको सम्बन्धमा विभागले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(८) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारीः** (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ नेपालभित्र आयात गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपार्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ आयात गर्न सकिनेछ।

(३) जोखिमपूर्ण पदार्थ उत्पादनकर्ता वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम स्थापित संस्थाले मन्त्रालयको अनुमति लिई जोखिमपूर्ण पदार्थको निर्यात गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम जोखिमपूर्ण पदार्थको निर्यात गर्न अनुमति दिने सम्बन्धी आधार, मापदण्ड तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस ऐन विपरीत आयात भएको जोखिमपूर्ण पदार्थ जुन मुलुकबाट आयात गरिएको हो सोही मुलुकमा फिर्ता पठाउनु पर्नेछ।

१७. **जोखिमपूर्ण पदार्थको व्यवस्थापनः** (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन गर्ने व्यक्ति वा संस्थाको हुनेछ।

(२) जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले आफ्नै खर्चमा गर्नु पर्नेछ।

१८. **प्रयोगशाला स्थापना गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्न नेपाल सरकार वा प्रदेश सरकारले आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्न वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **नमूना सङ्कलन गर्न दिनु पर्नेः** (१) सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा हुन सक्ने प्रदूषण वा फोहरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्न चाहेमा सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिले त्यस्तो उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन भएको प्रदूषण वा फोहरमैलाको नमूना सङ्कलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **प्रदूषण नियन्त्रण प्रमाणपत्र दिन सक्नेः** (१) मन्त्रालय वा प्रदेश मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(२) प्रदूषण नियन्त्रण प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **वातावरण निरीक्षकः** (१) दफा ७ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा देहायको निकायले देहायका अधिकृत वा कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोकी अनुगमन तथा निरीक्षणको लागि खटाउन सक्नेछः-

(क) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारको अधिकृत कर्मचारीलाई,

(ख) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन वा दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो प्रदेशभित्र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा प्रदेश मन्त्रालयले प्रदेश सरकारको अधिकृत कर्मचारीलाई,

नेपाल कानून आयोग

(ग) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र आफ्नो स्थानीय तहभित्र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा स्थानीय तहले स्थानीय तहको कुनै कर्मचारीलाई।

(३) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार</u>:** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्कासन गरे, नगरेको वा प्रदूषण गरे, नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) दफा १३ वा १५ बमोजिम रोक लगाइएको विषयको पालना भए नभएको निरीक्षण गर्ने।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्वसूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निजले मागेको विवरण वा जानकारी नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा [™]बिस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म,

(ख) निरीक्षणको क्रममा मागेका विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरीक्षणमा सहयोग नगरेमा [™]दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र विभागको महानिर्देशक समक्ष उजुरी गर्न सक्नेछ।

(६) यस दफा बमोजिम भएको जाँचबुझ तथा निरीक्षणको प्रतिवेदन वातावरण निरीक्षकले सम्बन्धित निकाय तथा विभाग समक्ष पेश गर्नु पर्नेछ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

जलवायु परिवर्तन सम्बन्धी व्यवस्था

२३. **जानकारी उपलब्ध गराउनु पर्नेः** (१) मन्त्रालयले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा तोकिए बमोजिम आवधिक रुपमा अध्ययन गरी विवरण सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नु पर्ने उपाय सम्बन्धी आवश्यक जानकारी मन्त्रालयले समय-समयमा सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक गरिएको जानकारीको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले विकास आयोजना तर्जुमाको प्राथमिकता निर्धारण गर्न सक्नेछन्।

२४. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि राष्ट्रियस्तरमा मन्त्रालयले, प्रदेश स्तरमा प्रदेश मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३) स्थानीय समुदायले स्थानीयस्तरमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् र त्यस्तो योजना कार्यान्वयन गर्दा सम्बन्धित निकायले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

२५. **न्यूनीकरणका कार्यहरु गर्न सक्नेः** (१) नेपाल सरकारले हरितगृह ग्यासँ उत्सर्जन गर्ने क्षेत्र पहिचान गरी तिनको राष्ट्रिय आधार तह (रेफरेन्स लेभल) निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको राष्ट्रिय आधार तहको सम्बन्धमा मन्त्रालयले आवधिक रुपमा अनुगमन गरी अद्यावधिक जानकारी सार्वजनिक गर्नेछ।

(३) न्यूनीकरणको लागि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(४) मन्त्रालयले हरितगृह ग्यासँ उत्सर्जनको मापन गर्न वा गराउन सक्नेछ।

(५) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापनः** (१) नेपाल सरकारले जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सार्वजनिक निकाय एवम् निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा नेपाल सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ।

२७. **प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुको प्राथमिकता निर्धारण गर्नको लागि नेपाल सरकारले आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(२) जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न नेपाल सरकारले आवश्यक नीतिगत एवम् प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ।

२८. **कार्बन व्यापारमा भाग लिन सक्नेः** (१) नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र

सञ्चितीकरणका लागि अन्तरराष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्बन व्यापारमा भाग लिने र सोबाट प्राप्त लाभको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

२९. **राष्ट्रिय सम्पदाको संरक्षणः** (१) राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सरोकारवाला निकायले अभिलेख तयार गरी राख्नु पर्नेछ र सो अभिलेखमा नेपालभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अभिलेखमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु, वातावरणीय अवस्था आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ।

३०. **वातावरण संरक्षण क्षेत्र सम्बन्धी विशेष व्यवस्थाः** (१) नेपाल सरकारले प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग परामर्श गरी वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वका स्थललाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सरोकारवाला निकायसँगको समन्वयमा नेपाल सरकारले कुनै क्षेत्र विशेषको वातावरण संरक्षण गर्ने उद्देश्यले त्यस्तो क्षेत्रलाई खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्रभित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू-स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा नेपाल सरकारले सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय

पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(५) नेपाल सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रबाट हटाउन सकिनेछ।

(७) वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ।

स्पष्टीकरण: यस दफा र दफा ३६ को प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनु पर्छ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ।

३१. **कोषको स्थापना र सञ्चालन**: (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तरराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३२. **परिषद् गठन गर्न सक्ने**: (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई राष्ट्रिय स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायका अध्यक्ष तथा सदस्य रहने छन्:-

(क) प्रधानमन्त्री- अध्यक्ष

(ख) नेपाल सरकारको वन तथा वातावरण मन्त्री - सदस्य

(ग) प्रधानमन्त्रीले तोकेका नेपाल सरकारका तीनजना मन्त्री - सदस्य

(घ) सबै प्रदेशका मुख्यमन्त्री - सदस्य

(ङ) राष्ट्रिय योजना आयोगको वातावरण हेर्ने सदस्य - सदस्य

(च) वन तथा वातावरण विज्ञानका प्राध्यापकहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना महिला सहित दुईजना - सदस्य

(छ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये दुईजना महिला सहित अध्यक्षबाट मनोनीत तीनजना - सदस्य

(ज) सचिव, मन्त्रालय - सदस्य-सचिव

(३) अध्यक्षले सदस्यहरुमध्येबाट एकजना मन्त्रीलाई उपाध्यक्ष तोक्न सक्नेछ।

(४) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३३. **<u>परिषद्को बैठक</u>**: (१) परिषद्को बैठक वर्षमा कम्तीमा एकपटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले बहत्तर घण्टा अगाडि परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य-सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

(३) कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३४. **परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र राष्ट्रिय सम्पदा संरक्षणको लागि राष्ट्रिय प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा प्रदेश तथा स्थानीय तहलाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवम् सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने,

(च) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने।

परिच्छेद-६

जरिबाना तथा क्षतिपूर्ति

३५. **जरिबाना:** (१) कसैले देहायको कार्य गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिम जरिबाना गर्नेछ:-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना लाग्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न सम्बन्धित निकायले सिफारिस सहित विभागमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा विभागले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई एक वर्षदेखि पाँच वर्षसम्म

कालोसूचीमा राख्नु पर्नेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले दिएको आदेश कार्यान्वयन नभएको विषयमा विभागले आवश्यक जाँचबुझ गरी उपदफा (५) बमोजिमको कारबाही गर्नेछ।

(७) उपदफा (५) बमोजिम कुनै निकायलाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्थाले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन।

(८) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३६. **<u>निवेदन दिन सक्ने</u>**: (१) कसैले यस ऐन विपरीत प्रारम्भिक वातावरणीय परीक्षण, संक्षिप्त वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायले आफूलाई पुग्न गएको क्षति बापत सम्बन्धित निकाय समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानि नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायलाई मनासिब क्षतिपूर्ति भराइदिनु पर्नेछ।

(४) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न नेपाल सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको

समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **पुनरावेदन:** (१) दफा ३५ बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिबाना उपर सम्बन्धित जिल्ला अदालतमा र नेपाल सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिबाना उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ३६ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद-७

विविध

३८. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने:** (१) स्वच्छ र स्वस्थ वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले वातावरण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजनाको अधीनमा रही प्रदेश सरकार तथा स्थानीय तहले वातावरण संरक्षणका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्न सक्नेछन्।

(३) उपदफा (१) र (२) बमोजिमको योजना तर्जुमा गर्दा वातावरण संरक्षण, संवर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासलाई योजनामा समावेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको योजनामा तोकिए बमोजिमका अन्य विषयहरु समावेश गरिनेछ।

३९. **अनुगमन तथा निरीक्षण गर्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा विभागले अनुगमन तथा निरीक्षण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्रको वातावरण संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकार वा स्थानीय तहले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(३) उपदफा (१) वा (२) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने:** (१) मन्त्रालयले प्रत्येक वर्ष देहायका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) दफा ३९ बमोजिम गरिएको अनुगमन तथा निरीक्षणबाट प्राप्त विवरण,

(ख) जलवायु परिवर्तन सम्बन्धमा भएको राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्रियाकलाप सम्बन्धी विवरण,

(ग) अन्य आवश्यक विवरण।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।..

४१. **आदेश जारी गर्न सक्ने:** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई [™]विभागको महानिर्देशकले एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

४२. **अधिकार प्रत्यायोजन:** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विभाग, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

४३. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४४. **नियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

४५. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४६. **ऐन कार्यान्वयन मापन:** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ।

४७. **खारेजी र बचाउ:** (१) वातावरण संरक्षण ऐन, २०५३ खारेज गरिएको छ।

™ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ द्वारा संशोधित।

(२) वातावरण संरक्षण ऐन, २०५३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) वातावरण संरक्षण ऐन, २०५३ बमोजिम कुनै निकाय वा पदाधिकारी समक्ष कुनै निवेदन वा उजुरी परी विचाराधीन रहेको भए त्यस्ता उजुरी वा निवेदन सोही ऐन बमोजिम टुङ्गो लगाउनु पर्नेछ।

नेपाल कानून आयोग

वन नियमावली, २०७९

प्रमाणीकरण तथा प्रकाशन मिति

२०७९।०३।१६

संशोधन

१.	वन (पहिलो संशोधन) नियमावली, २०८०	२०८०।०४।३२
२.	वन (दोस्रो संशोधन) नियमावली, २०८१	२०८१।०२।३१
३.	वन (तेस्रो संशोधन) नियमावली, २०८२	२०८२।१०।०८

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "वन नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समूहको कोष" भन्नाले ऐनको दफा ३३ बमोजिमको उपभोक्ता समूहको कोष सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले वन ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "काठ" भन्नाले दुई फिट वा सो भन्दा बढी लम्बाइ र एक दशमलव पाँच फिट वा सो भन्दा बढी गोलाइ भएको चिरानको रुपमा जान सक्ने गोलिया काठ सम्झनु पर्छ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउँछ।

(घ) "कार्ययोजना" भन्नाले वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन र सदुपयोग लगायतका विषयवस्तु समावेश भएको कार्ययोजना सम्झनु पर्छ र सो शब्दले डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजना र वन संरक्षण क्षेत्रको विशेष कार्ययोजनालाई समेत जनाउँछ।

(ङ) "कोष" भन्नाले ऐनको दफा ४५ बमोजिम स्थापना भएको वन विकास कोष सम्झनु पर्छ।

(च) "जिल्ला वन पैदावार आपूर्ति समिति" भन्नाले नियम २१ बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समिति सम्झनु पर्छ।

(छ) "दहत्तर बहत्तर" भन्नाले नदी वा खोलाले बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको वा पुरिएको काठ, दाउरा सम्झनु पर्छ।

(ज) "दाउरा" भन्नाले दुई फिटभन्दा कम लम्बाइ र एक दशमलव पाँच फिटभन्दा कम गोलाइ भएको गोलिया काठ सम्झनु पर्छ र सो शब्दले एक दशमलव पाँच फिटभन्दा बढी गोलाइ भए तापनि धोद्रो वा सडेको वा मक्किएको भई चिरानको रुपमा जान नसक्ने खयर बाहेकको गोलिया काठलाई समेत जनाउँछ।

(झ) "निर्देशनालय" भन्नाले प्रदेश सरकार अन्तर्गत रहेको प्रदेश वन निर्देशनालय सम्झनु पर्छ।

(ञ) "पर्यापर्यटन" भन्नाले वातावरण संरक्षण र स्थानीय समुदायको हितको प्रतिकूल नहुने गरी वनक्षेत्रमा गरिने प्रकृतिमा आधारित पर्यटन गतिविधि सम्झनु पर्छ।

[▣](ञ१) "पोल" भन्नाले दस सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटरसम्म व्यास (डिबिएच) भएको खडा बोट सम्झनु पर्छ।

[🕮](ट) "बल्लाबल्ली" भन्नाले दस सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटरसम्म व्यास (डिबिएच) भएको र छ फिट भन्दा बढी लम्बाइ भएको गोलिया काठ सम्झनु पर्छ।

(ठ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ड) "राजस्व (रोयल्टी)" भन्नाले वन पैदावार बिक्री र राष्ट्रिय वनक्षेत्र कबुलियती वनको रुपमा उपलब्ध गराए बापत नेपाल सरकारलाई प्राप्त हुने रकम सम्झनु पर्छ र सो शब्दले वनक्षेत्र र वन पैदावार प्रयोग गरेबापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने शुल्क, महसुल, दस्तुर र मूल्यलाई समेत जनाउँछ।

[▣](ड१) "रुख" भन्नाले तीस सेन्टिमिटर भन्दा बढी व्यास (डिबिएच) भएको खडा बोट सम्झनु पर्छ।

▣ दोस्रो संशोधनद्वारा थप।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

(ढ) "वार्षिक स्वीकार्य कटान" भन्नाले वनको वृद्धि मौज्दात (ग्रोइङ्ग स्टक) र वार्षिक उत्पादन क्षमता (एनुअल यील्ड) को आधारमा निर्धारण गरी कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावरको परिमाण सम्झनु पर्छ।

Σ(ण) "विकास आयोजना" भन्नाले ऐनको दफा ४२ बमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सम्झनु पर्छ।

(त) "सङ्गठित संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका उपभोक्ता समूह, सङ्घ, संस्था, उद्योग, कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले ऐनको उद्देश्य हासिल गर्ने गरी वन व्यवस्थापन, वृक्षारोपण, वन उद्यम, वन पैदावारको आपूर्ति वा वन विकासका लागि स्थापना गरेको संस्थागत संरचनालाई समेत जनाउँछ।

(थ) "समिति" भन्नाले नियम १०९ बमोजिमको कार्यक्रम छनौट तथा कार्यान्वयन समिति सम्झनु पर्छ।

(द) "साझेदारी वन उपभोक्ता समूह" भन्नाले नियम ५६ बमोजिमको साझेदारी वन उपभोक्ता समूह सम्झनु पर्छ।

(ध) "सामुदायिक वन उपभोक्ता समूह" भन्नाले नियम ४२ बमोजिमको सामुदायिक वन उपभोक्ता समूह सम्झनु पर्छ।

परिच्छेद-२

राष्ट्रिय वनको भू-उपयोग र सीमा निर्धारण

३. **राष्ट्रिय वनको भू-उपयोग परिवर्तन नगरिने:** (१) राष्ट्रिय वनको भू-उपयोग परिवर्तन गरिने छैन।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय सुरक्षाको लागि वन क्षेत्रको भूउपयोग परिवर्तन गर्नु पर्ने भएमा Σनेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय वनको कुनै क्षेत्रको भू-उपयोग परिवर्तन गर्ने स्वीकृति दिन सक्नेछ।

™(२क) उपनियम (२) बमोजिमको राष्ट्रिय सुरक्षाको लागि राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न सम्बन्धित सुरक्षा निकायले देहायका विवरण तथा कागजात समावेश गरी सम्बन्धित विषयगत मन्त्रालय मार्फत मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ :-

(क) सम्बन्धित विषयगत मन्त्रालयबाट राष्ट्रिय सुरक्षाको लागि अत्यावश्यक भएको निर्णय सहितको सिफारिस,

(ख) माग गरेको स्थान र चारकिल्ला,

(ग) जिपिएस कोअर्डिनेट सहितको नक्सा।

™(२ख) उपनियम (२क) बमोजिम अनुरोध भई आएमा स्थलगत प्रतिवेदनसहित डिभिजनल वन अधिकृतको राय तथा उपभोक्ता समूहबाट व्यवस्थापन गरिएको वनको क्षेत्र भए त्यस्तो समूहको कार्य समितिको निर्णय समेत समावेश गरी विभागको राय पठाउन मन्त्रालयले विभागमा लेखी पठाउनु पर्नेछ।

™(२ग) उपनियम (२क) र (२ख) बमोजिमको विवरण तथा कागजात र विभागको राय अध्ययन गर्दा राष्ट्रिय सुरक्षाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपलब्ध गराउन आवश्यक देखेमा सुरक्षा निकायले पालना गर्नुपर्ने सर्त तोकी सोको पालना गर्ने प्रतिबद्धताको लागि मन्त्रालयले सुरक्षा निकायलाई लेखी पठाउन सक्नेछ।

™(२घ) उपनियम (२ग) बमोजिम सम्बन्धित सुरक्षा निकायको मुख्यालयको निर्णयबाट प्रतिबद्धता प्राप्त भएमा प्रयोग गर्न दिने राष्ट्रिय वनक्षेत्रको ठेगाना, क्षेत्रफल र पालना गर्नुपर्ने सर्तसहित मन्त्रालयले त्यस्तो वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गर्नेछ।

™(२ङ) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस नियम बमोजिम उपलब्ध गराइने वन क्षेत्रको रुख हटाउनु पर्ने भएमा विभागको स्वीकृतिमा डिभिजन वन कार्यालयले रुख हटाउन अनुमति दिन सक्नेछ।

™(२च) उपनियम (२ङ) बमोजिम रुख हटाउँदा उत्पादन भएको वन पैदावार डिभिजन वन कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™ तेस्रो संशोधनद्वारा थप।

™(२छ) उपनियम (२ङ) बमोजिम हटाइएका रुख सङ्ख्याको पाँच गुणाको दरले डिभिजन वन कार्यालयले तोकेको स्थानमा सम्बन्धित सुरक्षा निकायले वृक्षारोपण गर्नु पर्नेछ।

™(२ज) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रभित्र राष्ट्रिय सुरक्षाका लागि तालिम र स्थलगत अभ्यास गर्नुपर्ने भएमा जिल्ला सुरक्षा समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले चार किल्ला तथा समयावधि तोकी वन, वनस्पति र वन्यजन्तुलाई हानि नोक्सानी नपुऱ्याउने सुनिश्चित गराई अस्थायी रूपमा तालिम र स्थलगत अभ्यास सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

™(२झ) उपनियम (२ज) बमोजिमको तालिम र स्थलगत अभ्यास सञ्चालन गर्दा सम्बन्धित स्थानीय सर्वसाधारणलाई सूचना तथा जानकारी दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम भू-उपयोग परिवर्तनको स्वीकृति दिएको क्षेत्र जुन प्रयोजनको लागि स्वीकृति दिइएको हो सोही प्रयोजनको लागि मात्र उपयोग गर्नु पर्नेछ।

४. **राष्ट्रिय वन क्षेत्रको भोगाधिकार उपलब्ध गराउन सक्ने:** (१) नियम ३ को उपनियम (२) बमोजिम नेपाल सरकारले भू-उपयोग परिवर्तन गर्न स्वीकृति दिएको राष्ट्रिय वनक्षेत्रको भोगाधिकार सम्बन्धित निकायलाई उपलब्ध गराउन सक्नेछ। यसरी भू-उपयोग परिवर्तन गर्न स्वीकृति दिई भोगाधिकार उपलब्ध गराएको विवरण सम्बन्धित प्रदेश मन्त्रालय र निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ।

▣(१क) नेपाल सरकारको स्वामित्व भएको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई जडीबुटीको खेती बिस्तार तथा प्रशोधन गर्न नेपाल सरकारले राष्ट्रिय वनको कुनै क्षेत्रको भोगाधिकार उपलब्ध गराउन सक्नेछ। यसरी भोगाधिकार उपलब्ध गराएको विवरण सम्बन्धित प्रदेश मन्त्रालय र निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ।

🕮(२) उपनियम (१) वा (१क) बमोजिम भोगाधिकार प्राप्त गर्ने निकायले जुन प्रयोजनका लागि भोगाधिकार प्राप्त गरेको हो सोही प्रयोजनका लागि हटाउनुपर्ने पोल र रुखको सङ्ख्याको दस गुणाले हुने सङ्ख्यामा विभाग वा डिभिजन वन कार्यालयले तोकेको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

(३) 🕮उपनियम (१) वा (१क) बमोजिम नेपाल सरकारले राष्ट्रिय वनक्षेत्रको

™ तेस्रो संशोधनद्वारा थप।

▣ दोस्रो संशोधनद्वारा थप।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

भोगाधिकार उपलब्ध गराएको अवस्थामा विभागले भोगाधिकार प्राप्त गर्ने निकायसँग सम्झौता गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(४) [दो] उपनियम (१) वा (१क) बमोजिम भोगाधिकार उपलब्ध गराएको राष्ट्रिय वनक्षेत्रको जग्गामा रहेका रुख आवश्यक भौतिक संरचना निर्माण गर्ने क्रममा हटाउनु पर्ने भएमा प्रदेश मन्त्रालयको स्वीकृति लिएर मात्र हटाउनु पर्नेछ।

(५) हवाई राडार, दुरसञ्चारका टावर, वातावरण, जलवायू परिवर्तन, मौसम वा विपद्सँग सम्बन्धित अनुसन्धान तथा जानकारी दिने उद्देश्यले नेपाल सरकारको कुनै निकायले राष्ट्रिय वनक्षेत्रभित्र कुनै संरचना राख्नु पर्ने भएमा नेपाल सरकारले त्यस्तो संरचना राख्न आवश्यक पर्ने वन क्षेत्रको जग्गाको भोगाधिकार संरचना राख्ने निकायलाई उपलब्ध गराउन सक्नेछ।

(६) [दो] उपनियम (१) वा (१क) को प्रयोजनका लागि उपभोक्ता समूहद्वारा व्यवस्थित वन क्षेत्रमा भोगाधिकार प्रदान गर्नु पर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिनु पर्नेछ। यसरी उपभोक्ता समूहले सहमति दिँदा सो समूहको साधारण सभाले निर्णय गर्नु पर्नेछ।

(७) [दो] उपनियम (१) वा (१क) बमोजिम भोगाधिकार प्राप्त गर्ने निकायले जुन प्रयोजनका लागि राष्ट्रिय वनक्षेत्रको भोगाधिकार प्राप्त गरेको हो सोही प्रयोजनका लागि मात्र उपयोग गर्नु पर्नेछ।

(८) ऐन र यस नियमावली बमोजिम राष्ट्रिय वनक्षेत्रमा प्राप्त भोगाधिकारको हक नेपाल सरकारको स्वीकृति बिना कसैलाई हस्तान्तरण गर्न पाइने छैन।

(९) प्रदेश वन निर्देशकले यस नियम बमोजिम भोगाधिकार उपलब्ध गराइएको जग्गाको उपयोग सम्बन्धमा अनुगमन गर्नु पर्नेछ र त्यसरी गरिएको अनुगमन सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी प्रदेश मन्त्रालय र विभागमा पेस गर्नु पर्नेछ।

५. **राष्ट्रिय वनको सीमा निर्धारण:** (१) नेपाल सरकारले ऐनको दफा ४ बमोजिम प्रदेश भित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको सीमा निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्धारित वनको सीमाको आधारमा विभागको समन्वयमा मन्त्रालय अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले वनको छत्र नक्सा (क्यानोपी म्याप) तयार गर्नु पर्नेछ।

[दो] दोस्रो संशोधनद्वारा संशोधित।

६. **<u>वनक्षेत्रमा प्रवेश नियमन सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा ९ को उपदफा (४) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले नेपाल सरकारबाट अनुमति प्राप्त विकास आयोजना सञ्चालन गर्नका लागि निश्चित समयावधि र सर्त तोकी सवारी साधन तथा मानिसको आवतजावतका लागि वन क्षेत्रमा प्रवेशको लागि अनुमति दिन सक्नेछ।

(२) ऐनको दफा ९ बमोजिम प्रवेश निषेध गरिएको वन क्षेत्रमा स्वीकृत कार्ययोजना बमोजिम वन संरक्षण र संवर्द्धन कार्यको लागि डिभिजनल वन अधिकृतले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

७. **<u>राष्ट्रिय वनको भू-उपयोग योजनाः</u>** (१) वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा वातावरण र विकास बीचको सन्तुलन कायम गर्नको लागि निर्देशनालयको परामर्शमा डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको कुनै खास वनक्षेत्रको भू-उपयोग योजना तर्जुमा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तर्जुमा भएको भू-उपयोग योजना डिभिजनल वन अधिकृतले स्वीकृतिको लागि प्रदेश मन्त्रालयको सहमति लिई विभागमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भू-उपयोग योजना परिमार्जन गर्नु पर्ने देखेमा परिमार्जन समेत गरी वा गर्न लगाई विभागले आफ्नो रायसहित नेपाल सरकारको स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त भू-उपयोग योजना मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस गर्नेछ र नेपाल सरकार मन्त्रिपरिषद्ले त्यस्तो योजना स्वीकृत गर्न सक्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक ठानेमा कुनै वन क्षेत्रमा भू-उपयोग योजना तर्जुमा गर्न लगाई स्वीकृत गर्न सक्नेछ।

८. **<u>वनस्पति उद्यान स्थापना गर्न सक्नेः</u>** (१) मन्त्रालयले वनस्पति सम्बन्धी अध्ययन अनुसन्धान गर्नको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय वनको कुनै भागलाई नियम ७ बमोजिमको भू-उपयोग योजनाको अधीनमा रही वनस्पति उद्यान क्षेत्र तोकी व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमका वनस्पति उद्यानको संरक्षण तथा व्यवस्थापन वनस्पति विभाग वा सो विभाग अन्तर्गतको कार्यालयले गर्नेछ।

(३) यो नियम प्रारम्भ हुनु अघि वनस्पति विभाग वा सो अन्तर्गतका कार्यालयले

संरक्षण र व्यवस्थापन गरेका वनस्पति उद्यान यसै नियम बमोजिम व्यवस्थापन भएको मानिनेछ।

(४) वनस्पति उद्यानको स्थापना, संरक्षण तथा व्यवस्थापन गर्ने क्रममा सो क्षेत्रमा रहेका रुख हटाउनु परेमा डिभिजन वन कार्यालयको सहमति लिई हटाउन सकिनेछ र त्यस्तो क्षेत्रमा उत्पादन भएका वन पैदावारको व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ।

(५) वनस्पति उद्यानको प्रवेश तथा अन्य शुल्क अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

९. **वृक्षारोपण गर्नु पर्ने:** (१) वृक्षारोपण गरी वन विकास गर्नको लागि मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयले वन क्षेत्रभित्र र बाहिर वृक्षारोपण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वृक्षारोपण गरिएको क्षेत्रको संरक्षण र व्यवस्थापन सम्बन्धित वन व्यवस्थापन गर्ने समूह वा निकाय समेतको सहभागितामा डिभिजन वन कार्यालयले गर्नेछ।

१०. **बसोबास वा पुनर्वास गरिएका जग्गाका रूख हटाउने सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १२ को उपदफा (२) बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेका रूख हटाउनु परेमा डिभिजनल वन अधिकृतले जाँचबुझ गरी त्यस्ता रूखको जिपिएस कोअर्डिनेट सहितको लगत नम्बरिङ, मापन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको मूल्याङ्कनका आधारमा डिभिजनल वन अधिकृतले काठ, दाउराको उत्पादन र बिक्री वितरण सम्बन्धी प्रतिवेदन तयार गरी Σनिर्देशनालयमा पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन सम्बन्धमा Σनिर्देशनालयले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित Σप्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएको विषयमा जाँचबुझ गर्दा बसोबास वा पुनर्वास गराइएको क्षेत्रमा रहेका प्रस्तावित रुख हटाउन उपयुक्त र आवश्यक देखिएमा Σप्रदेश मन्त्रालयले स्वीकृति दिन सक्नेछ र सोको जानकारी विभागलाई गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त स्वीकृति बमोजिम नेपाल सरकारको

Σ तेस्रो संशोधनद्वारा संशोधित।

स्वामित्वमा रहेका रुख हटाउने र बिक्री वितरण गर्ने कार्यको अनुगमन प्रदेश वन निर्देशकले गरी सोको प्रतिवेदन Σप्रदेश मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ।

११. **सिमसार क्षेत्रको संरक्षण तथा पर्यापर्यटन विकास सम्बन्धी व्यवस्थाः** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्र पर्ने वनक्षेत्र भित्रको पानीको स्रोतक्षेत्र, पानीको मुहान, पोखरी, ताल, हिमताल, खोला-खोल्सी, नदी लगायतका सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापनको उचित व्यवस्था मिलाउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले रामसार महासन्धि अन्तर्गतको अन्तर्राष्ट्रियस्तरमा महत्त्व राख्ने रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र वा राष्ट्रिय वनक्षेत्र भित्रको खास महत्त्वपूर्ण सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पर्यापर्यटन विकास गर्न नियम १४ बमोजिमको रणनीतिक योजनाको आधारमा छुट्टै सिमसार व्यवस्थापन योजना तयार गरी निर्देशनालयको स्वीकृति लिई विभागमा पठाउनु पर्नेछ। यस्तो योजना तयार गर्दा सिमसार क्षेत्रमा हुन सक्ने पर्यापर्यटनको सम्भावनाका क्षेत्रहरु समेत पहिचान गरी उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यवस्थापन योजनामा विभागले आफ्नो राय सहित मन्त्रालयमा पठाउनेछ र मन्त्रालयले स्वीकृत गरेपछि त्यस्तो योजना लागू हुनेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहद्वारा व्यवस्थापन गरिएका वन क्षेत्रभित्र रहेका सिमसार क्षेत्रको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले प्रदेश मन्त्रालयको सहमति लिई सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र पर्यापर्यटन सञ्चालनमा स्थानीय तहसँग सहकार्य गर्न सक्नेछ।

१२. **वन व्यवस्थापन तथा वन विकास कार्य सम्बन्धी व्यवस्थाः** (१) सरकारी वा सार्वजनिक निकायले वन विकास तथा व्यवस्थापन सम्बन्धी नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, कटान मुछान, काठ, दाउरा उत्पादन, वनपथ निर्माण, स्टोन पिचिङ्ग, अग्निरेखा निर्माण, पोखरी निर्माण, चेकड्याम निर्माण, सेड हाउस निर्माण, काठेपुल निर्माण, अवलोकन टावर निर्माण, सिमसार संरक्षण वा यस्तै प्रकृतिका अन्य कार्य गर्दा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारीले लागत अनुमान तयार गर्न सक्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिम तयार भएको लागत अनुमान डिभिजनल वन अधिकृतले स्वीकृत गरी कार्यान्वयन गराउन सक्नेछ।

(३) स्वीकृत वार्षिक कार्यक्रममा परेका वन व्यवस्थापनका कार्य, सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयको भवन निर्माण तथा मर्मत सम्भार कार्य र यस्तै प्रकृतिका अन्य वन विकास कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई लगत राखी उपयोग गर्न सक्नेछ।

१३. **चरिचरनको निमित्त इजाजतपत्र दिन सक्ने:** निषेधित वनक्षेत्र बाहेकका वनक्षेत्रमा अनुसूची-३ बमोजिमको दस्तुर लिई डिभिजनल वन अधिकृतले घरपालुवा जन्तु चरिचरन गराउन कुनै व्यक्तिलाई अनुसूची-४ बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

परिच्छेद-३

राष्ट्रिय वनको व्यवस्थापन तथा वन पैदावार सङ्कलन र बिक्री वितरण

१४. **रणनीतिक योजना बनाउने:** (१) विभागले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको व्यवस्थापनको लागि प्रदेश सरकारसँगको परामर्शमा एकीकृत रणनीतिक योजना तर्जुमा गरी नेपाल सरकारको स्वीकृतिका लागि मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

तर कुनै प्रदेशको हकमा छुट्टै रणनीतिक योजना बनाउनु पर्ने भएमा प्रदेशगत रणनीतिक योजना समेत बनाई पेस गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम तर्जुमा गरिने रणनीतिक योजनामा वन, वन्यजन्तु, जैविक विविधता, जडीबुटी, जलाधार, सिमसार क्षेत्र र कार्बन सेवा लगायतका वातावरणीय सेवाको दीर्घकालीन संरक्षण, व्यवस्थापन तथा सदुपयोगको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, क्षेत्रगत मुख्य कार्यक्रम, संस्थागत संरचना, स्रोत साधनको व्यवस्था र अनुगमन प्रणाली सहित उपभोक्ता समूह, प्रदेश सरकार र नेपाल सरकारको अधिकार र जिम्मेवारी लगायतका विषय समावेश गर्नु पर्नेछ।

(३) ऐनको दफा ११ को उपदफा (३) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले उपनियम (१) बमोजिम पेस भई नेपाल सरकारबाट स्वीकृत भएको रणनीतिक योजनाको आधारमा अनुसूची-५ बमोजिमका विषय समावेश गरी आफ्नो कार्य क्षेत्रभित्रको राष्ट्रिय वनको आवधिक योजनासहितको रणनीतिक योजना तर्जुमा गरी प्रदेश वन निर्देशकको सिफारिसमा प्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ र प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रदेश मन्त्रालयबाट स्वीकृत भएको रणनीतिक योजना मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

१५. **वन संवर्द्धन प्रणाली अवलम्बन गर्नु पर्ने:** (१) यस नियमावली बमोजिम राष्ट्रिय वनको व्यवस्थापन गर्दा वनको अवस्था अनुसार वनको दिगो व्यवस्थापनको लागि स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन संवर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अपनाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वन संवर्द्धन प्रणाली अपनाउँदा प्राकृतिक वन, वातावरण तथा जैविक विविधतालाई समेत मध्यनजर गरी स्थानीय आवश्यकता अनुसार वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार तथा प्रजाति, वनको उमेर, भिरालोपना, मोहडा, वनक्षेत्रको पुनरोत्पादनको सुनिश्चतता र गुणस्तर (साइट क्वालिटी) जस्ता विषयलाई आधार मान्नु पर्नेछ।

१६. **जडीबुटीको संरक्षण तथा व्यवस्थापन:** (१) मन्त्रालयले महत्त्वपूर्ण तथा उच्च मूल्यका जडीबुटीको संरक्षण तथा व्यवस्थापन गर्नका लागि प्रजाति विशेष वा एकीकृत रुपमा कुनै क्षेत्रलाई जडीबुटी विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्र रहेको वनक्षेत्रमा पाइने महत्त्वपूर्ण तथा उच्च मूल्यका जडीबुटीको संरक्षण तथा व्यवस्थापनका लागि प्रजाति विशेष वा एकीकृत रुपमा जडीबुटी पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले नियम १४ बमोजिमको रणनीतिक योजनाको अधीनमा रही उपनियम (२) बमोजिमको जडीबुटी पकेट क्षेत्रको स्रोत सर्वेक्षण गरी सोको आधारमा जडीबुटी व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको जडीबुटी व्यवस्थापन योजना प्रदेश वन निर्देशकले स्वीकृत गरेपछि लागू हुनेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृत भएको जडीबुटी व्यवस्थापन योजनाको कार्यान्वयनका लागि डिभिजनल वन अधिकृतले जडीबुटी व्यवस्थापन समूह गठन गर्न सक्नेछ।

(६) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र रहेको वन क्षेत्रमा जडीबुटीको वृक्षारोपण तथा संरक्षणको उचित प्रबन्ध गर्नु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) बमोजिमको जडीबुटी पकेट क्षेत्र सामुदायिक वन वा साझेदारी वनभित्र पर्ने भएमा सम्बन्धित उपभोक्ता समूहले आफ्नो कार्ययोजनामा जडीबुटीको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था समावेश गरी जडीबुटीको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्नु पर्नेछ।

१७. **<u>वन पैदावार सङ्कलन गर्न सकिने परिमाणः</u>** (१) प्रत्येक वर्ष डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र पर्ने जिल्लाको काठ, दाउराको माग र आपूर्तिको आकलन गरी उत्पादनको मात्रा निर्धारण गर्नु पर्नेछ।

(२) वन पैदावार सङ्कलन गर्दा सम्बन्धित वन व्यवस्थापन पद्धति बमोजिमको स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी सङ्कलन गर्नु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा त्यस्ता वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिनेछ।

(४) उपनियम (३) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(५) उपनियम (४) मा उल्लेख भए बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी डिभिजनल वन अधिकृतले जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश वन निर्देशकको सिफारिसमा प्रदेश मन्त्रालयको स्वीकृति लिई त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(७) अन्तरप्रादेशिक वन र वन संरक्षण क्षेत्रमा उपभोक्ता समूहले व्यवस्थापन गरेका वन बाहेकका वनबाट उपनियम (३) बमोजिमको वन पैदावार सङ्कलन गर्नु पर्ने भएमा डिभिजन वन कार्यालयले निर्देशनालयको सिफारिसमा विभागको स्वीकृति लिनु

पर्नेछ।

१८. **<u>वन पैदावारको मूल्यः</u>** राष्ट्रिय वन क्षेत्रबाट उत्पादित वन पैदावारको मूल्यदर देहाय बमोजिम हुनेछः-

(क) काठ, दाउराको मूल्यदर अनुसूची-६ बमोजिम,

(ख) जडीबुटीको मूल्यदर अनुसूची-७ बमोजिम,

(ग) काठ, दाउरा र जडीबुटी बाहेकका अन्य वन पैदावारको मूल्यदर अनुसूची-८ बमोजिम।

१९. **<u>रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेः</u>** (१) स्वीकृत कार्ययोजना बमोजिम काठ, दाउरा सङ्कलन गर्नु पूर्व डिभिजनल वन अधिकृतले कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारी खटाई कटान गर्नु पर्ने रुखको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) रुख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका अनुसूची-९ बमोजिम हुनेछ।

(३) यस नियम बमोजिम सङ्कलन गरिएका वन पैदावार सुरक्षित स्थानमा राख्नको लागि डिभिजनल वन अधिकृतले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोकी सो स्थानमा त्यस्तो वन पैदावार सुरक्षित रुपमा घाटगद्दी गर्नु पर्नेछ।

(४) वनक्षेत्रबाट घाटगद्दी स्थलसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठको दुवैतर्फ डिभिजन वन कार्यालयमा रहेको टाँचा लगाई अनुसूची-१० बमोजिमको ढाँचामा चलानी पुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम सङ्कलन गरिएका काठ, दाउरा सम्बन्धित डिभिजनल वन अधिकृतले घाटगद्दी स्थलमा लट छुट्टिने गरी टक्कर मिलाई पाइलिङ्ग गरी राख्नु पर्नेछ।

२०. **<u>वन पैदावार सङ्कलन गर्ने अवधिः</u>** (१) राष्ट्रिय वनक्षेत्रबाट काठ, दाउरा सङ्कलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको एक गतेदेखि जेठ मसान्तसम्म हुनेछ।

(२) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनक्षेत्रबाट असोज एक गतेदेखि [१]<u>चैत मसान्तसम्म रुख छपान, कटान तथा मुछानको कार्य सम्पन्न गरिसक्ने गरी</u> म्याद निर्धारण गर्नु पर्नेछ।

---

[१] दोस्रो संशोधनद्वारा संशोधित।

(३) उपनियम (२) बमोजिम कटान भएका रुखबाट प्राप्त हुन आउने काठ, दाउराको सङ्कलन तथा घाटगद्दी वैशाख मसान्त सम्ममा गरिसक्नु पर्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिलाई जुनसुकै समयमा वनक्षेत्रबाट काठ, दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ।

(५) उपनियम (२) र (३) मा उल्लिखित अवधिभित्र रुख कटान गरी काठ, दाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण भएमा सो कार्यको लागि प्रदेश वन निर्देशकको सहमतिमा डिभिजनल वन अधिकृतले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ। साथै त्यस्तो काठ, दाउरा वनक्षेत्रबाट बाहिर निकाली घाटगद्दी गर्नको लागि समेत डिभिजनल वन अधिकृतले बढीमा एक महिनाको अवधि थप गर्न सक्नेछ।

(६) उपनियम (५) मा उल्लिखित अवधिभित्र समेत रुख कटान गरी काठ, दाउरा सङ्कलन हुन नसकेमा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई कटान गर्न बाँकी रुखको छपान रद्द गर्नु पर्नेछ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४२ बमोजिम प्रयोग गर्न दिइएको राष्ट्रिय वनक्षेत्रको हकमा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमतिमा वनक्षेत्रको पुनरुत्पादन र अन्य रुख बिरुवाको हानि नोक्सानी हुन नदिने पर्याप्त व्यवस्था मिलाई वर्षभरी नै रुख कटान गरी काठ, दाउरा बाहिर निकाल्ने अनुमति दिन सक्नेछ।

२१. **<u>जिल्ला वन पैदावार आपूर्ति समितिः</u>** (१) जिल्लामा स्थानीय जनतालाई काठ, दाउरा बिक्री वितरण तथा आपूर्ति गर्न अनुसूची-११ मा उल्लिखित जिल्लामा प्रदेश कानून बमोजिमको एक जिल्ला वन पैदावार आपूर्ति समिति रहनेछ।

(२) उपनियम (१) बमोजिम प्रदेश कानूनमा व्यवस्था नभएसम्मको लागि त्यस्ता जिल्लामा देहाय बमोजिमको जिल्ला वन पैदावार समिति रहनेछः-

(क) डिभिजनल वन अधिकृत	-अध्यक्ष
(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि	-सदस्य
(ग) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत प्रतिनिधि	-सदस्य
(घ) जिल्लास्थित प्रदेश सरकारको लेखा सम्बन्धी विषय हेर्ने कार्यालयको प्रतिनिधि	-सदस्य

(ङ) डिभिजनल वन अधिकृतले तोकेको सहायक वन
अधिकृत -सदस्य-सचिव

(३) जिल्ला वन पैदावार आपूर्ति समितिले डिभिजनल वन अधिकृतबाट इजाजतपत्र लिई देहायको प्रयोजनको लागि अनुसूची-१२ बमोजिमको परिमाणमा नबढ्ने गरी काठ, दाउराको बिक्री वितरणको व्यवस्था गर्नेछः-

(क) विपद्मा परेका परिवारको घर गोठ निर्माण तथा पुनर्निर्माण,

(ख) घरकाजको रुपमा घर निर्माण तथा मर्मत सम्भार,

(ग) किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार,

(घ) धार्मिक तथा सांस्कृतिक कार्य र पुरातात्त्विक सम्पदाको निर्माण तथा पुनर्निर्माण,

(ङ) शीतलहर वा हिमपात भएको समयमा सार्वजनिक स्थानमा न्यानो कार्य,

(च) शव दाहसंस्कार, वा

(छ) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य।

(४) जिल्ला वन पैदावार आपूर्ति समितिले काठ, दाउरा बिक्री वितरणको लागि सदरमुकामको साथै उपभोक्तालाई पायक पर्ने गरी अन्य ठाउँमा डिपो राख्नु पर्नेछ।

(५) जिल्ला वन पैदावार आपूर्ति समितिले विपद्मा परेको व्यक्तिलाई सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा वन पैदावार बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(६) जिल्ला वन पैदावार आपूर्ति समितिबाट काठ, दाउरा प्राप्त गर्ने व्यक्ति वा निकायले जुन प्रयोजनको लागि काठ, दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ। यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री वितरण गर्न पाइने छैन।

(७) जिल्ला वन पैदावार आपूर्ति समितिले काठ, दाउराको बिक्री वितरण व्यवस्थित गर्न वार्षिक कार्ययोजना तयार गरी प्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ र प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि लागू गर्नु पर्नेछ।

™तर एकभन्दा बढी प्रदेशमा काठ, दाउराको बिक्री वितरण गर्ने उद्देश्यले तयार गरिएको कार्ययोजना भएमा विभागको सहमति लिनु पर्नेछ।

™ तेस्रो संशोधनद्वारा थप।

(८) जिल्ला वन पैदावार आपूर्ति समितिले बिक्री वितरण गरेको काठ, दाउरा बढीमा पैंतालिस दिनभित्र उठाई लैजानु पर्नेछ।

(९) जिल्ला वन पैदावार आपूर्ति समितिको घाटगद्दीमा रहेको कुनै काठ, दाउरा दुई वर्षसम्म पनि बिक्री नभएमा जिल्ला वन पैदावार आपूर्ति समितिले प्रदेश वन निर्देशकको सहमति लिई त्यस्तो काठ, दाउरा लिलाम बिक्री गर्न सक्नेछ।

(१०) जिल्ला वन पैदावार आपूर्ति समितिले बिक्री वितरण गरेको काठ, दाउराको विवरण र अन्य भए गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी निर्देशनालय र प्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(११) जिल्ला वन पैदावार आपूर्ति समितिले नेपाल सरकार र प्रदेश सरकारले दिएको निर्देशन पालना गर्नु पर्नेछ।

२२. <u>जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ, दाउरा उपलब्ध गराउने:</u> (१) डिभिजनल वन अधिकृतले अनुसूची-६ बमोजिमको मूल्य र सङ्कलन खर्च लिई स्थानीय मागका आधारमा जिल्ला वन पैदावार आपूर्ति समितिलाई एकमुष्ट वा विभिन्न लटमा काठ, दाउरा उपलब्ध गराउनु पर्नेछ।

(२) स्वीकृत कार्ययोजना बमोजिम काठ, दाउरा प्राप्त हुन नसक्ने जिल्लालाई प्रदेश मन्त्रालयले सम्बन्धित प्रदेशभित्रका काठ, दाउरा उपलब्ध हुन सक्ने कुनै अन्य जिल्लाबाट काठ, दाउरा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सम्बन्धित प्रदेशभित्रका जिल्लाबाट समेत काठ, दाउरा उपलब्ध हुन नसक्ने भएमा प्रदेश मन्त्रालयको अनुरोधमा मन्त्रालयले अर्को कुनै प्रदेशको जिल्लाबाट काठ, दाउराको आपूर्ति हुने व्यवस्था मिलाउन सक्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूह वा साझेदारी वन उपभोक्ता समूहले आन्तरिक खपत गरी सो समूह बाहिर बिक्री वितरणको लागि छुट्याएको सालका काठ र दाउरा मध्ये कम्तीमा पच्चीस प्रतिशत र साल बाहेकका अन्य प्रजातिका काठ, दाउराको हकमा जिल्ला वन पैदावार आपूर्ति समितिको मागको आधारमा सो समितिलाई उपलब्ध गराउनु पर्नेछ। यसरी जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ, दाउरा उपलब्ध गराउँदा अनुसूची-६ बमोजिमको मूल्य र सङ्कलन खर्च लिनु पर्नेछ।

तर वनक्षेत्र न्यून भई वनको पहुँच कम भएका र जनघनत्व बढी भएका अनुसूची-१३ बमोजिमका जिल्लामा कम्तीमा पचास प्रतिशत काठ, दाउरा जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम उपभोक्ता समूहले जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराएको काठ, दाउरा एक वर्ष भित्रमा उठाई नलगेमा उपभोक्ता समूहले त्यस्तो काठ, दाउरा लिलाम बिक्री गर्न सक्नेछ।

(६) जिल्ला वन पैदावार आपूर्ति समितिले आफूलाई प्राप्त भएको दाउरा प्रदेश मन्त्रालयको सहमतिमा सम्बन्धित प्रदेशभित्र र विभागको सहमतिमा नेपालभर दाहसंस्कार प्रयोजनको लागि उपलब्ध गराउन सक्नेछ।

२३. **काठ, दाउरा आपूर्ति सम्बन्धी विशेष व्यवस्थाः** (१) राष्ट्रियस्तरका पुरातात्त्विक महत्त्वका सांस्कृतिक सम्पदा, धार्मिक संरचना, पाटी, सत्तल तथा प्राचीन स्मारक मर्मत तथा पुनर्निर्माण कार्य, परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्य र बाढी, पहिरो, भूकम्प, आगलागी, शीतलहर लगायतका विपद् व्यवस्थापन कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा Σविभागको निर्णयको आधारमा डिभिजन वन अधिकृतले उपलब्ध गराउनु पर्नेछ।

(२) प्रदेशभित्रका धार्मिक संरचना, पाटी, सत्तल तथा प्राचीन स्मारक मर्मत तथा पुनर्निर्माण कार्य, परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्य र बाढी, पहिरो, भूकम्प, शीतलहर, आगलागी लगायतका विपद् व्यवस्थापन कार्यको लागि आवश्यक पर्ने काठ, दाउरा प्रदेश मन्त्रालयको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक कार्यको लागि नेपाल सरकारले रोयल्टी मिनाहा गरी काठ, दाउरा उपलब्ध गराउन सक्नेछ।

तर काठ, दाउराको सङ्कलन तथा ढुवानीमा लागेको खर्च काठ, दाउरा उपयोग गर्ने निकायले व्यहोर्नु पर्नेछ।

™(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका परम्परादेखि चलिआएका राष्ट्रिय जात्राको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रोयल्टी मिनाहा गरी आवश्यक पर्ने काठ उपलब्ध गराउन सक्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™ तेस्रो संशोधनद्वारा थप।

२४. **वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) जिल्ला वन पैदावार आपूर्ति समिति गठन नभएका जिल्लामा नियम २१ को उपनियम (३) को प्रयोजनका लागि वन पैदावार लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको नाम,

(ख) वन पैदावार प्राप्त गर्न चाहेको क्षेत्रको नाम,

(ग) वन पैदावारको किसिम र परिमाण,

(घ) वन पैदावार लिन चाहेको प्रयोजन,

(ङ) वन पैदावारको प्रयोग गरिने ठाउँ,

(च) वन पैदावार लिन चाहने व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(छ) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अनुसूची-६ बमोजिमको मूल्यमा काठ, दाउरा उपलब्ध गराउन सक्नेछ। यसरी प्राप्त गरेको काठ, दाउरा बिक्री गर्न पाइने छैन।

(३) जिल्ला वन पैदावार आपूर्ति समिति गठन नभएका जिल्लामा उपनियम (१) र (२) मा उल्लिखित प्रयोजन बाहेक अन्य प्रयोजनको लागि काठ, दाउराको स्थानीय आपूर्ति गर्ने सम्बन्धी व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **काठ, दाउरा लिलाम बिक्री:** (१) डिभिजन वन कार्यालय, अन्य सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका निकाय, सामुदायिक वन उपभोक्ता समूह वा साझेदारी वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरी घाटगद्दीमा रहेका काठ, दाउरा व्यापारिक तथा व्यावसायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा सिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

[1]तर पचास हजार रुपैयाँ वा सो भन्दा कम मूल्याङ्कित परिमाणको काठ, दाउरा लिलाम बिक्री गर्नुपर्ने भएमा डाक बढाबढको विधिबाट गर्न सकिनेछ।

[1](१क) उपनियम (१) बमोजिम सिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्दा कम्तीमा एक्काइस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन

---

[1] दोस्रो संशोधनद्वारा थप।

गरी उक्त सूचना सोही दिन वा भोलिपल्ट सम्बन्धित कार्यालय, प्रदेश मन्त्रालय र निर्देशनालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम काठ, दाउरा लिलाम बिक्रीको लागि अनुसूची-६ मा उल्लिखित मूल्यलाई न्यूनतम मूल्य कायम गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको लिलाम बिक्री प्रक्रियामा काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई नियम १२८ बमोजिम सूचीकृत उद्योगले मात्र भाग लिन पाउने छन्।

[◉].....

(४) उपनियम (३) बमोजिम प्रतिस्पर्धामा सहभागी उद्योगमध्येबाट लिलाम बिक्री सदर गर्ने अधिकारीले सबैभन्दा बढी मूल्य रकम सकार गर्ने उद्योगको बोलपत्र स्वीकृत गरी सकार रकमका साथै अन्य लिनु पर्ने सबै रकम बुझिलिई डिभिजन वन कार्यालय वा सम्बन्धित उपभोक्ता समूह वा दुवैको टाँचा लगाई सम्बन्धित उद्योगसम्म काठ, दाउरा ढुवानी गरी लैजान अनुसूची-१४ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम बोलपत्र स्वीकृत भएको उद्योगले बोलपत्र स्वीकृत भएको जानकारी पाएको पैंतालिस दिनभित्र सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई काठ, दाउरा उठाई लैजानु पर्नेछ।

[Σ](६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कलनका लागि छपान तथा मूल्याङ्कन गरिसकेपछि प्रदेश मन्त्रालयको सचिवको सहमतिमा स्वीकृत कार्ययोजना बमोजिम मूल्याङ्कनका आधारमा खडै वा प्राकृतिक प्रकोपका कारण ढलापडा रहेको भए सोही अवस्थामा यस नियम बमोजिम लिलाम गर्न सकिनेछ।

[▣](७) उपनियम (६) बमोजिम [Σ]खडै वा ढलापडा अवस्थामा लिलाम गर्दा सामुदायिक वन वा साझेदारी वनको हकमा सम्बन्धित उपभोक्ता समूहभित्र आन्तरिक खपतमा प्रयोग नहुने भनी माग सङ्कलनबाट सुनिश्चित भएको र उपभोक्ता समूहको साधारण सभाबाट उपभोक्ता समूहभित्र खपत हुन नसक्ने भनी निर्णय भएको हुनु पर्नेछ।

◉ दोस्रो संशोधनद्वारा झिकिएको।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

▣ दोस्रो संशोधनद्वारा थप।

२६. **<u>लिलाम बिक्री सदर गर्ने अधिकारीः</u>** (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) पच्चीस लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार डिभिजनल वन अधिकृतलाई,

🕮(ख) पच्चीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार प्रदेश वन निर्देशकलाई।

▣(१क) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वन निर्देशकको पदमा दरबन्दी बमोजिमको कर्मचारी नभएको अवस्थामा पच्चीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री प्रदेश मन्त्रालयको सचिवले स्वीकृत गर्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार त्यस्तो उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ।

(३) साझेदारी वन उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार साझेदारी वन व्यवस्थापन समितिलाई हुनेछ।

२७. **<u>चिरान वा प्रशोधन गरेर बिक्री गर्नु पर्नेः</u>** (१) यस नियमावली बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले गोलिया काठ चिरान वा एक तह प्रशोधन गरेर मात्र बिक्री वितरण गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम छोडपुर्जी भएका गोलिया काठ चिरान गरेपछि सःमिलले डिभिजन वन कार्यालयबाट ईजाजत प्राप्त गरी सो कार्यालयमा दर्ता गराएको टाँचा प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(३) कुनै उद्योगले जिल्लाभित्र चिरान काठ बिक्री तथा ओसारपसार गर्दा मूल्य अभिवृद्धि करको बिल बिजकको आधारमा गर्न सक्नेछ।

(४) कुनै उद्योगले यस नियम बमोजिम खरिद गरेको काठ वा दाउरा चिरान गरी निस्किएको स-साना टुक्रालाई प्रविधिको प्रयोग गरी जोडेर तयार पारेको काठ डिभिजन वन कार्यालयबाट प्रमाणित गराई बिक्री गर्न सक्नेछन्।

(५) यस नियम बमोजिम काठ चिरान गरी बिक्री गर्ने उद्योगले चिरान काठको त्रैमासिक विवरण डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

▣ दोस्रो संशोधनद्वारा थप।

(६) कुनै पनि व्यक्ति, निकाय, उद्योग, सङ्घ, संस्था वा समूहले रुख कटानका लागि स्वचालित आरा (चेन स) खरिद गरेमा डिभिजन वन कार्यालयमा त्यस्तो स्वचालित आरा सूचीकृत गर्नु पर्नेछ।

२८. **काठ, दाउराको ओसारपसार:** (१) यस नियमावली बमोजिम उपलब्ध भएको काठ, दाउरा जिल्ला बाहिर ओसारपसार गर्दा टाँचा र लोड गरिएको सवारी साधनमा विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउरा ओसारपसारको अन्तिम गन्तव्य स्थलको डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई जानकारी गराई अनलोड गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सिल भई आएको ढुवानीको साधन बिग्रिन गई वा दुर्घटना भई वा त्यस्तै अन्य कारण परी सिल टुट्न गएको अवस्थामा सो साधनमा रहेको काठ, दाउरा सोही साधनमा वा अर्को साधनमा पुनः लोड गरी ढुवानी गराउनु पर्दा घटना घट्न गएको क्षेत्रको सब डिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयको सहमतिमा पुनः सिल लगाई ढुवानी गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ, दाउराको विषयमा कुनै कारणले चेकजाँच वा छानबिन गर्नु पर्ने भएमा ओसारपसारको अन्तिम गन्तव्य स्थलमा पुगेपछि डिभिजन वन कार्यालयको कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारीको रोहबरमा चेकजाँच वा छानबिन गर्नु पर्नेछ।

२९. **जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरण:** (१) डिभिजनल वन अधिकृतले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिमका सङ्कटापन्न वन पैदावार बाहेक आफ्नो कार्य क्षेत्रभित्रको जडीबुटी तथा अन्य वन पैदावार स्वीकृत कार्ययोजनाको अधीनमा रही सङ्कलन गर्न प्रजाति, किसिम, सङ्कलन गर्न सकिने परिमाण र प्रजाति अनुसार सङ्कलन गर्ने समय समेत तोकी बढीमा एक महिनाको म्याद दिई वर्षको एक पटक वा प्रजाति अनुसार पटक पटक गरी सूचना जारी गर्नु पर्नेछ।

(२) कुनै वनक्षेत्रबाट नियम १८ को खण्ड (ख) र (ग) बमोजिमका जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारको सङ्कलन गर्न चाहनेले त्यस्तो जडीबुटी तथा वन पैदावारको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खुलाई डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो उपर जाँचबुझ गर्दा माग बमोजिमको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार प्रतिबन्ध नलागेको र स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गर्न सकिने परिमाण भित्र रहेको देखिएमा अनुसूची-७ वा अनुसूची-८ बमोजिमको मूल्यदर अनुसार हुने रकम धरौटी लिई अनुसूची-१५ बमोजिमको ढाँचामा सङ्कलन इजाजत दिनु पर्नेछ।

(४) कुनै वनक्षेत्रमा रहेको एउटै किसिमको जडीबुटी सङ्कलनका लागि एक भन्दा बढी निवेदन परी वार्षिक स्वीकृत परिमाणभन्दा बढी माग भएमा डिभिजनल वन अधिकृतले सबै निवेदकसँग आफूले तिर्न सक्ने अधिकतम मूल्यसहितको सिलबन्दी प्रस्ताव माग गर्नु पर्नेछ। यसरी प्राप्त सिलबन्दी प्रस्ताव मध्ये सबैभन्दा बढी मूल्य कबुल गर्ने निवेदकलाई उपनियम (३) बमोजिमको सङ्कलन इजाजत दिनु पर्नेछ।

(५) जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार सङ्कलन गर्न इजाजत प्राप्त गर्ने व्यक्ति वा निकायले डिभिजन वन कार्यालयको प्रत्यक्ष अनुगमनमा स्वीकृत कार्ययोजनामा उल्लिखित तरिका तथा प्रविधि अनुसार दिगो व्यवस्थापनको आधारमा सङ्कलन गर्नु पर्नेछ।

(६) उपनियम (३) वा (४) बमोजिमको सङ्कलन इजाजत अनुसारको परिमाणमा नबढ्ने गरी सङ्कलन गरिएको जडीबुटी तथा वनस्पतिजन्य वन पैदावारलाई डिभिजनल वन अधिकृतले अनुसूची-१६ बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ। यसरी छोडपुर्जी दिँदा अनुसूची-७ वा अनुसूची-८ बमोजिम मूल्य लिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम छोडपुर्जी प्राप्त जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार ओसारपसार गर्दा वन पैदावार राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको सिल लगाई दरपिठ गराई ओसारपसार गर्नु पर्नेछ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा नेपाल सरकारको लगानी रहेको जडीबुटी प्रशोधन गर्ने वा जडीबुटीजन्य कुनै पदार्थ उत्पादन गर्ने कम्पनी वा संस्थालाई डिभिजनल वन अधिकृतले स्वीकृत कार्ययोजनाको अधीनमा रही अनुसूची-७ बमोजिमको मूल्य लिई त्यस्तो जडीबुटी सङ्कलन गर्न अनुमति दिन वा बिक्री वितरण गर्न सक्नेछ।

(९) नेपालको अदालतबाट कुनै कसूरमा ऐन बमोजिम जफत भएका कुनै जडीबुटी वा जडीबुटीजन्य वन पैदावार अदालतबाट भएको आदेशबमोजिम नेपाल सरकार

वा प्रदेश सरकारले कुनै शैक्षिक तथा वैज्ञानिक अध्ययन अनुसन्धान गर्न वा प्रशोधन गरी औषधिजन्य प्रयोग गर्न वा धार्मिक कार्यका लागि नेपाल सरकारको लगानी भएको कम्पनी, संस्था वा सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन सक्नेछ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ।

३०. **जडीबुटी र अन्य वन पैदावारको लिलाम बिक्रीः** (१) नियम २९ मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले कुनै खास प्रजातिको जडीबुटीको सङ्कलन तथा बिक्री वितरण बोलकबोल प्रथाद्वारा सबैभन्दा बढी मूल्य कबोल गर्नेलाई दिने गरी तोक्न सक्नेछ।

(२) मन्त्रालयले अनुसूची-७ र अनुसूची-८ बमोजिमका जडीबुटी र वनस्पतिजन्य वन पैदावार मध्ये कुनै खास वन पैदावार सो अनुसूची बमोजिमको मूल्यमा नघट्ने गरी सबैभन्दा बढी रोयल्टी प्रस्ताव गर्ने व्यक्ति, उद्योग, कम्पनी वा सहकारी संस्थालाई निश्चित अवधिका लागि दिन सक्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयले तोकेको प्रजातिका वनस्पतिजन्य वन पैदावार डिभिजनल वन अधिकृतले बोलकबोल प्रथाद्वारा बिक्री वितरण गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनभित्र रहेको खनिजजन्य वन पैदावारको हकमा ऐनको दफा ४३ बमोजिम हुनेछ।

(५) राष्ट्रिय वन क्षेत्रभित्र बग्ने नदीबाट नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मापदण्ड र समयावधिको अधीनमा रही वातावरणीय अध्ययन प्रतिवेदनबाट तोकिएको परिमाणमा नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाको माध्यमबाट सङ्कलन र बिक्री वितरण गर्न सक्नेछ।

(६) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाका लागि आवश्यक पर्ने नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा माग भएमा उपनियम (५) बमोजिम खरिद गरी बिक्री गर्ने व्यक्ति वा संस्थाले त्यसरी माग भए बमोजिमको ढुङ्गा, गिट्टी वा बालुवा त्यस्तो आयोजनालाई उपलब्ध गराएर मात्र अन्यत्र बिक्री गर्नु पर्नेछ।

(७) उपनियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाका लागि राष्ट्रिय वन भित्र रहेको कुनै खास स्थानको नदीजन्य ढुङ्गा, गिट्टी वा बालुवा आवश्यक पर्ने भएमा नेपाल सरकारले अनुसूची-८ बमोजिमको दस्तुर लिई उपलब्ध गराउन सक्नेछ।

३१. **खयर काठ (जरा र ठुटा समेत) को बिक्री:** (१) खयरको जरा र ठुटा बिक्री गर्दा तौलको आधारमा र गोलिया बिक्री गर्दा आयतन वा तौलको आधारमा अनुसूची-६ बमोजिमको मूल्य दरमा नघटाई सिलबन्दी बोलपत्र प्रक्रियाद्वारा प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

(२) यस नियमको प्रयोजनका लागि खयरको गोलिया मापन गर्दा पलाँस (स्यापउड) सहित मापन गर्नु पर्नेछ र पलाँस हटाई हर्टउड मात्र बाँकी रहेको अवस्थामा आयतन निकाल्दा हर्टउडको आयतनलाई एक दशमलब चार अङ्कले गुणन गर्नु पर्नेछ।

३२. **वन पैदावारको विदेश निकासी र आयात:** (१) नेपालबाट वन पैदावार विदेश निकासी गर्दा सम्बन्धित डिभिजनल वन अधिकृतको सिफारिस लिएर मात्र निकासी गर्नु पर्नेछ।

[१]तर ऐनको दफा ७७ बमोजिम प्रतिबन्ध लगाइएका वन पैदावार बाहेकका वन पैदावारबाट बनेका तयारी माल वस्तु निकासी गर्दा डिभिजनल वन अधिकृतको सिफारिस आवश्यक पर्ने छैन।

[२](१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका गैरकाष्ठ वन पैदावार प्रशोधन नगरी विदेश निकासी गर्दा विभागको स्वीकृति लिनु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि कुनै व्यक्ति, संस्था, उद्योग वा कम्पनीले यस नियमावली बमोजिम सङ्कलन गरेको वन पैदावार मध्ये ऐनको दफा ७७ बमोजिम विदेश निकासीमा प्रतिबन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएमा डिभिजनल वन अधिकृतले विदेश निकासीका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ।

---

[१] पहिलो संशोधनद्वारा थप।

[२] तेस्रो संशोधनद्वारा थप।

तर प्रशोधन नगरी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका जडीबुटीलाई प्रशोधन गरी विदेश निकासी गर्न वनस्पति विभागको सिफारिसको आधारमा विभागको सहमति लिनु पर्नेछ।

(३) कुनै व्यक्ति, संस्था, उद्योग वा कम्पनीले नेपालमा आयात गर्न प्रतिबन्ध लगाइएका बाहेकका वन पैदावार आयात गरी बिक्री वितरण गर्नका लागि देहायका प्रमाणसहित निवेदन दिएमा सम्बन्धित डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी कुनै पनि रोग, किरा वा शत्रु जीव नभएको यकिन गरी नेपालभित्र आयात गर्न इजाजत दिन सक्नेछः-

(क) सम्बन्धित भन्सार कार्यालयको प्रज्ञापनपत्र,

(ख) निर्यात गर्ने मुलुकको उत्पादन हो भन्ने प्रमाणपत्र (उत्पत्तिको प्रमाणपत्र),

(ग) निर्यात गर्ने मुलुकले जारी गरेको स्वस्थता प्रमाणपत्र,

(घ) निर्यात गर्ने मुलुकले जारी गरेको निर्यात इजाजतपत्र र

(ङ) क्वारेन्टाइन स्वीकृत प्रमाणपत्र।

(४) वनजन्य बिरुवा आयात गर्न चाहने व्यक्ति वा संस्थाले निर्यात गर्ने मुलुकले जारी गरेको स्वस्थता प्रमाणपत्रसहित रुख प्रजातिको हकमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र अन्य बिरुवाको हकमा वनस्पति विभागको सिफारिस लिनु पर्नेछ।

(५) यस नियमावली बमोजिम आयात गरिएको वन पैदावार पुनः विदेश निकासी गर्नको लागि निवेदन दिएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन पैदावार पुनः विदेश निकासी गर्न सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ।

३३. <u>पुरानो काठ, दाउराको व्यवस्थापनः</u> (१) [@]..... डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको विभिन्न घाटगद्दीमा लिलाम बिक्री नभई वा अन्य कुनै कारणले लामो समयसम्म रहेका पुरानो काठ, दाउरा व्यवस्थापन गर्न देहाय बमोजिमको एउटा पुरानो काठ, दाउरा व्यवस्थापन समिति रहनेछः-

(क) प्रदेश सचिव, प्रदेश मन्त्रालय -संयोजक

(ख) प्रदेश वन निर्देशक -सदस्य

[@] दोस्रो संशोधनद्वारा झिकिएको।

(ग) प्रमुख कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रण कार्यालय -सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको पुरानो काठ, दाउरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काठ, दाउराको पहिचान गरी परिमाण यकिन गर्ने तथा स्रोत खुलेको र नखुलेको वर्गीकरण गर्ने,

(ख) लामो समयसम्म काठ, दाउरा घाटगद्दीमा रहनुको कारण पत्ता लगाई डिभिजनल वन अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ग) देहाय बमोजिमको लामो समयसम्म घाटगद्दीमा रहेको काठ, दाउराको पुनः नापजाँच र ग्रेडिङ्ग गर्ने,

(१) साल प्रजातिको हकमा Σपाँच वर्षभन्दा बढी अवधि भएको,

(२) असना, सिसौ, टिक प्रजातिको हकमा Σदुई वर्षभन्दा बढी अवधि भएको,

(३) अन्य प्रजातिको हकमा Σएक वर्षभन्दा बढी अवधि भएको,

(४) दाउराको हकमा Σएक वर्षभन्दा बढी अवधि भएको।

(घ) खण्ड (ग) बमोजिम गरिएको नापजाँच र ग्रेडिङ्गको आधारमा काठ, दाउराको अनुसूची-६ बमोजिमको न्यूनतम मूल्य कायम गर्ने, कुनै काठ, दाउरा सडीगली काम नलाग्ने भई सो अनुसूची बमोजिमको मूल्यमा बिक्री नहुने देखिएमा सो भन्दा कम मूल्य कायम गर्ने र काठ, दाउरामा बिक्री नहुने लागेमा शून्य मूल्य कायम गर्ने,

(ङ) खण्ड (ग) र (घ) बमोजिम नापजाँच तथा मूल्याङ्कनको आधारमा तत्काल बिक्री वितरण गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिने।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(३) उपनियम (२) को खण्ड (ङ) बमोजिमको निर्देशन भएको मितिले एक महिनाभित्र डिभिजनल वन अधिकृतले सो उपनियमको खण्ड (घ) बमोजिमको मूल्यमा त्यस्तो काठ, दाउरा बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (२) को खण्ड (घ) बमोजिम शून्य मूल्य कायम गरी लिलाम बिक्रीको लागि दुई पटक सम्म बोलपत्र आह्वान गर्दा पनि कसैले सकार नगरेमा उपनियम (१) बमोजिमको समितिले त्यस्तो काठ, दाउराको लगत कट्टा गर्नेछ।

[*](५) .....

३४. **मिनाहा गर्न सक्ने:** (१) सङ्कलन भई घाटगद्दीमा रहेको काठ, दाउरा आगलागी वा बाढी पहिरो वा कुनै प्राकृतिक विपद्को कारणले हानीनोक्सानी हुन गएमा नेपाल सरकारले मिनाहा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको मिनाहाको लागि नेपाल सरकार समक्ष पेस गर्नका लागि डिभिजनल वन अधिकृतले देहाय बमोजिमका कागजात संलग्न गरी निर्देशनालय मार्फत विभागमा पेस गर्नु पर्नेछ र विभागले आफ्नो राय सहित मन्त्रालयमा पेस गर्नु पर्नेछः-

(क) घटनाको प्रहरी प्रतिवेदन,

(ख) जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(ग) प्रदेश सरकारको सिफारिस सहितको निर्णय।

३५. **नेपाल वन निगम लिमिटेडलाई काठ, दाउरा उपलब्ध गराउने:** [#](१) नेपाल सरकारले तोकेको जिल्लाका डिभिजनल वन अधिकृतले नेपाल वन निगम लिमिटेडलाई सहरी क्षेत्रमा काठ, दाउरा आपूर्ति गर्ने प्रयोजनको लागि प्रत्येक वर्ष सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई प्लट कायम गरी काठ, दाउरा सङ्कलन गर्न दिनु पर्नेछ। त्यसरी उपलब्ध गराईएको प्लटबाट सङ्कलन भई उत्पादन भएको काठ दाउराको कम्तीमा पचास प्रतिशत काठ दाउरा नेपाल वन निगम लिमिटेडलाई उपलब्ध गराउनु पर्नेछ।

[#] २) उपनियम (१) बमोजिम तोकिएका जिल्लामा सङ्कलन भएको काठ, दाउरा बाहेक त्यस्तो जिल्लाका डिभिजन वन कार्यालयलाई यस नियमावली बमोजिम प्राप्त हुने काठ, दाउराको कम्तीमा पच्चीस प्रतिशत काठ, दाउरा नेपाल वन निगम लिमिटेडलाई

---

[*] दोस्रो संशोधनद्वारा झिकिएको।

[#] दोस्रो संशोधनद्वारा संशोधित।

उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम डिभिजनल वन अधिकृतले नेपाल वन निगम लिमिटेडलाई काठ, दाउरा उपलब्ध गराउँदा अनुसूची-६ मा उल्लिखित मूल्य लिई उपलब्ध गराउनु पर्नेछ।

(४) उपभोक्ता समूहले व्यावसायिक प्रयोजनका लागि समूह बाहिर बिक्री गर्ने काठ, दाउरा मध्ये नियम २२ को उपनियम (४) बमोजिम जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्ने काठ, दाउरा छुट्याइ बाँकी रहेको काठ, दाउरा अनुसूची-६ बमोजिमको मूल्यलाई न्यूनतम मूल्य मानी सोमा सङ्कलन खर्च समेत जोडी हुन आउने रकम लिई आपसी समझदारीको आधारमा नेपाल वन निगम लिमिटेडलाई उपलब्ध गराउन सक्नेछ।

(५) यस नियम बमोजिम नेपाल वन निगम लिमिटेडले प्राप्त गरेको काठ चिरान वा प्रशोधन गरेर मात्र बिक्री गर्नु पर्नेछ।

Σ३६. **<u>जोखिमयुक्त रुखको व्यवस्थापनः</u>** (१) वनक्षेत्रभन्दा बाहिर जग्गाधनी प्रमाणपुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसरमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा स्थानीय तहको सम्बन्धित वडाको प्रतिनिधि सदस्य र नापी कार्यालयको प्राविधिक कर्मचारी सदस्य रहेको समितिको सिफारिसको आधारमा सम्बन्धित कार्यालयले त्यस्तो रुख हटाउन सक्नेछ।

(२) वनक्षेत्रभन्दा बाहिर रहेका चौतारा, चौपारी, बिसौना, बाटो किनार, पानीको मुहान, धार्मिकस्थल वा यस्तै प्रकृतिको अन्य सार्वजनिकस्थलमा जोखिमको अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित स्थानीय तहले त्यस्तो रुख हटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम हटाइएका रुखबाट सम्बन्धित कार्यालयले प्राप्त गर्ने वन पैदावार र उपनियम (२) बमोजिम हटाइएका रुखबाट स्थानीय तहले प्राप्त गर्ने वन पैदावार सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना जारी

Σ तेस्रो संशोधनद्वारा संशोधित।

गरी लिलाम बिक्री गर्न सक्नेछ। त्यसरी लिलाम बिक्री गरी प्राप्त रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम ओसारपसार गर्न सकिनेछ।

तर एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ।

(५) वन क्षेत्रभित्रको रुख प्राकृतिक कारणले ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग, विद्युत लाइन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा सम्बन्धित निकाय वा स्थानीय तहले त्यस्तो रुख यथाशीघ्र हटाई सुरक्षित स्थानमा घाटगड्डी गरी डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ।

(६) वन क्षेत्रभित्र रहेका विद्युत प्रसारण लाईन वा टेलिफोन टावर वा सडक आगमन वा हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा वा टुप्पो काट्नु पर्ने वा रुख नै हटाउनु पर्ने अवस्था भएमा सम्बन्धित आयोजना वा निकायले डिभिजनल वन कार्यालयलाई जानकारी गराई हाँगा वा टुप्पो काट्न वा रुख हटाउन सक्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिम प्राप्त वन पैदावार डिभिजनल वन अधिकृतले यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी व्यवस्थापन गर्नु पर्नेछ।

Σ३७. **<u>कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्था:</u>** (१) जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र कुनै संरचना बनाउनु पर्ने भई त्यस्तो परिसरभित्र रहेका रुख हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालय वा निकायले कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई आफ्नो एक तह माथिको निकायबाट सहमति लिई हटाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जग्गा वन क्षेत्रसँग जोडिएको भएमा नापी कार्यालयबाट नापजाँच गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम हटाइने रुखहरू सम्बन्धित कार्यालयले खडा रूपमा नै लिलाम बिक्री गरी वा कटान गरी उत्पादित वन पैदावारको लिलाम बिक्री वा व्यवस्थापन गर्नु पर्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(४) उपनियम (३) बमोजिम लिलाम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको अनुमति लिई टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ।

३८. **टाँचा तथा सिलको दर्ता र प्रयोग:** (१) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल विभागमा दर्ता हुनेछ। विभागले डिभिजन वन कार्यालयलाई उपलब्ध गराएको टाँचा र सिलको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि आफ्नो कार्यालयमा रहेको टाँचा र सिलको विवरण डिभिजनल वन अधिकृतले ® ..... विभागमा अद्यावधिक गराउनु पर्नेछ।

(३) विभागले आवश्यकताको आधारमा एउटा डिभिजन वन कार्यालयमा रहेको टाँचा अर्को डिभिजन वन कार्यालयलाई प्रयोग गर्नको लागि उपलब्ध गराउन सक्नेछ।

(४) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन प्राविधिक कर्मचारीले गर्नेछ।

(५) यस नियम बमोजिमको टाँचा र सिलको प्रयोग र सुरक्षाको जिम्मेवारी डिभिजनल वन अधिकृतको हुनेछ।

परिच्छेद-४

सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

३९. **सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन:** (१) डिभिजनल वन अधिकृतले सरकारद्वारा व्यवस्थित वनको सीमाङ्कन समेत गरी नियम १४ बमोजिम नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधीनमा रही अनुसूची-१७ बमोजिमका विषय समावेश गरिएको कार्ययोजना तयार गरी निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशनालयमा प्राप्त कार्ययोजनाको अध्ययन तथा प्राविधिक परीक्षण गरी स्वीकृतिका लागि सिफारिस गर्न प्रदेश वन निर्देशकको संयोजकत्वमा प्रदेश मन्त्रालयले तोके बमोजिमको एक प्राविधिक समिति रहनेछ। प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी कार्ययोजना स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको प्राविधिक समितिको सिफारिसको आधारमा प्रदेश वन निर्देशकले आफ्नो रायसहित कार्ययोजना स्वीकृतिका लागि प्रदेश मन्त्रालयमा पठाउनु

® दोस्रो संशोधनद्वारा झिकिएको।

पर्नेछ र प्रदेश मन्त्रालयले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) उपनियम (३) बमोजिम स्वीकृत भएको कार्ययोजना संशोधन गर्नु पर्ने भएमा उपनियम (२) बमोजिमको प्राविधिक समितिको सिफारिससाथ संशोधन प्रस्ताव सहितको कार्ययोजना प्रदेश वन निर्देशकले स्वीकृतिको लागि प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनुअघि स्वीकृत भई कार्यान्वयनमा रहेका चकला वन व्यवस्थापन कार्ययोजना यो नियम बमोजिम तयार भई स्वीकृत भएको मानिनेछ।

(६) सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको कार्यान्वयन डिभिजनल वन अधिकृतले गर्नेछ।

(७) प्रदेश वन निर्देशकले आफ्नो कार्यक्षेत्रभित्र पर्ने सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाको अनुगमन गरी प्रदेश मन्त्रालय र विभागमा वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ।

परिच्छेद-५

वन संरक्षण क्षेत्र

४०. **वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना:** (१) विभागले ऐनको दफा १५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना तयार गरी मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विशेष कार्ययोजनामा अनुसूची-१८ बमोजिमका विषय समावेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको कार्ययोजना प्राप्त भएपछि मन्त्रालयले आवश्यक परिमार्जन गर्नु पर्ने भए सो समेत गरी त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) ऐनको दफा १५ बमोजिमको वन संरक्षण क्षेत्रको कार्ययोजना स्वीकृत भए पछि त्यस्तो वन संरक्षण क्षेत्रको चारकिल्ला र क्षेत्रफल सहितको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(५) वन संरक्षण क्षेत्रको कार्ययोजनाको अवधि कम्तीमा दश वर्षको हुनेछ र आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

४१. **वन संरक्षण क्षेत्रको कार्ययोजनाको कार्यान्वयन:** (१) नियम ४० को उपनियम (३) बमोजिम स्वीकृत विशेष कार्ययोजनाको कार्यान्वयन सम्बन्धित डिभिजनल वन कार्यालयले गर्नेछ।

(२) दुई वा दुईभन्दा बढी डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्ने ऐनको दफा

१५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रको हकमा उपनियम (१) बमोजिमको विशेष कार्ययोजना कार्यान्वयनको लागि निर्देशनालयले समन्वय गर्नेछ।

(३) ऐनको दफा १५ वा १७ बमोजिमको वन संरक्षण क्षेत्रमा कार्ययोजनामा उल्लेख भए बमोजिम पर्यापर्यटन गतिविधि सञ्चालन गर्न सकिनेछ। यसरी पर्यापर्यटन गतिविधि सञ्चालन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(४) वन संरक्षण क्षेत्रको वन उपभोक्ता समूहले व्यवस्थापन गरेको बाहेकको वनक्षेत्रबाट कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा वन संरक्षण क्षेत्रभित्रका उपभोक्ताले आफ्नो घरकाजका लागि प्रयोग गर्न चाहेमा अनुसूची-१२ मा उल्लिखित परिमाणमा नबढ्ने गरी जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दररेटमा उपलब्ध गराउन सकिनेछ।

(५) नियम ४० बमोजिम स्वीकृत वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

परिच्छेद-६

सामुदायिक वन

४२. **सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामूहिक हितका लागि सामुदायिक वनको रुपमा कुनै वनको [1]विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्न चाहने उपभोक्ताले ऐनको दफा ३१ बमोजिमको उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम माग गरिएको वनक्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा उपनियम (२) बमोजिम खटिएको कर्मचारीले आवश्यकता अनुसार सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई सामुदायिक वन उपभोक्ता समूह गठन गर्न र सोको विधान तयार गर्न सहयोग गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कुनै वन क्षेत्रको उपभोक्ता पहिचान गरी समूह गठन

---

[1] दोस्रो संशोधनद्वारा संशोधित।

गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहको विधानमा अनुसूची-१९ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम तयार भएको सामुदायिक वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२० बमोजिमको ढाँचामा सम्बन्धित सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सामुदायिक वन उपभोक्ता समूह गठनको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-२१ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

[1](८) सामुदायिक वन उपभोक्ता समूहको कार्य सञ्चालनका लागि समावेशी रुपमा बढीमा एक्काइस सदस्यीय कार्यसमिति रहनेछ। कार्यसमितिको अध्यक्ष वा सचिव पदमध्ये कम्तीमा एक पद र उपाध्यक्ष वा कोषाध्यक्ष पदमध्ये कम्तीमा एक पद सहित कार्यसमितिमा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व भएको हुनु पर्नेछ।

(९) कार्यसमितिको पदावधि बढीमा पाँच वर्षको हुनेछ र कुनै पनि व्यक्ति कार्यसमितिको अध्यक्ष पदमा बढीमा दुई कार्यकालमात्र निर्वाचित वा छनोट हुन पाउनेछ।

४३. **<u>कोषको सञ्चालनः</u>** [1](१) सामुदायिक वन उपभोक्ता समूहको कोषको खाता उपभोक्ता समूहको कार्यसमितिले तोके बमोजिम अध्यक्ष वा सचिव मध्ये एक जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। कोषको खातामा दस्तखत गर्नेमध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले कोषको रकम खर्च गर्दा वार्षिक साधारण सभाले स्वीकृत गरेको कार्यक्रम र योजना अनुसार मात्र खर्च गर्नु पर्नेछ। सामुदायिक वन उपभोक्ता समूहको कोषको रकमबाट चन्दा दिन पाइने छैन।

[2](२क) उपनियम (२) बमोजिम कोषको रकम खर्च गर्दा उपभोक्ता समूहको

---

[1] दोस्रो संशोधनद्वारा संशोधित।

[2] दोस्रो संशोधनद्वारा थप।

कार्यसमितिको बैठकबाट भएको निर्णय बमोजिम गर्नु पर्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा २२ बमोजिम सञ्चालन गरिने कार्यक्रम र आम्दानी खर्चको सम्बन्धमा कम्तीमा वर्षको एक पटक सार्वजनिक सुनुवाई गरी साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति, आम्दानी र खर्चको लेखा तथा अभिलेख दुरुस्त राख्नु पर्नेछ र आम्दानी तथा खर्चको प्रचलित कानून बमोजिम वार्षिक लेखापरीक्षण गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले सामुदायिक वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्नेछ।

४४. **<u>वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२२ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका क्रियाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गर्दा सो समूहको लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

४५. **<u>स्थानीय तहमा अभिलेख राख्ने:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तहमा अभिलेख राख्ने प्रयोजनका लागि आफ्नो समूहको विधान, समूह दर्ता प्रमाणपत्रको प्रतिलिपि, सामुदायिक वनको स्वीकृत कार्ययोजना र सामुदायिक वन हस्तान्तरण प्रमाणपत्रको एक एक प्रति सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र देहाय बमोजिमका कागजात र विवरण सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनु पर्नेछ:-

(क) ऐनको दफा २२ को उपदफा (१) बमोजिम सञ्चालन गर्ने क्रियाकलाप सम्बन्धी योजना र लागत विवरण,

(ख) सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ग) सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको वन पैदावारको वार्षिक विवरण।

(३) स्थानीय तहले सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त विवरणका

आधारमा आफ्नो कार्यक्षेत्र भित्रका सामुदायिक वन उपभोक्ता समूहको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ र त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम आवश्यक सहयोग तथा सहजीकरण गर्नु पर्नेछ।

४६. **कार्ययोजना तर्जुमा र वन हस्तान्तरणः** (१) नियम ४२ को उपनियम (७) बमोजिम दर्ता भएको सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा १८ को उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा कार्ययोजना तयारीका लागि प्राविधिक सहयोग तथा सामुदायिक वन हस्तान्तरणका लागि अनुसूची-२३ बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले ऐन र यस नियमावली बमोजिम सामुदायिक वनको कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सामुदायिक वनको रुपमा हस्तान्तरणका लागि वनक्षेत्र निर्धारण गर्दा गाउँ बस्तीबाट सामुदायिक वनक्षेत्रको दुरीका साथै सामुदायिक वन उपभोक्ता समूहको वन व्यवस्थापन गर्ने चाहना, आवश्यकता र क्षमता समेतलाई ध्यान दिनु पर्नेछ।

(४) यस नियम बमोजिम सामुदायिक वनको सीमाना निर्धारण गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(५) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजना तयार गर्दा स्थानीय तहसँग परामर्श गर्नु पर्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले ऐन र यस नियमावली बमोजिमका कार्य गर्नका लागि सम्बन्धित निकाय, सङ्घ संस्था, वन प्राविधिक वा योग्यता प्राप्त सेवा प्रदायकबाट आवश्यक सहयोग लिन सक्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा दिगो वन व्यवस्थापनको मापदण्ड र उद्देश्य, वनको हैसियत र त्यस्तो उपभोक्ता समूहको आवश्यकता र व्यवस्थापकीय क्षमता समेतलाई ध्यान दिई साधारण सभाको सहमति र निर्णयबाट छनोट भएका दिगो वन व्यवस्थापनका क्रियाकलाप आफ्नो कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(८) सामुदायिक वनको कार्ययोजना तयारी गर्दा सहभागितामूलक विधि अवलम्बन

गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना सामुदायिक वन उपभोक्ता समूहको साधारणसभाबाट निर्णय भई पारित भएको हुनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२४ मा उल्लिखित विषय समावेश गरी सामुदायिक वनको कार्ययोजना तयार गरी स्वीकृतिको लागि डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम स्वीकृतिको लागि पेस हुन आएको सामुदायिक वनको कार्ययोजनामा डिभिजनल वन अधिकृतले अध्ययन गर्दा कुनै कुरा सुधार गर्नु पर्ने देखेमा सामुदायिक वन उपभोक्ता समूहसँगको परामर्श र सहमतिमा सुधार गरी ऐन र यस नियमावलीमा उल्लिखित व्यवस्था र नेपाल सरकारले तोकेका सर्तको पालना गर्ने गरी कार्ययोजना स्वीकृत गरी अनुसूची-२५ बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनु पर्नेछ।

(११) एउटा जिल्लामा रहेको कुनै वनक्षेत्र सीमाना जोडिएको अर्को जिल्लाको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गर्नु पर्ने भएमा वनक्षेत्र रहेको जिल्लाको डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूह अवस्थित रहेको डिभिजनल वन अधिकृतको सिफारिसमा सामुदायिक वन हस्तान्तरण गर्न सक्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन सामुदायिक वन उपभोक्ता समूहले गर्नेछ।

(१३) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक दश वर्षमा वा सो अगावै ऐनको दफा १८ को उपदफा (५) बमोजिम हुने गरी कार्ययोजनामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

तर ऐनको दफा ४२ को प्रयोजनका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नु पर्ने अवस्थामा बाहेक सामुदायिक वनको कार्ययोजना स्वीकृत भएको मितिले दुई वर्षसम्म संशोधन गर्न पाइने छैन।

(१४) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ [™]<u>वा संशोधित</u> कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ [™]<u>वा संशोधित</u> कार्ययोजना कार्यान्वयनमा

™ तेस्रो संशोधनद्वारा थप।

ल्याउनु पर्नेछ।

(१५) डिभिजनल वन अधिकृत वा निजले खटाएको वन प्राविधिक कर्मचारीले आफ्नो कार्य क्षेत्रभित्रको सामुदायिक वनको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

४७. **सामुदायिक वनको लगत राख्नु पर्ने:** (१) डिभिजनल वन अधिकृतले सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरेका सामुदायिक वनको लगत अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लगत राख्दा सामुदायिक वन उपभोक्ता समूहको नाम, ठेगाना, उपभोक्ता समूहको कोड, दर्ता मिति, उपभोक्ता घरधुरी सङ्ख्या, कार्यसमितिमा रहेका महिला, पुरुष, आदिवासी जनजाति, मधेशी र दलितको सङ्ख्या, वनको क्षेत्रफल, वनको किसिम, वनमा पाइने मुख्य रुख तथा जडीबुटी प्रजाति आदि विवरण सामुदायिक वन उपभोक्ता समूहको तथ्याङ्क कोड अनुसार हुने गरी राख्नु पर्नेछ। सामुदायिक वन उपभोक्ता समूहको कोड विभागले अद्यावधिक गर्नेछ।

(३) उपनियम (२) बमोजिमको लगत डिभिजनल वन अधिकृतले विभागले तयार गरेको सामुदायिक वनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

४८. **वन व्यवस्थापन र वन पैदावारको सङ्कलन:** (१) सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित सामुदायिक वनको व्यवस्थापन स्वीकृत कार्ययोजना बमोजिम गर्नु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख भएका वन संरक्षण, व्यवस्थापन तथा विकासका वार्षिक कार्य त्यस्तो कार्ययोजनामा तोकिएको समयमै सम्पन्न हुने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(३) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नु अघि सब डिभिजन वन कार्यालयको सहयोगमा छपान मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

🕮तर सामुदायिक वन उपभोक्ता समूहभित्र घरायसी प्रयोजनमा आन्तरिक खपतका लागि मात्र स्वीकृत कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्ने भएमा सबडिभिजन वन

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

कार्यालयको प्राविधिक सहयोग लिई वन पैदावार सङ्कलन गर्न सकिनेछ र सोको जानकारी सवडिभिजन वन कार्यालयले डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था आई परेमा त्यस्तो वन पैदावारलाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी कटान गर्न सकिनेछ।

(६) उपनियम (५) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा सामुदायिक वन उपभोक्ता समूहले यथाशक्य छिटो क्षतिको प्रारम्भिक विवरण सहित डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ। यस्तो जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले तत्काल प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहको अनुरोधमा डिभिजनल वन अधिकृतले उपनियम (६) बमोजिम क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा Σनिर्देशनालयबाट नियम अनुसार चेकजाँच भएपछि त्यस्तो वन पैदावार सङ्कलन तथा बिक्री वितरण गर्न त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई अनुमति दिन सक्नेछ।

(८) उपनियम (५) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटानको परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(९) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफै ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(१०) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा सङ्कलन गर्दा 🕮उपभोक्ता समूहको कोषको रकम

Σ तेस्रो संशोधनद्वारा संशोधित।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

प्रयोग गरी वा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम सामुदायिक वन उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई अनुसूची-२६ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(१२) सामुदायिक वन उपभोक्ता समूहले उपनियम (११) बमोजिम काठ, दाउरा सङ्कलन गर्दा स्वीकृत जिल्ला दर रेटमा नबढ्ने गरी खर्च गर्नु पर्नेछ।

(१३) यस नियम बमोजिम सङ्कलन गरेको काठ, दाउरा सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा व्यवस्था भए बमोजिमको सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(१४) काठ, दाउरा बाहेकको जडीबुटी र अन्य वन पैदावारको सङ्कलनको लागि सामुदायिक वन उपभोक्ता समूहले अनुसूची-२६ बमोजिमको ढाँचामा सङ्कलन अनुमतिपत्र दिई सङ्कलन गर्नु पर्नेछ।

४९. **वन पैदावारको बिक्री वितरण र अनुमतिपत्रः** (१) सामुदायिक वन उपभोक्ता समूहले नियम ४८ बमोजिम सङ्कलन गरी घाटगद्दी स्थलमा जम्मा भएको काठ, दाउरा नापजाँच गरी आन्तरिक खपत प्रयोजनका लागि आफ्नो समूहको सदस्यलाई बिक्री वितरण गर्दा अनुसूची-२७ बमोजिमको ढाँचामा तीन प्रति रसिद बनाई एक प्रति खरिद गर्ने व्यक्तिलाई र एक प्रति सम्बन्धित सब डिभिजन वन कार्यालयलाई दिई बाँकी एक प्रति समूहको कार्यालयमा राख्नु पर्नेछ।

[▣](१क) उपनियम (१) बमोजिम आन्तरिक खपतको लागि बिक्री वितरण भएको काठ सम्बन्धित उपभोक्ता समूह बाहिर बिक्री वितरण गर्न पाईने छैन।

तर परम्परागत सीपको प्रयोग गरी त्यस्तो काठ दाउराबाट घरायसी रुपमा उत्पादित वस्तु बिक्री गर्न सकिनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थलमा जम्मा भएको काठ,

▣ दोस्रो संशोधनद्वारा थप।

दाउरा उपनियम (१) बमोजिम समूहभित्र बिक्री वितरण गरी बाँकी रहेको काठ, दाउरा मध्ये नियम २२ को उपनियम (४) बमोजिम जिल्ला वन पैदावार आपूर्ति समितिको लागि छुट्याई बाँकी रहेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको साधारण सभाले निर्णय गरी डिभिजनल वन अधिकृतको सहमतिमा नियम २५ बमोजिम समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा, जडीबुटी तथा अन्य वन पैदावार आफ्नो समूह बाहिर बिक्री वितरण गर्दा अनुसूची-२७ बमोजिमको ढाँचामा तीन प्रति रसिद काट्नु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो उपभोक्ता समूह वा समूहका सदस्यले एकल वा सामूहिक रुपमा आफैंले स्थापना र सञ्चालन गरेको वन सम्बन्धी Σलघु उद्यम वा घरेलु उद्योगका लागि अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ बमोजिमको मूल्य र सङ्कलन खर्चमा नघट्ने गरी सामुदायिक वनको वन पैदावार उपलब्ध गराउन सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजनामा उल्लेख गरी गरिबीको रेखामुनि रहेका वा प्राकृतिक विपद्मा परेका उपभोक्तालाई सहुलियत दरमा वा निःशुल्क काठ, दाउरा उपलब्ध गराउन र अन्य सहुलियत प्रदान गर्न सक्नेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित रुपमा राख्नु पर्नेछ।

(७) सामुदायिक वन उपभोक्ता समूहभन्दा बाहिर व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि बिक्री गरेको सामुदायिक वनको काठ, दाउरा ओसारपसार गर्दा सकारकर्ता वा खरिदकर्ताले डिभिजन वन कार्यालयको सहमति लिई डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समूहको संयुक्त टाँचा लगाई त्यस्तो उपभोक्ता समूहबाट अनुसूची-२८ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(८) सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार सामुदायिक वन उपभोक्ता समूह भन्दा बाहिर बिक्री गरी ओसारपसार गर्दा डिभिजन वन कार्यालयको सहमति लिई त्यस्तो उपभोक्ता समूहको

Σ तेस्रो संशोधनद्वारा संशोधित।

अध्यक्षले अनुसूची-२८ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनु पर्नेछ।

(९) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार उत्पादन र बिक्री वितरणको अद्यावधिक विवरण आफ्नो कार्यालयमा व्यवस्थित रुपमा राखी त्रैमासिक रुपमा सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

५०. **टाँचाको दर्ता र प्रयोगः** (१) सामुदायिक वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रुख तथा काठमा प्रयोग गर्न अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमुना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा सामुदायिक वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको टाँचाको विवरण तयार गरी डिभिजनल वन अधिकृतले निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (२) बमोजिम दर्ता भएको टाँचा लगाउनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ। कुनै कारणवश टाँचा हराएमा वा नोक्सान भएमा सो कुराको तत्काल जानकारी डिभिजन वन कार्यालयलाई दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराउनु पर्नेछ।

(६) डिभिजन वन कार्यालयले उपनियम (५) बमोजिम रद्द गरेको पुरानो टाँचाको विवरण सहितको जानकारी विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

५१. **वन उद्यम सञ्चालन गर्न सक्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन उद्यम दर्ता गरी स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका वन पैदावारमा आधारित वन उद्यम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम वन उद्यम सञ्चालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनबाट उपलब्ध हुनसक्ने वन पैदावारको सम्भाव्य परिमाण र वन उद्यम सम्बन्धी क्रियाकलापसहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता

गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दुई वा दुईभन्दा बढी सामुदायिक वन उपभोक्ता समूहले संयुक्त रुपमा वन उद्यम सञ्चालन गर्न चाहेमा सम्बन्धित सामुदायिक वन र निजी वनबाट वन उद्यमका लागि उपलब्ध हुन सक्ने वन पैदावारको संयुक्त विवरण, वन उद्यम सम्बन्धी क्रियाकलाप, सामुदायिक वन उपभोक्ता समूह बीच लागत र लाभको बाँडफाँटको खाका सहित व्यावसायिक योजना तयार गरी वन उद्यम दर्ता गर्दा डिभिजनल वन अधिकृतबाट सिफारिस लिनु पर्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमको माध्यमबाट गरिबी निवारण गर्नका लागि सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिमको मुख्य प्रजातिको छत्र घनत्व (क्राउन कभर) नघट्ने, पुनरोत्पादनमा ह्रास नआउने र संवेदनशील वनक्षेत्र तथा जैविक विविधताको संरक्षण हुने गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती गर्न सक्नेछ।

(५) ऐनको दफा ७६ बमोजिम सामुदायिक वनमा कृषि वन प्रणाली अवलम्बन गर्दा कृषिजन्य र वनजन्य रुख प्रजातिका फलफूल उत्पादन हुने रुखबिरुवा लगाउनु पर्नेछ। यसरी रोपिएको वनजन्य रूख प्रजातिले न्यूनतम पचास प्रतिशत छत्र घनत्व ढाक्नु पर्नेछ।

तर सामुदायिक वनमा चिया र कफि लगाउन पाइने छैन।

Σ(६) उपभोक्ता समूहले आफैं वा स्थानीय तह वा सङ्घ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा संरक्षित क्षेत्र बाहिर वन्यजन्तु पालन गर्नको लागि ऐनको दफा ३४ को उपदफा (३) बमोजिम मन्त्रालयले तोकेको मापदण्डका आधारमा उपभोक्ता समूहले छुट्टै कार्ययोजना बनाई सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस संलग्न गरी स्वीकृतिका लागि विभागसमक्ष पेस गर्नु पर्नेछ।

™(७) उपनियम (६) बमोजिम प्राप्त कार्ययोजना प्रचलित कानून बमोजिमको मापदण्ड अनुकूल भए नभएको जाँच गरी मापदण्ड अनुकूल भएको देखिएमा तिस दिनभित्र स्वीकृत गर्न सक्नेछ।

™(८) उपनियम (७) बमोजिम कार्ययोजना स्वीकृत गर्न नमिल्ने देखिएमा विभागले तिस दिनभित्र कारणसहितको जानकारी दिनु पर्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™ तेस्रो संशोधनद्वारा थप।

™(९) उपनियम (७) बमोजिम कार्ययोजना स्वीकृत भएपछि प्रचलित कानून बमोजिम इजाजत दिने निकायले वन्यजन्तु पालन गर्न इजाजत दिन सक्नेछ।

™(१०) उपनियम (९) बमोजिम इजाजत दिने निकायले मन्त्रालयले तोकेको मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन गर्न सक्नेछ।

५२. **<u>सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले नेपाल सरकारले बनाएको मापदण्डको आधारमा स्वीकृत कार्ययोजनामा समावेश गरी सामुदायिक वनमा अनुसूची-३० बमोजिमका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकायको स्वीकृति लिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले स्थानीय तह वा सहकारी संस्थासँगको साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा सामुदायिक वनको स्वीकृत कार्ययोजनाको अधीनमा हुने गरी छुट्टै पर्यापर्यटन व्यवस्थापन योजना तयार गरी प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्ने निकाय र सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृति लिई पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) सामुदायिक वनमा वन्यजन्तु पालन बाहेकका पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता हुने गरी कुल वनक्षेत्रको बढीमा पाँच प्रतिशत वा पाँच हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्न सकिनेछ।

तर पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि कुनै भौतिक संरचना निर्माण गर्नु परेमा वनक्षेत्रको आधा हेक्टर भन्दा बढी क्षेत्रफलमा भौतिक संरचना बनाउन पाइने छैन।

(५) उपनियम (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन्यजन्तुको प्रजननस्थल, मुख्य वासस्थान, जैविकमार्ग, भूक्षयको दृष्टिकोणले जोखिमक्षेत्र तथा स्वीकृत कार्ययोजनाले संवेदनशील भनी किटान गरेको वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

™ तेस्रो संशोधनद्वारा थप।

(६) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा ऐन र यस नियमावलीले निषेध गरेका कार्यका साथै अनुसूची-३० बमोजिम निषेध गरिएका कार्य गर्न पाइने छैन।

(७) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम स्थानीय तह, विभिन्न निकाय वा सङ्घ संस्थाबाट आवश्यक सहयोग लिन सक्नेछ।

[▣](८) उपनियम (३) बमोजिम साझेदारीमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गरिएकोमा बाहेक यस नियम बमोजिम सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन भएकोमा सम्बन्धित उपभोक्ता समूह बाहेक अन्य निकाय, सङ्घ संस्था, समिति वा व्यक्तिले कुनै पनि शुल्क वा दस्तुर लगाउन वा सङ्कलन गर्न पाउने छैन।

५३. **<u>सामुदायिक वनको केही भाग गरिबीको रेखामुनिका उपभोक्तालाई उपलब्ध गराउन सक्नेः</u>**
(१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आयआर्जन गर्नको लागि सामुदायिक वनको कुनै भाग त्यस्तो उपभोक्ता समूहभित्रका गरिबीको रेखामुनि रहेका उपभोक्ताको छुट्टै समूह बनाई प्रयोग गर्न दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम सामुदायिक वनको जग्गा प्रयोग गर्न दिने विषय सम्बन्धित सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भएको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको गरिबीको रेखामुनि रहेका उपभोक्ता पहिचान गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको गरिब परिवार सम्बन्धी परिचयपत्रलाई आधार मान्नु पर्नेछ। त्यस्तो परिचयपत्र नभएको अवस्थामा उपभोक्ताको स्वामित्वमा रहेको जमिन र सो जमिनमा भएको उत्पादनबाट परिवारलाई खान पुग्ने अवधि, रोजगारी र आयआर्जनको अवस्था, पशुपन्छी सङ्ख्या, आर्थिक तथा सामाजिक अवसरमा पहुँच आदि कुराको आधारमा उपभोक्ताको सम्पन्नता स्तरीकरण गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम गरिबीको रेखामुनिका उपभोक्तालाई आयआर्जनका लागि सामुदायिक वनको कुनै भाग उपलब्ध गराउँदा त्यस्ता उपभोक्ता मध्ये अतिविपन्न, भूमिहीन, सीमान्तकृत, एकल महिला र दलित परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(५) उपनियम (३) र (४) बमोजिम पहिचान भएका उपभोक्ता घरधुरीलाई उपनियम (१) बमोजिम वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा एकल रुपमा वा सामूहिक

▣ दोस्रो संशोधनद्वारा थप।

रुपमा आयआर्जनका लागि सामुदायिक वन उपभोक्ता समूहले उपयुक्त ठानेको त्यस्तो सामुदायिक वन क्षेत्रको कुनै भाग दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा सामुदायिक वन उपभोक्ता समूह र गरिबीको रेखामुनि रहेका घरधुरीको समूहबीच अनुसूची-३१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सम्झौता गर्दा त्यस्तो वन क्षेत्रमा त्यस्ता घरधुरीले सञ्चालन गरेको आयआर्जनका क्रियाकलापबाट प्राप्त आय सम्बन्धित घरधुरीले पाउने व्यवस्था गर्नु पर्नेछ।

(८) उपनियम (१) बमोजिम गरिबीको रेखामुनि रहेका उपभोक्तालाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा नियम ४६ को उपनियम (१३) बमोजिम सम्बन्धित उपभोक्ता समूहको कार्ययोजनाको अवधिसम्मको लागि मात्र दिनु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको अवधि समाप्त भए पछि गरिबीको रेखामुनि रहेका उपभोक्तालाई पूनः वन क्षेत्रको जग्गा प्रयोग गर्न दिँदा उपनियम (३) बमोजिम गरिबीको अवस्था हेरी गरिबीको रेखामुनि नै रहेका उपभोक्तालाई प्रयोग गर्न दिनु पर्नेछ।

५४. **<u>सामुदायिक वनमा गर्न नहुने कार्यः</u>** (१) सामुदायिक वनमा ऐन, यस नियमावली तथा स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

तर स्वीकृत कार्ययोजनाको अधीनमा रही वन पैदावारको घाटगद्दी निर्माण गरी घेरबार गर्न, समूहको दैनिक कार्य सञ्चालनको लागि सो कार्ययोजनामा तोकिएको स्थानमा समूहको कार्यालय भवन निर्माण गर्न, वनको संरक्षणका लागि टहरा वा छाप्रो वा मचान बनाउन सकिनेछ।

(२) ऐन र यस नियमावलीमा व्यवस्था भए बमोजिम बाहेक नेपाल सरकारको स्वीकृति नलिई सामुदायिक वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिन हुँदैन।

(३) सामुदायिक वन उपभोक्ता समूहले आफूलाई हस्तान्तरण गरेको सामुदायिक वनमा कुनै पनि किसिमको अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र कुनै अतिक्रमण भएकोमा डिभिजन वन कार्यालयको समन्वयमा हटाउनु पर्नेछ।

५५. **<u>सामुदायिक वन फिर्ता लिने सम्बन्धी व्यवस्थाः</u>** (१) सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनमा स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेकोमा वा त्यस्तो कार्ययोजना विपरीतको कार्य गरेको वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेको वा ऐन र यस नियमावली बमोजिम तोकेका सर्त पालना नगरेको

भन्ने जानकारी प्राप्त भएमा डिभिजनल वन अधिकृतले यथाशक्य चाँडो प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गरी यथार्थ विवरण प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्थलगत निरीक्षण गर्न खटाइएको कर्मचारीले वनक्षेत्रको निरीक्षण समेतको आधारमा प्रतिवेदन तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश गरिएको प्रतिवेदनबाट उपनियम (१) बमोजिमको अवस्था देखिएमा सो सम्बन्धमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनका आधारमा सामुदायिक वन फिर्ता लिन उचित देखिएमा डिभिजनल वन अधिकृतले सामुदायिक वन फिर्ता लिन र त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिएको र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गरेको जानकारी पन्ध्र दिनभित्र सम्बन्धित उपभोक्ता समूहलाई दिनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम सामुदायिक वन फिर्ता लिने र सामुदायिक वन उपभोक्ता समूहको दर्ता खारेज गर्ने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने सामुदायिक वन उपभोक्ता समूहले त्यस्तो निणर्यको सूचना पाएको मितिले पैंतिस दिनभित्र प्रदेश वन निर्देशक समक्ष पुनरावेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिमको पुनरावेदन परेको मितिले नब्बे दिनभित्र प्रदेश वन निर्देशकले निर्णय गरी सम्बन्धित पक्षलाई जानकारी दिनु पर्नेछ। यस सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

परिच्छेद-७

साझेदारी वन

५६. **साझेदारी वन उपभोक्ता समूहको गठनः** (१) नियम १४ बमोजिमको रणनीतिक योजनाले तोकेको वन क्षेत्रलाई साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भाग साझेदारी वनको रुपमा विकास र संरक्षण गर्न चाहने वनक्षेत्रको नजिकै वा वनबाट टाढा

रहेका परम्परागत उपभोक्ताले ऐनको दफा २४ र दफा ३१ बमोजिम साझेदारी वन उपभोक्ता समूह गठन गर्न आवश्यक सहयोगका लागि सब डिभिजन वन कार्यालय मार्फत वा सोझै डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले यथाशक्य चाँडो आवश्यक सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले उपभोक्ताले माग गरेको वनक्षेत्र साझेदारी वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखेमा सम्बन्धित स्थानीय तह वा अन्तर्गतका वडा कार्यालय समेतको सहयोग लिई साझेदारी वन उपभोक्ता समूह गठन गर्न र सोको विधान तयार गर्न उपभोक्तालाई सहयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम उपभोक्ता पहिचान गरी साझेदारी वन उपभोक्ता समूह गठन गर्दा वडा, गाउँपालिका, नगरपालिका, जिल्ला वा प्रदेशको भौगोलिक सीमानाले कुनै असर पार्ने छैन।

(६) साझेदारी वन उपभोक्ता समूहको विधानमा अनुसूची-३२ मा उल्लिखित विषय समावेश भएको हुनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम तयार भएको साझेदारी वन उपभोक्ता समूहको विधान त्यस्तो उपभोक्ता समूहको साधारण सभाबाट पारित गरी समूह दर्ताको लागि अनुसूची-२० बमोजिमको ढाँचामा सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम साझेदारी वन उपभोक्ता समूह दर्ताको लागि निवेदन परेमा र त्यस्तो उपभोक्ता समूह ऐन र यस नियमावली बमोजिम गठन भएको देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो साझेदारी वन उपभोक्ता समूह दर्ता गरी अनुसूची-३३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(९) साझेदारी वन उपभोक्ता समूह एक प्रतिनिधिमूलक संस्था हुनेछ।

(१०) साझेदारी वन उपभोक्ता समूहमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडास्तरीय उपभोक्ता भेलाबाट छनोट भएका दुईजना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी जनजाति र मधेशीबाट एक-एकजना सहित जम्मा सातजना,

(ख) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट एकजनाको दरले छनोट भएका प्रतिनिधि,

(ग) नियम ६० बमोजिम निर्धारण गरिएको साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य एक जना।

(११) उपनियम (१०) को खण्ड (क) बमोजिमका सदस्य नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट आर्थिक लाभ प्राप्त गर्ने व्यक्ति हुनु हुँदैन।

(१२) उपनियम (१०) को खण्ड (क) बमोजिमका सदस्य मध्येबाट छनोट भएको व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष हुनेछ।

(१३) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष तथा सदस्यको पदावधि सो समूहको विधानको अधीनमा रही बढीमा पाँच वर्षको हुनेछ।

(१४) कुनै पनि व्यक्ति साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष पदमा बढीमा दुई कार्यकाल मात्र छनोट हुन पाउनेछ।

५७. **साझेदारी वन व्यवस्थापन समितिः** (१) साझेदारी वनको व्यवस्थापनका लागि ऐनको दफा २३ बमोजिमका साझेदारहरुको तर्फबाट निर्णय गर्नको लागि देहाय बमोजिमको एउटा साझेदारी वन व्यवस्थापन समिति रहनेछः-

(क) साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष	-अध्यक्ष
(ख) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने प्रत्येक स्थानीय तहको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि सदस्य मध्येबाट छनोट भएको एकजना	-उपाध्यक्ष
(ग) साझेदारी वन उपभोक्ता समूहका सदस्य मध्येबाट साधारण सभाले छनोट गरेका कम्तीमा तीन जना महिला, उपलब्ध भएसम्म दलित, आदिवासी जनजाति र मधेसीबाट एक-एक जना सहित बढीमा तेह्रजना	-सदस्य
(घ) साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र रहेका प्रत्येक वडाबाट छनोट भएका निर्वाचित प्रतिनिधि मध्येबाट छनोट भएका एकजना	-सदस्य
(ङ) डिभिजनल वन अधिकृतले तोकेको सहायक वन	

अधिकृत -सदस्य-सचिव

(२) साझेदारी वन व्यवस्थापन समितिको दैनिक कार्य सञ्चालन तथा साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न साझेदारी वन व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमको कार्यान्वयन एकाइ रहनेछः-

(क) साझेदारी वन व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष

(ख) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुले आफू मध्येबाट छनोट गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ग) उपनियम (१) को खण्ड (घ) बमोजिमका सदस्यहरुले आफू मध्येबाट छनोट गरेको एक जना -सदस्य

(घ) सम्बन्धित सब डिभिजन वन कार्यालयको सहायक वन अधिकृत -सदस्य-सचिव

(३) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारी र सदस्यको पदावधि बढीमा पाँच वर्षको हुनेछ र पदावधि सकिनु अगावै नयाँ पदाधिकारी र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम जिम्मेवारी हस्तान्तरण नभएमा नयाँ पदाधिकारी र सदस्य चयन नहुँदासम्म डिभिजनल वन अधिकृतले साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्नेछ र तीन महिनाभित्र व्यवस्थापन समिति गठन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

५८. **साझेदारी वन उपभोक्ता समूहको कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) साझेदारी वन उपभोक्ता समूहको कोषको खाता त्यस्तो उपभोक्ता समूहको अध्यक्ष र नियम ५७ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको सदस्य मध्येबाट सो समितिले छनोट गरेको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) साझेदारी वन उपभोक्ता समूहले कोषको रकम सो समूहले स्वीकृत गरेको कार्यक्रम र योजनामा मात्र खर्च गर्नु पर्नेछ। यसरी सो कोषको रकम खर्च गर्दा डिभिजन वन कार्यालयबाट कार्यक्रम स्वीकृत गराएर मात्र गर्नु पर्नेछ।

(३) नियम ५७ को उपनियम (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समिति र सोही नियमको उपनियम (२) बमोजिमको कार्यान्वयन एकाइको कार्य सञ्चालन खर्च साझेदारी वन उपभोक्ता समूहको कोषबाट व्यहोरिनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहले आफ्नो चल अचल सम्पत्ति र आम्दानी र खर्चको लेखा तथा अभिलेख प्रचलित कानून बमोजिम सार्वजनिक निकायको प्रयोजनको लागि स्वीकृत ढाँचामा दुरुस्त राख्नु पर्नेछ।

(५) साझेदारी वन उपभोक्ता समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(६) डिभिजनल वन अधिकृत वा निजले खटाएको कर्मचारीले साझेदारी वन उपभोक्ता समूहले राखेको लेखा र अभिलेख आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ।

५९. **वार्षिक प्रतिवेदन पेस गर्नु पर्ने:** (१) साझेदारी वन उपभोक्ता समूहले अनुसूची-२२ बमोजिमको ढाँचामा आर्थिक विवरण र वनको स्थिति समेत खुलाई समूहले वर्षभरी गरेका क्रियाकलापको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र डिभिजन वन कार्यालय र स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गर्दा साझेदारी वन उपभोक्ता समूहले लेखापरीक्षण प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

६०. **क्षेत्र निर्धारण र कार्ययोजना तर्जुमा:** (१) डिभिजनल वन अधिकृतले स्थानीय तहको परामर्शमा तथा साझेदारी वन उपभोक्ता समूहको सहभागितामा देहायका विषयलाई आधार लिई साझेदारी वन व्यवस्थापन क्षेत्र निर्धारण गर्नु पर्नेछः-

(क) नियम १४ बमोजिमको रणनीतिक योजनाले साझेदारी वनको रुपमा व्यवस्थापन हुन सक्ने भनी पहिचान गरेका क्षेत्र,

(ख) ऐनको दफा २३ को उपदफा (१) बमोजिमका उद्देश्यका लागि उपयुक्त हुन सक्ने वनक्षेत्र।

(२) ऐनको दफा २३ को उपदफा (१) बमोजिमको उद्देश्य हासिल गर्नका लागि डिभिजनल वन अधिकृतले स्थानीय तहसँगको परामर्श र साझेदारी वन उपभोक्ता समूहको सहभागितामा अनुसूची-३४ मा उल्लिखित विषयवस्तु समावेश हुने गरी साझेदारी वनको कार्ययोजना तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम तयार भएको कार्ययोजना साझेदारी वन उपभोक्ता समूहले पारित गरी साझेदारी वन व्यवस्थापन समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित स्वीकृतिको लागि प्रदेश वन निर्देशक समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त कार्ययोजना प्रदेश वन निर्देशकले प्राविधिक परीक्षणको लागि नियम ३९ को उपनियम (२) बमोजिमको प्राविधिक समितिमा पेस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कार्ययोजना प्राप्त भएकोमा प्राविधिक समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी कार्ययोजनाको प्राविधिक परीक्षण गरी सिफारिससाथ स्वीकृतिको लागि प्रदेश वन निर्देशक समक्ष पेस गर्नु पर्नेछ र प्रदेश वन निर्देशकले प्रदेश मन्त्रालयको सहमति लिई कार्ययोजना स्वीकृत गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम स्वीकृत कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने भएमा साझेदारी वन व्यवस्थापन समिति र डिभिजन वन कार्यालयको सिफारिसमा प्रदेश वन निर्देशकले संशोधन गर्न सक्नेछ।

तर प्रदेश वन निर्देशकले आवश्यक ठानेमा संशोधन गर्नु अघि प्राविधिक परीक्षणको लागि नियम ३९ को उपनियम (२) बमोजिमको प्राविधिक समितिमा पठाउन सक्नेछ।

(७) साझेदारी वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ। कार्ययोजनाको अवधि सकिनु अगावै नयाँ कार्ययोजना तयार गरी यस नियम बमोजिम स्वीकृत गराई पुरानो कार्ययोजनाको अवधि सकिएको दिनदेखि नयाँ कार्ययोजना कार्यान्वयनमा ल्याउनु पर्नेछ।

६१. **कार्ययोजनाको कार्यान्वयनः** (१) साझेदारी वनको स्वीकृत कार्ययोजनाको कार्यान्वयन साझेदारी वन व्यवस्थापन समितिले गर्नेछ।

(२) साझेदारी वनको कार्ययोजनाको कार्यान्वयन गर्दा साझेदारी वन व्यवस्थापन समितिले स्वीकृत कार्ययोजनाको अधीनमा रही वार्षिक कार्यक्रम तयार गरी नियम १२२ बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिलाई जानकारी दिई गर्नु पर्नेछ।

(३) साझेदारी वनको स्वीकृत कार्ययोजना कार्यान्वयनको लागि डिभिजन वन कार्यालयले आवश्यक पर्ने कर्मचारी खटाउनु पर्नेछ।

(४) साझेदारी वनको कार्ययोजनाको तयारी तथा कार्यान्वयनका लागि व्यवस्थापन समितिले वन प्राविधिक, विभिन्न निकाय र सङ्घ संस्थाबाट सहयोग लिन तथा सेवा खरिद गर्न सक्नेछ।

६२. **साझेदारी वनको लगत राख्नेः** (१) साझेदारी वनको कार्ययोजना स्वीकृत भएपछि निर्देशनालयले लगत राखी सोको विवरण र एक प्रति कार्ययोजना विभाग र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको लगत अद्यावधिक गरी राख्नु पर्नेछ र विभागले तयार गरेको साझेदारी वनको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

६३. **वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलनः** (१) स्वीकृत कार्ययोजना बमोजिम वन व्यवस्थापन गरी वन पैदावारको सङ्कलन गर्दा वार्षिक स्वीकार्य कटान परिमाणमा नबढ्ने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई वन पैदावार सड्ने वा नासिने अवस्था भएमा त्यस्तो वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न स्वीकृत कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (२) मा उल्लिखित विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति हुन पुगेमा डिभिजनल वन अधिकृत वा निजले खटाएको वन अधिकृतले तत्काल स्थलगत निरीक्षण गरी घटनाको मिति र क्षतिको प्रारम्भिक विवरण सहित जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी दिनु पर्नेछ।

(४) डिभिजनल वन अधिकृतले उपनियम (३) मा उल्लेख भए बमोजिमको क्षति हुन पुगेको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा निर्देशनालय मार्फत प्रदेश मन्त्रालयको स्वीकृति लिई सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक रुपमा आफै ढलेका रुखको लगत मूल्याङ्कन वार्षिक स्वीकार्य कटान परिमाण भन्दा बढी भएमा आगामी वर्षको वार्षिक स्वीकार्य कटान परिमाणमा मिलान गर्ने गरी डिभिजन वन कार्यालयको सहमति लिई सङ्कलन गर्न सकिनेछ।

(७) साझेदारी वनबाट काठ, दाउरा सङ्कलन गर्दा नियम १९ बमोजिम छपान तथा मूल्याङ्कन गरी गर्नु पर्नेछ।

६४. **<u>वन पैदावारको उपयोग तथा बिक्री वितरण:</u>** (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा मध्ये सत्तरी प्रतिशत काठ, दाउरा त्यस्तो साझेदारी वनको उपभोक्ता समूहलाई उपलब्ध गराई बाँकी तीस प्रतिशत काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(२) काठ, दाउरा बाहेकका बल्लाबल्ली, जडीबुटी तथा वनस्पतिजन्य वन पैदावार साझेदारी वन उपभोक्ता समूहको हुनेछ। यस्ता वन पैदावारको सङ्कलन तथा उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(३) स्वीकृत कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त उपनियम (१) बमोजिम साझेदारी वन उपभोक्ता समूहको हिस्सामा परेको काठ, दाउरा त्यस्तो उपभोक्ता समूहको आन्तरिक खपतलाई प्राथमिकता दिई अनुसूची-६ मा उल्लिखित मूल्यमा नघटाई बिक्री वितरण गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बिक्री वितरण गर्दा समूहभित्र खपत नभई बाँकी रहेको काठ, दाउरामात्र साझेदारी वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-६ मा उल्लिखित मूल्यमा नघटाई नियम २५ बमोजिम पूर्ण प्रतिस्पर्धाको आधारमा त्यस्तो उपभोक्ता समूह बाहिर लिलाम बिक्री गर्न सक्नेछ।

(५) साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने काठ, दाउरा बाहेकका वन पैदावार त्यस्तो उपभोक्ता समूहले समूहभित्र बिक्री वितरण गर्दा वन पैदावारको लगत राखी अनुसूची-३५ बमोजिमको ढाँचामा तीन प्रति रसिद काटी वन पैदावार उपलब्ध गराउनु पर्नेछ।

(६) साझेदारी वन उपभोक्ता समूहले त्यस्तो उपभोक्ता समूह बाहिर बिक्री गरेको वन पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयको सहमति लिई अनुसूची-२८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(७) साझेदारी वन उपभोक्ता समूहले समूहबाहिर वन पैदावार बिक्री वितरण गर्दा अनुसूची-३५ बमोजिमको ढाँचाको रसिद काटी चलानी पुर्जी दिनु पर्नेछ।

(८) साझेदारी वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरेका रसिद सुरक्षित राख्नु पर्नेछ।

(९) साझेदारी वन उपभोक्ता समूहले बिक्री वितरण भएको वन पैदावारको लगत

तथा आम्दानी र खर्चको हिसाब दुरुस्त राख्नु पर्नेछ।

(१०) साझेदारी वन उपभोक्ता समूहले वनक्षेत्र बाहिर प्रचलित कानून बमोजिम वन पैदावारमा आधारित उद्योग सञ्चालन गर्न सक्नेछ।

६५. **टाँचाको दर्ता र प्रयोग:** (१) साझेदारी वन उपभोक्ता समूहले काठ, दाउरा सङ्कलन तथा बिक्री वितरण प्रयोजनको लागि कटान हुने रूख र काठमा प्रयोग गर्नका लागि अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले टाँचाको नमुना हेरी टाँचाको विवरण दोहोरो नपर्ने गरी निःशुल्क रुपमा साझेदारी वन उपभोक्ता समूहको टाँचा दर्ता गरिदिनु पर्नेछ। डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको अद्यावधिक विवरण तयार गरी निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(३) साझेदारी वन उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(४) साझेदारी वन उपभोक्ता समूहको टाँचा कुनै कारणवश हराएमा वा नोक्सान भएमा त्यस्तो उपभोक्ता समूहले डिभिजन वन कार्यालयलाई सोको तत्काल जानकारी दिनु पर्नेछ। यस्तो अवस्थामा साझेदारी वन उपभोक्ता समूहले पुरानो टाँचा रद्द गराई नयाँ टाँचा बापत दुईहजार पाँचसय रुपैयाँ दस्तुर बुझाई डिभिजन वन कार्यालयमा नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(६) साझेदारी वनबाट उत्पादित साझेदारी वन उपभोक्ता समूह बाहिर बिक्री वितरण हुने काठ, दाउराको ओसारपसार गर्दा साझेदारी वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा प्रयोग गर्नु पर्नेछ।

६६. **साझेदारी वनमा गर्न नहुने कार्य:** (१) साझेदारी वनभित्र ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन।

(२) नेपाल सरकारको स्वीकृति बाहेक साझेदारी वनको जग्गा कसैलाई पनि प्रयोग गर्न दिन हुँदैन।

(३) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वनभित्र कुनै पनि प्रकारको

अतिक्रमण हुन नदिने व्यवस्था मिलाउनु पर्नेछ र अतिक्रमण भएको क्षेत्र डिभिजन वन कार्यालयको समन्वयमा तत्काल हटाउनु पर्नेछ।

(४) कुनै साझेदारी वन उपभोक्ता समूह वा नियम ५७ बमोजिमको साझेदारी वन व्यवस्थापन समितिले स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा, त्यस्तो कार्ययोजना विपरीतको कार्य गरेमा, वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा ऐन र यस नियमावली बमोजिम तोकेका सर्त पालना नगरेमा प्रदेश वन निर्देशकले सो विषयमा जाँचबुझ गरी त्यस्तो समूह वा समिति विघटन गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम साझेदारी वन उपभोक्ता समूह वा साझेदारी वन व्यवस्थापन समिति विघटन गर्नु अघि त्यस्तो समूह वा समितिलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ।

(६) उपनियम (४) बमोजिम साझेदारी वन उपभोक्ता समूह विघटन भएमा डिभिजनल वन अधिकृतले अर्को उपभोक्ता समूह गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) उपनियम (४) बमोजिम साझेदारी वन व्यवस्थापन समिति विघटन भएमा डिभिजनल वन अधिकृतले साझेदारी वन उपभोक्ता समूहको अध्यक्ष परिवर्तन गर्न लगाई साझेदारी वन व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

परिच्छेद-८

कबुलियती वन

६७. **कबुलियती वन उपलब्ध गराउँदा प्रस्ताव माग गर्नु पर्नेः** (१) डिभिजनल वन अधिकृतले नियम १४ बमोजिमको रणनीतिक योजनाको अधीनमा रही ऐनको दफा २६ को उपदफा (१) बमोजिमको कबुलियती वन उपलब्ध गराउन सकिने वनक्षेत्रको विवरण वार्षिक रुपमा अद्यावधिक गरी विभाग तथा प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरणमा देहायको वन क्षेत्रलाई समेट्नु पर्नेछः-

(क) झाडी बुट्यान भएको,

(ख) बीस प्रतिशतभन्दा कम छत्र घनत्व भएको,

(ग) अतिक्रमण भएको क्षेत्र वा अतिक्रमण हटाई फिर्ता लिएको क्षेत्र वा अतिक्रमण हुनसक्ने,

(घ) प्राकृतिक विपद्का कारण क्षति भई पुनर्स्थापना वा पुनःउकास भएको,

(ङ) भू–संरक्षणको हिसाबले संवेदनशील तथा संरक्षण गर्नु पर्ने,

[1](च) वन तथा प्राकृतिक संरचनामा कुनै किसिमको परिवर्तन नगरी पर्यापर्यटनको लागि उपयुक्त रहेको,

(छ) नियम १४ को उपनियम (३) बमोजिमको रणनीतिक योजनाले कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिने गरी तोकेको।

[2](२क) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वन, धार्मिक वन र सांस्कृतिक, धार्मिक वा आध्यात्मिक रुपमा महत्वपूर्ण रहेका वन क्षेत्रलाई कबुलियती वनको रुपमा उपलब्ध गराइने छैन।

(३) विभागले उपनियम (१) बमोजिम प्राप्त विवरणको आधारमा आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गरी राष्ट्रिय वनको त्यस्तो भाग कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त हुने देखेमा सो सम्बन्धी आवश्यक विवरण खुलाई विभिन्न वनक्षेत्रको लागि (प्रत्येक वर्ष भदौ तथा माघ महिनाको पहिलो हप्तामा गरी दुई पटक) राष्ट्रियस्तरको दैनिक पत्रिकामा तीस दिने सूचना प्रकाशन गरी सिलबन्दी प्रस्ताव आह्वान गर्नु पर्नेछ। यस्तो प्रस्ताव आह्वान सम्बन्धी सूचना विभाग, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आह्वान गरेको प्रस्तावमा सहभागी हुन चाहने इच्छुक सङ्गठित संस्थाले अनुसूची-३६ मा उल्लिखित विषय समावेश गरी प्राविधिक प्रस्ताव र आर्थिक तथा व्यावसायिक प्रस्ताव तयार गरी विभागमा पेस गर्नु पर्नेछ।

६८. **<u>प्रस्तावको मुल्याङ्कन गर्ने:</u>** (१) नियम ६७ बमोजिमको प्रस्ताव पेस हुन आएमा विभागले स्थलगत अनुगमनको लागि प्राविधिक टोली खटाउनु पर्नेछ। सो टोलीले प्राविधिक प्रस्तावमा उल्लिखित विवरणलाई वनक्षेत्रको स्थलगत वस्तुस्थितिसँग भिडाई आवश्यक जाँचबुझ गरी उपयुक्तताको आधारमा विभागलाई सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको टोलीले कबुलियती वन प्रदान गर्न उपयुक्त छ भनी सिफारिस गरेमा विभागमा प्राप्त प्रस्तावको मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) उपमहानिर्देशक, विभाग	-अध्यक्ष
(ख) सम्बन्धित प्रदेश वन निर्देशक	-सदस्य

---

[1] दोस्रो संशोधनद्वारा संशोधित।

[2] दोस्रो संशोधनद्वारा थप।

(ग) उपसचिव, कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(घ) उपसचिव (लेखा), विभाग -सदस्य

(ङ) उपसचिव (प्राविधिक), प्रदेश मन्त्रालय -सदस्य

(च) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य

(छ) कानून अधिकृत, विभाग -सदस्य

(ज) महानिर्देशकले तोकेको विभागको अधिकृत -सदस्य-सचिव

(३) उपनियम (२) बमोजिमको मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) उपनियम (२) बमोजिमको मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची-३७ मा उल्लिखित आधारमा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावमा असी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्नेको आर्थिक तथा व्यावसायिक प्रस्ताव खोली व्यावसायिक योजनाको आधारमा अनुसूची-३८ बमोजिमको वा सो भन्दा बढी रोयल्टी रकम प्रस्ताव गर्ने उपयुक्त एक प्रस्तावकलाई कबुलियती वन प्रदान गर्न सिफारिस गर्नु पर्नेछ र विभागले सो सिफारिस सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम विभागबाट पेस भएकोमा मन्त्रालयले सो उपर आवश्यक जाँचबुझ गर्दा ब्यहोरा मनासिब लागेमा त्यस्तो कबुलियती वन उपलब्ध गराउन नेपाल सरकार समक्ष स्वीकृतिको लागि पेस गर्नेछ र नेपाल सरकारले उपयुक्तताको आधारमा त्यस्तो स्वीकृति दिन सक्नेछ।

(७) यस नियम बमोजिम उपलब्ध हुने कबुलियती वनको क्षेत्रफल बढीमा पचास हेक्टर हुनेछ।

६९. **<u>कबुलियती वनको अवधि र कार्ययोजनाः</u>** (१) नियम ६८ को उपनियम (६) बमोजिम नेपाल सरकारबाट कबुलियती वन प्रदान गर्न स्वीकृति भएमा विभागले त्यस्तो सङ्गठित संस्थालाई ऐन र यस नियमावलीको परिधिभित्र रही कबुलियती वनको कार्ययोजना तयार गर्न लगाउनु पर्नेछ।

(२) कबुलियती वनको कार्ययोजना स्वीकृत गर्नु अघि कबुलियती वन लिन चाहने सङ्गठित संस्थाले प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कबुलियती वनको कार्ययोजना पेस भएमा विभागले त्यस्तो कार्ययोजना स्वीकृत गरी सर्त तोकी अनुसूची-३९ बमोजिमको ढाँचामा

कबुलियतनामा गराई बढीमा तीस वर्ष अवधिको लागि अनुसूची-४० बमोजिमको ढाँचामा कबुलियती वनको प्रमाणपत्र दिनेछ। यस्तो प्रमाणपत्र वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ।

(४) विभागले उपनियम (३) बमोजिम सर्त तोक्दा प्रस्तावकले देहाय बमोजिमका कार्य गर्न नपाउने गरी निषेध गर्नु पर्नेछः-

(क) वनक्षेत्रभित्र बग्ने नदीनाला, खोलाको स्रोत थुनछेक गर्न वा फर्काउन,

(ख) वनस्पतिको विकासमा अवरोध पुऱ्याउन, जीवजन्तुको वासस्थानमा हानि नोक्सानी पुऱ्याउन, प्राकृतिक वा भौतिक स्वरुप बिगार्न वा सिमसार क्षेत्रको पर्यावरणीय स्थितिमा प्रतिकूल असर पुऱ्याउन,

(ग) कबुलियतमा लिएको बाहेक अन्य वनक्षेत्र अतिक्रमण गर्न,

(घ) जलचर वा अन्य कुनै किसिमका जनावर पशुपन्छी वा जीवजन्तुलाई हानि नोक्सानी हुने गरी कुनै किसिमको विषादी प्रयोग गर्न,

(ङ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्न वा खानी सञ्चालन गर्न,

(च) वरिपरिका स्थानीय बासिन्दाको सामाजिक तथा सांस्कृतिक रीतिरिवाज र सांस्कृतिक तथा धार्मिकस्थलमा अवरोध पुग्ने कार्य गर्न वा गराउन,

(छ) बाटोघाटो, खोलानाला र पानीका स्रोतको निर्वाध उपयोग जस्ता परम्परागत अधिकारको उपयोगमा व्यवधान उत्पन्न गर्न वा गराउन,

(ज) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको क्षेत्र बाहेक अन्यत्र रात बिताउन, क्याम्प गर्न, आगो बाल्न, होहल्ला गर्न वा आवाज निकाल्ने कार्य गर्न,

(झ) वन्यजन्तु वा स्थानीय समुदायलाई असर पर्ने गरी कुनै कार्य गर्न,

(ञ) कबुलियती वनभित्रको बाटोमा कालोपत्रे गर्न।

(५) कबुलियती वनमा स्वीकृत कार्ययोजना बमोजिमको पूर्वाधार निर्माण गर्दा बाटो बाहेक कबुलियती वनको क्षेत्रफलको दश प्रतिशत वा पाँच हेक्टरमा जुन कम हुन्छ सोही क्षेत्रफलमा मात्र गर्नु पर्नेछ।

(६) कबुलियती वनको कार्ययोजना संशोधन गर्नु परेमा विभागले मन्त्रालयको सहमति लिई कार्ययोजनामा आवश्यक संशोधन गर्न सक्नेछ।

(७) कबुलियती वनको अवधि समाप्त भएपछि कबुलियती वनमा रहेको चल अचल सम्पत्ति मन्त्रालय मार्फत नेपाल सरकारलाई बुझाउनु पर्नेछ। यसरी फिर्ता आएको कबुलियती वन मन्त्रालय आफैंले व्यवस्थापन गर्न वा प्रतिस्पर्धा गराई कुनै सङ्गठित संस्थालाई व्यवस्थापन गर्न दिन सक्नेछ।

तर कबुलियती वन लिएको सङ्गठित संस्थाले सोही कबुलियती वन पुनः लिन चाहेमा त्यस्तो वनक्षेत्र पुनः मूल्याङ्कन गरी नेपाल सरकारले बढीमा थप तीस वर्षसम्मको लागि प्रदान गर्न सक्नेछ।

(८) कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्थाले सम्झौतामा उल्लिखित म्यादभित्र स्वीकृत कार्ययोजना बमोजिमको कार्य सुरु गर्नु पर्नेछ।

(९) सम्झौतामा उल्लिखित म्यादभित्र स्वीकृत कार्ययोजना बमोजिमको कार्य सुरु गर्न नसकेमा सोको मनासिब कारण देखाई निवेदन दिएमा विभागले कबुलियती वनको कार्य सुरु गर्ने म्याद बढीमा छ महिनाको लागि थप गर्न सक्नेछ र सो म्यादभित्र पनि त्यस्तो कार्ययोजना बमोजिमको कार्य सुरु नगरेमा कबुलियती वन लिने सङ्गठित संस्थासँग भएको सम्झौता स्वतः खारेज भई त्यस्तो कबुलियती वन सरकारद्वारा व्यवस्थित वनमा परिणत हुनेछ।

(१०) उपनियम (३) बमोजिम कबुलियती वनको प्रमाणपत्र उपलब्ध गराएपछि विभागले त्यसको लगत राखी सोको जानकारी मन्त्रालय, प्रदेश मन्त्रालय, निर्देशनालय र डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(११) यस नियम बमोजिम उपलब्ध हुने कबुलियती वनमा अनुसूची-४१ बमोजिमका पर्यापर्यटनका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

७०. **<u>कबुलियती वनको वार्षिक रोयल्टी:</u>** (१) नियम ६९ बमोजिम दिइने कबुलियती वनको न्यूनतम वार्षिक रोयल्टी अनुसूची-३८ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको रोयल्टीको अतिरिक्त नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनले प्रदान गर्ने वस्तु वा सेवा बिक्री गरे बापत जारी गर्ने बिलविजकको पाँच प्रतिशत रकम संरक्षण शुल्क बापत नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ।

(३) नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाले प्रत्येक आर्थिक

वर्षको असार मसान्तसम्ममा सम्झौतामा उल्लेख भए बमोजिमको वार्षिक रोयल्टी विभागमा बुझाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र रोयल्टी नबुझाउने सङ्गठित संस्थासँग भएको कबुलियती वनको सम्झौता विभागले खारेज गर्न सक्नेछ।

तर त्यस्तो सङ्गठित संस्थाले म्यादभित्र रोयल्टी बुझाउन नसकेको मनासिब माफिकको कारण खुलाई सम्झौता खारेज भएको तीन महिनाभित्र मन्त्रालयमा पुनरावेदन गरेमा मन्त्रालयले उपनियम (१) बमोजिम लाग्ने रोयल्टी रकममा शत प्रतिशत थप जरिबाना लिई सम्झौता कायम राख्न सक्नेछ।

७१. **कबुलियती वनको संरक्षणः** (१) नियम ६९ बमोजिम कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको स्वामित्व नेपाल सरकारको हुनेछ। कबुलियती वन लिने सङ्गठित संस्थाले त्यस्ता रुख बिरुवा लगायत कबुलियती वनको संरक्षणको उचित व्यवस्था गर्नु पर्नेछ।

(२) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख बिरुवाको सर्वेक्षण तथा मूल्याङ्कन गरी सोको बढीमा बीस प्रतिशतसम्मको रकम कबुलियती वन लिने सङ्गठित संस्थाबाट धरौटी लिनु पर्नेछ।

(३) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनको संरक्षणको लागि कुनै सहयोग माग गरेमा डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन र अन्य निकाय समक्ष सहयोगका लागि सिफारिस गर्न सक्नेछ।

(४) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख ढलेमा सङ्गठित संस्थाले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ। यसरी रुख ढलेको जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले त्यस्ता रुख यस नियमावली बमोजिम सङ्कलन गर्नु पर्नेछ।

(५) कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुख कबुलियती वनको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा वा अन्य कुनै मनासिब कारणले हटाउनु पर्ने भएमा विभागको निर्देशनमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ।

७२. **वन पैदावारको उत्पादन र उपयोगः** (१) ऐनको दफा २६ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रयोजनको लागि प्रदान गरिएको कबुलियती वनको वन पैदावार स्वीकृत कार्ययोजनामा उल्लिखित परिमाणमा त्यस्तो कार्ययोजनामा उल्लिखित सर्तको अधीनमा रही उपयोग वा बिक्री वितरण गर्न सकिनेछ।

(२) कबुलियती वन लिने सङ्गठित संस्थाले कबुलियती वनमा वृक्षारोपण गरेको वन पैदावारको प्रजाति र परिमाण खुलाई डिभिजन वन कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कबुलियती वनको वन पैदावार सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

७३. **गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन उपलब्ध गराउन सकिने:** (१) ऐनको दफा २६ को उपदफा (२) को प्रयोजनको लागि डिभिजनल वन अधिकृतले गरिबीको रेखामुनि रहेका जनताका लागि कबुलियती वन समूह गठन गरी राष्ट्रिय वनको कुनै भाग कबुलियती वनको रुपमा उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कबुलियती वन लिन चाहने समूहले डिभिजन वन कार्यालयमा समूह गठन तथा कार्ययोजना तयार गर्न निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा कबुलियती वन समूहमा कम्तीमा पाँच घरधुरीको सहभागिता हुनु पर्नेछ र सोको लागि घरधुरी पहिचान गर्दा डिभिजनल वन अधिकृतले स्थानीय तहको सम्बन्धित वडा कार्यालयको परामर्श लिन सक्नेछ।

(४) उपनियम (२) बमोजिम कबुलियती वन लिन चाहने व्यक्तिको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गर्नु पर्नेछ।

(५) उपनियम (२) बमोजिम माग गरिएको वनक्षेत्र कबुलियती वनको रुपमा व्यवस्थापन गर्न उपयुक्त हुने देखिएमा डिभिजन वन कार्यालयले कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम खटिएको कर्मचारीले कबुलियती वन समूह गठन गरी समूहको सहभागितामा अनुसूची-४२ मा उल्लिखित विषय समावेश हुने गरी कार्ययोजना तयार गर्नु पर्नेछ।

(७) यस नियम बमोजिमको कबुलियती वन समूहको कार्ययोजना त्यस्तो समूहको निर्णयसहित डिभिजन वन कार्यालयमा स्वीकृतिका लागि पेस गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले यस नियम बमोजिमको कबुलियती वन समूह गठनको लगत राखी कबुलियती वन समूहको कार्ययोजना स्वीकृत गरी अनुसूची-४३ बमोजिमको ढाँचामा कबुलियतनामा गराई अनुसूची-४४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

[क](९) यस नियम बमोजिम गरिबीको रेखामुनिका जनतालाई बढीमा पन्ध्र वर्षको लागि कबुलियती वन उपलब्ध गराइनेछ।

[ख](९क) उपनियम (९) बमोजिमको अवधि पूरा भएपछि गरिबीको रेखामुनि रहेका सोही घरधुरीका जनतालाई कबुलियती वनको रुपमा त्यस्तो वन क्षेत्रको जग्गा बढीमा पन्ध्र वर्षको लागि पुनः उपलब्ध गराउन सकिनेछ।

(१०) डिभिजनल वन अधिकृतले यस नियम बमोजिम कबुलियती वन समूह र कबुलियती वन समूहलाई उपलब्ध गराएको वनक्षेत्रको जग्गाको मोठ राख्नु पर्नेछ र यसको वार्षिक विवरण निर्देशनालयमा पठाउनु पर्नेछ।

(११) यस नियम बमोजिम कबुलियती वन समूहलाई उपलब्ध गराईएको कबुलियती वनको हकमा वार्षिक रोयल्टी लाग्ने छैन।

(१२) यस नियम बमोजिमका कबुलियती वन समूहका घरधुरी सदस्य छुट्टी भिन्न भएमा कबुलियती वनको उपयोग गर्ने प्रयोजनका लागि एकाघरकै मानिने छ। कुनै सदस्यले कबुलियती वन समूह छोडी गएमा निजको कबुलियती वन समूहको सदस्यता स्वतः रद्द हुनेछ।

(१३) उपनियम (३) बमोजिमको कबुलियती वन समूहमा रहेको घर परिवारको सङ्ख्या पाँच भन्दा कम भएमा त्यस्तो वन क्षेत्र कबुलियती वनको रुपमा कायम रहने छैन।

७४. **पुनः कबुलियती वन उपलब्ध गराउन सकिनेः** (१) नियम ७३ को उपनियम (९) बमोजिमको अवधि समाप्त भए पछि गरिबीको रेखामुनिका जनताले पुनः कबुलियती वन लिन चाहेमा त्यस्ता जनताको समूहलाई पूनः कबुलियती वन उपलब्ध गराउन सकिनेछ।

(२) उपनियम (१) बमोजिम पुनः कबुलियती वन उपलब्ध गराउँदा कबुलियती वन लिन चाहने व्यक्तिहरुको मानव विकास सूचकाङ्कको परीक्षण गरी गरिबीको रेखामुनि रहेको यकिन गरेर मात्र गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम गरिबीको रेखामुनि रहेका जनतालाई पुनः कबुलियती वन उपलब्ध गराइएमा सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

[क] दोस्रो संशोधनद्वारा संशोधित।

[ख] दोस्रो संशोधनद्वारा थप।

७५. **कबुलियती वनको व्यवस्थापनः** (१) नियम ७३ बमोजिमको कबुलियती वनमा रहेका वन पैदावारको संरक्षण र उपयोग स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिम हुनेछ।

(२) नियम ७३ बमोजिमको कबुलियती वन समूहले प्रचलित कानूनको अधीनमा रही स्वीकृत कार्ययोजना बमोजिम वन उद्यम र वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) नियम ७३ बमोजिमको कबुलियती वन समूह गठन तथा कार्ययोजना तयार गर्न र प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) नियम ७३ बमोजिमको कबुलियती वन समूहले स्वेच्छाले कबुलियती वन फिर्ता गर्न चाहेमा डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिई सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नु पर्नेछ।

(५) नियम ७३ बमोजिमको कबुलियती वन समूहले स्वीकृत कार्ययोजनाको विपरीत कार्य गरेकोमा कबुलियती वन फिर्ता लिनु परेमा डिभिजनल वन अधिकृतले नियम ७८ बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(६) नियम ७३ बमोजिमको कबुलियती वन समूहलाई कबुलियती वन उपलब्ध गराउँदाका बखत त्यसमा रहेका रुखको संरक्षण गरे बापत त्यस्ता रूख बिक्री गर्दा प्राप्त हुने रकमको पचास प्रतिशत रकम सम्बन्धित कबुलियती वन समूहलाई उपलब्ध गराउनु पर्नेछ।

७६. **कबुलियती वन समूहको टाँचाको दर्ता र प्रयोगः** (१) नियम ७३ बमोजिमको कबुलियती वन समूहले अनुसूची-२९ बमोजिमको ढाँचामा टाँचा बनाई डिभिजन वन कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयले दर्ता भएका टाँचाको विवरण तयार गरी त्यस्तो विवरण निर्देशनालय र विभागमा समेत पठाउनु पर्नेछ।

(३) नियम ७३ बमोजिमको कबुलियती वन समूहले रुख छपान, ढुवानी तथा ओसारपसार र बिक्री वितरण गर्दा उपनियम (१) बमोजिमको टाँचा लगाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको कबुलियती वन समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी त्यस्तो कबुलियती वन समूहको अध्यक्षको हुनेछ। कुनै कारणबाट टाँचा हराएमा वा नोक्सान भएमा डिभिजन वन कार्यालयमा सोको तत्काल जानकारी दिई पुरानो टाँचा रद्द गराई नयाँ टाँचा दर्ता गराई प्रयोग गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी डिभिजन वन कार्यालयले विभाग, सबै प्रदेश अन्तर्गतका निर्देशनालय र सबै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

७७. **कबुलियती वनमा गर्न नहुने कार्यः** कबुलियती वनमा ऐन तथा यस नियमावली बमोजिम निषेधित कार्यको अतिरिक्त देहाय बमोजिमका कुनै कार्य गर्न वा गराउन पाइने छैनः-

(क) कबुलियती वनले चर्चेको जग्गा बिक्री गर्न, धितो राख्न वा कुनै किसिमले स्वामित्व वा हक हस्तान्तरण गर्न,

(ख) कबुलियती वनमा स्वीकृत कार्ययोजना विपरीत अतिक्रमण गर्न, घरछाप्रो बनाउन वा खेती गर्न,

(ग) स्वीकृत कार्ययोजनाले गर्न हुने भनी तोके बाहेकका अन्य कार्य गर्न वा गराउन।

७८. **कबुलियती वन फिर्ता लिन सकिनेः** (१) ऐनको दफा २७ मा उल्लिखित कारणका अलावा यस नियमावली बमोजिम कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले पालना गर्नु पर्ने सर्त पालना नगरेको भनी कसैले उजुर गरेमा वा कुनै स्रोतबाट कबुलियती वनमा निषेधित कार्य गरेको भन्ने सूचना प्राप्त भएमा डिभिजन वन कार्यालयले प्राविधिक कर्मचारी खटाउनु पर्नेछ र त्यसरी खटिई गएका कर्मचारीले नियम ६९ बमोजिम कबुलियती वन लिने सङ्गठित संस्थाको प्रतिनिधिको वा नियम ७३ बमोजिमको कबुलियती वन समूहको प्रतिनिधिको रोहबरमा स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेस भएको स्थलगत निरीक्षण प्रतिवेदनबाट कबुलियती वन लिने सङ्गठित संस्था वा समूहले निषेधित कार्य गरेको देखिन आएमा डिभिजनल वन अधिकृतले सम्बन्धित कबुलियती वन लिने सङ्गठित संस्था वा कबुलियती वन समूहलाई बढीमा पन्ध्र दिनको म्याद दिई सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्गठित संस्था वा समूहले पेस गरेको सफाइ सन्तोषजनक नभएमा त्यस्तो सफाइ पेस भएको मितिले पैंतीस दिनभित्र डिभिजनल वन अधिकृतले प्रमाणपत्र खारेज गरी कबुलियती वन फिर्ता लिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम डिभिजनल वन अधिकृतले कबुलियती वन फिर्ता लिएको जानकारी मन्त्रालय, प्रदेश मन्त्रालय, निर्देशनालय र विभागलाई गराउनु पर्नेछ।

परिच्छेद-९

धार्मिक वन

७९. **धार्मिक वन हस्तान्तरणः** (१) प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले परापूर्व कालदेखिको धार्मिक स्थल र त्यस्तो क्षेत्रको वरिपरिको राष्ट्रिय वन संरक्षण गर्नका लागि धार्मिक वनको रुपमा लिन चाहेमा कार्ययोजना सहित डिभिजनल वन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा डिभिजनल वन अधिकृतले निवेदनसाथ पेस भएको कार्ययोजनामा आवश्यक जाँचबुझ गरी धार्मिक वन हस्तान्तरण गर्न उपयुक्त हुने देखेमा त्यस्तो कार्ययोजना स्वीकृत गरी अनुसूची-४५ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई त्यस्तो वनक्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ।

(३) डिभिजनल वन अधिकृतले उपनियम (२) बमोजिम धार्मिक वनको रुपमा हस्तान्तरण गरिएको वनको लगत तयार गरी एक एक प्रति प्रदेश मन्त्रालय, विभाग र निर्देशनालयमा पठाउनु पर्नेछ र त्यस्तो विवरण विभागले तयार गरेको डाटाबेसमा प्रविष्ट गर्नु पर्नेछ।

(४) धार्मिक वनक्षेत्रमा धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिमको कार्य मात्र गर्नु पर्नेछ।

(५) धार्मिक निकाय, समूह वा समुदायले धार्मिक वनमा सनातन तथा परम्परादेखि चलिआएको धार्मिक तथा सांस्कृतिक महत्त्वका कार्य र प्रथा परम्परा सञ्चालन गर्नका लागि साविकदेखि नै रहेका धार्मिक संरचनाको पुनर्निर्माण र मर्मत गर्न तथा शौचालय र पानी ट्याङ्की निर्माण गर्न सक्नेछ। यस्ता संरचनाको निर्माण गर्दा डिभिजनल वन अधिकृतको स्वीकृति लिई धार्मिक वनको वन पैदावार प्रयोग गर्न सकिनेछ।

(६) धार्मिक वनभित्र स्वीकृत कार्ययोजनाले तोके बमोजिम उपनियम (५) बमोजिमका संरचना बाहेक अन्य भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

(७) धार्मिक वनमा ऐनको दफा ४२ बमोजिमको विकास आयोजना निर्माण तथा सञ्चालनको क्रममा प्राप्त भएका वन पैदावार र हावाहुरी, बाढी पहिरोबाट ढलेका रुखबाट प्राप्त भएका वन पैदावार डिभिजनल वन अधिकृतले सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(८) धार्मिक वनभित्र रहेको जोखिमयुक्त रुख हटाउन अनुरोध भई आएमा

डिभिजनल वन अधिकृतले हटाउन सक्नेछ।

(९) उपनियम (७) र (८) बमोजिमको वन पैदावार डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

८०. **धार्मिक वनमा गर्न नहुने कार्यः** धार्मिक वनमा ऐन, यस नियमावली र स्वीकृत कार्ययोजनाले निषेध गरेका कार्यको अतिरिक्त देहाय बमोजिमका कार्य गर्न हुँदैनः-

(क) धार्मिक वनको जग्गालाई निजी जग्गाको रुपमा दर्ता गर्न, भाडामा दिन, धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हक वा स्वामित्व हस्तान्तरण गर्ने कार्य गर्न,

(ख) धार्मिक वनको भू-उपयोग स्थायी रुपमा परिवर्तन गर्ने कार्य गर्न,

(ग) वनक्षेत्र मास्न र भू-क्षय तथा वातावरणीय विनाश हुने कुनै कार्य गर्न,

(घ) प्रचलित कानून विपरीत संरक्षित वन्यजन्तु पक्रन वा मार्न वा हानि नोक्सानी पुऱ्याउने कार्य गर्न,

(ङ) वन अतिक्रमण तथा वन अतिक्रमणलाई प्रोत्साहन हुने कुनै कार्य गर्न,

(च) ढुङ्गा, गिट्टी, बालुवा, चट्टान, माटो र अन्य खानी तथा खनिज पदार्थ निकाल्न वा ओसारपसार गर्न।

परिच्छेद-१०

निजी वन

८१. **निजी वन दर्ताः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ३५ बमोजिमको सिफारिस लिनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-४६ बमोजिमको ढाँचामा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधारसहितको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयले प्रमाणित गरेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखेमा आफ्नो सिफारिस सहित निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ। यसरी जाँचबुझ गर्दा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार नापी कार्यालयको सहयोग लिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम पेस हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा स्थानीय तहले त्यस्तो निजी वन दर्ता गरी अनुसूची-४७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिई सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) स्थानीय तहले दर्ता भएका निजी वनको अद्यावधिक लगत राख्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले निजी जग्गामा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(६) ऐनको दफा ३६ को उपदफा (३) बमोजिम स्वीकृति लिई निजी वनको वन पैदावार स्थानीय तहभित्र ओसारपसार गर्दा स्थानीय तहले त्यस्तो वन पैदावारमा पहिचान गर्न सकिने चिन्ह वा सङ्केत लगाई दिनु पर्नेछ।

(७) ऐनको दफा ३६ को उपदफा (४) बमोजिम निजी वनको वन पैदावार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसारपसार गर्दा खरिदकर्ताले डिभिजन वन कार्यालयमा भएको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

८२. **<u>निजी जग्गामा कृषि वन र जडीबुटी खेती सम्बन्धी व्यवस्था:</u>** (१) निजी वन धनीले निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडीबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निजी जग्गामा कृषि वन र जडीबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन।

(३) निजी जग्गामा खेती गरिएका अनुसूची-४८ मा उल्लिखित काष्ठ, जडीबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी जग्गामा लगाइएका सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको

अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ।

८३. **निजी वनमा वन्यजन्तु पालन गर्न सक्नेः** निजी वन धनीले प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी कानून बमोजिम निजी वनमा वन्यजन्तु पालन गर्न सक्नेछ।

परिच्छेद-११

सार्वजनिक जग्गामा वन विकास तथा सहरी वन

८४. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले राष्ट्रिय वन बाहेक ऐनको दफा ३७ को उपदफा (१) बमोजिम सार्वजनिक जग्गामा वनको विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वनको विकास, संरक्षण र व्यवस्थापन गर्दा स्थानीय तहले उपभोक्ता समूह मार्फत समेत गर्न सक्नेछ। यस्तो उपभोक्ता समूह स्थानीय तहमा दर्ता गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयनको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको वन व्यवस्थापन कार्ययोजना स्थानीय तहले स्वीकृत गरी उपभोक्ता समूहसँग सम्झौता गरी सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न अनुसूची-४९ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ। स्थानीय तहले यस्ता उपभोक्ता समूहको अद्यावधिक विवरण राखी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(५) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्दा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार सम्बन्धित उपभोक्ता समूहले स्थानीय तहसँगको सम्झौता बमोजिम मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(६) सार्वजनिक जग्गामा रहेको वनको वन पैदावार कटान गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ र वन पैदावार ओसारपसार गर्दा डिभिजन वन कार्यालयको टाँचा तथा सिल प्रयोग गरी ओसारपसार गर्नु पर्नेछ।

(७) सार्वजनिक जग्गामा रहेको वनको वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम वन व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रकम सम्बन्धित स्थानीय तह र उपभोक्ता समूहबीच भएको सम्झौता बमोजिम बाँडफाँट गर्नु पर्नेछ।

(८) उपनियम (१) बमोजिम सार्वजनिक जग्गामा विकास भएको वनक्षेत्र सम्बन्धित स्थानीय तहले सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न सिफारिस गरेमा डिभिजनल वन अधिकृतले उपभोक्ता समूह गठन गरी वन व्यवस्थापन कार्ययोजना तयार गरी सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ।

८५. **सार्वजनिक जग्गामा रहेका रुख हटाउने सम्बन्धी अन्य व्यवस्था:** (१) सार्वजनिक जग्गामा रहेका ऐनको दफा ३७ को उपदफा (३) बमोजिमका तथा अन्य रुख विकास आयोजना सञ्चालनका लागि हटाउनु पर्ने भएमा रुख वा जग्गाको व्यवस्थापन गरिरहेको निकायले गरेको निर्णय र नियम ३६ को उपनियम (१) बमोजिमको समितिको सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो आयोजना सञ्चालन गर्ने कार्यालयलाई हटाउन स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नेछ।

तर त्यस्तो सार्वजनिक जग्गा उपभोक्ता समूहबाट व्यवस्थापन भएको अवस्थामा त्यस्तो वन पैदावार उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु पर्नेछ।

८६. **सहरी वनको विकास र व्यवस्थापन:** (१) स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रको सहरभित्र पर्ने राष्ट्रिय वन बाहेकको कुनै सरकारी, सार्वजनिक वा सङ्घ संस्थाको स्वामित्वमा रहेको खाली जग्गा, खुला चौर, पर्ती जग्गा, सडक किनार, नहर किनार, नदी तथा ताल तलैयाको किनार, सांस्कृतिक तथा धार्मिक क्षेत्र एवं खेल मैदान वरिपरि रहेको जग्गामा सहरी वनको स्था०पना, विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जग्गामा स्थानीय तहले सहरी वनको विकास तथा व्यवस्थापनको लागि डिभिजनल वन अधिकृतसँग समन्वय गरी सहरी वन व्यवस्थापन योजना तयार गरी प्रदेश मन्त्रालयको सहमति लिई लागू गर्नु पर्नेछ।

तर त्यस्तो जग्गा अन्य निकायको स्वामित्वमा रहेको भएमा व्यवस्थापन योजना तयार गर्दा सम्बन्धित निकायको समेत सहमति लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यवस्थापन योजनाको आधारमा स्थानीय तहले सहरी वनको विकास, संरक्षण तथा हेरचाह गर्न सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिन वा प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीयस्तरमा रहेका सङ्घ संस्था वा समूह वा निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ।

(४) सहरी वनमा स्वीकृत व्यवस्थापन योजनामा उल्लिखित पर्यापर्यटन गतिविधि

सञ्चालन गर्न सकिनेछ।

(५) सहरी वनमा वृक्षारोपण गर्दा जलवायु परिवर्तन न्यूनीकरण, जल तथा वायूका कारण हुने विपद् जोखिम न्यूनीकरणमा सहयोगी हुने सौन्दर्यवर्द्धक प्रजातिका बिरुवा रोपण गर्न प्राथमिकता दिनु पर्नेछ।

(६) राष्ट्रिय वनक्षेत्र बाहेकका उपनियम (१) बमोजिमका क्षेत्रमा विभागले सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा सहरी वनको संरक्षण र विकास गर्न सक्नेछ।

(७) यस नियम बमोजिम सहरी वन विकास गर्दा स्थानीय तहलाई प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

परिच्छेद-१२

विकास आयोजनालाई राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिने सम्बन्धी व्यवस्था

८७. **राष्ट्रिय वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नु पर्ने:** (१) विकास आयोजनाको तर्जुमा गर्दा सम्भव भएसम्म राष्ट्रिय वनक्षेत्र नपर्ने गरी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आयोजना तर्जुमाको लागि सम्भाव्यता अध्ययन गर्दा ऐनको दफा ४२ बमोजिमका विकास आयोजना सञ्चालन गर्न राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा सम्बन्धित वन व्यवस्थापन पद्धति बमोजिम त्यस्तो वन व्यवस्थापन गर्ने निकाय वा समूहको परामर्श तथा सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने र न्यूनतम रूख बिरुवा मात्र हटाउनु पर्ने विकल्पको Σअध्ययन तथा विश्लेषण र आवश्यक पर्ने वनको क्षेत्रफल किटान भएको तथा जिपिएस कोअर्डिनेटसहितको नक्सा समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

Σ(३) यस नियम बमोजिम विकास आयोजना सञ्चालन गर्न वनक्षेत्र प्रयोग गर्नुपर्ने भएमा उपनियम (२) बमोजिमको प्रतिवेदन आफ्नो निकाय वा संयन्त्रबाट स्वीकृत गर्नु पूर्व सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

Σ(४) ऐनको दफा ४२ बमोजिमका आयोजनाको कार्यान्वयनको लागि राष्ट्रिय वनक्षेत्रको यकिन गर्दा त्यस्तो आयोजना वा योजनाको कार्यान्वयनको लागि स्थायी वा अस्थायी रूपमा आवश्यक पर्ने राइट अफ वे, सेक्युरिटी पेरिमिटर, हरित पेटी, निर्माण सामग्री भण्डारण, ओसारपसार र मक व्यवस्थापनका लागि पहुँच मार्ग, उत्पादित वस्तु ओसारपसारका लागि चाहिने सडक जस्ता क्षेत्र पहिचान गरी यकिन गर्नु पर्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™(५) यस नियम बमोजिम वनक्षेत्र आवश्यक पर्न गई प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरी अध्ययन गर्नु पर्नेछ। त्यसरी तयार हुने वातावरणीय अध्ययन प्रतिवेदनमा डिभिजन वन कार्यालयबाट प्रमाणित भएको वनको क्षेत्रफल र रुख तथा पोलको लगत समावेश गर्नु पर्नेछ।

Σ८८. **राष्ट्रिय वनक्षेत्र प्रयोगको लागि निवेदन दिने:** (१) विकास आयोजनाका लागि नियम ८७ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनबाट राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नुपर्ने देखिएमा विकास आयोजनाले देहायका विवरण समावेश गरी राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृतिको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकाय मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ :

(क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा त्यस्तो आयोजना नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना वा आयोजना भएको प्रमाण, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजनाको हकमा लगानी बोर्डबाट त्यस्तो योजना स्वीकृत भएको निर्णय, राष्ट्रिय गौरवको आयोजनाको हकमा सो आयोजना राष्ट्रिय गौरवको आयोजना भएको पुष्टि गर्ने प्रमाण वा खनिजजन्य उद्योगको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग भएको प्रमाण,

(ख) नियम ८७ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने विकास आयोजनाको हकमा सो सम्बन्धी स्वीकृत प्रतिवेदन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विकास आयोजनाको हकमा स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची,

---

™ तेस्रो संशोधनद्वारा थप।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(ङ) वनक्षेत्र आवश्यक पर्ने तथ्यपरक आधार र कारणसहितको विषयगत मन्त्रालय वा निकायको राय,

(च) प्रयोग गर्नुपर्ने राष्ट्रिय वनको यकिन स्थान, क्षेत्रफल, चारकिल्ला, विवरण र जिपिएस कोअडिनेटसहितको नक्सा,

(छ) नेपाल सरकारको निकाय वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकाय वा निजी क्षेत्रको स्वामित्वको आयोजना भए त्यस्तो स्वामित्व खुल्ने कागजात,

(ज) विकास आयोजनासँग सम्बन्धित अन्य आवश्यक कागजात।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी बोर्डबाट स्वीकृत हुने योजनाको हकमा सो बोर्ड मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४२ को उपदफा (२) बमोजिम प्रदेश सरकार आफैं वा मातहतका निकायबाट वा स्थानीय तहले सञ्चालन गर्ने प्राथमिकता प्राप्त आयोजना वा योजनाको लागि उपनियम (१) को खण्ड (ख), (च) र (ज) मा उल्लिखित कागजात, वनक्षेत्र अवश्यक पर्ने तथ्यपरक आधार र कारणसहितको प्रदेशको विषयगत मन्त्रालयको राय तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका अतिरिक्त प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय संलग्न राखी प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयले प्रदेश मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

Σ८९. **विवरण माग गर्ने:** (१) विकास आयोजनाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न स्वीकृतिको लागि माग भईआएमा मन्त्रालयले स्थलगत भेरिफिकेसनको लागि विभागमा लेखी पठाउनेछ।

(२) उपनियम (१) बमोजिम स्थलगत भेरिफिकेसनको लागि लेखि आएमा विभागले स्थलगत भेरिफिकेसन गरी अनुसूची-४९क. बमोजिमको ढाँचामा रायसहितको विवरण पेस गर्न सम्बन्धित प्रदेश मन्त्रालय मार्फत डिभिजन वन कार्यालयमा लेखी पठाउनेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(३) नियम ८८ को उपनियम (३) बमोजिम प्रदेश मन्त्रालयमा आयोजनासँग सम्बन्धित कागजात प्राप्त भएपछि स्थलगत भेरिफिकेसन गरी अनुसूची-४९क. बमोजिमको ढाँचामा रायसहितको विवरण पेस गर्न सम्बन्धित डिभिजन वन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपनियम (२) वा उपनियम (३) बमोजिम अनुसुची-४९क. बमोजिमको ढाँचामा विवरण माग भइआएमा सम्बन्धित डिभिजन वन कार्यालयले स्थलगत रूपमा भेरिफिकेसन गरी सोही अनुसूची बमोजिमको ढाँचामा विवरण र अनुसूची-५० बमोजिमको ढाँचामा विकास आयोजना कार्यान्वयन गर्दा वनक्षेत्रबाट हटाउनु पर्ने लगत विवरण सम्बन्धित विकास आयोजनाको सहयोगमा तयार गरी माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समूहको कार्य समितिको निर्णय तथा विकास आयोजना अनुसार अन्य विवरण आवश्यक भए सोसमेत संलग्न राखी सम्बन्धित प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ र सो मन्त्रालयले त्यस्तो विवरण विभागमा पठाउनु पर्नेछ।

™८९क. **स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेस गर्नुपर्ने** : नियम ८८ को उपनियम (१) बमोजिम निवेदन पेस गर्ने विकास आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा नियम ८९ बमोजिमको विवरण विभागमा प्राप्त हुँदाको बखतमा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराई विभागमा पेस गर्नु पर्नेछ।

९०. **नेपाल सरकारले स्वीकृति दिन सक्नेः** (१) राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा विभागले ≠..... नियम ८९ बमोजिम ™प्रदेश मन्त्रालयबाट प्राप्त विवरण अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न दिन ≠.....उपयुक्त हुने देखेमा यस नियमावली बमोजिम त्यस्तो विकास आयोजनाले पालना गर्नु पर्ने सर्त तोकी सो पालना गर्ने प्रतिबद्धताको लागि सो आयोजनालाई लेखी पठाउन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रतिबद्धता विकास आयोजनाबाट प्राप्त भएमा

™ तेस्रो संशोधनद्वारा थप।

≠ तेस्रो संशोधनद्वारा झिकिएको।

प्रयोग गर्न दिने राष्ट्रिय वनक्षेत्रको ठेगाना, क्षेत्रफल, ≠..... र विकास आयोजनाले पालना गर्नु पर्ने सर्तसहित मन्त्रालयले त्यस्तो वन क्षेत्रको भू-स्वामित्व Σनेपाल सरकार, मन्त्रिपरिषद् रहने गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेस गर्नेछ।

™(३क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुनुभन्दा अगाडि तत्काल प्रचलनमा रहेको कानून बमोजिम रुख तथा पोल वा बल्लाबल्लीको लगत लगायतका विवरण तयार गरी डिभिजन वन कार्यालयबाट स्थलगत भेरिफिकेसन भएका आयोजनाको हकमा विभागबाट कारबाही अगाडि बढाई उपनियम (३) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई विभागसँग सम्झौता गर्न सकिनेछ।

™(३ख) संवत् २०८२ साल साउन १४ गतेभन्दा अगाडि सम्झौता भइसकेका आयोजनाको हकमा सम्झौतामा वनक्षेत्र प्रयोग गरे बापत रकम जम्मा गर्ने उल्लेख भएकोमा सोही सम्झौता बमोजिम रुख र पोलको छपान लगत अद्यावधिक गरिएको सङ्ख्याको आधारमा कोषमा जम्मा हुने रकमको निर्धारण गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति पाएको विकास आयोजनाको अवधि समाप्त भएको र आयोजना संरक्षण एवं व्यवस्थापन गर्न कुनै पनि सङ्गठनात्मक संरचना नभएको अवस्थामा त्यस्तो राष्ट्रिय वन क्षेत्र र सोमा निर्मित भौतिक संरचनाको संरक्षण र व्यवस्थापन नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

Σ९१. **विकास आयोजनाले वनक्षेत्र कायम गर्ने प्रयोजनको लागि सट्टा भर्ना स्वरूप उपलब्ध गराएको जग्गाको व्यवस्थापन** : (१) संवत् २०८२ साल साउन १४ गतेभन्दा अगाडि विकास आयोजनाले वनक्षेत्रको जग्गा प्रयोग गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट जग्गा सट्टा लिने गरी निर्णय भएकोमा वा विभागसँग सम्झौता भएकोमा त्यस्तो आयोजना वा उद्योगको हकमा सोही निर्णय अनुरूप यो नियम प्रारम्भ हुनु अघि प्रचलनमा रहेको नियम बमोजिम जग्गा सट्टा लिन सकिनेछ।

(२) यो नियम प्रारम्भ हुनु अघि प्रचलनमा रहेको कानून बमोजिम सञ्चालन भएको विकास आयोजना वा उपनियम (१) बमोजिमका आयोजनाले वनक्षेत्र प्रयोग गरे बापत सट्टा भर्ना स्वरूप उपलब्ध गराउने जग्गा सम्बन्धित डिभिजन वन कार्यालयले

≠ तेस्रो संशोधनद्वारा झिकिएको।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™ तेस्रो संशोधनद्वारा थप।

वनक्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गरी तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा सम्बन्धित विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गर्नु पर्नेछ र यसरी विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित भए पछि तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी राष्ट्रिय वनक्षेत्र कायम गरी सोको अभिलेख राख्नु पर्नेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएपछि सम्बन्धित मालपोत कार्यालयले सो जग्गाको मालपोतको लगत र स्थानीय तहले सो जग्गाको करको लगत तत्कालै कट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएको जग्गाको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले विभाग मार्फत मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(६) यस नियम बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएको जग्गाको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

√९२. .....

Σ९३. **<u>रकम जम्मा गर्नु पर्ने:</u>** (१) ऐनको दफा ४२ को उपदफा (१) बमोजिम विकास आयोजनाले देहायको रकम कोषमा जम्मा गर्नु पर्नेछ :-

(क) ऐनको दफा ४२ को उपदफा (४) बमोजिम निजी जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने अनुसूची-५१ बमोजिमको रकम।

(ख) खण्ड (क) बमोजिमको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाइने रुखको पाँच गुणाको दरले

√ तेस्रो संशोधनद्वारा खारेज गरिएको।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने अनुसुची-५१क. बमोजिमको रकम।

(२) ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको आयोजनाले जति वनक्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्न अनुसूची-५१क. बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(३) ऐनको दफा ४२ को उपदफा (६) बमोजिम विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि ऐनको दफा ४२ को उपदफा (४) बमोजिम निर्धारित रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे) बराबरको क्षेत्रमा वृक्षारोपण गर्न र हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने अनुसूची-५१क. बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(४) ऐनको दफा ४२ बमोजिमका आयोजनाले नियम ८७ को उपनियम (४) बमोजिम अस्थायी रूपमा प्रयोग गर्नुपर्ने वनक्षेत्र बापत अनुसूची-३८ बमोजिमको रकम सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम अस्थायी प्रयोजनका लागि लिइएको जग्गाको प्रयोजन सकिए पछि विकास आयोजनाले वन पुनर्स्थापनाको कार्य आफैंले गरी डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ र आफैंले गर्न नसक्ने भएमा वन पुनर्स्थापना बापतको विभागले निर्धारण गरेको अनुमानित लागत रकम कोषमा जम्मा गर्नु पर्नेछ।

९४. **<u>सम्झौता गर्ने:</u>** (१) नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गरेपछि मात्र विभागले त्यस्तो विकास आयोजनासँग राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न सर्तसहित सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

तर गैर नाफामूलक सरकारी बहुवर्षीय आयोजनाको हकमा किस्ताबन्दीमा रकम बुझाउने गरी सम्झौता गर्न सकिनेछ र यसरी सम्झौता भएकोमा पहिलो किस्ताको रकम जम्मा गरेपछि विभागले सम्झौता गर्न सक्नेछ।

▣(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले निर्माण गर्ने आयोजनाको हकमा अर्थ मन्त्रालयले सो आर्थिक वर्षभित्र रकम जम्मा गर्ने

▣ दोस्रो संशोधनद्वारा थप।

सुनिश्चितता दिएमा त्यसको आधारमा सो उपनियम बमोजिमको सम्झौता गरी प्रमाणपत्र दिन सकिनेछ।

™(१ख) उपनियम (१) बमोजिमको सम्झौता गर्नु अघि विभागले आयोजना सञ्चालनको क्रममा हटाउनुपर्ने रुख बिरुवाको विवरण मन्त्रालयमा पठाई मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

™(१ग) उपनियम (१) बमोजिमको सम्झौता गरेको जानकारी विभागले प्रदेश मन्त्रालयमा दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विकास आयोजनाले जम्मा गरेको रकमको स्रेस्ता विभागले दुरुस्त राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको सम्झौताको पालना भए नभएको सम्बन्धमा विभागले प्रदेश सरकार अन्तर्गतका कार्यालयको समन्वय र सहकार्यमा नियमित अनुगमन गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको सम्झौताका सर्त विकास आयोजनाले पालना नगरेमा विभागले अवधि तोकी त्यस्तो सर्त पालना गर्न सम्बन्धित आयोजनालाई निर्देशन दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो आयोजनाको कर्तव्य हुनेछ।

९५. **सम्झौता गरिसकेको विकास आयोजनाले रकम बुझाउन सक्ने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने गरी विभागसँग सम्झौता भएको विकास आयोजनाले यो नियमावली प्रारम्भ हुँदासम्म पनि त्यस्तो सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउन नसकेको भएमा सट्टाभर्ना जग्गा उपलब्ध गराउन नसक्ने कारण खोली ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको रकम बुझाउन विभाग समक्ष निवेदन दिन सक्नेछ।

तर यो नियमावली प्रारम्भ हुँदा सम्झौता भएको छ महिनामात्र भएका विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसक्ने भएमा नियम ९१ र ९३ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब भएमा त्यस्तो विकास आयोजनालाई रकम बुझाउन अनुमति दिन सक्नेछ। यसरी रकम बुझाउन अनुमति दिएको व्यहोरा मन्त्रालयलाई यथाशीघ्र जानकारी

™ तेस्रो संशोधनद्वारा थप।

गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त भएमा सम्बन्धित विकास आयोजनाले ▣त्यसरी रकम जम्मा गर्नु अघि वनक्षेत्र प्रयोग गरेको अवधिको अनुसूची-३८ बमोजिमको रोयल्टी रकम राजश्व खातामा र अनुसूची-५१ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ र सोको जानकारी विभाग र मन्त्रालयलाई दिनु पर्नेछ।

▣(३क) उपनियम (१) बमोजिम सट्टाभर्ना बापत जग्गा उपलब्ध गराउन नसकेका आयोजनाले यो उपनियम प्रारम्भ भए पछि सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराएमा सट्टा भर्ना बापतको जग्गा उपलब्ध गराउनु अघि वन क्षेत्र प्रयोग गरेको अवधिको अनुसूची-३८ बमोजिमको रोयल्टी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

Σ(४) विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेको कारणबाट सम्झौता बमोजिमको सर्त पालना नगरेको वा नियम ९३ को उपनियम (१) बमोजिमको रकम जम्मा नगरेको भएमा उपनियम (३) बमोजिमको रकम जम्मा गर्दा सो रकम समेत एकमुष्ट कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनु अघि सम्झौता भएका विकास आयोजनाले सम्झौता बमोजिमको सर्त पालना नगरेको वा रकम नबुझाएको भएमा विभागले स्थलगत अनुगमन समेत गरी लगत कायम गरी नियम ९३ बमोजिमको रकम बुझाउन लगाउनु पर्नेछ।

Σ(६) उपनियम (५) बमोजिम अनुगमन गर्दा सट्टाभर्ना बापतको जग्गामा वृक्षारोपण नगरिएको वा आंशिक रूपमा मात्र गरिएको वा वनक्षेत्रको जग्गा प्रयोग गर्दा हटाइएका रुख बिरुवा बापतको वृक्षारोपण नगरिएको वा आंशिक रूपमा मात्र गरिएको पाइएमा नियम ९३ को उपनियम (१) बमोजिम हुने रकमको हिसाब गरी त्यस्तो विकास आयोजनालाई विभागले सोको समेत लगत कायम गरी त्यस्तो रकम कोषमा जम्मा गर्न लगाउनु पर्नेछ।

९६. **क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्नेः** (१) विकास आयोजनाले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका क्षति न्यूनीकरणका उपाय आफ्नै खर्चमा कार्यान्वयन गर्नु पर्नेछ।

▣ दोस्रो संशोधनद्वारा थप।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) बमोजिमका क्षति न्यूनीकरणका उपाय विकास आयोजनाबाट प्रभावित वन उपभोक्ता समूह वा स्थानीय समुदायको सहभागितामा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछ।

(३) विकास आयोजनाले पूर्वाधार निर्माण गर्दा वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गर्नु पर्नेछ।

९७. **<u>क्षतिपूर्ति उपलब्ध गराउने:</u>** (१) राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्ने क्रममा रुख बिरुवा हटाउँदा कुनै व्यक्ति, समूह वा स्थानीय समुदायको रूख बिरूवामा क्षति हुन गएमा क्षति भएको वन पैदावारको मूल्याङ्कन गरी हुन आउने रकम त्यस्तो आयोजनाले सम्बन्धित व्यक्ति, समूह वा स्थानीय समुदायलाई क्षतिपूर्ति बापत उपलब्ध गराउनु पर्नेछ।

(२) राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्दा वनमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानि नोक्सानी भएमा विकास आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सो आयोजनाको तर्फबाट त्यस्तो हानि नोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ।

९८. **<u>वनक्षेत्रमा प्रवेश:</u>** (१) राष्ट्रिय वनक्षेत्रमा नेपाल सरकारबाट अनुमति प्राप्त विकास आयोजना सञ्चालन गर्नु अघि सम्बन्धित विकास आयोजना सञ्चालकले त्यस्तो आयोजना सञ्चालनको लागि प्राप्त अनुमति, विभागसँग गरेको सम्झौता, ®..... र अन्य कागजातसहित वनक्षेत्रमा प्रवेशको लागि डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा डिभिजनल वन अधिकृतले सो उपर आवश्यक जाँचबुझ गरी राष्ट्रिय वनक्षेत्रमा विकास आयोजना सञ्चालनको लागि प्रवेश गर्न इजाजत दिनु पर्नेछ।

९९. **<u>खनिज कार्यका लागि वनक्षेत्रको प्रयोग सम्बन्धी व्यवस्था:</u>** Σ(१) ऐनको दफा ४२ को उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न वा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम गरिएको अन्वेषणको आधारमा सो दफाको उपदफा (२) बमोजिम सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ उत्खनन गर्नका लागि माग भई आएमा नेपाल सरकार,

® दोस्रो संशोधनद्वारा झिकिएको।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

मन्त्रिपरिषद्ले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम खनिज पदार्थ उत्खनन् गर्न चाहनेले देहायका कागजात सहित खानी तथा भू-गर्भ विभाग मार्फत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम खानी उत्खनन् गर्न प्राप्त इजाजतपत्र,

(ख) वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) माइनिङ स्कीम,

(घ) उत्खनन् गर्ने वनक्षेत्रको ठेगाना, चारकिल्ला र क्षेत्रफल,

(ङ) औद्योगिक कच्चा पदार्थको रुपमा त्यसरी उत्खनन् गरिएको खनिज पदार्थ प्रयोग हुने आयोजना वा उद्योगको विवरण,

(च) औद्योगिक कच्चा पदार्थको रुपमा खनिज पदार्थ प्रयोग हुने उद्योगको उद्योग दर्ता प्रमाणपत्र,

(छ) खनिज पदार्थ उत्खनन् गर्नका लागि माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए Σउपभोक्ता समूहको कार्य समितिको निर्णय।

™(ज) नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्ड पूरा गरेको भनी खनिज पदार्थ उत्खनन गर्न चाहेको आधिकारिक व्यक्तिले गरेको स्वघोषणा।

Σ(३) ऐनको दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्खनन गर्न निवेदन दिँदा उपनियम (२) मा उल्लिखित कागजातका अतिरिक्त देहाय बमोजिमका कागजात पेस गर्नु पर्नेछः-

(क) लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौतासहित बोर्डको निर्णय,

(ख) राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

™ तेस्रो संशोधनद्वारा थप।

(४) उपनियम (२) वा (३) बमोजिम निवेदन परेमा लगानी बोर्डबाट स्वीकृति आयोजनाको हकमा बोर्डले र अन्य आयोजनाको हकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक कागजात र सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

१००. **खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिने:** (१) नियम ९९ बमोजिमको सिफारिस सहितको निवेदन प्राप्त भएमा मन्त्रालयले नियम ८९ बमोजिमको प्रक्रियाद्वारा विभाग मार्फत विवरण माग गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग भएको विवरण प्राप्त भए पछि सो सम्बन्धमा अध्ययन गरी विभागले सो सम्बन्धमा आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले त्यसरी प्राप्त विवरण समेतको आधारमा त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि वनक्षेत्र प्रयोग गर्न दिन उपयुक्त हुने देखेमा सोको स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेस गर्न सक्नेछ। यसरी पेस गरिएको प्रस्ताव नेपाल सरकारले स्वीकृत गर्न सक्नेछ।

Σ(३) उपनियम (२) बमोजिम खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त भएपछि खनिज पदार्थ उत्खनन गर्नेले नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त निकायले प्रति वर्ष खानी उत्खनन गर्न प्रयोग हुने वनक्षेत्रको आधारमा रुख कटानको योजना र खानी उत्खनन भइसकेको क्षेत्रमा हरियाली कायम गर्न गरिने वृक्षारोपणको योजना तयार गरी विभागमा पेस गर्नु पर्नेछ।

Σ(५) उपनियम (३) बमोजिमको रकम र उपनियम (४) बमोजिमको योजना प्राप्त भएपछि मापदण्डमा उल्लिखित विषय र नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयमा उल्लिखित सर्तको अधीनमा रही विभागले त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त गरेको निकायसँग सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

⌀(६) राष्ट्रिय वनबाट निकालिने खनिजजन्य वन पैदावारको हकमा प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन तथा नियमावलीमा तोकिए बमोजिमको मूल्य रकम खानी तथा भूगर्भ विभागमा बुझाउनु पर्नेछ र सो रकमको थप दश प्रतिशत रकम

Σ तेस्रो संशोधनद्वारा संशोधित।

⌀ पहिलो संशोधनद्वारा संशोधित।

वातावरणीय सेवा शुल्क बापत खानी तथा भूगर्भ विभाग मार्फत वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

™तर संवत् २०८० साल साउन ३२ गतेभन्दा अगाडि तिर्न बुझाउन बाँकी रहेको रकमको हकमा सो मितिभन्दा अगाडि कायम रहेको निर्धारित दर बमोजिम नै रकम तिर्नु बुझाउनु पर्नेछ।

(७) ऐन तथा यस नियमावली बमोजिम खनिज पदार्थ उत्खनन गर्नेले वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी उत्खनन गर्नु पर्नेछ।

Σ(८) खनिज पदार्थ उत्खनन कार्यको अनुगमन तथा नियमन सम्बन्धित उद्योग र डिभिजन वन कार्यालयको सहभागितामा खानी तथा भू-गर्भ विभागले वार्षिक रूपमा गर्नु पर्नेछ र सोको प्रतिवेदन विभाग र सम्बन्धित प्रदेश मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(९) Σ<u>विभाग वा प्रदेश मन्त्रालय वा निर्देशनालय वा डिभिजन वन कार्यालयले जुनसुकै समयमा खानी क्षेत्रको ∅अनुगमन तथा निरीक्षण गर्न सक्नेछ र यसरी अनुगमन तथा निरीक्षण गरिएकोमा सोको प्रतिवेदन खानी तथा भू-गर्भ विभागलाई समेत दिनु पर्नेछ</u>।

(१०) उपनियम (८) वा (९) बमोजिम अनुगमन र निरीक्षण गरी दिएको निर्देशन खानी तथा खनिज पदार्थ उत्खनन गर्ने निकायले पालना गर्नु पर्नेछ।

१०१. **<u>निजी खानी क्षेत्रको सीमाना निर्धारणः</u>** (१) वन क्षेत्रसँग जोडिएको निजी जग्गामा खानी सञ्चालन गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति वा संस्थाले खानी सञ्चालन गर्नु अघि सीमाना यकिन गरेर मात्र खानी सञ्चालन गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनका लागि वन क्षेत्र र निजी जग्गाको सीमाना निर्धारण गर्नको लागि देहाय बमोजिमको समिति रहनेछः-

(क)	नापी अधिकृत, नापी कार्यालय	-संयोजक
(ख)	अधिकृत प्रतिनिधि, खानी तथा भू-गर्भ विभाग	-सदस्य
(ग)	अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय	-सदस्य
(घ)	डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत	-सदस्य

™ तेस्रो संशोधनद्वारा थप।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

∅ पहिलो संशोधनद्वारा संशोधित।

(ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित प्रहरी कार्यालय -सदस्य

(च) खानी रहेको क्षेत्रको स्थानीय तहको वडा अध्यक्ष -सदस्य

(छ) निजी जग्गाधनी वा खानी सञ्चालक -सदस्य

(३) खानी सञ्चालनका लागि वनक्षेत्र र निजी जग्गा छुट्याउँदा वनक्षेत्रको सीमानाबाट निजी जग्गामा कम्तीमा ∅दश मिटरको मध्यवर्ती क्षेत्र (बफर जोन) राखेर मात्र खानी सञ्चालन गर्नु पर्नेछ।

Σ१०२. **रुख हटाउने सम्बन्धी व्यवस्थाः** (१) नियम ९४ को उपनियम (१) वा नियम १०० को उपनियम (५) बमोजिमको सम्झौता डिभिजन वन कार्यालयमा प्राप्त भएपछि डिभिजन वन कार्यालयले त्यस्तो आयोजना वा उद्योग सञ्चालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी कटान इजाजत उपलब्ध गराउनु पर्नेछ। रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित निकायले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु पर्नेछ।

(२) ऐनको दफा ४२ वा ४३ बमोजिम विकास आयोजना वा उद्योगलाई प्रयोग गर्न दिइएको वनक्षेत्रमा त्यस्तो आयोजना वा उद्योग सञ्चालनको क्रममा सम्झौतामा उल्लेख भएभन्दा बढी रुख हटाउनु पर्ने भएमा विभागले आवश्यक जाँचबुझ गर्दा स्वीकृति प्राप्त हटाउने रुख सङ्ख्याको दश प्रतिशतभन्दा बढी थप रुख हटाउनु पर्ने देखिएमा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(३) ऐनको दफा ४२ बमोजिम स्वीकृति प्राप्त भएका वा वन ऐन, २०४९ प्रारम्भ हुनु अघि नेपाल सरकारबाट राइट अफ वे कायम भएका सडक वा नहर विस्तारको क्रममा राईट अफ वे भित्रका रुख हटाउनु पर्ने भएमा सम्बन्धित निकायको सिफारिसमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिमको स्वीकृति प्राप्त भए पछि त्यस्तो आयोजना वा उद्योगले उपनियम (२) वा (३) बमोजिमका थप रुख बापत नियम ९३ बमोजिम लाग्ने थप रकम कोषमा जम्मा गर्नु पर्नेछ।

∅ पहिलो संशोधनद्वारा संशोधित।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

१०३. **<u>वन पैदावारको व्यवस्थापन गर्नु पर्ने:</u>** (१) यस परिच्छेद बमोजिम रुख हटाउन स्वीकृत पाएको निकायले आफ्नै खर्चमा रूख, बिरूवा तथा अन्य वन पैदावार कटान, मुछान तथा सङ्कलन गरी डिभिजनल वन अधिकृतले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

Σतर त्यस्ता रुखहरू छपान मूल्याङ्कनको आधारमा एक तह माथिको निकायको स्वीकृति लिई डिभिजन वन अधिकृतले खडै अवस्थामा लिलाम बिक्री गर्न बाधा पर्ने छैन।

▣(१क) उपनियम (१) बमोजिम घाटगद्दी भएको काठ, दाउरा बाटोको पहुँच नभएको कारण उपयोग हुन नसक्ने अवस्था सृजना भएमा वा हानिनोक्सानी भएमा सम्बन्धित आयोजनाले अनुसुची-६ बमोजिमको मूल्य तिर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमका कार्य डिभिजन वन कार्यालयको वन अधिकृतको रोहबरमा सम्पन्न गरी डिभिजन वन कार्यालयलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वनको हकमा उपनियम (१) बमोजिमको कार्य गर्दा सम्बन्धित उपभोक्ता समूहको कार्यसमितिका प्रतिनिधि समेतको रोहबरमा गरी सम्बन्धित उपभोक्ता समूहलाई वन पैदावार हस्तान्तरण गर्नु पर्नेछ।

तर सामुदायिक वन उपभोक्ता समूह गठन हुनु अगावै ऐनको दफा ४२ बमोजिमका विकास आयोजनालाई प्रयोग गर्न दिईएका वनको हकमा उपनियम (१) बमोजिम प्राप्त वन पैदावार नेपाल सरकारको हुनेछ।

(४) उपनियम (१) बमोजिम काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(५) नियम ९० बमोजिम राष्ट्रिय वन क्षेत्र भित्र विकास आयोजना सञ्चालन गर्दा ढुङ्गा, गिट्टी वा बालुवा निस्किएमा सम्बन्धित आयोजनाले अनुसूची-८ बमोजिम नदीजन्य वन पैदावारको लागि निर्धारण गरिए बमोजिमको दस्तुर बुझाई प्रयोग गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम निस्किएको ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित आयोजनाले प्रयोग नगरेमा डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाको आधारमा बिक्री गर्नु पर्नेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

▣ दोस्रो संशोधनद्वारा थप।

™(७) यस नियमावली बमोजिम रुखहरू हटाउँदा भवितव्यजन्य कारणले अनुमति प्राप्त रुख बिरुवा बाहेक अन्य रुख बिरुवामा हानि नोक्सानी हुन गएमा डिभिजन वन कार्यालयले गरेको मूल्याङ्कनको आधारमा विभागले निर्धारण गरेको त्यस्तो हानि नोक्सानी बापतको रकम त्यस्तो विकास आयोजना वा उद्योगले कोषमा जम्मा गर्नु पर्नेछ।

परिच्छेद-१३

वातावरणीय सेवा

१०४. **वातावरणीय सेवा सम्बन्धी व्यवस्थाः** (१) वनक्षेत्रको स्रोत प्रयोग गर्ने र त्यस्तो वन व्यवस्थापन गर्ने निकाय वा संस्थाबीच सम्झौता गरी वातावरणीय सेवाको भुक्तानी सम्बन्धी व्यवस्था गरिनेछ।

(२) डिभिजनल वन अधिकृतले वन, जैविक विविधता, जलाधार तथा जलचक्र प्रणालीको संरक्षण र व्यवस्थापन गरी वातावरणीय सेवा प्रवाह गर्नेलाई वातावरणीय सेवाको उपयोग गर्ने व्यक्ति, समूह, सङ्गठित संस्था वा अन्य निकायबाट वातावरणीय सेवा उपयोग गरेबापतको भुक्तानीको व्यवस्था मिलाउन सक्नेछ।

(३) जैविक विविधता, जलाधार, जलचक्र प्रणाली र पर्यापर्यटनमा आधारित वातावरणीय सेवाको व्यवस्थापन गरी त्यस्तो सेवा बिक्री गर्न चाहने वन उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा सो सम्बन्धी व्यवस्था गरी वा वातावरणीय सेवा सम्बन्धी कार्ययोजना बनाई डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ र सो कार्यालयले स्वीकृत गरेकोमा त्यस्तो कार्ययोजना लागू गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको वातावरणीय सेवा सिर्जना गर्ने वन उपभोक्ता समूहले वातावरणीय सेवा खरिद गर्न चाहने स्वदेशी खरिदकर्तासँग निश्चित अवधिका लागि सम्झौता गरी कार्बन सेवा बाहेकको वातावरणीय सेवाको बिक्री गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको रकम वातावरणीय सेवा प्रवाह गर्ने र उपयोग गर्ने बीचको आपसी समझदारीमा निर्धारण हुनेछ।

(६) जलाधार र जलस्रोतमा आधारित जलविद्युत, खानेपानी, पर्यापर्यटन जस्ता आयोजनाले कुनै वन उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले व्यवस्थापन गर्दै आएको कार्बन सेवा बाहेकको वातावरणीय सेवा खरिद गर्न चाहेमा सम्बन्धित उपभोक्ता समूह तथा स्थानीय समुदायको सहमति र सहभागितामा वातावरणीय सेवा व्यवस्थापन

™ तेस्रो संशोधनद्वारा थप।

योजना तर्जुमा गरी स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम स्वीकृत कार्ययोजना वा योजना बमोजिम सिर्जना हुने वातावरणीय सेवाको बिक्रीबाट उपभोक्ता समूह वा अन्य स्थानीय समुदायले प्राप्त गरेको रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वातावरणीय सेवाको अभिवृद्धि सम्बन्धी क्रियाकलापमा खर्च गरी बाँकी रहेको रकम सम्बन्धित क्षेत्रका बासिन्दाको आय आर्जन र वातावरण मैत्री सामुदायिक विकासका कार्यमा उपयोग गर्नु पर्नेछ।

(८) डिभिजन वन कार्यालयले प्रदेश मन्त्रालयको सहमतिमा वातावरणीय सेवाको रकम निर्धारण र बिक्री तथा सोबाट प्राप्त लाभको सदुपयोग सम्बन्धी कार्ययोजना तर्जुमा गरी प्रदेश मन्त्रालयमा पेस गर्नु पर्नेछ र प्रदेश मन्त्रालयबाट स्वीकृत भएपछि त्यस्तो कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ।

(९) यस नियम बमोजिम वातावरणीय सेवाको व्यवस्थापन गर्ने सन्दर्भमा डिभिजन वन कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्नेछ।

१०५. **वातावरणीय सेवा शुल्क लाग्नेः** ऐनको दफा ४२ बमोजिम राष्ट्रिय वनक्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृत प्राप्त मुनाफा कमाउने विकास Σआयोजना वा उद्योगले मुनाफा प्राप्त हुन सुरु भएपछि वातावरणीय सेवा बापत मुनाफाको एक प्रतिशत रकम कोषमा जम्मा गर्नु पर्नेछ।

१०६. **वातावरणीय सेवा प्रदान गर्न चाहने निजी वनको धनीले पालन गर्नु पर्ने सर्तः** (१) ऐनको दफा ४४ को उपदफा (२) बमोजिम वातावरणीय सेवामा संलग्न हुन चाहने निजी वन धनीले वातावरणीय सेवा सम्झौतामा उल्लिखित सर्तका अतिरिक्त देहाय बमोजिमका सर्तको पालना गर्नु पर्नेछः-

(क) एकल वा सामूहिक रुपमा आपसमा जोडिएको जग्गामा कम्तीमा दुई हेक्टर क्षेत्रफलको निजी वन दर्ता गरेको,

(ख) निजी वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएको।

(२) निजी वन धनीले वातावरणीय सेवामा संलग्न हुँदा पालना गर्नु पर्ने अन्य सर्त डिभिजनल वन अधिकृत तथा निजी वनको धनी बीच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

(३) ऐनको दफा ४४ को उपदफा (२) को प्रयोजनको लागि डिभिजन वन कार्यालयले एक वर्षमा एक पटक पहिलो त्रैमासिक अवधिभित्र प्रस्ताव आह्वान गरिसक्नु पर्नेछ।

१०७. **कार्बन सेवा सम्बन्धी व्यवस्थाः** (१) ऐन र प्रचलित वातावरण संरक्षण ऐन बमोजिम कार्बन व्यापारमा भाग लिन मन्त्रालयले मन्त्रालय अन्तर्गतको कुनै निकाय मार्फत नेपालभरको वनक्षेत्र भित्रको कार्बन सञ्चिति वृद्धि तथा उत्सर्जन न्यूनीकरणका कार्यक्रम बनाई लागू गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यक्रमको तयारी र कार्यान्वयन गर्दा विद्यमान प्राकृतिक वन तथा जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण तथा दिगो व्यवस्थापन, स्थानीय समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार, परम्परागत तथा प्रथाजनित ज्ञान र अभ्यास तथा नवीनतम ज्ञानको उपयोगमा प्रतिकूल प्रभाव नपर्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको कार्यक्रम मन्त्रालयले मन्त्रालय अन्तर्गतको कुनै निकाय मार्फत प्रदेश मन्त्रालय, निर्देशनालय, डिभिजन वन कार्यालय, उपभोक्ता समूह, सम्बन्धित स्थानीय समुदाय र स्थानीय तहको सहभागितामा कार्यान्वयन गर्नेछ।

(४) उपनियम (१) बमोजिमको कार्यक्रम कार्यान्वयनबाट वन क्षेत्रमा वृद्धि भएको कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणको परिमाणलाई नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा स्वीकृत कार्बन व्यापारको प्रक्रियाको माध्यमबाट निश्चित अवधिका लागि बिक्री गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम वनक्षेत्रभित्र सञ्चित भएको कार्बन व्यापारका लागि मन्त्रालयले कार्बन खरिदकर्ता समक्ष अवधारणा पत्र पठाउनुका साथै प्रारम्भिक चरणको कार्य अगाडि बढाउन सक्नेछ।

(६) उपनियम (४) बमोजिम कार्बन सेवा बिक्री गर्नु अघि [1]मन्त्रालयले निर्धारण गरेको प्रक्रिया अवलम्बन गरी वन उपभोक्ता समूह र अन्य प्रभावित स्थानीय समुदायलाई जानकारी गराई प्रभावित स्थानीय समुदायको पूर्व सुसूचित सहमति लिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा भएको कार्बन सञ्चिति वृद्धि तथा उत्सर्जन न्यूनीकरणको प्रति एकाइ मूल्य नेपाल सरकार र कार्बन

---

[1] दोस्रो संशोधनद्वारा संशोधित।

सेवाको खरिदकर्ता मुलुक वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाका बीच भएको सम्झौता बमोजिम हुनेछ।

(८) यस नियम बमोजिम कार्बन व्यापारबाट प्राप्त हुने लाभ रकमको कम्तीमा असी प्रतिशत रकम अर्थ मन्त्रालय मार्फत कोषमा जम्मा हुनेछ।

(९) कार्बन सेवा बापत कोषमा प्राप्त रकम बाँडफाँटका लागि मन्त्रालयले नियम ११५ को अधीनमा रही उपनियम (१) बमोजिमको कार्यक्रम लागू भएका क्षेत्रका स्थानीय तह, सम्बन्धित निजी वन धनी, वन उपभोक्ता समूह र प्रभावित स्थानीय समुदायको सहभागितामा लाभको बाँडफाँट सम्बन्धी योजना तयार गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, उपभोक्ता समूह, स्थानीय समुदाय तथा निजी वन धनी बीच बाँडफाँट गर्नु पर्नेछ।

परिच्छेद-१४

कोषको सञ्चालन

१०८. **कोषको सञ्चालनः** (१) ऐनको दफा ४५ बमोजिमको वन विकास कोष विभागमा रहनेछ।

[Ω](२) कोषको बैङ्क खाता नियम ११२ को उपनियम (२) बमोजिम खटाइएको उपमहानिर्देशक र विभागको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषको आय-व्यय सम्बन्धी वार्षिक विवरण सार्वजनिक गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम कोषमा रहेको रकमको हिसाब राख्दा ऐनको दफा ४२ को [Σ]उपदफा (४), (५) र (६) बमोजिम प्राप्त रकम, कार्बन व्यापारबाट प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्त रकमको अलग अलग हिसाब राख्नु पर्नेछ।

१०९. **कार्यक्रम छनौट तथा कार्यान्वयन समितिः** (१) कोषको रकम प्रयोग गरी सञ्चालन गरिने कार्यक्रमको छनौट गर्न तथा त्यस्तो कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्न देहाय बमोजिमको एक कार्यक्रम छनौट तथा कार्यान्वयन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय	- अध्यक्ष
(ख) सहसचिव, अर्थ मन्त्रालय	- सदस्य

Ω दोस्रो संशोधनद्वारा संशोधित।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

[■](ख१) सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय - सदस्य

(ग) सचिव, सम्बन्धित प्रदेशको वन तथा वातावरण विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - सदस्य

[■](घ१) महानिर्देशक - सदस्य

[■](घ२) प्रमुख, रेड कार्यान्वय केन्द्र - सदस्य

(ङ) उपभोक्ता समूह मध्येबाट समितिले मनोनयन गरेका एकजना महिला सहित दुई जना - सदस्य

[🕮](च) नियम ११२ को उपनियम (२) बमोजिम खटाइएको उपमहानिर्देशक - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको सदस्यलाई सम्बन्धित प्रदेशसँग सम्बन्धित विषयमा छलफल वा निर्णय गरिने बैठकमा बोलाउनु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजले पदबाट राजिनामा दिई समितिले स्वीकृत गरेमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(घ) निज बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) निजको मृत्यु भएमा।

(५) समितिको सचिवालय विभागमा रहनेछ।

११०. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

---

■ दोस्रो संशोधनद्वारा थप।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

(क) प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमको लागि वार्षिक बजेट निर्धारण गरी कार्यक्रमका लागि प्रस्ताव माग गर्ने,

(ख) कोषबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको लागि वार्षिक बजेटको सिलिङ्ग निर्धारण गर्ने,

(ग) कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) बहुवर्षीय योजना तथा कार्यक्रम स्वीकृत गर्ने र सोको लागि स्रोत सुनिश्चित गर्ने,

(ङ) दीर्घकालीन नीति र रणनीति तर्जुमा गरी मन्त्रालयमा पेस गर्ने,

(च) सङ्घ, प्रदेश, स्थानीय तह र सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने,

(छ) वनको दिगो व्यवस्थापनका लागि वन उपभोक्ता समूह, स्थानीय समुदाय र सङ्घ संस्थालाई प्रोत्साहन गर्ने,

(ज) हरियाली प्रवर्द्धनका लागि व्यक्ति, सङ्घ संस्था तथा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने,

(झ) कोषको रकम प्रयोग गरी सञ्चालन गरिएका योजना तथा कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने,

(ञ) कोषको रकम प्रयोग गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्ने,

(ट) कोषको उद्देश्य प्राप्तिका लागि गर्नु पर्ने अन्य आवश्यक कार्य गर्ने वा गराउने।

१११. **<u>समितिको बैठक र निर्णयः</u>** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय बैठक बस्नुभन्दा तीन दिन अगावै सदस्यलाई जानकारी गराउनु पर्नेछ।

(४) समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षको मत निर्णायक हुनेछ।

(६) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

[दोस्रो]११२. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) कोषको सचिवालयलाई आवश्यक पर्ने कर्मचारी विभागले उपलब्ध गराउनु पर्नेछ।

(२) विभागले कोषको सचिवालय प्रमुखको रुपमा काम गर्न एक जना उपमहानिर्देशकलाई खटाउने छ र निजले कोषको दैनिक कार्य सञ्चालन गर्नेछ।

११३. **समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कोषमा रकम जम्मा गर्न सहजीकरण गर्ने,

(ग) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रचलित कानून बमोजिम कोषको रकम खर्च गर्ने, नेपाल सरकारको लेखाप्रणाली बमोजिम लेखा राख्ने र लेखापरीक्षण गर्ने वा गराउने,

(ङ) कोषबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन गरी प्रगति विवरण वर्षको दुईपटक समिति समक्ष पेस गरी समीक्षा गर्ने।

११४. **कोषको रकम खर्च गर्ने क्षेत्रः** (१) कोषको रकम खर्च गर्दा देहाय बमोजिमका वन विकासका कार्यमा खर्च गरिनेछः-

(क) वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्न,

(ख) वनक्षेत्र बाहिर जग्गाको व्यवस्था गरी वनको विकास गर्न,

(ग) नर्सरी स्थापना, बिरुवा उत्पादन वा खरीद र वृक्षारोपण गर्न,

(घ) वन अतिक्रमण हटाई वृक्षारोपण गर्न,

(ङ) सार्वजनिक जग्गा, नदी उकास क्षेत्रमा वृक्षारोपण तथा व्यवस्थापन गर्न,

(च) वन उद्यान र सहरी वन विकास कार्यक्रम सञ्चालन गर्न,

(छ) निजी वन तथा कृषि वनको विकास र विस्तारको लागि बिरुवा उपलब्ध गराउन,

(ज) वृक्षारोपण आयोजना सञ्चालन गर्न,

[दोस्रो] दोस्रो संशोधनद्वारा संशोधित।

(झ) प्राकृतिक पुनरोत्पादनको संरक्षण तथा व्यवस्थापन गर्ने,

(ञ) हैसियत बिग्रेको प्राकृतिक वनक्षेत्रको सुधार तथा पुनरुत्थान गर्ने,

(ट) विकास आयोजनाबाट प्रभावित वनको संरक्षण र व्यवस्थापन गर्ने,

(ठ) चुरे, संरक्षित जलाधार, सडक तथा नदी किनार, पहिरोका जोखिम क्षेत्र लगायतका वातावरण संरक्षणको दृष्टिकोणबाट अति संवेदनशील क्षेत्रको पुनरुत्थान गर्ने,

(ड) पानी मुहान संरक्षण र सिमसार क्षेत्रको सुधार तथा मर्मत सम्भार गर्ने,

(ढ) जैविक विविधता तथा वनस्पतिको आनुवंशिक स्रोतको स्वस्थानीय र परस्थानीय संरक्षण तथा संवर्द्धन गर्ने तथा मिचाहा प्रजातिको नियन्त्रण तथा व्यवस्थापन गर्ने,

(ण) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,

(त) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने,

(थ) वन डढेलो नियन्त्रण, व्यवस्थापन र आवश्यक उपकरणको आपूर्ति गर्ने,

(द) वन, वातावरण, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

(ध) संरक्षणको लागि आवश्यक पर्ने तथा जोखिममा रहेका बस्ती स्थानान्तरण गरी सो जग्गालाई राष्ट्रिय वनक्षेत्रमा परिणत गर्ने,

(न) प्रदेश सरकार, स्थानीय तह, वन उपभोक्ता समूह तथा विभिन्न सङ्घ संस्थासँगको सहकार्य र साझेदारीमा वन विकासका कार्य गर्ने।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४२ को उपदफा (५) बमोजिम कोषमा प्राप्त रकम देहाय बमोजिम खर्च गर्नु पर्नेछः-

(क) ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको प्रयोजनका लागि वनक्षेत्र विकास गर्ने जग्गा प्राप्त गर्दा लाग्ने मुआब्जा दिने,

(ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा जोखिममा रहेका वा संरक्षणको दृष्टिले उपयुक्त भएका बस्ती स्थानान्तरण गर्न र मुआब्जा दिन,

(ग) खण्ड (क) को प्रयोजनको लागि जग्गा खरिद गरी वन विकास गर्न।

(३) यस नियम बमोजिम कोषको रकम प्रयोग गर्दा समितिले प्राथमिकताक्रम निर्धारण गरी सोको आधारमा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

(४) यस नियम बमोजिम कोषको रकम परिचालन गरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको दिगोपनाको लागि सङ्घ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकायले आपसी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

(५) कोषको प्रशासनिक खर्च कोषको कुल बजेटको पाँच प्रतिशतभन्दा बढी हुने छैन।

११५. **<u>कार्बन व्यापारबाट प्राप्त रकमको बाँडफाँट:</u>** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा जम्मा भएको जलवायु परिवर्तन अनुकूलन र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको बाँडफाँट देहाय बमोजिम हुनेछः

(क) कोषको व्यवस्थापनको लागि -दश प्रतिशत

(ख) वन व्यवस्थापनमा संलग्न निकाय वा उपभोक्ता समूहको लागि -असी प्रतिशत

(ग) कार्यक्रम क्षेत्रभित्र रहेका निजी वन धनीका लागि -पाँच प्रतिशत

(घ) उपभोक्ता समूहमा नरहेका वनमा आश्रित घरधुरीका लागि -पाँच प्रतिशत

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको उपभोक्ता समूहलाई प्राप्त हुने रकम कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी दस्तावेजमा उल्लेख भएको कार्यक्रममा खर्च गर्नु पर्नेछ।

(३) उपनियम (१) को खण्ड (ख) बमोजिमको वन व्यवस्थापनमा संलग्न निकायलाई प्राप्त हुने रकम कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी दस्तावेजमा समावेश भई समितिबाट स्वीकृत कार्यक्रममा खर्च गर्नु पर्नेछ।

▣(४) उपनियम (२) र (३) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा रेड कार्यान्वयन केन्द्र मार्फत गर्नु पर्नेछ।

११६. **प्रदेश सरकार मार्फत कार्यक्रम कार्यान्वयन गर्न सक्ने:** (१) कोषको रकम प्रयोग गरी सञ्चालन गरिने कार्यक्रम प्रदेश सरकार मार्फत समेत सञ्चालन गर्न सकिनेछ।

(२) समितिले प्रदेश सरकार मार्फत सञ्चालन हुने कार्यक्रमको लागि वार्षिक बजेटको सीमा निर्धारण गरी योजना तर्जुमा गर्न सबै प्रदेशमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम तोकिएको वार्षिक बजेटको सीमाभित्र रही प्रत्येक प्रदेशले कार्यक्रम प्रस्ताव गरी समिति समक्ष पेस गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएको कार्यक्रम समितिले स्वीकृत गरी कार्यान्वयनका लागि प्रदेश सरकारलाई पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृत भएको कार्यक्रम प्रदेश सरकारले कार्यान्वयन गरी सोको प्रगति विवरण र सो आर्थिक वर्षभित्र खर्च हुन नसकेको बाँकी रकम कोषमा फिर्ता गर्नु पर्नेछ।

११७. **कोषको रकमबाट सञ्चालन गर्न नहुने कार्य:** कोषको रकमबाट देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिने छैनः-

(क) कर्मचारीलाई तलब, भत्ता र औषधि उपचार सम्बन्धी खर्चको भुक्तानी गर्न,

(ख) कोषको कार्यमा खटिएका कर्मचारी बाहेकलाई भ्रमण भत्ता भुक्तानी गर्न,

(ग) फर्निचर वा सवारी साधन खरीद तथा मर्मत गर्न, भवन निर्माण तथा मर्मत गर्न,

(घ) चन्दा, उपहार तथा आर्थिक सहयोग दिन,

(ङ) विदेश भ्रमण गर्न,

(च) समितिले स्वीकृत गरेका कार्यक्रम बाहेकका अन्य कार्यमा खर्च गर्न।

परिच्छेद-१५

वन सुरक्षा

▣ दोस्रो संशोधनद्वारा थप।

११८. <u>वन सुरक्षा सम्बन्धी व्यवस्थाः</u> (१) डिभिजनल वन अधिकृतले वन सुरक्षाको लागि तथा ऐन तथा यस नियमावली विपरीत हुन सक्ने कार्य नियन्त्रणका लागि नियमित वन गस्ती परिचालन गर्नु पर्नेछ।

[१](१क) वन, वन्यजन्तु, वनस्पति, जैविक विविधताको सुरक्षाको लागि वनक्षेत्रभित्र सुरक्षाकर्मी बस्ने वा वन कार्यालयको निमित्त आवश्यक पर्ने स्थायी प्रकृतिको भवन निर्माण गर्नु पर्ने भएमा मन्त्रालयको स्वीकृति लिई निर्माण गर्न सकिनेछ।

(२) डिभिजनल वन अधिकृतले नियम १४ को उपनियम (३) बमोजिमको रणनीतिक योजनामा वन सुरक्षाको विषय समेत समावेश गर्नु पर्नेछ र सो रणनीतिक योजनाको अधीनमा रही वार्षिक सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले आफूले व्यवस्थापन गरेको वनको सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ र त्यस्तो वन क्षेत्रमा हुने कसुर नियन्त्रणका लागि उपभोक्ता समूहले सहयोग माग गरेमा डिभिजनल वन अधिकृतले आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनको सुरक्षाको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला वन सुरक्षा समन्वय समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु -सदस्य

(ग) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(५) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत उपनियम (४) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।

(६) राष्ट्रिय वनको सुरक्षाको लागि डिभिजन वन कार्यालयबाट अनुरोध भई आएमा स्थानीय प्रशासन र सुरक्षा निकायले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(७) प्रदेश वन निर्देशकले राष्ट्रिय वनको सुरक्षाको सम्बन्धमा डिभिजन वन कार्यालयबाट भएको क्रियाकलापको नियमित अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ।

(८) डिभिजनल वन अधिकृतले ऐनको दफा ६८ को उपदफा (१) र (२)

---

[१] पहिलो संशोधनद्वारा थप।

बमोजिम जफत वा बरामद भएका वन पैदावार वा मालबस्तु लिलाम बिक्री गर्दा नियम २५ बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

११९. **<u>वन अतिक्रमण नियन्त्रण सम्बन्धी व्यवस्थाः</u>** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्र भित्रको वनक्षेत्रमा भएको अतिक्रमण हटाउनु पर्नेछ।

(२) वन अतिक्रमण नियन्त्रणमा डिभिजनल वन अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक वन अतिक्रमण नियन्त्रण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक
(ख) जिल्ला समन्वय अधिकारी -सदस्य
(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय -सदस्य
(घ) प्रमुख, जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल -सदस्य
(ङ) प्रमुख, नापी कार्यालय -सदस्य
(च) सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व भएका राजनीतिक दलका जिल्ला स्थित प्रतिनिधि -सदस्य
(छ) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखले तोकेको प्रतिनिधि -सदस्य
(ज) सम्बन्धित वन उपभोक्ता समूहको अध्यक्ष -सदस्य
(झ) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(३) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत उपनियम (२) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।

(४) उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समितिले डिभिजनल वन अधिकृतलाई वन अतिक्रमण हटाउन आवश्यक सहयोग गर्नुका साथै अतिक्रमण हटाउँदाका बखत आवश्यक सुरक्षाको प्रबन्ध गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रभित्रको वन अतिक्रमणको अवस्था सहितको तथ्याङ्क र अतिक्रमण नियन्त्रणको प्रगति प्रदेश मन्त्रालय, विभाग र उपनियम (२) बमोजिमको वन अतिक्रमण नियन्त्रण समिति समक्ष पेस गर्नु पर्नेछ।

(६) अतिक्रमण हटाएको वन क्षेत्रमा डिभिजनल वन अधिकृतले यथाशीघ्र

वृक्षारोपण गरी वनको संरक्षण तथा व्यवस्थापन गर्नु पर्नेछ।

१२०. **वन डढेलो नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्यक्षेत्रमा वन डढेलो लाग्न नदिन उचित प्रबन्ध गर्नु पर्नेछ र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। डिभिजनल वन अधिकृतले डढेलो नियन्त्रणका लागि डढेलो नियन्त्रण संयन्त्र गठन गर्न सक्नेछ।

(२) वन डढेलो नियन्त्रणको लागि स्थानीय प्रशासन र सुरक्षा निकायले डिभिजनल वन अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले आफ्नो वनक्षेत्रमा वन डढेलो लाग्न नदिन र वन डढेलो लागेमा तत्काल नियन्त्रणको व्यवस्था गर्नु पर्नेछ। उपभोक्ता समूहले डढेलो नियन्त्रणका लागि वन डढेलो नियन्त्रण स्वयंसेवी उपसमूह वा एकाइ गठन गर्न सक्नेछ।

(४) निजी वन धनी वा जग्गावालाले आफ्नो निजी वन वा जग्गामा लागेको आगो वा डढेलो अन्यत्र फैलिन नदिने व्यवस्था गर्नु पर्नेछ।

(५) डिभिजनल वन अधिकृतले वन डढेलो नियन्त्रणका लागि गरिएको व्यवस्थाको विवरण निर्देशनालय, विभाग र प्रदेश मन्त्रालयलाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ।

(६) विभागले भौगोलिक सूचना प्रणाली (जिपिएस) मा आधारित वन डढेलो सूचना प्रणाली वा यस्तै किसिमको अन्य प्रविधिको विकास गरी वन डढेलो लागेको जानकारी सम्बन्धित डिभिजनल वन अधिकृतलाई तत्काल प्रवाह गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(७) प्रदेश मन्त्रालयले वन डढेलोको अवस्था हेरी जिल्ला वन सुरक्षा समन्वय समितिको सिफारिसमा वन डढेलो जोखिम क्षेत्र घोषणा गरी रोकथाम र नियन्त्रणका लागि विशेष व्यवस्था गर्न सक्नेछ।

(८) नेपाल सरकारले वन डढेलोको कारणबाट धन जनको क्षति भएमा उचित राहत र घाइतेको उपचारको व्यवस्था मिलाउन सक्नेछ।

परिच्छेद-१६

अन्तरतह समन्वय

१२१. **अन्तरतह वनक्षेत्र समन्वय:** (१) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमको विषयगत समितिले वनक्षेत्रको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनमा अन्तरतह समन्वय र सहकार्य गर्नेछ।

(२) वन व्यवस्थापन र वातावरणीय सेवा सम्बन्धी कार्यक्रम कार्यान्वयको लागि उपनियम (१) बमोजिमको विषयगत समितिले आवश्यकता अनुसार छुट्टै संयन्त्र बनाउन वा कार्यटोली गठन गर्न सक्नेछ।

१२२. **जिल्ला वनक्षेत्र समन्वय समितिः** (१) जिल्लामा रहेका वन स्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका साथै विकास र वातावरणबीच सन्तुलन कायम राख्ने कार्यमा सहजीकरण तथा समन्वय गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला वनक्षेत्र समन्वय समिति रहनेछः-

(क) जिल्ला समन्वय समितिका प्रमुख -अध्यक्ष

(ख) जिल्ला सदरमुकाम भएको स्थानीय तहको प्रमुख वा उपप्रमुख -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला समन्वय अधिकारी -सदस्य

(ङ) प्रमुख, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्र कार्यालय -सदस्य

(च) प्रमुख, बृहत जलाधार व्यवस्थापन कार्यालय वा जलाधार व्यवस्थापन कार्यालय -सदस्य

(छ) प्रमुख, वनस्पति अनुसन्धान केन्द्र -सदस्य

(ज) जिल्लाभित्र रहेका वनसँग सम्बन्धित उद्योगी मध्ये अध्यक्षले मनोनयन गरेको प्रतिनिधि एक जना -सदस्य

(झ) जिल्लाभित्र रहेको वन उपभोक्ता समूहका प्रतिनिधि (दुई जना महिला सहित बढीमा पाँच जना) -सदस्य

(ञ) डिभिजनल वन अधिकृत -सदस्य-सचिव

(२) कुनै जिल्लामा एक भन्दा बढी डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाममा रहेको डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत उपनियम (१) बमोजिमको समितिको सदस्य-सचिवको रुपमा र अन्य डिभिजनल वन अधिकृत सदस्यको रुपमा रहनेछन्।

(३) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा एक पटक र आवश्यकता अनुसार बस्नेछ।

(४) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि र विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) उपनियम (१) बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितको बैठकको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२३. **जिल्ला वनक्षेत्र समन्वय समितिको काम, कर्तव्य र अधिकार:** (१) नियम १२२ बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लाभित्रको वन, वन्यजन्तु तथा जलाधारको संरक्षण, व्यवस्थापन र विकासका लागि सहजीकरण गर्ने,

(ख) जिल्लाको वन विकास योजना, आवधिक तथा वार्षिक विकास योजना, ऐन र यस नियमावली बमोजिम योजना तर्जुमा र कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा समस्या भएमा समाधान गर्न सहजीकरण गर्ने,

(ग) वन संरक्षण तथा व्यवस्थापनका क्रममा आईपर्ने समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(घ) वन विकास योजना तथा वार्षिक विकास योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने,

(ङ) वन क्षेत्रको दिगो विकासका लागि स्थानीय तहसँग समन्वय गर्ने,

(च) वन उपभोक्ता समूहसँग सम्बन्धित समस्या समाधानका लागि सहजीकरण गर्ने वा गराउने,

(छ) वन उपभोक्ता समूहको क्षेत्र र वन सीमा सम्बन्धी विवाद भएमा समाधानका लागि सहजीकरण गर्ने।

(२) नियम १२२ बमोजिमको जिल्ला वनक्षेत्र समन्वय समितिबाट विद्यमान वन व्यवस्थापन पद्धतिमा प्रतिकूल प्रभाव पार्ने र वन क्षेत्रको भू-उपयोग परिवर्तन हुने गरी कुनै पनि निर्णय गरिने छैन।

परिच्छेद-१७

विविध

१२४. **<u>बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउराको व्यवस्थापनः</u>** (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउरा सङ्कलन गरी सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम घाटगद्दीमा रहेका बेवारिसी तथा दहत्तर बहत्तर काठ, दाउराको पूरा विवरण र लगत खोली डिभिजनल वन अधिकृतले त्यस्तो काठ, दाउराको हकदाबी गर्नको लागि तीस दिनको अवधि तोकी सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा सूचना टाँस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सूचनामा उल्लिखित काठ, दाउरामा हकदाबी गर्ने व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायले त्यस्तो सूचनामा तोकिएको अवधि भित्र देहायका प्रमाण कागजात सहित आफ्नो हकदाबीको निवेदन डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) काठ, दाउरा प्राप्त गरेको वा काठ, दाउराको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) अन्य कुनै हकदाबी साबित हुने प्रमाण।

(४) उपनियम (३) बमोजिम हकदाबीका लागि निवेदन परेमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाई सो सम्बन्धमा अध्ययन गरी हकदाबी पुग्ने वा नपुग्ने यकिन राय सहितको प्रतिवेदन पेस गर्न लगाउनु पर्नेछ। त्यस्तो अध्ययन प्रतिवेदनको आधारमा डिभिजनल वन अधिकृतले हकदाबी निवेदन उपर निर्णय गर्नु पर्नेछ।

(५) उपनियम (३) बमोजिम परेको निवेदनको आधारमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी पुग्ने गरी निर्णय गरेमा त्यस्तो काठ, दाउरा सङ्कलन गर्दा लागेको खर्च लिई सम्बन्धित व्यक्ति, उपभोक्ता समूह, सङ्घ संस्था वा निकायलाई त्यस्तो काठ, दाउरा जिम्मा दिनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम हकदाबी पुग्ने निर्णय भई प्राप्त गरेको काठ, दाउरा व्यावसायिक प्रयोजनका लागि बिक्री गर्नु परेमा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको काठ, दाउराको सम्बन्धमा डिभिजनल वन अधिकृतले कसैको हकदाबी नपुग्ने गरी निर्णय गरेमा त्यस्तो निर्णय उपर चित्त नबुझ्नेले

त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो विषयमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(८) उपनियम (१) बमोजिम घाटगद्दी गरिएका काठ, दाउरा मध्ये हकदाबी नपरेको वा हकदाबी नपुग्ने निर्णय भएका काठ, दाउरा डिभिजनल वन अधिकृतले नियम २५ बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ। यसरी गरिएको लिलाम बिक्रीबाट प्राप्त रकम सम्बन्धित प्रदेशको प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१२५. **अध्ययन अनुसन्धानको लागि वन क्षेत्र प्रयोग गर्न दिन सक्ने:** (१) मन्त्रालयले वन सम्बन्धी कुनै अनुसन्धानात्मक कार्य गर्नको लागि राष्ट्रिय वनको कुनै भागलाई वन अनुसन्धान प्लट तोकी सोको संरक्षण र व्यवस्थापनको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई त्यस्तो वनक्षेत्र प्रयोग गर्न दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रयोग गर्न दिइएको वनक्षेत्रको संरक्षण र व्यवस्थापन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

(३) मन्त्रालयले वन विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्ने प्रयोजनको लागि राष्ट्रिय वनको कुनै भाग स्वदेशी विश्वविद्यालयलाई प्रयोग गर्न दिन सक्नेछ। यसरी प्रयोग गर्न दिइएको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थित भएमा त्यस्तो उपभोक्ता समूहको सहमति लिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रयोग गर्न दिइएको वनक्षेत्रमा हुने अध्ययन अनुसन्धान तथा सो क्षेत्रको संरक्षण र व्यवस्थापन डिभिजन वन कार्यालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको समन्वयमा गर्नु पर्नेछ।

(५) अनुसन्धान प्रयोजनका लागि उपनियम (१) वा (३) बमोजिमको वनक्षेत्रको रुख कटान गर्नु पर्ने भएमा स्वीकृत अनुसन्धान प्रस्तावको आधारमा मन्त्रालयले रुख कटानको अनुमति दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम कटान गरिएका रुखको विवरण डिभिजन वन कार्यालयमा दिनु पर्नेछ र डिभिजन वन कार्यालयले ऐन तथा यस नियमावली बमोजिम सोको व्यवस्थापन गरी प्राप्त रकम राजस्वमा जम्मा गर्नु पर्नेछ।

१२६. **वन बीउ उद्यान सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ७५ बमोजिम वन विकासको लागि मन्त्रालयले गुणस्तरीय वन बीउ उत्पादन गर्न राष्ट्रिय वनको कुनै भागलाई वन बीउ उद्यानको रुपमा घोषणा गर्न सक्नेछ।

™१२६क. **अन्य प्रभावकारी उपाय सम्बन्धी व्यवस्था** : राष्ट्रिय वनको कुनै क्षेत्रभित्र वा संरक्षित क्षेत्र बाहिरको सार्वजनिक वा निजी क्षेत्रभित्र जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रमा जैविक विविधता संरक्षण तथा व्यवस्थापनका लागि मन्त्रालयबाट निर्धारित मार्गदर्शन बमोजिम विभागले अन्य प्रभावकारी उपाय पहिचान गरी सरोकारवाला निकायको सहभागिता हुने गरी व्यवस्थापन गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको वन बीउ उद्यानको संरक्षण र व्यवस्थापन विभागसँगको समन्वयमा डिभिजन वन कार्यालयले गर्नेछ।

(३) वन बीउको सङ्कलन र अध्ययन अनुसन्धानका लागि आधुनिक प्रविधि र स्थानीय बासिन्दाको परम्परागत ज्ञानको उपयोग गर्न सकिनेछ।

१२७. **वन व्यवस्थापनमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्ने:** (१) वनक्षेत्रबाट वन पैदावार सङ्कलन गर्ने इजाजतपत्र प्राप्त गरेका उपभोक्ता समूह, व्यक्ति, फर्म, उद्योग, कम्पनी वा आयोजनाले वन व्यवस्थापन तथा वन पैदावारको सङ्कलनदेखि प्रशोधनसम्मको कार्यमा श्रमिकको रुपमा संलग्न हुने जनशक्ति व्यवस्थापन गर्दा देहाय बमोजिमका कार्य गर्नु पर्नेछ:-

(क) वन श्रमिकको अभिलेख राख्ने र परिचय पत्र उपलब्ध गराउनु पर्ने,

(ख) वन पैदावार सङ्कलन कार्य गराउनु अघि सङ्कलन कार्यमा संलग्न हुने व्यक्तिलाई वन पैदावारको दिगो सङ्कलनका अभ्यासको बारेमा तालिम प्रदान गर्नु पर्ने,

(ग) वन पैदावार सङ्कलन कार्यमा संलग्न हुने जनशक्तिलाई वन पैदावार सङ्कलनका क्रममा हुनसक्ने जोखिम न्यूनीकरणका उपाय अपनाउनु पर्ने,

(घ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिलाई आफ्नो सुरक्षा गर्ने सम्बन्धी तालिम प्रदान गर्नु पर्ने,

(ङ) वन पैदावार सङ्कलनमा खटिएका जनशक्तिको प्रत्येक समूहलाई प्राथमिक उपचारको सामान उपलब्ध गराउनु पर्ने र समूहको कम्तीमा एकजनालाई आधारभूत प्राथमिक उपचारको तालिम दिने व्यवस्था गर्नु पर्ने।

™ तेस्रो संशोधनद्वारा थप।

(२) वन पैदावार सङ्कलन सम्बन्धी काम गर्ने कर्मचारी तथा श्रमिकको लागि सम्बन्धित निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ।

(३) यो नियम प्रारम्भ हुँदाका बखत वन व्यवस्थापन कार्यमा संलग्न भइरहेका जनशक्तिलाई समेत यो नियम प्रारम्भ भएको एक वर्षभित्र यस नियम बमोजिमको तालिमको व्यवस्था गर्नु पर्नेछ।

१२८. <u>काठ, दाउरामा आधारित उद्योग सूचीकृत हुनु पर्ने:</u> [१](१) प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले त्यस्तो उद्योग सञ्चालन गर्नु अघि डिभिजन वन कार्यालयमा सूचीकृत भई अनुसूची-५३ बमोजिमको ढाँचामा प्रमाणपत्र लिनु पर्नेछ।

[१](२) उपनियम (१) बमोजिम सूचीकृत हुनका लागि निवेदन पेस गर्दा उद्योग दर्ता प्रमाणपत्र र उद्योग स्थापना भई सञ्चालनमा रहेको आधिकारिक प्रमाण वा सो व्यहोरा खुल्ने गरी सबडिभिजन वन कार्यालयले दिएको पत्र पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत उद्योगले नेपालभर हुने वन पैदावारको लिलाम बिक्री प्रक्रियामा भाग लिन पाउनेछ।

(४) उपनियम (१) बमोजिम सूचीकृत सःमिलले आफ्नो सःमिलमा चिरान भएको काठ बिक्री तथा ओसारपसार गर्दा प्रयोग गर्न डिभिजन वन कार्यालयमा पाँचसय रुपैयाँ तिरी टाँचा दर्ता गर्नु पर्नेछ र त्यस्तो टाँचा प्रत्येक वर्ष नवीकरण गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम सूचीकृत उद्योगले प्रत्येक वर्ष कर चुक्ता प्रमाणपत्र प्राप्त गरी सोको जानकारी तथा आफूले वर्षभरी गरेको वन पैदावारको कारोबारको अद्यावधिक विवरण [१]<u>डिभिजन वन कार्यालयमा पेस गरी उपनियम (१) बमोजिमको प्रमाणपत्र अद्यावधिक गर्नु पर्नेछ</u>।

(६) यस नियम बमोजिम काठ, दाउरामा आधारित उद्योग स्थापना तथा सञ्चालनका लागि वनक्षेत्र र उद्योग बीचको दुरी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

---

[१] दोस्रो संशोधनद्वारा संशोधित।

[1](७) यो उपनियम प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका तर यस नियम बमोजिम सूचीकृत नभएका उद्योगसमेत उपनियम (१) बमोजिम सूचीकृत भई प्रमाणपत्र लिनु पर्नेछ।

[1](८) उपनियम (१) बमोजिम सूचीकृत नभएको वा उपनियम (५) बमोजिम अद्यावधिक नभएको उद्योगले काठ, दाउराको लिलाम प्रक्रियामा भाग लिन पाउने छैन।

१२९. **मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) मानव वन्यजन्तु द्वन्द्वको प्रभावमा पर्ने उपभोक्ता समूहले आ-आफ्नो क्षेत्रमा हुने मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि वन व्यवस्थापनबाट प्राप्त गर्ने आयको निश्चित अंश छुट्याउनु पर्नेछ।

(२) उपभोक्ता समूहले उपनियम (१) बमोजिम छुट्याएको रकमबाट ऐनको दफा ३३ को उपदफा (४) बमोजिम वन्यजन्तुबाट हुने क्षतिको राहत प्रदान गर्न र मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनको कार्य गर्न सक्नेछ।

(३) मानव वन्यजन्तु सहअस्तित्व व्यवस्थापनका लागि विभिन्न भौगोलिक क्षेत्रमा गरेका प्रयास र उपलब्धिका साथै विद्यमान समस्या र अवलम्बन गर्नु पर्ने उपाय पहिचान गरी कार्ययोजना सहित प्रत्येक वर्ष निर्देशनालयले विभाग तथा प्रदेश मन्त्रालय समक्ष र विभागले मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

१३०. **प्रतिबन्ध लगाउन सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता वा कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको प्रयोजनको लागि अनुसूची-६, अनुसूची-७ र अनुसूची-८ मा उल्लिखित वन पैदावार मध्ये कुनै वन पैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण र विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ।

१३१. **वन पैदावारको बिगो कायम गर्नेः** देहायका वन पैदावारको बिगो देहाय बमोजिम कायम गरिनेछः-

(क) वनक्षेत्रमा हानीनोक्सानी भई ठुटामात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची-९ बमोजिम ठुटाबाट काठको आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

---

[1] दोस्रो संशोधनद्वारा संशोधित।

(ख) ठुटा फेला नपरी काठमात्र फेला परेमा तीन वटा गिण्डालाई एउटा रुख मानी सबैभन्दा ठूलो गोलाइको गिण्डाको सबैभन्दा मोटो छेउलाई ठुटाको गोलाइ मानी आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(ग) केही काठ र ठुटा फेला परेको अवस्थामा ठुटालाई नै आधार मानी आयतन निकाली अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(घ) ठुटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरान काठलाई अनुसूची-९ बमोजिम गोलिया काठको आयतनमा परिणत गरी अनुसूची-६ बमोजिमको मूल्य दरले गुणन गरी,

(ङ) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा बरामद भएको परिमाणलाई अनुसूची-७ बमोजिमको मूल्य दरले गुणन गरी,

[१](ङ१) खनिजजन्य वन पैदावारको हकमा प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन तथा नियमावलीमा तोकिए बमोजिमको मूल्य दरले गुणन गरी,

(च) जडीबुटी बाहेकका अन्य वन पैदावारको हकमा अनुसूची-८ बमोजिमका मूल्य दरले गुणन गरी।

१३२. <u>डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्ने</u>: कुनै निकाय वा संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत सार्वजनिक सडक किनारा, अन्य सार्वजनिक स्थान वा वन क्षेत्रमा वृक्षारोपण गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

१३३. <u>प्रतिलिपि लिन सकिने</u>: (१) यस नियम बमोजिम प्राप्त गरेको प्रमाणपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरु कुनै प्रकारले काम नलाग्ने भई सोको प्रतिलिपि लिनु परेमा त्यस्तो प्रमाणपत्र जारी गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित निकायले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछः-

(क) राष्ट्रिय वन क्षेत्रको भोगाधिकारको प्रमाणपत्र	-एक हजार रुपैयाँ
(ख) सामुदायिक वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र	-पच्चीस रुपैयाँ
(ग) सामुदायिक वन हस्तान्तरण प्रमाणपत्र	-पच्चीस रुपैयाँ
(घ) साझेदारी उपभोक्ता समूह दर्ताको प्रमाणपत्र	-एक हजार रुपैयाँ

[१] पहिलो संशोधनद्वारा थप।

(ङ) कबुलियती वनको प्रमाणपत्र -पाँच हजार रुपैयाँ

(च) गरिबीको रेखामुनिका जनताको लागि उपलब्ध गराइएको कबुलियती वनको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(छ) धार्मिक वन दर्ताको प्रमाणपत्र -पाँच सय रुपैयाँ

(ज) निजी वन दर्ताको प्रमाणपत्र -पच्चीस रुपैयाँ

(झ) सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्र -एक सय रुपैयाँ

(ञ) राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने प्रमाणपत्र -पाँच हजार रुपैयाँ

(ट) काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र -एक हजार रुपैयाँ

(ठ) यस नियमावली बमोजिमको अन्य प्रमाणपत्र -एक हजार रुपैयाँ

१३४. **अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था:** (१) डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, सार्वजनिक जग्गाको वन, सहरी वन, निजी वन लगायतका वन क्षेत्रसँग सम्बन्धित प्रगति विवरण तयार गरी त्रैमासिक रूपमा निर्देशनालय र विभागमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन विभाग र निर्देशनालयले अध्ययन गरी आवश्यकता अनुसार डिभिजन वन कार्यालयलाई पृष्ठपोषण दिन सक्नेछ र यसरी विभाग र निर्देशनालयले प्रदान गरेको पृष्ठपोषण लागू गर्ने दायित्व डिभिजन वन कार्यालयको हुनेछ।

(३) प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय र डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र भएका वन संरक्षण, व्यवस्थापन, सदुपयोग, वन मुद्दा सम्बन्धी विवरणका साथै प्रशासन तथा विकास कार्यको प्रगति विवरण अनुगमनका सूचक अनुसार मन्त्रालयले निर्धारण गरेको स्वचालित विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम निर्धारित सूचकको नियमित अनुगमन तथा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय, प्रदेश मन्त्रालय र विभागले आवधिक समीक्षा गर्नु पर्नेछ र अनुगमन प्रतिवेदन डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशक समक्ष, प्रदेश वन निर्देशकले प्रदेश मन्त्रालयको सचिव र महानिर्देशक समक्ष र महानिर्देशकले मन्त्रालयको सचिव समक्ष पेस गर्नु पर्नेछ।

(५) मन्त्रालय, विभाग र प्रदेश मन्त्रालयले आफ्नो क्षेत्राधिकारभित्रका नीति तथा कार्यक्रम कार्यान्वयनको आवधिक मूल्याङ्कन गराई सुधारको लागि पृष्ठपोषण लिनु

पर्नेछ।

१३५. **तथ्याङ्क उपलब्ध गराउनु पर्ने:** (१) राष्ट्रिय वनसँग सम्बन्धित विषयमा प्रदेश सरकारसँग समन्वय गर्ने काम विभागले गर्नेछ।

(२) विभागले माग गरेको वनसँग सम्बन्धित कुनै पनि तथ्याङ्क वा विवरण [™]विभागले तोकेको अवधिभित्र विभागबाट निर्धारित ढाँचामा डिभिजन वन कार्यालयले विभागलाई उपलब्ध गराउनु पर्नेछ र सोको जानकारी निर्देशनालय र प्रदेश मन्त्रालयलाई गराउनु पर्नेछ।

(३) डिभिजन वन कार्यालयले आफैंले वा समुदायमा आधारित वन व्यवस्थापन पद्दतिबाट उत्पादन भएको काठ, दाउरा र अन्य वन पैदावारको सङ्कलन, बिक्री वितरण, राजस्व लगायतका आवश्यक विवरण निर्देशनालय मार्फत प्रदेश मन्त्रालयमा र विभाग मार्फत मन्त्रालयमा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुमा पेस गर्नु पर्नेछ ।

[™]१३५क. **विद्युतीय माध्यमबाट कार्य सम्पादन गर्न सकिने :** ऐन तथा यस नियमावलीको अधीनमा रही काठ दाउराको लिलाम बिक्री सम्बन्धी र विकास आयोजनालाई वनक्षेत्रको प्रयोगको स्वीकृति सम्बन्धी कार्यसम्पादन विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ।

१३६. **अनुसूचीमा हेरफेर गर्ने अधिकार:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१३७. **खारेजी तथा बचाउ:** (१) वन नियमावली, २०५१ खारेज गरिएको छ।

(२) वन नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

™ तेस्रो संशोधनद्वारा थप।

अनुसूची-१

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

राष्ट्रिय वनक्षेत्रको भोगाधिकार दिएको प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

प्रमाणपत्र नम्बरः मितिः

राष्ट्रिय वनक्षेत्र भोगाधिकारको प्रमाणपत्र

नामः

ठेगानाः

प्रयोजनः

अवधिः

नेपाल सरकारको निर्णय मितिः

क्र.स.	जिल्ला	स्थानीय तहको नाम	वनको नाम	क्षेत्रफल (हेक्टर)	कैफियत

प्रमाणपत्र प्रदान गर्नेको,-

दस्तखतः

नामः

पदः ®.....

मितिः

द्रष्टव्यः

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ लाग्नेछ।

® दोस्रो संशोधनद्वारा झिकिएको।

नेपाल कानून आयोग

अनुसूची-२

(नियम ८ को उपनियम (५) सँग सम्बन्धित)

वनस्पति उद्यान प्रवेश तथा अन्य शुल्क

(क) राष्ट्रिय वनस्पति उद्यान, गोदावरी

क्र.स.	विवरण	शुल्क दर रु.
१	प्रवेश शुल्क	
	१.१ स्वदेशी नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	२०/—
	१० वर्ष माथिका	५०/—
	१.२ सार्क मुलुकको नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	१००/—
	१० वर्ष माथिका	२००/—
	१.३ अन्य विदेशी मुलुकको नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	२००/—
	१० वर्ष माथिका	५००/—
	१.४ विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति)	२०/–
२	पार्किङ्ग शुल्क	
	साईकल (थान)	५/–
	मोटर साईकल (थान)	२५/–
	टेम्पो (थान)	४०/–
	कार, जिप, भ्यान (थान)	५०/–
	मिनिबस (थान)	१००/—
	बस, ट्रक (थान)	२००/–
३	क्यामरा/डिजिटल क्यामरा (थान)	३०/–
४	भिडियो क्यामरा (थान)	२००/–
५	चलचित्र सुटिङ्ग/म्युजिक भिडियो तथा अन्य सुटिङ्ग	
	सानो पर्दाको लागि (प्रतिदिन)	५,०००/-

नेपाल कानून आयोग

	स्वदेशी लगानीको चलचित्र (निजी) (प्रतिदिन)	१०,०००/–
	स्वदेशी संयुक्त लगानीका चलचित्र (प्रतिदिन)	१५,०००/–
	सार्क मुलुकका लगानीका चलचित्र (प्रतिदिन)	२५,०००/–
	अन्य विदेशी लगानीका चलचित्र (प्रतिदिन)	३०,०००/–
	विवाह तथा अन्य फोटोसुट (प्रतिदिन)	२,०००/–
६	विद्युतीय सवारीमा उद्यान परिक्रमा शुल्क	
	६.१ स्वदेशी नागरिक प्रतिव्यक्ति (प्रतिपटक)	
	१० वर्ष मुनिका	१००/-
	१० वर्ष माथिका	२००/-
	६.२ सार्क मुलुकको नागरिक (प्रतिपटक)	
	१० वर्ष मुनिका	२००/-
	१० वर्ष माथिका	४००/-
	६.३ अन्य विदेशी मुलुकको नागरिक (प्रतिपटक)	
	१० वर्ष मुनिका	५००/-
	१० वर्ष माथिका	१,०००/-
	६.४ विद्यार्थी (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति, प्रतिपटक)	१००/-
७	अस्थायी पसल (दैनिक शुल्क)	५०/-

(ख) वृन्दावन वनस्पति उद्यान हेटौडा र पर्वतीय वनस्पति उद्यान दामन, मकवानपुर

क्र.स.	विवरण	शुल्क दर रु.
	प्रवेश शुल्क	
	१.१ स्वदेशी नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	१५।-
	१० वर्ष माथिका	२५।-
	१.२ सार्क मुलुकको नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	५०।-
	१० वर्ष माथिका	१००।-

कानून आयोग

१	१.३ अन्य विदेशी मुलुकको नागरिक प्रतिव्यक्ति	
	१० वर्ष मुनिका	१००।-
	१० वर्ष माथिका	२५०।-
	१.४ विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि प्रतिव्यक्ति)	१०।-
२	पार्किङ्ग शुल्क	
	साईकल (थान)	५।-
	मोटर साईकल (थान)	१०।-
	अटो (थान)	१५।-
	कार, जिप, भ्यान (थान)	२५।-
	बस,ट्रक(थान)	१००।-
३	क्यामरा/डिजिटल क्यामरा (थान)	१५।-
४	भिडियो क्यामरा (थान)	१००।-
५	चलचित्र सुटिङ्ग/म्युजिक भिडियो तथा अन्य सुटिङ्ग	
	सानो पर्दाको लागि (प्रतिदिन)	२,०००।-
	स्वदेशी लगानीको चलचित्र (निजी) (प्रतिदिन)	४,०००।-
	स्वदेशी संयुक्त लगानीको चलचित्र (प्रतिदिन)	७,०००।-
	सार्क मुलुकका लगानीका चलचित्र (प्रतिदिन)	१०,०००।-
	विवाह तथा अन्य फोटोसुट (प्रतिदिन)	५००।-
६	सम्मानित वृक्षारोपण (प्रतिबिरुवा)	२,०००।-

(ग) <u>ढकेरी वनस्पति उद्यान, बाँके र देवरीया वनस्पति उद्यान, कैलाली</u>

क्र.स.	विवरण	शुल्क दर रु.
१	१.१ प्रवेश शुल्क (प्रतिव्यक्ति)	
	१० वर्ष मुनिका	१०/-
	१० वर्ष माथिका	२०/-

	१.२ विद्यार्थी प्रवेश शुल्क (विद्यालय लगायत अन्य शैक्षिक संस्थाबाट आधिकारिक पत्र सहित अध्ययन प्रयोजनको लागि)	१०/-
२	चलचित्र सुटिङ्ग/म्युजिक भिडियो तथा अन्य सुटिङ्ग	
	चलचित्र सुटिङ्ग प्रतिदिन	५,०००/-
	म्युजिक भिडियो सुटिङ्ग प्रतिदिन	२,०००/-

<u>द्रष्टव्य:</u>

(१) यस अनुसूचीमा उल्लिखित शुल्क दरमा मूल्य अभिवृद्धि कर समेत समावेश गरिएको छ।

(२) ज्येष्ठ नागरिकको हकमा उल्लिखित प्रवेश शुल्कको पच्चीस प्रतिशत मात्र शुल्क लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-३

(नियम १३ सँग सम्बन्धित)

चरिचरन दस्तुर

क्र.स.	जनावर	एक महिनाको लागि (रुपैयाँमा)	छ महिनाको लागि (रुपैयाँमा)	एक वर्षको लागि (रुपैयाँमा)
१	हात्ती प्रत्येकको	२००।-	—	—
२	उँट प्रत्येकको	१५०।-	—	—
३	घोडा प्रत्येकको	४।-	१२।-	३०।-
४	गधा, खच्चड प्रत्येकको	३।५०	८।-	२०।-
५	भैंसी, राँगा, याक, चौंरी गाई, झोना (नाक) प्रत्येकको	३।-	६।-	१५।-
६	गोरु प्रत्येकको	२।-	५।-	८।-
७	भेडा, च्याङ्ग्रा प्रत्येकको	१।५०	४।५०	७।-
८	खसी, बोका प्रत्येकको	१।-	४।-	६।-
९	माहुरी प्रति घारको	५।-	—	—

दृष्टव्य:

(१) राष्ट्रिय वनक्षेत्रमा नेपाली नागरिकको घरपालुवा जन्तुलाई मात्र चरिचरन गर्न दिइनेछ।

(२) गाई चरिचरन गर्न कुनै दस्तुर लाग्ने छैन।

नेपाल कानून आयोग

अनुसूची-४

(नियम १३ सँग सम्बन्धित)

चरिचरन गराउन दिइने इजाजतपत्रको ढाँचा

प्रदेश सरकार

..... मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय,

.....।

मितिः

१. इजाजतपत्र प्राप्त गर्नेको नाम, थर, वतन :

२. चरिचरन गराउन इजाजत दिइएको जनावरको नाम र सङ्ख्या :

३. चरिचरन गराउन इजाजत दिइएको वन क्षेत्रको चार किल्ला :

४. चरिचरन गर्ने समय :

५. चरिचरन दस्तुर :

६. चरिचरन गर्न इजाजत दिइएको अवधि :

.....

डिभिजनल वन अधिकृत

नामः

बोधार्थ/कार्यार्थः

(१) ..... सब डिभिजन वन कार्यालय।

(२) डिभिजन वन कार्यालय, ... लेखा शाखा।

नेपाल कानून आयोग

अनुसूची-५

(नियम १४ को उपनियम (३) सँग सम्बन्धित)

डिभिजन वन कार्यालयको आवधिक योजनासहितको रणनीतिक योजनामा समावेश हुनु पर्ने विषय

१. परिचय
२. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा
३. वन पैदावारको माग र आपूर्तिको अवस्था
४. दूरदृष्टि, लक्ष्य तथा उद्देश्य र प्रक्षेपण
५. वन व्यवस्थापनका रणनीतिहरु
६. वनको सीमाङ्कन
   (क) वनको प्रकार (फरेष्ट टाइप)
   (ख) वनको क्षेत्रफल
   (ग) वन क्षेत्रको स्रोतको अवस्था
   (घ) प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र
   (ङ) सिमसार क्षेत्र
७. वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था
   (क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण
   (ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन
   (ग) मिचाहा प्रजाति नियन्त्रण
   (घ) रोग तथा किराबाट नियन्त्रण
   (ङ) चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण
   (च) वन तथा वन्यजन्तु अपराध नियन्त्रण
   (छ) अन्य सुरक्षा सम्बन्धी व्यवस्था
८. जैविक विविधता संरक्षण तथा प्रवर्द्धन
   (क) वन्यजन्तु तथा वनस्पतिको प्रजातीय जैविक विविधता र वासस्थानको विश्लेषण
   (ख) वंशाणुगत स्रोतको संरक्षण
   (ग) वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन
   (घ) लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन
   (ङ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

नेपाल कानून आयोग

(च) विशेष महत्त्वका क्षेत्रको संरक्षण

(छ) वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरुको संरक्षण

९. जलस्रोत तथा जलाधार संरक्षण

(क) पानीको स्रोत तथा पानीका मुहान संरक्षण तथा व्यवस्थापन

(ख) पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण

(ग) भू तथा जलाधार संरक्षण

(घ) खोला किनार संरक्षण तथा भू-क्षय नियन्त्रण

(ङ) सिमसार संरक्षण तथा व्यवस्थापन

१०. वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियन्त्रण

(क) वातावरणीय सेवा मूलप्रवाहीकरण

(ख) वनको क्षयीकरण र प्रदूषण नियन्त्रण

(ग) जलवायु परिवर्तन न्यूनीकरण र कार्बन सञ्चिति

(घ) रेड प्लस

(ङ) जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू

११. वन व्यवस्थापन पद्धति

(क) सरकारद्वारा व्यवस्थित वन

(ख) सामुदायिक वन

(ग) साझेदारी वन

(घ) गरिबका लागि कबुलियती वन

(ङ) धार्मिक वन

(च) वन संरक्षण क्षेत्र

१२. व्यावसायिक कबुलियती वन र पर्यापर्यटन

१३. सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन

१४. सब डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्धति

१५. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन संवर्द्धन प्रणाली अनुसार व्यवस्थापन

(क) वनस्रोत सर्वेक्षणको तरिका र नक्साङ्कन

(ख) वृद्धि मौज्दात र राष्ट्रिय वनस्रोत सर्वेक्षणसँगको तादात्म्यता

(ग) पुनरोत्पादनको अवस्था

नेपाल कानून आयोग

(घ) वन व्यवस्थापन पद्धति अनुसार वन वृद्धि मौज्दात

(ङ) वन व्यवस्थापन पद्धति अनुसार वार्षिक प्राप्ति

(च) वन बाली कटान चक्र तथा पुनरोत्पादन तरिका

(छ) कार्बन मौज्दातको विश्लेषण

१६.वन संवर्द्धन प्रणाली

(क) प्राकृतिक पुनरोत्पादन,

(ख) बिरुवा उत्पादन र वृक्षारोपण योजना

(ग) वन संवर्द्धन प्रणाली छनोट गर्ने विधि

(घ) वन संवर्द्धन प्रणालीको सिफारिस

(ङ) वन संवर्द्धन प्रणाली अनुसार वन बाली उत्पादन तथा पुनरोत्पादन चक्र

१७.जडीबुटी तथा अन्य वन पैदावारको संरक्षण तथा व्यवस्थापन

१८.वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण योजना

१९.वन अनुसन्धान तथा वन बीउ बगैंचा सम्बन्धी व्यवस्था

२०.सामाजिक-सांस्कृतिक तथा आर्थिक विश्लेषण

२१.वन पैदावार उत्पादन तथा आपूर्ति

(क) वन पैदावारहरुको सङ्कलन, बिक्री वितरण

(1) काष्ठ वन पैदावार

(2) जडीबुटी तथा गैरकाष्ठ वन पैदावार

(3) अन्य वन पैदावार

(ख) वन पैदावार ओसारपसार

(ग) वन पैदावारमा आधारित उद्योग

२२.वन व्यवस्थापन सूचना प्रणाली

(क) वन संरक्षण व्यवस्थापन प्रणालीमा समूह र डिभिजन स्तरका सूचकहरू

(ख) वन विकास तथा वृक्षारोपण सम्बन्धी सूचकहरु

(ग) वन पैदावार उत्पादन, बिक्री वितरण तथा ओसारपसार सम्बन्धी सूचकहरू

(घ) वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्बन्धी सूचकहरू

(ङ) जैविक विविधता संरक्षण सम्बन्धी सूचकहरु

(च) जलस्रोत तथा जलाधार संरक्षण सम्बन्धी सूचकहरु

(छ) वातावरण संरक्षण सम्बन्धी सूचकहरु

नेपाल कानून आयोग

(ज) लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरू

(झ) डिभिजन तथा जिल्लास्तरको वन व्यवस्थापन सूचना प्रणालीको स्वचालन

२३.वन संरक्षण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग

२४.वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था

२५.योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ति

२६.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

नेपाल कानून आयोग

अनुसूची-६

(नियम १८ को खण्ड (क), नियम २२ को उपनियम (१) र (४), नियम २४ को उपनियम (२), नियम २५ को उपनियम (२), नियम ३१ को उपनियम (१), नियम ३३ को उपनियम (२) को खण्ड (घ), नियम ३५ को उपनियम (३) र (४), नियम ४९ को उपनियम (४), नियम ६४ को उपनियम (३) र (४), ®नियम १०३ को उपनियम (१क), नियम १३० र नियम १३१ को खण्ड (क), (ख), (ग), (घ) सँग सम्बन्धित)

काठ, दाउराको मूल्य दर

(क) गोलिया काठको मूल्य

क्र.स.	काठको प्रजाति		स्तर (ग्रेड)	प्रति घनफिट मूल्य रु.
	नेपाली नाम	वैज्ञानिक नाम		
🕮१	जङ्गली सिसौ	*Dalbergia sissoo*	ए	१,२५०।-
			बी	१०००।-
			सी	६००।-
			डी	३५०।-
🕮२	साल	*Shorea robusta*	ए	१,२५०।-
			बी	९००।-
			सी	६००।-
			डी	३००।-
३	चाँप	*Magnolia spp.*	ए	७००।-
			बी	५००।-
			सी	३००।-
४	असना	*Terminalia tomentosa*	ए	४००।-
			बी	३००।-
			सी	१००।-
५	कर्मा	*Haldina cordifolia*	ए	४००।-

® दोस्रो संशोधनद्वारा थप।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

			बी	३००।-
			सी	१००।-
६	जामुन	*Syzygium spp.*	ए	४००।-
			बी	३००।-
			सी	१००।-
७	सिसौ (वृक्षारोपण)	*Dalbergia sissoo*	ए	७००।-
			बी	५००।-
[दो] ८	खोटे सल्ला	*Pinus roxburghii*	ए	२५०।-
			बी	१५०।-
[दो] ९	गोब्रे सल्ला	*Pinus wallichiana*	ए	२००।-
			बी	१००।-
१०	टुनी	*Toona ciliata*	ए	३००।-
			बी	२००।-
११	कालो र रातो सिरिस	*Albizia spp.*	ए	३००।-
			बी	२००।-
१२	गम्हारी	*Gmelina arborea*	ए	३००।-
			बी	२००।-
[दो] १३	उत्तिस	*Alnus nepalensis*	ए	२००।-
			बी	१५०।-
[दो] १४	पाटे सल्ला	*Pinus patula*	ए	२००।-
			बी	१००।-
१५	सतिसाल	*Dalbergia latifolia*	—	१,६००।-
१६	विजयसाल	*Pterocarpus marsupium*	—	१,०००।-
[दो] १७	सागवान	*Tectona grandis*	ए	८००।-
			बी	६००।-
१८	ओखर	*Juglans regia*	—	५००।-

[दो] दोस्रो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

१९	दार	*Debregeasia saeneb*	—	५००।-
२०	सन्दन/पाजन	*Desmodium oojeinense*	—	३००।-
२१	हर्रो	*Terminalia chebula*	—	२००।-
२२	बर्रो	*Terminalia bellirica*	—	२००।-
२३	फल्दु	*Mitragyna parvifolia*	—	२००।-
२४	कटुस	*Castanopsis indica*	—	२००।-
२५	चिलाउने	*Schima wallichii*	—	२००।-
२६	सौर	*Betula alnoides*	—	२००।-
२७	ठिङ्ग्रे सल्ला	*Tsuga dumosa*	—	२००।-
२८	अन्य सल्ला	*Larix spp.*	—	२००।-
२९	तालीसपत्र	*Abis pindrow & Abis spectsbilis*	—	२००।-
३०	देवदार	*Cedrus deodara*	—	२००।-
३१	स्प्रुस	*Picea spp.*	—	२००।-
३२	आँप	*Magnifera indica*	—	२००।-
🕮३३	मसला	*Eucalyptus spp.*	—	१२५।-
३४	सिमल	*Bombax ceiba*	—	१५०।-
३५	सेतो सिरिस	*Albizia spp.*	—	१००।-
३६	भुइकुल	*Hymenodictyon orixense*	—	१००।-
३७	गुटेल	*Mallotus repandus*	—	१००।-
३८	पपलर	*Populus spp.*	—	१००।-
३९	टिकुल	-	—	१००।-
४०	बाँझी	*Anogeissus latifolia*	—	१००।-
४१	बोटधगेरो	*Lagerstroemia parviflora*	—	१००।-
४२	खयर (आयतन निकाल्दा लम्बाइलाई पनि अन्तिम	*Acacia catechu*	—	१,०००।- ३३।-प्रति किलोग्राम

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

	इन्चसम्म नाप्ने)			
४३	श्वेत चन्दन (श्रीखण्ड)	*Santalum album*	—	३,०००।-
				१००।- प्रति किलोग्राम
४४	अन्य जात (माथि उल्लेख भए देखि बाहेक)		—	१००।-

(ख) जरा ठुटाको मूल्य

क्र.स.	प्रजाति		मूल्य रु.
	नेपाली नाम	वैज्ञानिक नाम	
१	खयर	*Acacia catechu*	४०।- प्रति किलोग्राम
२	साल	*Shorea robusta*	१५०।- प्रति ठुटा
३	अन्य	-	५०।- प्रति ठुटा

⌀(ग) बल्लाबल्लीको मूल्य

क्र.स.	प्रजाति		प्रति घनफिट मूल्य रु.
	नेपाली नाम	वैज्ञानिक नाम	
१	सागवान (टिक)	*Tectona grandis*	१७०।-
२	साल	*Shorea robusta*	२५०।-
३	चाँप	*Magnolia spp.*	२५०।-
४	सिसौं	*Dalbergia sissoo*	२००।-
५	खोटे सल्ला	*Pinus roxburghii*	१२५।-
६	असना	*Terminalia tomentosa*	१५०।-
७	कर्मा	*Haldina cordifolia*	१५०।-
८	जामुन	*Syzygium spp.*	१५०।-
९	कालो र रातो सिरिस	*Albizia spp.*	१००।-
१०	टुनी	*Toona ciliate*	१००।-
११	गोब्रे सल्ला	*Pinus wallichiana*	१००।-
१२	गम्हारी	*Gmelina arborea*	१००।-
१३	उत्तिस	*Alnus nepalensis*	१००।-

⌀ पहिलो संशोधनद्वारा संशोधित।

१४	पाटे सल्ला	*Pinus patula*	१००।-
१५	मसला	*Eucalyptus spp.*	६०।-
१६	अन्य जात (माथि उल्लेख भए देखि बाहेक)		प्रति घनफिटको लागि खण्ड (क) मा उल्लिखित गोलिया काठको मूल्यको पचास प्रतिशतले हुन आउने मूल्य"

(घ) <u>दाउराको मूल्य</u>

क्र.स.	प्रयोजन	प्रजाति		मूल्य रु.
		नेपाली नाम	वैज्ञानिक नाम	
१	व्यापारिक	(क) साल	*Shorea robusta*	१२,०००।- प्रति चट्टा
				१।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
		(ख) सिसौ र टिक	*Dalbergia sissoo/Tectona grandis*	१२,०००।- प्रति चट्टा
				१।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
		(ग) साल र अन्य प्रजाति मिश्रित		८,०००।- प्रति चट्टा
				१।०० प्रति किलोग्राम
		(घ) अन्य	-	४,०००।- प्रति चट्टा
				०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
२	शव दाह संस्कार	(क) साल	*Shorea robusta*	२,०००।- प्रति चट्टा
				०।२५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
		(ख) अन्य	-	१,०००।- प्रति चट्टा
				०।१५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
३	घरकाज	(क) साल	*Shorea robusta*	५,०००।- प्रति चट्टा

नेपाल कानून आयोग

				०।७५ प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)
		(ख) अन्य	-	२,५००।- प्रति चट्टा
				०।५० प्रति किलोग्राम (चिरुवा र लप्सटप्स समेत)

द्रष्टव्य:

(१) विपद्मा परेका परिवारलाई दिइने काठमा माथि उल्लिखित मूल्यको दश प्रतिशत मात्र मूल्य लिइनेछ।

(२) खडा रुख र ठुटाबाट काठ, दाउरा मूल्याङ्कन गर्दा स्तर निर्धारण भएको प्रजातिको काठको हकमा "बी" स्तरको मूल्य, स्तर निर्धारण नभएको प्रजातिको काठको हकमा माथि उल्लेख भए बमोजिमको मूल्य र दाउराको हकमा व्यापारिक प्रयोजनको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ।

तर "ए" र "बी" स्तर मात्र भएको प्रजातिको हकमा "ए" स्तरको मूल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ।

(३) प्राकृतिक रुपमा आएको सिसौलाई जङ्गली सिसौ मानिनेछ र जङ्गली वा वृक्षारोपणको सिसौ नछुटिने अवस्था परेमा जङ्गली सिसौको लागि निर्धारित मूल्यको आधारमा मूल्याङ्कन गरी बिगो कायम गरिनेछ।

(ग) घाटगद्दीबाट वन पैदावार बिक्री वितरण व्यवस्थापन र नियन्त्रण तरिका

९. संरक्षण तथा संवर्द्धन कार्य व्यवस्थापन

(क) वन डढेलो तथा चरिचरन नियन्त्रण

(ख) एकीकृत रोग किरा तथा मिचाहा प्रजाति नियन्त्रण

(ग) वन अतिक्रमण, चोरी शिकार तथा कटानी नियन्त्रण

(घ) वन्यजन्तु तथा जैविक मार्ग संरक्षण

(ङ) वातावरणीय सेवा मूलप्रवाहीकरण

नेपाल कानून आयोग

(च) पानीका मुहान, खोला किनार, सिमसार, जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण

(छ) जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपाय

(ज) वन संवर्द्धनका क्रियाकलाप

(झ) वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यास

१०. वन पैदावारमा आधारित आय-आर्जन, सिप विकास, उद्योग तथा पर्यापर्यटन सम्बन्धी व्यवस्था

११. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्था

१२. व्यवस्थापन कार्ययोजना अवधिको लागि वार्षिक क्रियाकलाप तथा बजेट

१३. छिमेकी समूहसँग सहकार्य तथा साझेदारीको व्यवस्था

१४. व्यवस्थापन कार्ययोजनाको वित्तीय विश्लेषण

१५. व्यवस्थापन कार्ययोजनाको पुनरावलोकन, अनुगमन, मूल्याङ्कन

१६. अन्य आवश्यक कुरा

द्रष्टव्य: यो कार्ययोजनामा सामुदायिक वनमा पाइने वनस्पति तथा वन्यजन्तुको वैज्ञानिक र स्थानीय नाम उल्लेख गर्नु पर्नेछ।

नेपाल कानून आयोग

अनुसूची-२५

(नियम ४६ को उपनियम (१०) सँग सम्बन्धित)

सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

.....मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय,

.....

सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र

प्रमाणपत्र नम्बरः मितिः

श्री..... उपभोक्ता समूह,

.....

.....

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको राष्ट्रिय वनक्षेत्र यसैसाथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको रुपमा हस्तान्तरण गरी यो प्रमाणपत्र दिइएको छ।

सामुदायिक वनको विवरण :

नामः

चार किल्ला :

क्षेत्रफलः

प्रमाणपत्र दिने डिभिजनल वन अधिकृतको,-

नाम, थरः

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-२६

(नियम ४८ को उपनियम (११) र (१४) सँग सम्बन्धित)

सामुदायिक वनको वन पैदावार सङ्कलन अनुमतिपत्रको ढाँचा

..... उपभोक्ता समूह

.....

.....

उपभोक्ता समूहको दर्ता नम्बरः

अनुमतिपत्र नम्बरः

श्री.....

.....।

यस उपभोक्ता समूहले व्यवस्थापन र संरक्षण गरेको सामुदायिक वनको तपसिलमा उल्लिखित वन पैदावार सङ्कलन गर्न लाग्ने मूल्य लिई यो सङ्कलन अनुमतिपत्र दिइएको छ।

क्र.स.	वन पैदावारको नाम र जात	एकाइ	परिमाण	टाँचा लगाउनु पर्ने भए सोको विवरण	कैफियत

अनुमतिपत्र बुझी लिनेको,-

नामः

दस्तखतः

मितिः

अनुमतिपत्र दिनेको,-

नामः–

दस्तखतः

मितिः

बोधार्थ/कार्यार्थ :-

(१) ..... वन कार्यालय.....

(२) ..... उपभोक्ता समूह।

नेपाल कानून आयोग

अनुसूची-२७

(नियम ४९ को उपनियम (१) र (३) सँग सम्बन्धित)

सामुदायिक वनको वन पैदावार बिक्री वितरण रसिदको ढाँचा

..... उपभोक्ता समूह

.....।

उपभोक्ता समूहको दर्ता नम्बरः

रसिद नम्बरः

श्री .....

.....

.....।

क्र.स.	वन पैदावारको नाम र जात	एकाइ	परिमाण	कुल रकम (रु.)	कैफियत

रसिद बुझिलिनेको,-

नामः

दस्तखतः

मितिः

रसिद दिनेको,-

नामः

दस्तखतः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची-२८

(नियम ४९ को उपनियम (७) र (८) र नियम ६४ को उपनियम (६) सँग सम्बन्धित)

सामुदायिक वन/साझेदारी वनको वन पैदावार ओसारपसार अनुमतिपत्रको ढाँचा

श्री .....उपभोक्ता समूह

.....।

श्री .....

.....।

यस समूहको निर्णय/सङ्कलन इजाजतपत्र अनुसार तपसिल बमोजिमको ..... वन पैदावार ..... दिनभित्र ..... स्थानबाट ..... स्थानसम्म उठाई लैजाने गरी यो अनुमतिपत्र दिइएको छ। सम्बन्धित सब डिभिजन वन कार्यालयमा अनिवार्य रुपमा चेकजाँच तथा दरपिठ गराई लैजानु होला।

तपसिल

क्र.स.	वन पैदावारको नाम	परिमाण	दर प्रति एकाइ	कुल रकम जम्मा (रु.)	प्रयोग गरिएको टाँचा र सील

बोधार्थ/कार्यार्थः–

(१)..... डिभिजन वन कार्यालय

(२) ....., सब डिभिजन वन कार्यालय।

.....

नामः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची-२९

(नियम ५० को उपनियम (१), नियम ६५ को उपनियम (१) र नियम ७६ को उपनियम (१) सँग सम्बन्धित)

<u>उपभोक्ता समूहले प्रयोग गर्ने फलामे टाँचाको ढाँचा</u>



<u>द्रष्टव्यः</u>

(१) डाइमिटर १.४ (३.५ सी.एम) इन्चको गोल आकारमा बीचमा रूख रोपौं वन जोगाऔं लोगो राख्ने र चारैतिर देहाय बमोजिमको *National Database* अनुसार *Code* राख्ने :-

(क) डिभिजन वन कार्यालयको कोड,

(ख) सब डिभिजन वन कार्यालयको कोड,

(ग) उपभोक्ता समूह रहेको स्थानीय तहको कोड,

(घ) डिभिजन वन कार्यालयले सामुदायिक वन, साझेदारी वन वा कबुलियती वनको लागि अङ्कमा दिएको नम्बर कोड।

(२) यसरी बनाइने टाँचा फलामको बनाउनु पर्नेछ।

अनुसूची-३०

(नियम ५२ को उपनियम (१) र (६) सँग सम्बन्धित)

(क) सामुदायिक वनमा सञ्चालन गर्न सकिने पर्यापर्यटन कार्यक्रम सम्बन्धी क्रियाकलाप

१. सामुदायिक वनभित्र वा आसपासका ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्वका मठ, मन्दिर, चैत्य, गुम्बा, गढी, गुफा, झरना, सिमसार लगायतका सम्पदाको संरक्षण, व्यवस्थापन र विकासमा टेवा पुग्ने गरी अवलोकन भ्रमण, पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्य सञ्चालन गर्न,

२. प्राकृतिक सौन्दर्य, भू-दृष्य तथा वन्यजन्तु अवलोकनको लागि मचान वा स्पट निर्माण र सञ्चालन,

३. वनमा पाइने काष्ठ, गैहकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगायत जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन,

४. असहाय, घाइते, मुद्दाको रोहमा प्राप्त भएका, तथा उद्दार गरिएका वन्यजन्तु पालन तथा व्यवस्थापन र वन्यजन्तु संरक्षण शिक्षा सञ्चालन,

५. जङ्गली पुष्प बगैंचा, विभिन्न प्रजातिका बिरुवा रोपण, वनजन्य फलफूल खेती, जैविक विविधता पार्क, इको-बाल उद्यान आदि निर्माण र सञ्चालन,

६. न्यूनतम क्षेत्रफल ओगट्ने गरी रोपकोर्स, जिपकोष्टर, बञ्जीजम्प, चिल्ड्रेन पार्क, पिकनिक स्पट चमेनागृह, अतिथिगृह, पार्किङ्ग, मन्दिर, गुम्बा आदिमा प्रवेश गर्ने प्रवेशद्वार, शौचालय, रेष्टुरेण्ट, गिफ्ट सप, चौकिदार तथा टिकट घर आदि निर्माण गर्न,

७. बाँस, बेत, खरखडाई, ढुङ्गा जस्ता स्थानीय सामग्री र प्रविधि प्रयोग गरी स्वीकृत कार्ययोजनाले तोकेको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थायी पसल तथा रेष्टुरेण्ट निर्माण गरी सञ्चालन गर्न,

८. ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाईकिङ्ग रुट, वाकिङ्ग रुट, साइक्लिङ्ग रुट, आराम बेञ्च तथा कुर्चि, डस्ट बिन, इको गार्डेन, दुबोको हरियाली चौर, गल्फ कोर्ष, टेनिस कोर्ट; ब्याडमिन्टन कोर्ट, फुटबल तथा भलिबल ग्राउण्ड, मनोरञ्जन डबली, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन गर्न,

९. प्यारा ग्लाईडिङ्ग, हात्ती सफारी, हर्स राइडिङ्ग, वर्ड वाचिङ्ग, फिसिङ, साइक्लिङ्ग, क्यानोपीवाक, फोटो टुर व्यवस्थापन गर्न,

१०. फेन्सिङ्ग, तारबार वा जाली, पर्खाल आदिको माध्यमले क्षेत्र सुरक्षा गर्न।

(ख) सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा निषेधित कार्य

१. राष्ट्रिय वनमा गर्न नहुने भनी ऐन र यस नियमावलीले निषेधित गरेका कार्य गर्न,

२. पर्यापर्यटनका लागि स्वीकृत कार्ययोजनामा गर्न सकिने भनी उल्लेख भएका कार्य बाहेकका कार्य गर्न,

३. नयाँ मोटर बाटो लगायतका पूर्वाधार निर्माण गर्न, पानीको स्रोत तथा खोलानाला थुन्न, वहाव परिवर्तन गर्न वा स्थानीयबासीले उपयोग गरी राखेको स्रोतमा कुनै पनि तरिकाबाट अवरोध पुऱ्याउन,

४. वन्यजन्तुलाई पक्रन, घाइते बनाउन वा मार्न वा दुःख दिन, वासस्थानमा असर पुऱ्याउन, होहल्ला गरी असर पर्ने कुनै क्रियाकलाप गर्न वा गराउन,

५. कार्ययोजनामा स्वीकृत भएको अवस्थामा बाहेक वनका वन पैदावार काट्न, उखेल्न, क्षति पुऱ्याउन, मास्न र ओसारपसार गर्न,

६. भूआकृति, भूदृष्य र विशेष भौगालिक अवस्थालाई बिगार्न वा कुनै तरिकाबाट तोडमोड गर्न,

७. वातावरण प्रदूषित गर्ने क्रियाकलाप जस्तै माटो, पानी र ध्वनी तथा वायु प्रदूषण हुने क्रियाकलाप गर्न वा गराउन,

८. स्थानीय समुदायको संस्कृति र परम्परालाई नकारात्मक असर पुऱ्याउने क्रियाकलाप गर्न वा गराउन।

नेपाल कानून आयोग

अनुसूची-३१

(नियम ५३ को उपनियम (६) सँग सम्बन्धित)

गरिबीको रेखामुनिका उपभोक्तालाई आयआर्जनको लागि सामुदायिक वनको कुनै भाग प्रयोग गर्न उपलब्ध गराउँदा गर्नु पर्ने सम्झौताको ढाँचा

..... जिल्ला ..... पालिका ..... वडा नम्बर ..... स्थित..... सामुदायिक वन उपभोक्ता समूह (यस भन्दा पछि "पहिलो पक्ष" भनिएको) ले कार्ययोजनामा उल्लेख गरे अनुसारको विपन्न वर्ग संलग्न भएको ..... समूह (यसपछि "दोस्रो पक्ष" भनिएको) लाई यस सामुदायिक वनक्षेत्र भित्रको पूर्व....., पश्चिम ....., उत्तर ....., दक्षिण ..... गरी यती चारकिल्ला भित्रको ..... हेक्टर वनक्षेत्र देहाय बमोजिमका सर्तको अधीनमा रही आयमूलक कार्यक्रम गरी आयआर्जन गर्नका लागि यो सम्झौता गरिएको छ। यस सम्झौता कुनै पनि पक्षबाट उल्लङ्घन भएमा समूहको विधान, कार्ययोजना र यही सम्झौतापत्र तथा प्रचलित काननू बमोजिम सहुँला बुझाउँला।

सर्तः-

१. सामुदायिक वनक्षेत्र भित्र अन्नबाली लगाउन पाइने छैन।

२. दोस्रो पक्षले तयार गरेको कार्ययोजना बमोजिमको काम निरन्तर दुई वर्षसम्म गर्न नसकेमा वा कार्ययोजना विपरीतको कार्य गरेमा त्यस्तो वनक्षेत्र पहिलो पक्षले फिर्ता लिन सक्नेछ। तर फिर्ता लिँदा सफाईको मौकाबाट वञ्चित गरिने छैन।

३. यो सम्झौताको अवधि ... वर्षको हुनेछ। तर कार्यक्रम सन्तोषजनक भएमा पुनः थप सम्झौता गर्न सकिनेछ।

४. दोस्रो पक्षले सामुदायिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ र प्रत्येक साधारण सभामा आफ्नो समूहमा भएको काम कारबाही तथा यसका उपलब्धिको जानकारी नियमित रूपमा प्रस्तुत गर्नु पर्नेछ।

५. पहिलो पक्षले समय समयमा दोस्रो पक्षको कामको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

६. पहिलो पक्षले वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम मध्ये गरिबी न्यूनीकरणका लागि खर्च गर्नु पर्ने रकम मध्येबाट साधारण सभाको निर्णय बमोजिमको दोस्रो पक्षलाई सहयोग रकम उपलब्ध गराउन सक्नेछ।

७. दोस्रो पक्षले प्रयोग गरेको वन क्षेत्रमा आर्जन भएको वन पैदावार बाहेकको अन्य आय दोस्रो पक्षले उपयोग गर्न पाउनेछ।

८. यो सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद सिर्जना भएमा आपसी सहमतिमा विवाद समाधान गरिनेछ र सहमति कायम नभएमा डिभिजन वन कार्यालयको मध्यस्थतामा विवाद समाधान गरिनेछ।

९. सम्झौताको अवधि सकिएपछि त्यस्तो वनक्षेत्र सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम व्यवस्थापन हुनेछ।

१०. सामुदायिक वन उपभोक्ता समूहमा दोस्रो पक्षमा रहेका उपभोक्ताको अधिकार पहिलो पक्षको जस्तै सुरक्षित रहनेछ। विपन्न समूह गठन भएकै कारणले सामुदायिक वनबाट प्राप्त हुने लाभबाट वञ्चित गरिने छैन।

११. सामुदायिक वन उपभोक्ता समूहलाई अति आवश्यक परी विपन्न समूहलाई दिएको वन फिर्ता लिनु परेमा दोस्रो पक्षको लगानी र उपलब्धिको मूल्याङ्कन गरी न्यायोचित क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

<u>दोस्रो पक्षको तर्फबाट</u>,-	<u>पहिलो पक्षको तर्फबाट</u>,-
नामः	नामः
दस्तखत	दस्तखत .....

इति संवत् ..... साल ..... गते रोज ..... शुभम् .....।

नेपाल कानून आयोग

अनुसूची-३२

(नियम ५६ को उपनियम (६) सँग सम्बन्धित)

साझेदारी वन उपभोक्ता समूहको विधानमा समावेश हुनु पर्ने विषय

१. प्रस्तावना, परिभाषा

२. उपभोक्ता समूहको गठन

(क) साझेदारी वन उपभोक्ता समूहको नाम, ठेगाना

(ख) साझेदारी वन उपभोक्ता समूहको उद्देश्य

(ग) साझेदारी वन उपभोक्ता समूहको छाप

(घ) साझेदारी वन व्यवस्थापन क्षेत्र भित्रका घरधुरी तथा जनसङ्ख्याको विवरण

(ङ) साझेदारी वन उपभोक्ता समूहमा प्रतिनिधित्व समूह गठन विधि

(च) साझेदारी वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार

३. साझेदारी वन व्यवस्थापन समिति

(क) गठन विधि

(ख) साझेदारी वन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

(ग) साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारीको नामावली

(घ) स्थानीय तह र डिभिजन वन कार्यालयको काम, कर्तव्य र अधिकार

४. साधारण सभा तथा समितिको बैठक कार्यविधि

५. वन अपराध नियन्त्रण

(क) वन संरक्षण तथा वन अपराध नियन्त्रण

(ख) कार्ययोजना विपरीत कार्य गर्ने समूह सदस्यलाई गरिने दण्ड, जरिबाना र अपनाउनु पर्ने कार्यविधि

(ग) समुदायमा आधारित चोरी शिकार नियन्त्रण तरिका

६. साझेदारी वन उपोक्ता समूहको आर्थिक कार्यविधि

(क) कोष व्यवस्थापन तथा लेखा प्रणाली

(ख) बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन सम्बन्धी व्यवस्था

(ग) स्वीकृत बजेट खर्च गर्ने र अभिलेख राख्ने कार्यविधि

(घ) बरबुझारथ, लेखापरीक्षण, कोषको हिनामिना नियन्त्रणको व्यवस्था, सुशासनका मापदण्ड

(ङ) मासिक र वार्षिक आर्थिक विवरण

(च) व्यवस्थापन समितिका पदाधिकारीको आर्थिक प्रशासन सम्बन्धी काम र कर्तव्य

७. वार्षिक प्रतिवेदन

८. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९. अन्य आवश्यक कुरा

<u>द्रष्टव्य</u>: उपभोक्ता समूहको अध्यक्ष र सदस्यको पदावधि सकिनु अगावै नयाँ अध्यक्ष र सदस्यको चयन गरी जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

नेपाल कानून आयोग

अनुसूची-३३

(नियम ५६ को उपनियम (८) सँग सम्बन्धित)

साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

.....मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय, ...

.....

साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

प्रमाणपत्र नम्बर : मितिः

श्री .....साझेदारी वन उपभोक्ता समूह .....।

यस कार्यालयको मिति..... को निर्णय अनुसार वन ऐन, २०७६ र वन नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

उपभोक्ता समूहको दर्ता नम्बर :

उपभोक्ता समूहको विवरणः

उपभोक्ता समूहको क्षेत्रः

घरधुरीको सङ्ख्याः

कुल जनसङ्ख्याः

प्रमाणपत्र दिने अधिकृतको,-

नामः

पदः

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-३४

(नियम ६० को उपनियम (२) सँग सम्बन्धित)

साझेदारी वनको कार्ययोजनामा समावेश हुनु पर्ने विषय

विषयसूची

भाग-१. परिचय

१.१ वनको ऐतिहासिक पृष्ठभूमि

१.२ भौगोलिक स्थिति तथा पहुँच

१.२.१ अक्षांश र देशान्तर

१.२.२ टोपोग्राफी

१.२.३ वनको सीमाना तथा अवस्थिति

१.३ क्षेत्रफल

१.४ भू-बनौट तथा माटो

१.५ नदीनाला, ताल तथा खोलाको विवरण

१.६ भू-उपयोग

१.७ वनको किसिम र प्रजाति प्रतिशत

१.८ वनको वर्गीकरण

१.९ वनको वर्तमान अवस्था

१.९.१ पुनरोत्पादनको अवस्था

१.९.२ वनको वृद्धि मौज्दात (Growing Stock)

१.१० वन पैदावार सङ्कलनको अवस्था

१.११ वन अतिक्रमण तथा चोरी निकासी

१.१२ मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति

१.१२.१ वनस्पति

१.१२.२ वन्यजन्तु

१.१३ भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्र

भाग-२. सामाजिक तथा आर्थिक विश्लेषण

२.१ साझेदारी वन व्यवस्थापन योजना कार्यान्वयन क्षेत्र

२.२ घरधुरी, जनसङ्ख्या, जनघनत्व र बसाईसराई

२.३ धर्म, जनजाति र समुदाय

नेपाल कानून आयोग

२.४ मुख्य पेसा

२.५ शैक्षिक स्थिति

२.६ पशुसङ्ख्या र विवरण

२.७ कार्यरत गैरसरकारी र सामाजिक संस्था

२.८ वनमा आधारित उद्योगधन्दाको लागि कच्चा पदार्थको खपत विवरण

२.९ वन पैदावारको माग तथा आपूर्तिको स्थिति (घरायसी प्रयोगको लागि मात्र)

भाग-३ साझेदारी वन व्यवस्थापन योजना

३.१ दूरदृष्टि (Vision)

३.२ उद्देश्य

३.३ वन व्यवस्थापन रणनीति

३.४ व्यवस्थापन योजना तयारी प्रक्रिया तथा विधि

३.५ योजनाको सीमितता

३.६ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट विभाजन र प्रत्येक कम्पार्टमेन्टको डायमीटर क्लास अनुसार नक्सा विवरण

३.७ वन व्यवस्थापन प्रणाली विधि

३.७.१ वन संवर्द्धन प्रणाली छनोटको आधार

३.७.२ कटान तिब्रता अनुसार वन संवर्द्धन प्रणालीको सिफारिस

३.७.३ कम्पार्टमेन्ट र सब कम्पार्टमेन्ट अनुसार वन संवर्द्धन कार्यको सिफारिस

३.८ कम्पार्टमेन्ट अनुसार कटान गर्न सकिने वार्षिक परिमाण र क्षेत्रफल

३.९ वन पैदावार उत्पादन र आपूर्तिको तरिका

३.९.१ वन पैदावार कटान, सङ्कलन तथा घाटगद्दी गर्ने समय तालिका

३.९.२ वन पैदावारको मूल्य निर्धारण

३.९.३ घाटगद्दीबाट वन पैदावार बिक्री वितरण व्यवस्थापन र नियन्त्रण तरिका

३.९.४ शीतलहर तथा विपद् व्यवस्थापन

३.९.५ डिपो व्यवस्थापनः साझेदारी वनले सदरमुकाममा कम्तीमा एक वटा र अन्य पायक पर्ने स्थानमा डिपो राख्नु पर्नेछ।

३.१० वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व, खर्च र जनशक्ति

३.१०.१ वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजस्व

३.१०.२ वन संवर्द्धनको लागि आवश्यक पर्ने जनशक्ति

नेपाल कानून आयोग

३.१०.३ वन संवर्द्धनको लागि आवश्यक पर्ने खर्च
३.११ गैरकाष्ठ वन पैदावारको उत्पादन, विस्तार तथा व्यवस्थापन
३.१२ वन संरक्षण, वन डढेलो नियन्त्रण, अतिक्रमण नियन्त्रण, चोरी निकासी नियन्त्रण
३.१३ निजी वन, बिरुवा उत्पादन (नर्सरी) तथा वितरण
३.१४ सार्वजनिक जग्गामा वृक्षारोपण
३.१५ सामाजिक कल्याण तथा सामुदायिक विकास कार्यक्रम
३.१६ आयमूलक कार्यक्रम
३.१७ भौतिक पूर्वाधार विकास
३.१८ साझेदारी वनमा आधारित वन उद्यम सम्बन्धी व्यवस्था
३.१९ दशवर्षे कार्यक्रम (Ten year action Plan)
३.२० व्यवस्थापन योजना कार्यान्वयन गर्ने स्रोत
३.२१ व्यवस्थापन योजना कार्यान्वयनमा जोखिम
भाग-४ कार्यक्रम व्यवस्थापन
४.१ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया
४.२ वैकल्पिक उर्जा प्रवर्द्धन सहयोग
४.३ वन पैदावारको बजारीकरण तथा बजार व्यवस्थापन
भाग-५ विविध
५.१ जनशक्ति विकास तथा व्यवस्थापन
५.२ वित्तीय विश्लेषण
५.३ राजस्वको बाँडफाँट
५.४ रोजगारीका अवसर र गरिबी न्यूनीकरणमा योगदान
५.५ व्यवस्थापन योजनाको पुनरावलोकन
५.६ दश वर्षपछिको सामाजिक तथा वन क्षेत्रको अवस्थाको प्रक्षेपण
५.७ दश वर्षपछि सघन व्यवस्थापन क्षेत्रमा गरिने क्रियाकलाप
५.८ वातावरण प्रभाव मूल्याङ्कन
५.९ तर्कपूर्ण खाका (सोच तालिका)
सन्दर्भ सामग्री
अनुसूची
नक्सा

नेपाल कानून आयोग

अनुसूची-३५

(नियम ६४ को उपनियम (५) र (७) सँग सम्बन्धित)

साझेदारी वनको वन पैदावार बिक्री वितरण रसिदको ढाँचा

..... साझेदारी वन उपभोक्ता समूह,

.....।

उपभोक्ता समूहको दर्ता नम्बर :

अनुमतिपत्र नम्बर :

श्री .....

.....।

उपभोक्ता समूहलाई प्राप्त भएको ..... साझेदारी वनको रुपमा व्यवस्थापन गरी तपसिलमा उल्लिखित वन पैदावारमा लाग्ने मूल्य लिई यो रसिद दिइएको छ।

तपसिलः

क्र.स.	वन पैदावारको जात	एकाइ	परिमाण	मूल्य	टाँचाको विवरण	कैफियत

रसिद बुझिलिनेको,-

नाम :

दस्तखतः

मितिः

रसिद दिनेको,-

नाम :

दस्तखतः

मितिः

बोधार्थ/कार्यार्थ :-

(१) .....वन कार्यालय .....

(२) ..... उप समिति .....

नेपाल कानून आयोग

अनुसूची-३६

(नियम ६७ को उपनियम (४) सँग सम्बन्धित)

कबुलियती वनको प्राविधिक प्रस्तावमा समावेश हुनु पर्ने विषय

१. कबुलियती वन लिन चाहेको राष्ट्रिय वनको विवरण

(क) वनको नाम : .....

(ख) वन रहेको स्थानः ..... जिल्ला ..... गाउँपालिका/नगरपालिका वडा नम्बर .....

(ग) चार किल्लाः .....

(घ) क्षेत्रफलः ..... हेक्टर

२. कबुलियती वन लिन चाहेको उद्देश्यः ..... (ऐनको दफा २६ को उपदफा (१) को खण्ड . ... अनुसारको विषय उल्लेख गर्नु पर्ने)

३. वन क्षेत्रको स्थिति

४. वन क्षेत्रको प्राकृतिक स्रोतको विवरण

५. प्रस्तावित कार्यक्रम सहित संक्षिप्त कार्ययोजना

६. वातावरण तथा जैविक विविधता संरक्षण

७. भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण

८. वातावरणमा पर्न सक्ने असरको सामान्य लेखाजोखा

९. स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलाप वृद्धि हुने कार्यक्रम

१०. स्थानीय बासिन्दालाई रोजगार

११. कबुलियती वन लिन चाहेको अवधि

१२. फिर्ता हुँदाको अवस्था

१३. अन्य व्यवस्था

संस्था/समुदायको छापः

निवेदक

संस्थाको तर्फबाट

प्रतिनिधिको नाम, थर, वतनः

संस्था नामः

ठेगानाः

मितिः

कानून आयोग

अनुसूची-३७

(नियम ६८ को उपनियम (४) सँग सम्बन्धित)

कबुलियती वनको प्रविधिक प्रस्ताव मूल्याङ्कनको आधार

क्र. स.	विषय	आधार तथा अङ्कभार वर्गीकरण		अङ्कदिने आधार
१	वातावरण तथा जैविक विविधता संरक्षणमा योगदान (२०)	१.१	वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	वातावरण मैत्री क्रियाकलाप, प्रदूषण नियन्त्रण, प्रजातिको विविधता, खेती प्रणाली, वातावरणीय सेवा आदि
		१.२	वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५)	
		१.३	वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	
		१.४	वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	
२	भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रणमा योगदान (२०)	२.१	भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	बायोइञ्जिनियरिङ्ग विधि, पानी मुहान संरक्षण, जोखिम न्यूनीकरण क्रियाकलाप, इकोलोजिकल रिस्टोरेसन आदि
		२.२	भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५)	
		२.३	भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	
		२.४	भू-क्षय तथा प्राकृतिक विपद् नियन्त्रण सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	

नेपाल कानून आयोग

३	स्थानीय बासिन्दालाई प्रत्यक्ष रोजगार (२०)	३.१	स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	अदक्ष कामदार लक्षित क्रियाकलाप, कच्चा पदार्थ उत्पादन आदि
		३.२	स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५)	
		३.३	स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	
		३.४	स्थानीय बासिन्दालाई प्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	
४	स्थानीय बासिन्दालाई अप्रत्यक्ष रोजगार/ जीविकोपार्जन (२०)	४.१	स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	जीविकोपार्जन मा टेवापुग्ने क्रियाकलाप, तालिमको व्यवस्था आदि
		४.२	स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी केही क्रियाकलाप वा यस सम्बन्धी केही विषय उल्लेख गरेको (१५)	
		४.३	स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	
		४.४	स्थानीय बासिन्दालाई अप्रत्यक्ष रुपमा उपलब्ध हुने रोजगार र जीविकोपार्जन सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	
५	स्थानीय	५.१	स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक	आर्थिक

नेपाल कानून आयोग

	क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलाप वृद्धि हुने आयमूलक कार्यक्रम (२०)		क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	क्रियाकलाप वृद्धि तथा औद्योगिक कच्चा पदार्थ उत्पादन, आदि
		५.२	स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी विशेष क्रियाकलाप वा यस सम्बन्धी विषय उल्लेख गरेको (१५)	
		५.३	स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी सामान्य क्रियाकलाप वा सामान्य विषय उल्लेख गरेको (१०)	
		५.४	स्थानीय क्षेत्रमा आर्थिक तथा औद्योगिक क्रियाकलापलाई टेवा पुग्ने कच्चा पदार्थको उत्पादन सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	
६	नवीनतम कार्यक्रम/क्रियाकलाप (२०)	६.१	नवीनतम कार्यक्रम सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	नवीनतम कार्यक्रम, आदि
		६.२	नवीनतम कार्यक्रम सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	
		६.३	नवीनतम कार्यक्रम सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)	
७	फिर्ता हुँदाको अवस्था (२०)	७.१	फिर्ता हुँदाको अवस्था सम्बन्धी प्रष्ट र विस्तृत क्रियाकलाप वा यस सम्बन्धी विस्तृत विषय उल्लेख गरेको (२०)	कबुलियती वन फिर्ता हुँदाको अवस्था आदि
		७.२	फिर्ता हुँदाको अवस्था सम्बन्धी सामान्य क्रियाकलाप वा यस सम्बन्धी सामान्य विषय उल्लेख गरेको (१०)	

नेपाल कानून आयोग

		७.३	फिर्ता हुँदाको अवस्था सम्बन्धी कुनै क्रियाकलाप वा यस सम्बन्धी कुनै विषय उल्लेख नगरेको (०)
८	संरक्षणसँग सम्बन्धित अन्य विषय। (१०)	८.१	संरक्षणसँग सम्बन्धित विषय उल्लेख गरेको (१०)
		८.२	संरक्षणसँग सम्बन्धित विषय उल्लेख नगरेको (०)

नेपाल कानून आयोग

अनुसूची-३८

[ब](नियम ६८ को उपनियम (५), नियम ७० को उपनियम (१), [म]नियम ९३ को उपनियम (४), र नियम ९५ को उपनियम (३) र (३क) सँग सम्बन्धित)

कबुलियती वनको रोयल्टी प्रतिहेक्टर

क्र. स.	उद्देश्य	हिमाली क्षेत्र	पहाडी क्षेत्र	तराई तथा भित्री मधेश	काठमाडौं उपत्यका	वार्षिक वृद्धि
(१)	वन पैदावारमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न	१,२००।-	२,५००।-	४,०००।-	५,०००।-	१० प्रतिशत
(२)	वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा वृद्धि गरी बिक्री वितरण गर्न	१,२००।-	२,५००।-	४,०००।-	५,०००।-	१० प्रतिशत
(३)	वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली सञ्चालन गर्न	१,२००।-	२,५००।-	४,०००।-	उपलब्ध नहुने	१० प्रतिशत
(४)	वनको संरक्षण र विकास हुने गरी पशु फर्म	२,०००।-	५,०००।-	उपलब्ध नहुने	उपलब्ध नहुने	१० प्रतिशत

ब दोस्रो संशोधनद्वारा संशोधित।

म तेस्रो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

	सञ्चालन गर्न				
(५)	वनको संरक्षण र विकास हुने गरी कीट पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न	३,०००।-	६,०००।-	८,०००।-	१०,०००।-	१० प्रतिशत
(६)	वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवासाय वा उद्यान सञ्चालन गर्न	१०,०००।-	१५,०००।-	३०,०००।-	५०,०००।-	१० प्रतिशत

<u>द्रष्टव्य:</u>

(१) १ हेक्टर = १९.६५ रोपनी =१.४५ बिघा हुन्छ।

(२) माथि उल्लिखित रोयल्टी दरमा तेस्रो वर्षसम्मलाई तयारी वर्षमानी चौथो वर्षदेखि १० प्रतिशत वार्षिक वृद्धि हुनेछ।

(३) प्रदेश राजधानी भएका नगरपालिकामा काठमाडौं उपत्यका बराबरको रोयल्टी लाग्नेछ।

(४) माथि उल्लिखित रोयल्टी दरमा प्रत्येक दश वर्षमा पुनरावलोकन हुनेछ।

नेपाल कानून आयोग

अनुसूची-३९

(नियम ६९ को उपनियम (३) सँग सम्बन्धित)

कबुलियती वनको कबुलियतनामाको ढाँचा

.....जिल्ला .....नगरपालिका/गाउँपालिका.....स्थित .....तर्फबाट अख्तियार प्राप्त म/हामी..... आगे हाम्रो ..... सङ्गठित संस्थाले दिएको निवेदन र कार्ययोजनामा कारबाही भई निर्णय भए बमोजिम .....जिल्ला ..... नगरपालिका/गाउँपालिका वडा नम्बर .... मा पर्ने पूर्व ..... दक्षिण ..... पश्चिम ..... र उत्तर ..... को चार किल्ला भित्रको ..... नाम भएको राष्ट्रिय वनको ..... हेक्टर क्षेत्रफलमा फैलिएको वनक्षेत्र वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका सर्त बमोजिम ऐनको दफा २६ को उपदफा (१) को खण्ड ..... बमोजिमको उद्देश्यको निमित्त ..... अवधिका लागि यसै साथ संलग्न स्वीकृत कार्ययोजना अनुरुप वनको संरक्षण तथा व्यवस्थापन गर्ने गरी कबुलियती वन लिन मञ्जुर छु/छौं भनी खुसीराजीसँग यो कबुलियतनामा लेखी वन तथा भू-संरक्षण विभागमा पेस गरेको छु/छौं। यो कबुलियत बमोजिमको सर्त पालन नगरेमा वन ऐन, २०७६ र वन नियमावली, २०७९ बमोजिम सहुँला बुझाउँला।

१. स्वीकृत कार्य योजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारबाही गर्ने छैनौं।

२. कबुलियती वन लिए बापत नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व रकम समयमै बुझाउने छौं।

३. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानि नोक्सानी गर्ने वा गराउने छैनौं।

४. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वनक्षेत्र नपाएमा सो क्षेत्र नेपाल सरकारलाई नियमानुसार हस्तान्तरण गर्नेछौं।

५. कबुलियत भएको मितिले एक वर्षभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछौं।

६. समय समयमा डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछौं।

७. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुख नेपाल सरकारले नहटाए सम्म सुरक्षा र संरक्षण गर्नेछौं।

८. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार प्रचलित कानूनको प्रक्रिया पूरा गरेर मात्र ओसारपसार गर्नेछौं।

९. प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा पाँच हजार रुपैयाँ दस्तुर बुझाई अर्को पट्टा लिन मञ्जुर गर्दछौं।

कबुलियत गर्ने संस्था/समूहको सहीछापः–

इति संवत्..... साल..... गते रोज..... शुभम्.....

अनुसूची-४०

(नियम ६९ को उपनियम (३) सँग सम्बन्धित)

कबुलियती वनको प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

कबुलियती वनको प्रमाणपत्र

प्रमाणपत्र नम्बर : मितिः

संस्थाको नामः ठेगानाः

सञ्चालकको नामः ठेगानाः

कबुलियती वनको नामः अवधिः

उद्देश्यः

नेपाल सरकारको निर्णय मितिः

क्र.स.	जिल्ला	स्थानीय तह	वनको नाम	क्षेत्रफल	रोयल्टी रकम	कैफियत

प्रमाणपत्र प्रदान गर्नेको,-

दस्तखतः

नामः

पदः महानिर्देशक

मितिः

द्रष्टव्यः

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँच हजार रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-४१

(नियम ६९ को उपनियम (११) सँग सम्बन्धित)

कबुलियती वनमा सञ्चालन गर्न सकिने पर्यापर्यटन कार्यक्रम

१. अवलोकन भ्रमण, पदयात्रा, वन विहार, पौडी पोखरी, जलविहार जस्ता कार्य सञ्चालन,

२. प्राकृतिक सौन्दर्य, भू-दृष्य तथा वन्यजन्तु अवलोकनको लागि मचान वा स्पट निर्माण र सञ्चालन,

३. आफ्नो वनमा पाइने काष्ठ, गैह्रकाष्ठ वनस्पति प्रजाति र वन्यजन्तु लगातयका जैविक विविधता संरक्षण सम्बन्धी सूचना केन्द्र स्थापना र सञ्चालन,

४. जङ्गली पुष्प बगैंचा, विभिन्न प्रजातिका बिरुवा रोपण, वनजन्य फलफूल खेती, जैविक विविधता पार्क, इको बाल उद्यान आदि निर्माण र सञ्चालन,

५. न्यूनतम क्षेत्रफलमा स्थायी भौतिक संरचना (पाहुनाघर, शौचालय, रेष्टुरेण्ट, गिफ्ट सप, चिल्ड्रेन पार्क, चमेनागृह, अतिथिगृह, चौकिदार तथा टिकट घर आदि) निर्माण र सञ्चालन,

६. बाँस, बेत, खर खडाई, ढुङ्गा आदि स्थानीय सामग्री र प्रविधि प्रयोग गरी स्वीकृत कार्ययोजनामा तोकिएको स्थानमा कटेज, प्रतिक्षालय, गोलघर, आराम स्थल, अस्थायी पसल तथा रेष्टुरेण्ट आदि निर्माण गरी सञ्चालन,

७. वातावरण मैत्री हरित पूर्वाधार (ढुङ्गा माटोको गोरेटो, पदमार्ग, हाईकिङ्ग रुट, वाकिङ्ग रुट, साइकलिङ्ग रुट, आराम बेञ्च तथा कुर्चि, डस्ट बिन, इको गार्डेन, दुबोको हरियाली चौर, गल्फ कोर्ष, टेनिस कोर्ट, ब्याडमिन्टन कोर्ट, भलिवल तथा फूटबल ग्राउण्ड, मनोरञ्जन डबली, टेण्टेड क्याम्प, पिकनिक स्पटको व्यवस्थापन,

८. प्यारागलाईडिङ्ग, हात्ती सफारी, हर्स राइडिङ्ग, वर्ड वाचिङ्ग, फिसिङ, साइक्लिङ्ग, क्यानोपी वाक, फोटो टुर व्यवस्थापन,

९. न्यूनतम क्षेत्रफल ओगट्ने गरी रोपकोर्स, जिपकोष्टर, बञ्जीजम्प, पार्किङ्ग आदि निर्माण र व्यवस्थापन,

१०. प्रचलित नियम कानूनको अधीनमा रही वन्यजन्तु पालन, उपयोग र व्यवस्थापन,

११. व्यावसायिक योजनामा उल्लेख भएका परिमाणमा पशुपालन, मत्स्यपालन, माहुरी पालन, कुखुरा तथा हास पालन, भर्मिकम्पोस्ट बनाउने,

१२. बहुवर्षे एग्रोफरेष्ट्री, आवधिक प्रकृतिको प्रोटेक्टेड एग्रिकल्चरका कार्य,

१३. फेन्सिङ्ग, तारबार, जाली, पर्खाल आदिको माध्यमले क्षेत्र सुरक्षा,

१४. व्यावसायिक योजनामा उल्लिखित स्वीकृत अन्य उपयुक्त कार्य।

अनुसूची-४२

(नियम ७३ को उपनियम (६) सँग सम्बन्धित)

गरिबीको रेखामुनिका जनतालाई उपलब्ध गराईने कबुलियती वन कार्ययोजनामा समावेश हुनु पर्ने विषय

१. परिचय,
२. समूहमा आबद्ध घरधुरी सङ्ख्या तथा समूह सदस्यको नाम,
३. समूहको अध्यक्षको चयन प्रक्रिया,
४. समूहको निर्णय प्रक्रिया र विधि,
५. कबुलियती वनको रुपमा लिन चाहेको स्थान, क्षेत्रफल र चार किल्ला,
६. वन व्यवस्थापनको उद्देश्य,
७. विपन्न वर्गमा पुग्न सक्ने योगदान,
८. कबुलियती वनको अवधि,
९. उत्पादन गरिने वन पैदावारको किसिम र तिनको उपयोग सम्बन्धी वन विकासको कार्ययोजना,
१०. कबुलियती वनक्षेत्र भित्र कुनै किसिमको कृषि वन प्रणाली अवलम्बन गरिने भए सोको विवरण,
११. प्राप्त वन पैदावार र लाभको उपयोग सम्बन्धी व्यवस्था,
१२. कबुलियती वनको अवधि समाप्त भए पश्चात वनको संरक्षणको व्यवस्था,
१३. अन्य आवश्यक कुरा।

नेपाल कानून आयोग

अनुसूची-४३

(नियम ७३ को उपनियम (८) सँग सम्बन्धित)

गरिबीको रेखामुनिका जनतालाई उपलब्ध गराईने कबुलियती वनको कबुलियतनामाको ढाँचा

..... प्रदेश ..... जिल्ला ..... न.पा./गा.पा. ..... स्थित ..... तर्फबाट अख्तियार प्राप्त म/हामी ..... आगे हाम्रो समूह/समुदायले दिएको निवेदन र कार्ययोजनामा कारबाही भई निर्णय भए बमोजिम ..... प्रदेश ..... जिल्ला ..... गा.पा./न.पा. वडा न. ..... मा पर्ने पूर्व ..... दक्षिण ..... पश्चिम ..... र उत्तर ..... को चार किल्ला भित्रको ..... नाम भएको ..... हेक्टर वनक्षेत्र वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका सर्त बमोजिम त्यस्तो क्षेत्रमा वन ऐन, २०७६ को दफा २६ को उपदफा (२) बमोजिमको उद्देश्यको निमित्त ..... अवधिका लागि यसैसाथ संलग्न स्वीकृत कार्ययोजना अनुरुप वनको संरक्षण र व्यवस्थापन गर्ने गरी कबुलियती वन लगाउन मञ्जुर छु भनी खुसीराजीसँग यो कबुलियतनामा लेखी डिभिजन वन कार्यालय ..... मार्फत नेपाल सरकारमा पेस गरेको छु। यो कबुलियत बमोजिमको सर्त पालना नगरेमा वन ऐन, २०७६ र वन नियमावली, २०७९ बमोजिम सहुँला बुझाउँला।

देहाय

१. स्वीकृत कबुलियती वन कार्ययोजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारबाही गर्ने छैन।

२. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानि नोक्सानी गर्ने वा गराउने छैन।

३. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वनक्षेत्र नपाएमा सो क्षेत्र नेपाल सरकारलाई हस्तान्तरण गर्नेछु।

४. कबुलियत भएको मितिले तीन महिनाभित्र स्वीकृत कार्ययोजना अनुसार कार्य प्रारम्भ गर्नेछु। समय समयमा डिभिजन वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछु।

५. कबुलियती वनबाट उत्पादन गरिएको वन पैदावार निकाले पछि कार्ययोजना अनुरुप तत्कालै वृक्षारोपण पुनरुत्थानको व्यवस्था गर्नेछु।

६. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका रुख कार्ययोजना बमोजिम वन डिभिजन वन कार्यालयले प्रचलित ऐन, नियम बमोजिम नहटाएसम्म सुरक्षा, संरक्षण गर्नेछु।

७. कबुलियती वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र डिभिजन वन कार्यालयमा बुझाउनेछु।

८. कबुलियती वनबाट प्राप्त हुने वन पैदावार ओसारपसार गर्न डिभिजन वन कार्यालयले तोकिदिएको टाँचा प्रयोग गर्नेछु।

९. प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा पच्चीस रुपैयाँ दस्तूर बुझाई अर्को पट्टा लिन म पट्टावाला मञ्जुर गर्दछु।

इच्छाएको व्यक्तिको सहीछाप :

कबुलियत गर्ने गरिबी रेखामुनिका उपभोक्ताको नाम, थर र वतन

(१)

(२)

इति संवत् ... साल ... गते रोज ... शुभम् .....।

नेपाल कानून आयोग

अनुसूची-४४

(नियम ७३ को उपनियम (८) सँग सम्बन्धित)

गरिबीका रेखामुनिका जनतालाई उपलब्ध गराईने कबुलियती वनको प्रमाणपत्र (पट्टा) को ढाँचा

प्रदेश सरकार

..... मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय, ...

.....

गरिबीका रेखामुनिका जनताको लागि कबुलियती वनको प्रमाणपत्र (पट्टा)

प्रमाणपत्र नम्बर : मितिः

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको राष्ट्रिय वन क्षेत्रमा स्वीकृत वन कार्ययोजना अनुरुप गरिबी न्यूनीकरण गर्न तथा वनको संरक्षण र विकास हुने गरी आय आर्जनका कार्यक्रम सञ्चालन गर्नको लागि यो कबुलियती वनको प्रमाणपत्र दिइएको छ :–

१. सम्बन्धित समुदायको :

(क) नाम :.....कबुलियती वन समूह

(ख) ठेगाना :

२. कबुलियती वनको :

(क) .....प्रदेश.....जिल्ला.....गाउँ/नगरपालिका वडा नम्बर .....

(ख) चार किल्ला :

(ग) नाम :

(घ) क्षेत्रफल :

३. कबुलियती वनको अवधि :

.....

(डिभिजनल वन अधिकृत)

नामः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-४५

(नियम ७९ को उपनियम (२) सँग सम्बन्धित)

धार्मिक वन दर्ताको प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

.....मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय,

.....

प्रमाणपत्र नम्बर : मितिः

धार्मिक वन दर्ताको प्रमाणपत्र

श्री .....

.....।

त्यस निकाय/समूह/समुदायलाई वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको राष्ट्रिय वन यसै साथ संलग्न कार्ययोजना बमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न धार्मिक वनको रुपमा सुम्पिएको छ।

धार्मिक वनको विवरणः

नामः

चार किल्लाः

पूर्वः

दक्षिणः

पश्चिमः

उत्तरः

क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकृतको,-

नाम, थरः

पदः

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँचसय रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-४६

(नियम ८१ को उपनियम (१) सँग सम्बन्धित)

निजी वन दर्ताका लागि सिफारिस लिन दिने निवेदनको ढाँचा

मितिः

श्री डिभिजनल वन अधिकृतज्यू,

डिभिजन वन कार्यालय, ...

.....।

विषयः निजी वन दर्ताको लागि सिफारिस गरी पाउँ।

वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायका वन पैदावारलाई .....पालिकामा निजी वनको रुपमा दर्ता गर्नु पर्ने भएकोले सोका लागि सिफारिस गरी पाउँ भनी यो निवेदन पेस गरेको छु।

१. दर्ता गर्न चाहेको निजी वनको वन पैदावार

२. जग्गाको स्वामित्व सम्बन्धी कागजात

निवेदक (निजी वनधनीको),-

नाम :

दस्तखत :

नेपाल कानून आयोग

अनुसूची-४७

(नियम ८१ को उपनियम (३) सँग सम्बन्धित)

निजी वन दर्ताको प्रमाणपत्रको ढाँचा

.....नगरपालिका/गाउँपालिका

..... नगरपालिका/गाउँपालिकाको कार्यालय

..... /

प्रमाणपत्र नम्बर : मितिः

निजी वन दर्ताको प्रमाणपत्र

श्री .....

.....।

तपाईले ..... डिभिजन वन कार्यालयको सिफारिस सहित यस .....पालिकामा निजी वन दर्ता गराई पाउँ भनी पेस गरेका कागजात अध्ययन हुँदा वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको निजी वन तथा निजी आवादी जमिनमा लगाएको वन पैदावारलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

निजी वनको विवरणः

नामः

चार किल्लाः

क्षेत्रफलः

वन पैदावारको प्रजातिः

वन पैदावारको सङ्ख्याः

प्रमाणपत्र दिने अधिकृतको,-

नाम :

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

अनुसूची-४८

(नियम ८२ को उपनियम (३) सँग सम्बन्धित)

निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्री र ओसारपसार गर्न सकिने वन पैदावार प्रजाति

(क) काष्ठ प्रजाति

क्र.स.	प्रजाति	क्र.स.	प्रजाति	क्र.स.	प्रजाति
१	अम्बा	२	हलुवावेद	३	कपोक
४	आँप	५	नीम	६	काभ्रो
७	इपिलइपिल	८	बकाईनो	९	गोल्डमोहर
१०	इमली	११	बबुर, बबुल	१२	टिक
१३	सिसौ (वृक्षारोपण)	१४	मसला	१५	लहरेपिपल
१६	क्यासिया सियामिया	१७	लिची	१८	मोलाटो
१९	कटहर	२०	लप्सी	२१	वीरेन्द्रफूल
२२	कदम	२३	टुनी	२४	उत्तिस
२५	चिलाउने	२६	कटुस	२७	खोटे सल्ला
२८	गोब्रे सल्ला				

(ख) जडीबुटी प्रजाति

१ अमला	२ सिल्टिमुर	३ कचुर
४ कुरिलो, सतावरी	५ केसर	६ घ्यूकुमारी
७ चिउरी	८ चिराईतो	९ टिमुर
१० तेजपात	११ तुलसी	१२ बेल
१३ बोझो	१४ बोधिफल, बोधिचित्त	१५ मसलाको पात
१६ रिठ्ठा	१७ रुद्राक्ष	१८ लप्सी
१९ क्यामोमाईल	२० मेन्था	२१ लेमनग्रास
२२ सिट्रोनेला	२३ पामारोजा	

(ग) अन्य वन पैदावार प्रजाति

१. अम्रिसो/अम्लिसो	२. बाँस/निगालो	३. अल्लो	४. बनकस, बाबियो

नेपाल कानून आयोग

अनुसूची-४९

(नियम ८४ को उपनियम (४) सँग सम्बन्धित)

सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्रको ढाँचा

.....नगरपालिका/गाउँपालिका

..... नगरपालिका/गाउँपालिकाको कार्यालय

..... /

प्रमाणपत्र नम्बर : मितिः

सार्वजनिक जग्गामा वन व्यवस्थापन गर्न दिइएको प्रमाणपत्र

श्री.....

.....

.....।

..... लाई वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको सार्वजनिक जग्गामा यसै साथ संलग्न कार्ययोजना बमोजिम सार्वजनिक जग्गामा वनको संरक्षण, विकास र व्यवस्थापन गरी सदुपयोग गर्न यो प्रमाणपत्र दिइएको छ।

सार्वजनिक जग्गाको विवरणः–

नामः ठेगानाः

चार किल्लाः

पूर्वः दक्षिणः

पश्चिमः उत्तरः

कि.न. : क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकारीको,-

नाम, थरः

पदः

दस्तखतः

मितिः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन एकसय रुपैयाँ लाग्नेछ।

नेपाल कानून आयोग

[™]अनुसूची-४९क.

(नियम ८९ को उपनियम (२) (३) र (४) सँग सम्बन्धित)

राष्ट्रिय वनको जग्गा प्रयोगको लागि माग भएको जग्गाको भेरिफिकेसन फाराम

१. आयोजना सम्बन्धी जानकारी

(क) प्रस्तावकको नाम :

(ख) सम्पर्क नं :

(ग) ठेगाना :

(घ) आयोजनाको नाम :

(ङ) आयोजना सञ्चालन हुने प्रदेश र जिल्ला :

(च) आयोजनाको किसिम (सङ्घीय सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश लगानी भएको निकायमध्ये कुन हो सो खुलाउने) :

(छ) आयोजना सञ्चालन हुने गाउँपालिका/नगरपालिको नाम र वडा नं. :

(ज) आयोजनाको संक्षिप्त विवरण :

२. माग भएको राष्ट्रिय वनको विवरण

(क) वनको नाम :

(ख) प्रयोग गरिने वनको व्यवस्थापन पद्धति (सरकारद्वारा व्यवस्थित, सामुदायिक, साझेदारी, धार्मिक, कवुलियतीमध्ये कुन हो वा एकभन्दा बढी भएको भए सो समेत खुलाउने)

(ग) चारकिल्ला : पूर्व : पश्चिम : उत्तर : दक्षिण :

(घ) वनको क्षेत्रफल (एकभन्दा वढी व्यवस्थापन पद्धति भएमा व्यवस्थापन पद्धति अनुसार हेक्टरमा उल्लेख गर्ने) :

(ङ) वनको प्रकार :

(च) प्रयोग गरिने वनको सर्वे नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(छ) प्रयोग गरिने वनको जिपिएस कोअर्डिनेटसहितको नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(ज) प्रयोग गरिने वनको गुगल नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(झ) सम्भव भएमा प्रयोग गरिने वनको नापी नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

™ तेस्रो संशोधनद्वारा थप।

(ञ) दुर्लभ/लोपोन्मुख वन्यजन्तु र वनस्पतिको प्रजाति पाइने भएमा सो उल्लेख गर्ने :

(ट) लोपोन्मुख वन्यजन्तुको प्रमुख वासस्थान भएको र सङ्कटापन्न वनस्पति रहने क्षेत्र, रामसारमा सूचीकृत क्षेत्र, सांस्कृतिक वा धार्मिक हिसाबले महत्त्व रहेको क्षेत्र र वैज्ञानिक महत्त्वको क्षेत्र हो भने सो खुलाउने :

(ठ) प्रयोग गरिने वनको पारिस्थितिकीय प्रणालीको संक्षिप्त विवरण :

(ड) राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिन मिल्ने वा नमिल्ने सम्बन्धमा यकिन रायसहितको सिफारिस (प्रचलित कानून र माथिको तथ्यको आधारमा विश्लेषणसमेत गरी दिन मिल्ने वा नमिल्ने व्यहोरा र कारणसहित छोटकरीमा उल्लेख गर्ने/ विस्तृत रूपमा उल्लेख गर्न परेमा अलग्गै पेजमा उल्लेख गरी संलग्न गर्न सकिने):

३. राय सहितको सिफारिस गर्ने पदाधिकारीहरुको विवरण

पदाधिकारीहरू	***वन उपभोक्ता समूहको अध्यक्ष (उपभोक्ता समूहको वन पर्ने भएमा मात्र)***	***आयोजनाको प्रमुख***	***डिभिजनल वन अधिकृत***
नाम :			
हस्ताक्षर			
मिति :			
कार्यालयको छाप :			

४. भेरिफिकेसन विवरण तयार गर्न सहयोग गर्ने कर्मचारीहरूको विवरण

क्रमसङ्ख्या	कर्मचारी तथा प्रतिनिधिको नाम	पद	हस्ताक्षर	मिति
१.				
२.				
३.				

४.				

द्रष्टव्य: १. यो विवरण नेपाली कागजमा तयार गर्नु पर्नेछ।

२. यो विवरण प्रदेश मन्त्रालयको सचिवबाट प्रमाणित भएको हुनु पर्नेछ।

नेपाल कानून आयोग

अनुसूची-५०

(Σनियम ८९ को उपनियम (४) सँग सम्बन्धित)

विकास आयोजना कार्यान्वयन गर्दा वनक्षेत्रबाट हटाउनु पर्ने रूख बिरुवाको लगत विवरणको ढाँचा

आयोजनाको नाम :

जिल्लाः

नगरपालिका/गाउँपालिकाः

वनको क्षेत्रफलः

वन पैदावारको विवरणः

(क) रुख

क्र.स.	प्रजाति	🕮गोलाइ/डिबिए च सेन्टिमिटर	🕮उचाइ मिटर	प्राप्त हुनुसक्ने वन पैदावार		मूल्य	जिपियस कोअर्डिनेट	कैफियत
				काठ (क्यूफिट)	दाउरा (क्यूफिट)			

(ख) 🕮पोल

क्र.स.	प्रजाति	🕮गोलाइ/डिबिए च सेन्टिमिटर	🕮उचाइ मिटर	प्राप्त हुनसक्ने वन पैदावार		मूल्य	जिपियस कोअर्डिनेट	कैफियत
				काठ (क्यूफिट)	दाउरा (क्यूफिट)			

(ग) ◉.....

तयार पार्ने,- प्रमाणित गर्ने,-

Σ तेस्रो संशोधनद्वारा संशोधित।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

◉ दोस्रो संशोधनद्वारा झिकिएको।

दस्तखतः
नामः
सहायक वन अधिकृत
मितिः

दस्तखतः
नामः
डिभिजनल वन अधिकृत
मितिः

नेपाल कानून आयोग

अनुसूची-५१

(नियम ९३ को उपनियम (१) ™को खण्ड (क) र नियम ९५ को उपनियम (३) सँग सम्बन्धित)

वनक्षेत्रको जग्गा प्रयोग गर्नेले बुझाउनु पर्ने रकम

क्र.स.	वनको जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र	प्रति हेक्टर मूल्य रू.	
		झाडी बुट्यान तथा खुला वनक्षेत्र (२० प्रतिशत भन्दा कम छत्र घनत्व भएको)	रुख भएको वन क्षेत्र (२० प्रतिशत भन्दा बढी छत्र घनत्व भएको)
१.	तराई क्षेत्र	३०,००,०००।-	३५,००,०००।-
२.	चुरे तथा भित्री मधेश क्षेत्र	३५,००,०००।-	४२,००,०००।-
३.	पहाडी तथा हिमाली क्षेत्र	२८,००,०००।-	३०,००,०००।-
४.	प्रदेश राजधानी भएका नगरपालिका	६०,००,०००।-	८०,००,०००।-
५.	काठमाडौं उपत्यका	६०,००,०००।-	८०,००,०००।-

™ तेस्रो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

▣अनुसुची-५१क.

(ΣनियमÞ ९३ को उपनियम (१) को खण्ड (ख), उपनियम (२) र (३) सँग सम्बन्धित)

वृक्षारोपण गरी वा प्राकृतिक पुनरुत्पादनको पाँच वर्ष सम्म स्याहार, सम्भार र व्यवस्थापन बापत जम्मा गर्नुपर्ने रकम

क्र. सं.	भौगोलिक क्षेत्र	दर (प्रति हेक्टर रु. लाखमा)								
		खाली जग्गा वा रुखजन्य प्रजातीका लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर ५०० वटा भन्दा कम रहेको जग्गा			रुखजन्य प्रजातीको लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर ५०० देखि १६०० सम्म रहेको जग्गा			रुखजन्य प्रजातीको लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर १६०० भन्दा बढी रहेको जग्गा		
		२ हे. भन्दा कम	२ हे. देखी ५ हे. सम्म	५ हेक्टर भन्दा बढी	२ हे. भन्दा कम	२ हे. देखी ५ हे. सम्म	५ हेक्टर भन्दा बढी	२ हे. भन्दा कम	२ हे. देखी ५ हे. सम्म	५ हेक्टर भन्दा बढी
१.	तराइ र चुरे	१४.०	१२.०	१०.०	१०.०	८.०	६.०	२.०	१.५	१.०
२.	उपत्यका र मध्य पहाड	१६.०	१४.०	१२.०	१२.०	१०.०	८.०	२.५	२.०	१.५
३.	हिमाली क्षेत्र (२२०० मि. माथि)	१८.०	१६.०	१४.०	१४.०	१२.०	१०.०	३.०	२.५	२.०

स्पष्टीकरण: यस अनुसूचीको प्रयोजनको लागि "लाथ्रा" भन्नाले दश सेन्टिमिटरसम्म व्यास (डिबिएच) र एक मिटर भन्दा बढी उचाई भएको खडा बोट सम्झनु पर्छ।

द्रष्टव्य:

▣ दोस्रो संशोधनद्वारा थप।

Σ तेस्रो संशोधनद्वारा संशोधित।

१. यो दर आ.व. २०८०।२०८१ मा तय भएकोले तत् पश्चातका वर्षहरुमा कारोबार गर्दा वार्षिक पाँच प्रतिशतका दरले थप गर्दै जानु पर्नेछ।

२. [≠].....रोपण गर्नु पर्ने बिरुवा सङ्ख्या ८०० भन्दा बढी र १६०० सम्म भएमा १ हेक्टर मानी माथिको तालिकामा उल्लेख भए बमोजिमको रकम जम्मा गर्नु पर्नेछ। तर रोपण गर्नु पर्ने बिरुवा सङ्ख्या ८०० भन्दा कम भएमा १ हेक्टर बराबर १६०० बिरुवा मानी हुन आउने क्षेत्रफल अनुसार रकम जम्मा गर्नु पर्नेछ।

[™]३. विकास आयोजना सञ्चालनको लागि हटाइने रुखको ५ गुणाको दरले हुन आउने सङ्ख्यालाई १६०० ले भाग गरी हेक्टर कायम गरी हुन आएको क्षेत्रफलका आधारमा उल्लिखित तालिका बमोजिम कोषमा जम्मा हुने रकमको गणना गर्नु पर्नेछ।

नेपाल कानून आयोग

≠ तेस्रो संशोधनद्वारा झिकिएको।

™ तेस्रो संशोधनद्वारा थप।

अनुसूची-५२

(नियम ९४ को उपनियम (१) र नियम १०० को उपनियम (५) सँग सम्बन्धित)

विकास आयोजना/खानी उत्खननका लागि वनक्षेत्रको जग्गा प्रयोग गर्न दिने प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वन तथा भू-संरक्षण विभाग

प्रमाणपत्र नम्बर : मितिः

राष्ट्रिय वनक्षेत्र प्रयोग गर्ने प्रमाणपत्र

नामः

ठेगानाः

प्रयोजनः

अवधिः

नेपाल सरकारको निर्णय मितिः

क्र.स.	जिल्ला	स्थानीय तह	वनको नाम	क्षेत्रफल	कैफियत

प्रमाणपत्र प्रदान गर्नेको,-

दस्तखतः

नामः

पदः ®.....

मितिः

द्रष्टव्यः

(१) यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

(२) यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँच हजार रुपैयाँ लाग्नेछ।

® दोस्रो संशोधनद्वारा झिकिएको।

🕮अनुसूची-५३

(नियम १२८ को उपनियम (१) सँग सम्बन्धित)

काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्रको ढाँचा

प्रदेश सरकार

.....मन्त्रालय

प्रदेश वन निर्देशनालय

..... डिभिजन वन कार्यालय, ...

प्रमाणपत्र नम्बर : मितिः

काठ, दाउरामा आधारित उद्योग सूचीकृत प्रमाणपत्र

श्री.....

सञ्चालकः श्री ..... उद्योग

तपाईले उद्योग सूचीकृत गर्नका लागि यस कार्यालयमा निवेदन दिनु भएकोमा उद्योग दर्ता प्रमाणपत्रको आधारमा वन नियमावली, २०७९ को नियम १२८ को उपनियम (१) बमोजिम तपाईको ..... उद्योगलाई सूचीकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। वन ऐन, २०७६, वन नियमावली, २०७९ र अन्य प्रचलित कानूनको अधीनमा रही उद्योग सञ्चालन गर्नु हुन अनुरोध छ।

सुचीकृत उद्योग अद्यावधिक गरिएको विवरण

क्र. सं.	आर्थिक वर्ष	अद्यावधिक मिति	अद्यावधिक गर्ने डिभिजनल वन अधिकृतको	
			नाम थर	हस्ताक्षर

(डिभिजनल वन अधिकृत)

नामः

द्रष्टव्यः यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एकहजार रुपैयाँ लाग्नेछ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित।

वातावरण संरक्षण नियमावली, २०७७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७७।०३।०१

संशोधन

१. कार्बन व्यापार नियमावली, २०८२ २०८२।०८।२२

वातावरण संरक्षण ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "वातावरण संरक्षण नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कार्यसूची" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि नियम ५ बमोजिम स्वीकृत कार्यसूची सम्झनु पर्छ।

(ग) "वातावरण निरीक्षक" भन्नाले ऐनको दफा २१ बमोजिमको वातावरण निरीक्षक सम्झनु पर्छ।

(घ) "वातावरणीय अध्ययन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ङ) "सञ्चालक समिति" भन्नाले नियम ३५ बमोजिमको वातावरण संरक्षण कोष सञ्चालक समिति सम्झनु पर्छ।

परिच्छेद-२

वातावरणीय अध्ययन

नेपाल कानून आयोग

३. **वातावरणीय अध्ययन गर्नु पर्नेः** ऐनको दफा ३ को उपदफा (१) को प्रयोजनको लागि प्रस्तावकले अनुसूची-१ मा उल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

४. **क्षेत्र निर्धारण गर्नु पर्नेः** (१) प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि ऐनको दफा ५ को उपदफा (१) बमोजिम क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिनभित्र लिखित सुझाव उपलब्ध गराउन अनुसूची-४ बमोजिमको ढाँचामा त्यस्तो स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको सूचना राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिका तथा आफ्नो वेबसाइट भए सोमा समेत प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको राय सुझाव भए सो उपनियम बमोजिमको अवधिभित्र सम्बन्धित प्रस्तावकलाई राय सुझाव दिन सकिनेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त राय सुझाव र सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्तावकले अनुसूची-५ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन तयार भए पछि प्रस्तावकले देहायको आयोजना सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदन देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदन भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय,

(ख) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदन भए प्रदेश कानूनले तोकेको निकाय।

(६) उपनियम (५) को खण्ड (क) बमोजिम पेश भएको प्रतिवेदन सम्बन्धमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक जाँचबुझ गरी आफ्नो राय समेत उल्लेख गरी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस सहित पन्ध्र दिन भित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम क्षेत्र निर्धारणको प्रतिवेदन प्राप्त भएकोमा मन्त्रालयले प्राप्त प्रतिवेदन तथा संलग्न कागजात समेतलाई विचार गरी व्यहोरा मनासिब लागेमा पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

(८) उपनियम (५) को खण्ड (ख) बमोजिम पेश भएको प्रतिवेदन सम्बन्धमा प्रदेश कानूनले तोकेको निकायले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आफ्नो राय समेत उल्लेख गरी प्रतिवेदन स्वीकृतिको लागि सिफारिस सहित पन्ध्र दिनभित्र प्रदेश कानूनले तोकेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष पठाउनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम क्षेत्र निर्धारणको प्रतिवेदन प्राप्त भएकोमा प्रदेश कानूनले तोकेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

(१०) उपनियम (७) र (९) को प्रयोजनको लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ।

५. **<u>कार्यसूची तयार गर्नु पर्ने:</u>** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु अघि देहायको ढाँचामा कार्यसूची तयार गर्नु पर्नेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययनसँग सम्बन्धित कार्यसूची अनुसूची-६ बमोजिम,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणसँग सम्बन्धित कार्यसूची अनुसूची-७ बमोजिम,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कार्यसूची अनुसूची-८ बमोजिम।

(२) उपनियम (१) बमोजिम तयार गरिएको कार्यसूची स्वीकृतिको लागि प्रस्तावकले देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय,

(ख) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची भए प्रदेश कानूनले तोकेको निकाय,

(ग) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना मध्ये संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची भए स्थानीय कानूनले तोकेको निकाय र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यसूची भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय।

(३) यस नियम बमोजिम कार्यसूची तयार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले नियम ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन समेतको आधारमा तयार गर्नु पर्नेछ।

तर प्रस्तावकले कुनै प्रस्तावको सम्बन्धमा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची बनाई स्वीकृतिको लागि एकै साथ पेश गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यसूची पेश भएकोमा त्यस्तो निकायले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित पन्ध्र दिन भित्र नियम ४ को उपनियम (६) वा (८) बमोजिमको निकाय समक्ष पठाउनु पर्नेछ।

(५) उपनियम (२) वा (४) बमोजिम कार्यसूची प्राप्त भएकोमा संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूचीको हकमा उपनियम (२) बमोजिमको निकायले र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यसूचीको हकमा उपनियम (४) बमोजिमको निकायले आवश्यक जाँचबुझ गरी

मनासिब लागेमा पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गरी त्यस्तो कार्यसूची प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वीकृत गर्नु पर्नेछ।

(६) उपनियम (५) को प्रयोजनको लागि दिन गणना गर्दा थप कागजात माग गरेकोमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट र कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएकोमा त्यस्तो विषयमा स्पष्ट भई आएको मितिबाट गणना गरिनेछ।

६. **सार्वजनिक सुनुवाई गर्नु पर्ने** : (१) ऐनको दफा ३ को उपदफा (५) को प्रयोजनको लागि प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव सङ्कलन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रभावित स्थानीय समुदाय, वन उपभोक्ता समूह गठन भएको भए सो समूहको प्रतिनिधि तथा स्थानीय तहका प्रतिनिधिलाई समेत सहभागी गराउनु पर्नेछ।

(३) प्रस्तावकले आयोजनाले समेट्ने भौगोलिक क्षेत्रको आधारमा आवश्यकता अनुसार एकभन्दा बढी स्थानमा सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई गर्ने प्रयोजनको लागि प्रस्तावकले सोको मिति, समय, स्थान र आयोजनाको सम्बन्धमा प्रचारप्रसार गर्नका लागि स्थानीय पत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको प्रयोग गर्नुका साथै स्थानीय तहको सम्बन्धित वडा कार्यालय र आयोजना क्षेत्रको कुनै सार्वजनिक स्थलमा सूचना समेत टाँस गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाईमा भएको उपस्थिति, सुनुवाईबाट प्राप्त सुझाव, तस्वीर तथा श्रव्य-दृश्य सामग्री समेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ।

७. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने:** (१) नियम ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन, नियम ५ बमोजिम स्वीकृत कार्यसूची तथा नियम ६ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव समेतको आधारमा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सम्बन्धित सरोकारवाला निकाय,

(4) १ देखि ५ किलोमिटर सम्मको केबुल कार मार्ग निर्माण गर्ने,

(5) सडक प्रयोजनको लागि १ देखि ३ किलोमिटरसम्म सुरुङ बनाउने,

(6) चारपाङ्ग्रे सवारी सञ्चालन हुने आकाशे पुल (फ्लाई ओवर) निर्माण गर्ने,

(7) सार्वजनिक यातायातको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने,

(8) १० किलोमिटर भन्दा बढी ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने,

(9) आन्तरिक जलमार्गहरु निर्माण गर्ने ।

(च) ऊर्जा, जलस्रोत तथा सिँचाई क्षेत्र :

---

४ मिति २०७९।०५।३० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित।

(१) विद्युत प्रसारण लाईन र सबस्टेशन निर्माण अन्तर्गतः-

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने,

(ख) विद्यमान २२० के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण गर्ने ।

(२) विद्युत उत्पादन अन्तर्गतः-

(क) १ देखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने,

(ख) १ देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(३) सिँचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई वा भित्री मधेशमा २०० देखि २,००० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिँचाइ गर्ने,

(घ) १०० हेक्टरभन्दा बढीको लिफ्ट सिँचाइ आयोजना निर्माण गर्ने,

(४) सिँचाईको पुनरुत्थान प्रणाली अन्तर्गतः विद्यमान प्रणाली भित्रका सिँचाइ आयोजनामा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने,

(५) २५ देखि १०० जनासम्म स्थायी बसोबास भएका जनसङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(६) १० किलोमिटर भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने,

(७) नवीकरणीय ऊर्जा क्षेत्रः

नेपाल कानून आयोग

(क) १ देखि १० मेगावाट क्षमतासम्मको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १ देखि १० मेगावाट क्षमतासम्मको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विद्युत सहउत्पादन (Cogeneration) हुने आयोजना सञ्चालन गर्ने,

(ङ) १,५०० देखि १०,००० घनमिटर सम्म क्षमताको बायोग्यँास प्लान्ट निर्माण गर्ने।

(छ) खानेपानी क्षेत्र :

(1) १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा त्यति क्षेत्रफलमा भएका पानीका स्रोतको प्रयोग गर्ने,

(2) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने,

(3) प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने,

(4) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने,

(5) १ देखि ३ किलोमिटर सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(6) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसङ्ख्या विस्थापन गर्ने,

(7) खानेपानीको स्रोतको माथिल्लो भागमा ५०० जनसङ्ख्या सम्मको बसोबास गराउने,

(8) ५० हजारदेखि २ लाखसम्मको आधार वर्षको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गर्ने,

(9) ५० हजारदेखि २ लाखसम्मको आधार वर्षको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(10) १ किलोमिटर भन्दा बढीको डाइभरसन सम्बन्धी काम गर्ने,

(11) ट्रिटमेन्ट सहितको (५ एम.एल.डि (MLD) क्षमता भन्दा बढीको) ढल निकास प्रणाली समावेश भएका खानेपानी आयोजना (१ लाख भन्दा बढी आधार वर्ष जनसङ्ख्या (Base Year Population)) लाई सञ्चालन गर्ने ।

(ज) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :

1. ३० मिटर भन्दा बढी ४५ मिटरसम्मका उचाई भएका भवन निर्माण गर्ने,

2. ५,००० भन्दा बढी १०,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(3) १,००० देखि २,००० जनासम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रङ्गशाला, कन्सर्टहल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(4) १० देखि १०० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

5. ५ हेक्टरभन्दा बढी Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने,

(6) १०,००० भन्दा बढी २०,००० लिटरसम्म दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,

(7) १ देखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने,

(8) २०,००० घन मिटरभन्दा बढी माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने ।

(झ) फोहर मैला व्यवस्थापन क्षेत्रः घर तथा आवास क्षेत्रबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्ने :-

1. ५ एम.एल.डि. (MLD) क्षमता सम्मको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने,

(2) ५०,००० भन्दा बढी आधार वर्ष जनसङ्ख्या (Base Year Population) लाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई वा फोहरमैला व्यवस्थापन कार्य गर्ने,

(3) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहरमैला जमिनमा भर्ने,

(4) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने,

(5) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने,

(6) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने,

(7) २५ भन्दा बढी १०० शैय्या सम्म भएको स्वास्थ्य केन्द्र, अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्तिम निष्कासन व्यवस्थापन गर्ने।

(ञ) उद्योग क्षेत्र :

(1) मेसिन उपकरणमा ५ करोड रुपैयाँ भन्दा बढी लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना तथा सञ्चालन गर्ने,

(2) वन क्षेत्र बाहेक अन्य स्थानमा १० हेक्टर भन्दा बढी २०० हेक्टरसम्मको क्षेत्रमा औद्योगिक ग्राम/ औद्योगिक क्षेत्र, औद्योगिक पार्क, विशेष आर्थिक क्षेत्र, अन्तरदेशीय विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह तथा व्यापारिक क्षेत्र स्थापना गर्ने,

(3) ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(4) कार्बोनेटेड वा ननकार्बोनेटेड बेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(5) वनस्पति घ्यू वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(6) दैनिक १ मेट्रिक टन भन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(7) दैनिक ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(8) दैनिक १० मेट्रिक टन भन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(9) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(10) दैनिक १५,००० वर्ग फिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(11) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(12) कुकिङ्ग (एल. पी. जी.) ग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(13) कार्बन डाईअक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(14) वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको ईटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(15) दैनिक १० हजार भन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(16) दैनिक १००० मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने,

(17) दैनिक २५ मेट्रिक टन भन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(18) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(19) Chemical (Plasticizer, Chlorine, Sodium Hypo-chloride आदि), Glue, Adhesives बनाउने उद्योग स्थापना गर्ने,

(20) Zinc Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(21) श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(22) ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(23) ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन वा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

नेपाल कानून आयोग

(24) Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि), धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(25) दैनिक ५ मेट्रिक टन भन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(26) दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(27) व्याट्री (ड्राइ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(28) दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(29) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(30) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(31) दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(32) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(33) परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैंचा, पस्मिना समेत) स्थापना गर्ने,

(34) दैनिक ५ मेट्रिक टन भन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(35) स्पिनिङ्ग मिल स्थापना गर्ने,

(36) जुट उद्योग स्थापना गर्ने,

(37) Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(38) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेन्ट उद्योग स्थापना गर्ने,

(39) दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको चुन उद्योग स्थापना गर्ने,

(40) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(41) औषधी उद्योग स्थापना गर्ने वा दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने,

(42) दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(43) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने,

(44) टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(45) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने,

(46) एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने,

(47) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने,

(48) दैनिक १० मेट्रिक टन भन्दा बढी कट्टु-लेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने,

(49) दैनिक ५० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने,

(50) दैनिक ५०० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(51) दैनिक ७५० मेट्रिक टनसम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने,

नेपाल कानून आयोग

(52) १० मेट्रिक टन भन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने,

(53) गाडी, मोटर साईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(54) १ करोड रुपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामान एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(55) दैनिक १ मेट्रिक टन भन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(56) मेसिन उपकरणमा ५ करोड रुपैयाँभन्दा बढी लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने,

(57) सबै प्रकारका ग्याँस सिलिन्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(58) उद्योगले आफ्नो प्रयोगको लागि ५ देखि ४० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने,

(59) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायरबाट १०० किलोवाट देखि १ मेगावाट सम्म तापीय ऊर्जा जडान गरी सञ्चालन गर्ने,

(60) वार्षिक २५ हजारदेखि ५ लाख घन फिटसम्म काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने,

(61) दैनिक ५०० घन फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(62) रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(63) वार्षिक २ लाख घन फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(64) दैनिक ५ मेट्रिक टन भन्दा बढी बाँस तथा बेतका सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(65) दैनिक ५०० किलोग्राम भन्दा बढी सुर्तिजन्य पानमसला उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(66) चुरोट तथा बिंडी उत्पादन (सूर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने,

(67) सलाई उद्योग स्थापना गर्ने,

(68) दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(69) Solvent Extraction प्रक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(70) Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(71) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(72) दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने,

(73) काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(74) दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(75) दैनिक २०० जोर भन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(76) दैनिक १ लाख भन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने,

(77) दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने,

(78) कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २५ करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग,

(79) अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना तथा सञ्चालन गर्ने,

(80) प्रतिदिन २५ दिख १०० टनसम्म बायोग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग सम्बन्धी उद्योग स्थापना गर्ने ।

(ट) खानी क्षेत्र :

(1) १०० जनासम्म जनसङ्ख्याको स्थायी बसोबास स्थानान्तरण वा पुनर्बास गरी खानी उत्खनन् गर्ने,

(2) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खनन्को लागि दैनिक ५० देखि ५०० घन मिटरसम्म उत्खनन्को कार्य गर्ने,

(3) रेडियोधर्मी धातुबाहेक अन्य धातु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टनसम्म र सतही उत्खनन् भए दैनिक २,००० टनसम्म उत्खनन्को कार्य गर्ने,

(4) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २,००० टनसम्म र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खनन्को कार्य गर्ने,

(5) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १००० टन र सतही उत्खनन् भए दैनिक २,००० टनसम्म उत्खनन्को कार्य गर्ने,

(6) दैनिक २ लाख घन मिटरसम्म प्राकृतिक ग्याँस (Natural Gas) उत्पादन कार्य गर्ने,

(7) नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने ।

(ठ) कृषि क्षेत्र :

(१) पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(२) निर्माण सम्बन्धी देहायको काम गर्ने :-

(क) ३०,००० वटाभन्दा बढी पन्छी जाति पाल्नको लागि निर्माण कार्य गर्ने,

(ख) १,००० वटाभन्दा बढी ठूला चौपाया पाल्नको लागि निर्माण कार्य गर्ने,

(ग) ५,००० वटाभन्दा बढी साना चौपाया (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने,

(घ) २,००० वटा भन्दा बढी बङ्गुर/सुँगुर पाल्नको लागि निर्माण कार्य गर्ने,

(ङ) तराईमा अवस्थित स्थानीय तह भित्र १ हेक्टर भन्दा बढी तथा तराई बाहेक अन्य स्थानीय तहको हकमा ०.५ हेक्टर भन्दा बढी क्षेत्रमा कृषी थोक बजार स्थापना गर्ने,

(च) वार्षिक २५ करोडभन्दा बढी माछाको भूरा उत्पादन गर्न ह्याचरीका लागि पोखरी निर्माण गर्ने,

(छ) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण सम्बन्धी दैनिक ३,००० भन्दा बढी नमूना सङ्कलन तथा परीक्षण कार्यको लागि प्रयोगशाला निर्माण गर्ने,

(ज) बधशाला निर्माण गर्ने,

(झ) प्यारेन्ट र ग्रान्ड प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी सञ्चालन गर्न निर्माण गर्ने ।

(३) म्याद नाघेका विषादीको (सूचित विषादीको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने,

(४) रासायनिक मल उत्पादन, संश्लेषण (फर्मूलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ्ग) र भण्डारण (स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(५) जीवनाशक विषादी तथा विषादीजन्य पदार्थहरु (जस्तै पशु/जनावरहरुको जुम्रा तथा उपियाँ लगायतका बाहिरी परजिबि (Ecto Parasite) नियन्त्रणका लागि प्रयोग गरिने विषादी) उत्पादन, संश्लेषण (फर्मूलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट र भण्डारण (स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(६) देहाय बमोजिमको कृषिजन्य उद्योग स्थापना गर्नेः-

(क) दैनिक १०,००० लिटर भन्दा बढी क्षमताको दुग्ध प्रशोधन (दुधको परिकार समेत) उद्योग स्थापना गर्ने,

(ख) दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(ग) १,००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने,

(घ) परम्परागत र घरेलु भेटेरीनरी औषधी बाहेकका अन्य भेटेरीनरी औषधी तथा भ्याक्सिन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(ङ) दैनिक १० मेट्रिक टन भन्दा बढी फलफूल वा तरकारीको प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(च) दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(छ) दैनिक १२ मेट्रिक टन भन्दा बढी पशुपन्छी तथा माछाको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

नेपाल कानून आयोग

[१]अनुसूची-३

(नियम ३ सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव

(क) वन क्षेत्र :

(1) तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(2) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने,

(3) तराईमा १०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन व्यावसायिक कबुलियती वनको रूपमा दिने,

(4) नेपाल सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक ३० हेक्टरभन्दा बढी राष्ट्रिय वन सरपट कटान गर्ने,

(5) विद्युत प्रसारण लाइन निर्माण [२]वा ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने,

(6) सिमेन्ट उद्योगको लागि कच्चा पदार्थको रुपमा रहेको चुनढुङ्गा उत्खनन् कार्यका लागि २५ हेक्टर भन्दा बढी वन क्षेत्रको जग्गा प्रयोग गर्ने,

(7) वन क्षेत्रमा फोहरमैला फाल्न ल्यान्डफील साईट निर्माण तथा सञ्चालन गर्ने,

---

[१] मिति २०७८/०२/१० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित ।

[२] मिति २०७९।०९।०४ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा थप गरिएको ।

(8) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रमा २५ मेगावाट भन्दा बढी क्षमताको जलविद्युत आयोगजना निर्माण कार्य गर्ने,

(9) वन क्षेत्र, वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ बेड भन्दा बढीको रिसोर्ट वा होटल, २५ शैय्या भन्दा बढीको अस्पताल वा २५ कोठा भन्दा बढीको शिक्षण संस्था निर्माण गर्ने,

(10) प्रचलित कानून बमोजिम प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टन भन्दा बढी वन पैदावार सङ्कलन गर्ने,

(11) देहायको वन पैदावार सङ्कलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने :-

(क) वार्षिक ५० मेट्रिक टन भन्दा बढी जरा तथा गानो सङ्कलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बोक्रा सङ्कलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात वा डाँठ सङ्कलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल वा भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल वा बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बिरुवा सङ्कलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान सङ्कलन गर्ने ।

(12) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्रभित्र कुनै प्रस्ताव कार्यान्वयन गर्ने ।

(ख) स्वास्थ्य क्षेत्र : १०० शैय्याभन्दा बढीको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने ।

नेपाल कानून आयोग

(ग) शिक्षा क्षेत्र : १०० शैय्याभन्दा बढीको शिक्षण अस्पताल सञ्चालन गर्ने ।

(घ) पर्यटन क्षेत्र :

(१) १०० बेड भन्दा बढीको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने,

(२) नयाँ विमानस्थल निर्माण गर्ने,

(३) व्यवसायिक हिमालयन एडभेन्चर स्पोर्टर्स क्लब (Himalayan Adventure Sports Club) निर्माण तथा सञ्चालन गर्ने ।

(ङ) [४]यातायात पूर्वाधार क्षेत्रः

(1) स्थानीय सडक बाहेक २५ किलोमिटर भन्दा बढी लम्बाई हुने नयाँ सडक निर्माण गर्ने,

(2) ५० किलोमिटर भन्दा बढीको रज्जुमार्ग निर्माण गर्ने,

(3) ५ किलोमिटर भन्दा बढीको केबुलकार मार्ग निर्माण गर्ने,

(4) सार्वजनिक यातायातको लागि रेलमार्ग सञ्चालन गर्ने,

(5) सडक प्रयोजनको लागि ३ किलोमिटर भन्दा बढीको सुरुङ बनाउने,

(६) ५० किलोमिटर भन्दा बढी लम्बाईको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने ।

(च) ऊर्जा, जलस्रोत तथा सिँचाई क्षेत्र :

(१) विद्युत उत्पादन अन्तर्गतः-

(क) ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत् उत्पादन आयोजना निर्माण गर्ने,

(ख) कोइला वा आणविक विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ५ मेगावाटभन्दा बढी क्षमताको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(२) सिँचाइको नयाँ प्रणाली अन्तर्गतः-

---

[४] मिति २०७९।०५।३० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा संशोधित।

(क) तराई वा भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिँचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिँचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिँचाइ गर्ने ।

(३) १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(४) बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने,

(५) एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने,

(६) नवीकरणीय ऊर्जा क्षेत्र :-

+(क) पहाडी क्षेत्रमा ५० मेगावाट तथा तराई क्षेत्रमा ४० मेगावाट भन्दा बढी क्षमता भएको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १० मेगावाट भन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) २ मेगावाट भन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(घ) १०,००० घनमिटर भन्दा बढी क्षमताको बायोग्यास प्लान्ट निर्माण गर्ने।

(छ) खानेपानी क्षेत्र :

(1) ५०० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा त्यति क्षेत्रफलमा भएको पानीका स्रोतको प्रयोग गर्ने,

(2) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने,

(3) भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने,

---

+ मिति २०८२।०६।२३ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हेरफेर गरिएको।

(4) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसङ्ख्या विस्थापित गर्ने,

(5) खानेपानीको स्रोतको माथिल्लो तटीय भागमा ५०० जनाभन्दा बढीको जनसङ्ख्या बसोबास गराउने,

(6) २ लाख भन्दा बढी आधार वर्षको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गर्ने,

(7) २ लाख भन्दा बढी आधार वर्षको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(8) जैविक तथा रासायनिक प्रदूषण हुने स्रोत वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने,

(9) प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोतसम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने,

(10) ३ किलोमिटर भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(11) सार्वजनिक खानेपानीका आपूर्तिका मुख्य स्रोतमा कुनै प्रस्ताव कार्यान्वयन गर्ने ।

(ज) आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र :

(1) ४५ मिटर भन्दा बढी उचाई भएका भवन निर्माण गर्ने,

(2) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(3) २,००० जना भन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्टहल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(4) ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने,

(5) १०० हेक्टरभन्दा बढीको जग्गा आयोजना सञ्चालन गर्ने,

(6) २०,००० लिटर भन्दा बढी दैनिक भूमिगत पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,

(7) भूउपयोग सम्बन्धी प्रचलित कानून बमोजिम शहरीकरण गर्ने ।

(झ) फोहरमैला व्यवस्थापन क्षेत्र :

(१) घर तथा आवास क्षेत्रबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्ने:-

(क) वार्षिक ५,००० टन भन्दा बढी फोहरमैला जमिनमा भर्ने,

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरियासम्बन्धी काम गर्ने,

(ग) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने,

(घ) १० हेक्टर भन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने,

(ङ) कम्तीमा १०,००० जनसङ्ख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहरमैला गाड्ने काम गर्ने ।

(२) देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्ने:-

(क) फोहरमैला संयन्त्र निर्माण,

(ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण,

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण,

(घ) फोहरमैला भण्डारण गर्ने ठाउँको निर्माण,

(ङ) फोहरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

(३) जोखिमपूर्ण फोहर पदार्थ सम्बन्धी देहायका काम गर्ने :-

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ख) ५० लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ग) १०० भन्दा बढी शैय्या भएको स्वास्थ्य केन्द्र, अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्तिम निष्कासन व्यवस्थापन गर्ने,

नेपाल कानून आयोग

(घ) कुनै पनि हानिकारक पदार्थलाई भष्म वा पुनः प्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको जमिन प्रयोग गर्ने र ऊर्जा सम्बन्धी कुनै काम गर्ने ।

(ञ) उद्योग क्षेत्र :

(1) वन क्षेत्र बाहेक अन्य स्थानमा २०० हेक्टर भन्दा बढी क्षेत्रमा औद्योगिक ग्राम/औद्योगिक क्षेत्र, औद्योगिक पार्क, विशेषा आर्थिक क्षेत्र, अन्तरदेशीय विशेष आर्थिक क्षेत्र, सुख्खा बन्दरगाह तथा व्यापारिक क्षेत्र स्थापना गर्ने,

(2) दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(3) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(4) दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(5) दैनिक १५,००० वर्गफिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(6) वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(7) दैनिक १००० मेट्रिक टन भन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने,

(8) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(9) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक विटुमिन वा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(10) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(11) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(12) दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(13) दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग स्थापना गर्ने,

(14) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(15) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेण्ट उद्योग स्थापना गर्ने,

(16) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(17) २ अर्ब रुपैयाँ भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(18) दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने,

(19) दैनिक ५०० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(20) दैनिक ७५० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने,

(21) उद्योगले आफ्नो प्रयोगको लागि ४० मेगावाट भन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने,

(22) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्यासिफायरबाट १ मेगावाट भन्दा बढी तापीय ऊर्जा जडान गरी सञ्चालन गर्ने,

(23) वार्षिक ५ लाख घन फिटभन्दा बढी काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने,

(24) वार्षिक २ लाख घन फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(25) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टन भन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(26) अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(27) रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने,

(28) प्रतिदिन १०० टन भन्दा बढी बायोग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग सम्बन्धी उद्योग स्थापना गर्ने,

(29) नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपालले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(30) पेट्रोलियम पाईपलाईन निर्माण गर्ने,

(31) कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २ अर्ब रुपैयाँ भन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग ।

(ट) खानी क्षेत्र :

(1) १०० जना भन्दा बढी जनसङ्ख्याको स्थायी बसोबास स्थानान्तरण वा पुनर्बास गरी खानी उत्खनन्को कार्य गर्ने,

(2) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खनन्को लागि दैनिक ५०० घनमिटर भन्दा बढी उत्खनन् कार्य गर्ने,

(3) सबै रेडियोधर्मी धातुको उत्पादन गर्न उत्खनन् कार्य गर्ने,

(4) रेडियोधर्मी धातु बाहेकको अन्य धातु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक २,००० टन भन्दा बढी उत्खनन्को कार्य गर्ने,

(5) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २,००० मेट्रिक टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टन भन्दा बढी उत्खनन्को कार्य गर्ने,

(6) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टन भन्दा बढी र सतही उत्खनन् भए दैनिक २,००० टन भन्दा बढी उत्खनन् कार्य गर्ने,

(7) दैनिक २ लाख घन मिटरभन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने,

(8) नदी नाला सतहबाट दैनिक ३०० घन मिटर भन्दा बढी बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने,

(9) पेट्रोलियम पदार्थको उत्खनन् र प्रशोधन सम्बन्धी कार्य गर्ने।

(ञ) कृषि क्षेत्र :

(1) पहाडमा १ हेक्टरभन्दा बढी र तराईमा ५ हेक्टरभन्दा बढी राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(2) जीवनाशक विषादी (सूचित विषादीको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने,

(3) दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

नेपाल कानून आयोग

अनुसूची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा

.....आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति .....)

..... प्रदेश..... जिल्ला.....नगरपालिका/गाउँपालिकामा .....(प्रस्तावकको नाम उल्लेख गर्ने)..... द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ...(ईमेल).....(फोन नं.)
प्रस्तावको व्यहोरा	आयोजनाको मुख्य विशेषता उल्लेख गर्ने
प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा.	..... जिल्ला ..... न.पा/गा.पा. . . . . वडा

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ...(ईमेल)..... (फोन नं.)
परामर्शदाताको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ...(ईमेल).....(फोन नं.)

अनुसूची-५

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदनको ढाँचा

(आवरण पृष्ठको ढाँचा)

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र ईमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

..... (प्रस्तावको नाम) ..... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन .....

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

..... (प्रस्तावकको नाम र ठेगाना).....

..... (महिना, वर्ष).....

प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्ने :-

१. परिचयः

(क) भूमिकाः

(ख) प्रस्तावकको परिचयः

(ग) प्रस्तावको परिचयः

(घ) क्षेत्र निर्धारणको उद्देश्यः

(ङ) प्रस्तावको सान्दर्भिकताः

(च) कानूनी औचित्यताः

२. प्रस्तावको बारेमा जानकारीः

(क) प्रस्तावको परिचयः

(ख) अवस्थिति र पहुँचः

(ग) प्रकृति/किसिमः

(घ) संरचनाको जानकारी र अवयवः (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल खाने हिसाबले प्रस्तुत गर्नु पर्ने)

(ङ) प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः (निर्माण अघि, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा)

(च) निर्माण योजनाः

(छ) जग्गाको क्षेत्रफलः

(ज) जग्गाको प्रकारः

३. प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

(क) आवश्यक जनशक्ति, निर्माण सामग्री (परिमाण र स्रोत), निर्माण तालिका, प्रयोग हुने ऊर्जाको किसिम (स्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि, Associated/Ancillary facilities, प्रस्ताव कार्यान्वयन तालिकाः

(ख) अन्य थप विवरणः

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौताः (प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

	प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड आदि र सम्बन्धित बुँदा	
	बुँदा	सम्बन्धित विवरण
नीति		
ऐन		
नियमावली		
निर्देशिका		
मापदण्ड		
सन्धि सम्झौता		

नेपाल कानून आयोग

५. क्षेत्र निर्धारण प्रतिवेदन तयार गर्दा अवलम्बन गर्नु पर्ने विधिः

(क) साहित्यिक पुनरावलोकनः

(ख) सूचना प्रकाशनः

(ग) स्थलगत अध्ययनः

(घ) छलफल तथा परामर्शः

(ङ) वातावरणीय सवालको पहिचान तथा प्राथमिकीकरणः यस कार्यको लागि देहायका औजारको प्रयोग गर्न सकिनेछः-

१. चेकलिष्ट,

२. Interaction matrix,

३. Stepped matrix,

४. Network.

क्षेत्र निर्धारण प्रतिवेदन तयारी

६. विद्यमान वातावरणीय अवस्थाः

प्रस्तावले प्रभाव पार्न सक्ने स्थानको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)

तालिका विभिन्न क्षेत्र र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम

अवयव	आवश्यक विवरण	प्रस्तावका क्षेत्र				
भौतिक वातावरण						
भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोग						
जलवायु	वर्षा					
	तापक्रम					

नेपाल कानून आयोग

	आद्रता					
	वायुको दिशा					
जल तथा जलाधार क्षेत्र	नदी					
	ताल					
	अन्य जलस्रोत					
	बाढी					
	हिमताल विष्फोटको अवस्था					
भू-गर्भ	चट्टान र माटोको किसिम					
	भूगर्भीय बनौट/संरचना					
	पहिरो, भू-क्षय					
	भुकम्पीय जोखिम					
वायुको गुणस्तर र ध्वनिको स्तर	वायुको गुणस्तर					
	ध्वनिको अवस्था					
पानीको गुणस्तर	सतही पानीको गुणस्तर					
	जमिनमुनीको पानीको गुणस्तर					
जैविक वातावरण						
वनस्पति	<u>जङ्गलको किसिम</u> जलवायुको आधारमा वनस्पतिको आधारमा					
	<u>संरक्षणको अवस्था</u> - वन व्यवस्थापनको अवस्था - वनस्पतिका प्रमुख प्रजाति					

नेपाल कानून आयोग

	- Ethnobotanyका दृष्टिले महत्वपूर्ण प्रजाति - जलीय वनस्पति					
प्राणी (जनावर)	वन्यजन्तु					
	चरा					
	सरीसृप					
	जलचर (प्रजाति, विचरणको अवस्था, बासस्थानको अवस्था)					
	वन्यजन्तुको बासस्थानको अवस्था					
माछा जलचर						
वनस्पति र प्राणीको प्रजातिको अवस्था						
सामाजिक, आर्थिक तथा साँस्कृतिक						
जनसाङ्ख्यिक विवरण	जनसङ्ख्या					
	जन्म, मृत्युको अवस्था					
	लैङ्गिक विवरण					
	उमेर समूह					
	जात					
	धर्म					
	पेशा					
	घरधुरी					

नेपाल कानून आयोग

	बसाइँ सराई					
शिक्षा	शैक्षिक संस्थाको सङ्ख्या र किसिम					
	साक्षरता दर					
	शैक्षिक स्तर					
स्वास्थ्य र सरसफाई	स्वास्थ्य स्थिति					
	रोगका प्रकार					
	स्वास्थ्य संस्थाको अवस्था					
	खानेपानीको अवस्था					
	शौचालयको अवस्था					
	फोहरमैला व्यवस्थापनको अवस्था					
भौतिक/सामुदायिक पूर्वाधार	यातायात पूर्वाधार					
	ऊर्जा आपूर्ति					
	सञ्चार (टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा)					
	खानेपानी					
	बजार					
	सिँचाई प्रणाली					
	उद्योग/कलकारखाना					
आर्थिक	रोजगारी/पेशा/व्यवसाय					
	जग्गाको स्वामित्व					

नेपाल कानून आयोग

	कृषि उत्पादन					
	पशुपालन					
	आय आर्जन र खर्च					
	अन्य उत्पादन					
जल उपयोग	कृषि प्रयोजनको लागि जल उपयोग					
	उपल्लो र तल्लो तटीय जल उपयोगको अवस्था					
संस्कृति	ऐतिहासिक र साँस्कृतिक धरोहर					
	साँस्कृतिक महत्वका खुलास्थल					
	धार्मिक स्थल					
	साँस्कृतिक मान्यता, चालचलन र परम्परा					
भाषा	स्थानीय भाषा र बोल्ने समुदाय					
	मातृभाषा बोल्ने समुदाय					
चाडवाड र अन्य प्रथा	प्रमुख चाडवाड र समारोह					
	अन्तिम संस्कार गर्ने स्थल र प्रचलन					

७. क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेको र सम्बन्धित सरोकारवालाले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक, साँस्कृतिक,वातावरणीय सवालको छुट्टा छुट्टै सूची तयार गर्नु पर्नेछ र यसरी छुटयाइएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार

नेपाल कानून आयोग

गर्नु पर्नेछ। यसरी अन्तिम सूची तयार गर्दा सरोकारवालाले उल्लेख गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नु पर्नेछ ।

८. सवालको पहिचान देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सरोकारवालाले पहिचान गरेका सवाल :

(ख) अध्ययन टोलीले पहिचान गरेका सवाल :

(ग) प्राथमिकीकरण गरिएका सवाल :

(घ) प्राथमिकीकरण गरिएका सवाल देहायको तालिका बमोजिम उल्लेख गर्नु पर्नेछः-

	सकारात्मक सवाल	नकारात्मक सवाल
निर्माण चरण		
भौतिक		
रासायनिक		
जैविक		
सामाजिक, आर्थिक		
सञ्चालनको चरण		
भौतिक		
रासायनिक		
जैविक		
सामाजिक, आर्थिक		
साँस्कृतिक		

नेपाल कानून आयोग

अनुसूची-६

(नियम ५ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूचीको ढाँचा

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) .....

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची

.....

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . .(प्रस्तावकको नाम र ठेगाना)

. . . . . (महिना), ...(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावकोः

(क) सामान्य परिचयः

(ख) प्रस्तावको सान्दर्भिकताः

३. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिकः

(ख) साँस्कृतिकः

(ग) भौतिकः

(घ) रासायनिकः

(ङ) जैविकः

नेपाल कानून आयोग

५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषयः

७. अन्य आवश्यक विषयः

नेपाल कानून आयोग

अनुसूची-७

(नियम ५ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचीको ढाँचा

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) .....

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

.....

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . .(प्रस्तावकको नाम र ठेगाना)

. . . . . (महिना), ...(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावकोः

(क) सामान्य परिचयः

(ख) प्रस्तावको सान्दर्भिकताः

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधिः

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

५. प्रतिवेदन तयार गर्दा लाग्नेः

(क) समयः

(ख) अनुमानित बजेटः

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिकः

नेपाल कानून आयोग

(ख) साँस्कृतिकः

(ग) भौतिकः

(घ) रासायनिकः

(ङ) जैविकः

७. प्रस्ताव कार्यान्वयनका विकल्पः

(क) डिजाइनः

(ख) आयोजना स्थलः

(ग) प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थः

(घ) अन्य कुराः

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषयः

१०. अन्य आवश्यक विषयः

नेपाल कानून आयोग

अनुसूची-८

(नियम ५ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीको ढाँचा

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) .....

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

.....

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . .(प्रस्तावकको नाम र ठेगाना)

. . . . . (महिना), ...(वर्ष)

परिच्छेद -१

पृष्ठभूमि

१.१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

१.२ भूमिकाः

१.३ प्रस्तावकको नामः

१.४ पत्राचार गर्ने पूर्ण ठेगाना,-

टेलिफोनः

फ्याक्सः

इमेलः

१.५ परामर्शदाता संस्था वा व्यक्ति,-

संस्था वा व्यक्तिको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः

फ्याक्सः

नेपाल कानून आयोग

इमेलः

१.६ कार्यसूचीको उद्देश्यः

१.७ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यः

१.८ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यताः

परिच्छेद-२

प्रस्तावको बारेमा जानकारी

२.१ प्रस्तावको सामान्य परिचयः

२.२ प्रस्तावको सान्दर्भिकताः यसमा प्रस्तावको उद्देश्य, आवश्यकता र औचित्यता खुलाउनु पर्नेछ ।

२.३ अवस्थिति र पहुँचः

२.४ प्रकृति/किसिमः

२.५ संरचनाको जानकारी (Salient features) र अवयव (Components): प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मिल्ने गरी प्रस्तुत गर्नु पर्ने ।

२.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः निर्माण अघि, निर्माणको चरण र सञ्चालन तथा मर्मत सम्भारको चरण ।

२.७ निर्माण योजनाः

२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः

२.७.२ जग्गाको प्रकारः निजी/सरकारी/वन क्षेत्र आदि

२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

२.८.१ आवश्यक जनशक्तिः

२.८.२ निर्माण सामग्री र परिमाण स्रोतः

२.८.३ निर्माण तालिकाः

२.८.४ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः

२.८.५ प्रयोग हुने प्रविधि Associated/ ancillary facility, प्रस्ताव कार्यान्वयन तालिकाः

२.८.६ अन्य थप विवरणः

परिच्छेद-३

तथ्याङ्क सङ्कलन

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः

३.१.१ भौतिक तथा रासायनिक वातावरण:

३.१.२ जैविक वातावरण:

३.१.३ सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण:

३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधि:

३.२.१ सन्दर्भ सामग्रीको पुनरावलोकन:

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्सा,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रको हवाई फोटो,

(ग) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

(घ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ङ) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

(च) वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र,

(छ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीको सन्दर्भ सूची

३.२.२ स्थलगत अध्ययनः यस अन्तर्गत भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणीय अध्ययनका लागि प्रयोग गरिने विधि स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछः

३.२.२.१ भौतिक वातावरणमा अपनाउनुपर्ने विधिः

(क) Walkthrough/Direct Observation,

(ख) हावा, पानी र माटोको नमूना सङ्कलन,

(ग) ध्वनिको तह मापन ।

३.२.२.२ जैविक वातावरणमा अपनाउनुपर्ने विधिः

(क) Walkthrough/ Direct Observation/Indirect Sign Survey/Camera Trap,

(ख) नमूना सङ्कलन (Sampling),

(ग) तोकिएको मार्गमा हिड्ने/सङ्ख्या निर्धारण पद्दति (Transect Walk/Point Count),

(घ) मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (Key Informant Interview) ।

३.२.२.३ सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणमा अपनाउनुपर्ने विधिः

(क) Walkthrough/ Direct Observation,

(ख) सरोकारवालासँग छलफल,

(ग) विषयवस्तु तोकिएको समूह छलफल (Focus Group Discussion),

(घ) मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (Key Informant Interview),

(ङ) सामुहिक छलफल (Group Discussion) ।

परिच्छेद-४

प्रतिवेदन तयार गर्दा अध्ययन गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौता

४.१ प्रस्तावसँग सम्बन्धित नीति, रणनीतिः

४.२ प्रस्तावसँग सम्बन्धित आवधिक योजनाः

४.३ प्रस्तावसँग सम्बन्धित ऐनः

४.४ प्रस्तावसँग सम्बन्धित नियमावलीः

४.५ प्रस्तावसँग सम्बन्धित निर्देशिका/कार्यविधि/कार्यनीतिः

४.६ प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्डः

४.७ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौताः

परिच्छेद-५

अवधि, बजेट तथा जनशक्ति

प्रतिवेदन तयार गर्दा लाग्नेः

५.१ समयः

५.२ अनुमानित बजेटः

५.३ विज्ञ जनशक्तिः अध्ययन दलका सम्पूर्ण सदस्यको नाम, ठेगाना, सम्पर्क नं.

नेपाल कानून आयोग

परिच्छेद-६

प्रथमिकिकरण गरिएका सवाल

क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरी प्राथमिकीकरण गरिएका सवालको सूची राख्नु पर्नेछः

६.१ सरोकारवालाले उठाएका सवालः

६.२ अध्ययन दलले देखेका सवालः

६.३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न प्राथमिकीकरण गरिएका सवालः

६.४ सरोकारवालाले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवाल हटाउनुको औचित्यः

परिच्छेद-७

विश्लेषण

७.१ परिच्छेद-६ मा उल्लिखित सवालको आधारमा प्रभाव पहिचान, आकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने विधि तथा औजारको व्याख्या गर्नु पर्नेछ ।

७.२ प्रभाव पहिचान, आकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने क्रममा देहायको तालिका बमोजिम गर्नु पर्नेछः-

सकारात्मक प्रभाव	
(क) निर्माण अघिको चरण	
भौतिक	
रासायनिक	
जैविक	
सामाजिक, आर्थिक	
साँस्कृतिक	
(ख) निर्माण चरण	
भौतिक	
रासायनिक	
जैविक	
सामाजिक, आर्थिक	

नेपाल कानून आयोग

साँस्कृतिक	
(ग) सञ्चालन चरण	
भौतिक	
रासायनिक	
जैविक	
सामाजिक, आर्थिक	
साँस्कृतिक	
नकारात्मक प्रभाव	
(क) निर्माण अघिको चरण (आवश्यकता अनुसार)	
भौतिक	
रासायनिक	
जैविक	
सामाजिक, आर्थिक	
साँस्कृतिक	
(ख) निर्माण चरण	
भौतिक	
रासायनिक	
जैविक	
सामाजिक, आर्थिक	
साँस्कृतिक	
(ग) सञ्चालन चरण	
भौतिक	
रासायनिक	

नेपाल कानून आयोग

जैविक	
सामाजिक, आर्थिक	
साँस्कृतिक	

परिच्छेद -८

विकल्प

प्रस्ताव कार्यान्वयनका विकल्पः आयोजना सञ्चालन नै नहुँदाको स्थिति, आयोजनाको प्रकार, वनक्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ, प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने लगायतका पक्षलाई मनन गरी प्रस्तावको विकल्प विश्लेषण गर्नु पर्नेछ ।

परिच्छेद -९

प्रभाव

प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव बढाउने, नकारात्मक प्रभाव हटाउने उपायः नकारात्मक प्रभाव हटाउने उपाय अवलम्बन गर्दा देहायका तरिका अपनाउनु पर्नेछ भनी उल्लेख गर्नु पर्नेछः-

९.१ निरोधात्मक (Preventive):

९.२ सुधारात्मक (Corrective):

९.३ क्षतिपूर्ति (Compensatory):

परिच्छेद -१०

वातावरणीय व्यवस्थापन योजना

यस अन्तर्गत वातावरणीय व्यवस्थापन योजना सम्बन्धी विषय उल्लेख गर्नु पर्नेछ।

परिच्छेद -११

अनुगमन योजना

यस अन्तर्गत वातावरणीय अनुगमनको योजना सम्बन्धी विषय उल्लेख गर्नु पर्नेछ।

परिच्छेद -१२

वातावरणीय परीक्षण

नेपाल कानून आयोग

यस अन्तर्गत वातावरणीय परीक्षण कहिले र कुन निकायले गर्ने भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ।

परिच्छेद-१३

अनुसूची

कार्यसूचीको अनुसूचीमा देहाय बमोजिमको विषयवस्तु हुनु पर्नेछः-

(क) नक्सा

(ख) चित्र

(ग) प्रयोग गरिने चेकलिष्ट

(घ) प्रश्नावली

(ङ) सूचना

(च) सूचना टाँस गरेको प्रमाण, मुचुल्का

द्रष्टव्यः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको रुपरेखा/विषयसूची प्रतिवेदनको सुरुमा उल्लेख गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-९

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा

.....आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति ....)

..... प्रदेश..... जिल्ला.....नगरपालिका/गाउँपालिकामा .....(प्रस्तावकको नाम उल्लेख गर्ने) ..... द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ...(ईमेल).....(फोन नं.)
प्रस्तावको व्यहोरा	आयोजनाको मुख्य विशेषता उल्लेख गर्ने
प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा.	..... जिल्ला ..... न.पा/गा.पा. . . . . .वडा

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ... (ईमेल).....(फोन नं.)
परामर्शदाताको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ... (ईमेल).....(फोन नं.)

अनुसूची-१०

(नियम ७ को उपनियम (५) को खण्ड (क) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः

३. प्रतिवेदनमा रहनु पर्ने विषयः

(क) प्रस्तावको उद्देश्य,

(ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण,

(ग) प्रस्ताव तयारीमा तथ्याङ्क सङ्कलन र विश्लेषणको विधि,

(घ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल प्रभाव,

(ङ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव,

(च) वातावरणीय व्यवस्थापन योजना,

(छ) अन्य आवश्यक कुरा,

(ज) सन्दर्भ सामग्री ।

४. प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछ :-

विषयगत क्षेत्र	सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक								

क्षेत्र								
अन्य								
विषयगत क्षेत्र	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक क्षेत्र								
अन्य								

द्रष्टव्यः- (१) वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ ।

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

(४) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-११

(नियम ७ को उपनियम (५) को खण्ड (ख) सँग सम्बन्धित)

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुरा संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्यः

(ख) भू-उपयोगमा पर्ने असरः

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसङ्ख्याको चापः

(घ) स्थानीय पूर्वाधारमा हुने क्षतिः

(ङ) अन्य आवश्यक कुराः

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्नेः-

(क) प्रस्तावको किसिमः

(१) प्रशोधन गर्ने,

(२) उत्पादन गर्ने,

(३) जडान गर्ने,

(४) सेवा प्रवाह गर्ने,

(५) अन्य ।

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्नेः

(ग) प्रस्तावकोः

(१) जडान क्षमताः

(२) प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुनेः

(घ) प्रयोग गरिने सामग्री (परिमाण र वर्ष उल्लेख गर्ने) :

नेपाल कानून आयोग

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो) खुलाउनु पर्ने:

(१) ठोस,

(२) तरल,

(३) हावा,

(४) ग्याँस,

(५) ध्वनि,

(६) धूलो,

(७) अन्य ।

(च) प्रयोग हुने ऊर्जाको:

(१) किसिम:

(२) स्रोत:

(३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा) :

(छ) जनशक्तिको आवश्यकता कति पर्ने:

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने:

(१) कुल पूँजी:

(२) चालु पूँजी:

(३) जमिनको क्षेत्रफल:

(४) भवन र तिनका किसिम:

(५) मेसिनरी औजार:

(६) अन्य:

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण:

(१) नक्सा:

(२) सो क्षेत्र र वरिपरिको जनसङ्ख्या र बसोबासको स्थिति:

नेपाल कानून आयोग

(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिजवस्तुको विवरणः

(४) हालको स्थितिः

(५) पानीको स्रोतः

(६) फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्थाः

(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवत जावत गर्ने बाटोः

(८) उत्पादन प्रक्रियाः

(९) प्रविधिको विवरणः

(१०) अन्य आवश्यक कुराः

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावः

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभावः

(१) मानव स्वास्थ्यमा पर्ने प्रभावः

(२) खेती योग्य जमिनको क्षयः

(३) वन जङ्गलको क्षयः

(४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तनः

(५) अन्यः

(ख) जैविक प्रभावः

(१) जनसङ्ख्याः

(२) वनस्पति तथा जीवजन्तुः

(३) प्राकृतिक बासस्थान र समुदायः

(ग) भौतिक प्रभावः

(१) जमिनः

(२) वायुमण्डलः

(३) पानीः

(४) ध्वनिः

नेपाल कानून आयोग

(५) मानव निर्मित वस्तुः

(६) अन्यः

५. प्रभाव कार्यान्वयनका विकल्पः

(क) डिजाइनः

(ख) आयोजना स्थलः

(ग) प्रक्रिया, समय-तालिकाः

(घ) प्रयोग हुने कच्चा पदार्थः

(ङ) अन्य कुराः

६. वातावरणीय व्यवस्थापन योजनाको खाकाः

७. अन्य आवश्यक कुराः

८. प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछ :-

विषयगत क्षेत्र	सकारात्मक प्रभावको वढोत्तरीका क्रियाकलाप	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक क्षेत्र								
अन्य								
विषयगत क्षेत्र	नकारात्मक प्रभावको न्यूनीकरणका	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट,	अनुगमन तथा मूल्याङ्कन

नेपाल कानून आयोग

	क्रियाकलाप						समय	
भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक क्षेत्र								
अन्य								

द्रष्टव्यः- (१) वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्सा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ ।

(३) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

(४) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-१२

(नियम ७ को उपनियम (५) को खण्ड (ग) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र ईमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिनेछ)

..... (प्रस्तावको नाम) ..... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

.....

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

मार्फतः

सम्बन्धित निकायको नाम र ठेगाना

प्रतिवेदन पेश गर्ने निकायको नाम र ठेगानाः

..... (महिना, वर्ष).....

प्रतिवेदनको कार्यकारी सारांशः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका हरेक अध्यायका मुख्य मुख्य कुरा समावेश गरी मुख्य पाठको यथेष्ट जानकारी दिने गरी सरल भाषामा प्रतिवेदनको पूर्ण पाठको सारांश नेपाली र अङ्ग्रेजी भाषामा एकरुपता हुने गरी लेख्नु पर्नेछ । (बढीमा ५ पृष्ठसम्म)

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्द (Acronyms and Abbreviations): प्रतिवेदनमा प्रयोग भएका छोटो रुपका शब्द र तिनको पूर्णरुप यहाँ लेख्नु पर्नेछ । (पृष्ठ आवश्यकता अनुसार)

नेपाल कानून आयोग

<u>विषय सूची:</u> प्रतिवेदनमा उल्लेख गरिए अनुसारका अध्याय र ती अध्याय अन्तर्गतका शीर्षक तथा उपशीर्षक पृष्ठ सङ्ख्या सहित लेख्नु पर्नेछ । यसो गर्दा प्रतिवेदन पढ्ने जो कोहीले पनि प्रतिवेदनको पूर्ण पाठले समावेश गरेका कुरा एक साथ सजिलै हेर्न सक्नेछ । (पृष्ठ आवश्यकता अनुसार)

<u>परिच्छेद -१</u> (बढीमा २ पृष्ठ)

(१) <u>प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगाना:</u>

(क) प्रस्तावकको पूरा नाम, ठेगाना, ईमेल र फोन नं सहितः

(ख) परामर्शदाताको पूरा नाम, ठेगाना, ईमेल र फोन नं सहित (परामर्शदाता नियुक्त गरिएको अवस्थामा मात्र लागू हुने):

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यः

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यः (आधा पृष्ठ)

(ङ) अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुराः आयोजनाको तहमा गरिने स्थान विशेषको अध्ययन भएको र कुनै पनि आयोजनाको क्षेत्र सीमित हुने भएकाले यस प्रकारको अध्ययनको सीमितता हुन्छ ।

<u>परिच्छेद -२</u> (बढीमा ७ पृष्ठ)

२. <u>प्रस्तावको परिचय:</u> प्रतिवेदनको पहिलो अध्यायको रुपमा प्रस्तावसँग सम्बन्धित र स्थलगत रुपमा जानकारी दिने विविध प्रकारका सूचना समावेश गरी देहायका शीर्षक र उपशीर्षक अन्तर्गत रही यो अध्याय तयार गर्न सकिनेछ :-

(क) भूमिकाः भूमिका विषय प्रवेश भएकाले प्रस्तावको बारेमा स्पष्ट जानकारी हुने गरी यस प्रकारको प्रस्तावको पृष्ठभूमि लगायत प्रस्ताव कार्यान्वयनको उद्देश्य, आवश्यकता तथा औचित्यता आदि कुरालाई यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्नेछ ।

(ख) प्रस्तावको विवरणः आयोजना (प्रस्ताव) को अवस्थिति, पहुँच, प्रस्तावका संरचनागत अवयव, निर्माण तथा सञ्चालन चरणका क्रियाकलाप, आयोजनाका लागि आवश्यक

निर्माण सामग्री, ऊर्जा इन्धन आपूर्ति, कच्चा पदार्थ, जनशक्ति, जग्गा, निर्माण तालिका र आयोजनाका सहायक संरचना जस्तै निर्माण सिविर आदि ।

(ग) प्रस्तावको उद्देश्यः

परिच्छेद -३ (बढीमा ५ पृष्ठ)

३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधिः प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन गर्दा वा अन्य सन्दर्भ सामग्री सङ्कलन/अध्ययन गर्दा कुन-कुन तरिका अपनाई वातावरणका विविध पक्षमा (भौतिक, रासायनिक, भौगोलिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक) तथ्याङ्क सङ्कलन गरिएको हो सबै विधि निम्नानुसार वर्गीकरण गरी प्रस्तुत प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ :-

(क) सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकनः

(ख) प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष) :

(ग) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्साको अध्ययन तथा विश्लेषणः

(घ) चेकलिष्ट/म्याण्ट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलनः

(ङ) स्थलगत अध्ययनः आयोजना क्षेत्रको अवलोकन तथा फोटो खिच्ने, नमूना सङ्कलन गर्ने, चेकलिष्ट तथा प्रश्नावली भर्ने आदि,

(च) सङ्कलित नमूना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण :

(छ) प्राप्त तथ्याङ्ककको विश्लेषणः

(ज) प्रभावको पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधिः

(झ) मस्यौदा प्रतिवेदनको तयारीः

(ञ) सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई आदिः

(ट) सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलनः

(ठ) सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारीः

परिच्छेद -४ (बढीमा ५ पृष्ठ)

४. प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डः प्रस्ताव/आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने संविधान, नीति, कार्यनीति, गुरुयोजना/आवधिक योजना, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता पुनरावलोकन गरी उल्लेख गर्नु पर्नेछ। प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत हुँदा उक्त कार्यसूचीमा कानूनी संरचना उल्लेख हुने हुनाले तिनलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गर्न सकिनेछः-

(क) आवधिक योजना, नीति तथा रणनीति/कार्यनीतिः नेपाल सरकारले तय गरेका सम्बन्धित क्षेत्रका नीति तथा रणनीति र कार्यान्वयन हुने प्रस्तावसँग यस्ता नीति तथा रणनीतिको सम्बन्ध (सकारात्मक वा नकारात्मक) स्पष्ट खुलाउनु पर्नेछ ।

(ख) ऐन तथा नियमावलीः कुनै पनि क्षेत्रको प्रस्तावसँग प्रत्यक्ष सरोकार राख्ने वातावरणसँग सम्बन्धित राष्ट्रिय कानून र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानून आकर्षित हुने भए त्यस्ता कानून कुन हदसम्म आकर्षित हुनेछन् भनी प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।साथै प्रस्तावको कार्यान्वयनमा यस्ता कानून बाधक हुने वा नहुने तथा प्रस्ताव कार्यान्वयन हुन सक्ने वा नसक्ने बारेमा स्पष्ट खुलाउनु पर्नेछ ।

(ग) मापदण्ड,निर्देशिका,कार्यविधि तथा दिग्दर्शनः कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक-रासायनिक वातावरण (जस्तैः- पानी, हावा, ध्वनि आदि) सँग सम्बन्धित मापदण्ड प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ताकी प्रस्ताव कार्यान्वयन अघि र कार्यान्वयन निर्माण तथा सञ्चालन) को क्रममा वातावरणका यी अवयवको गुणमा हुन सक्ने परिवर्तन तथा तिनको न्यूनीकरणको उपाय शुरुमै चयन गर्न सकिनेछ । प्रस्तावसँग सम्बन्धित निर्देशिका तथा दिग्दर्शन पनि पर्याप्त मात्रामा पुनरावलोकन गरी प्रतिवेदनमा प्रस्तुत गर्नु पर्नेछ । यस्तो पुनरावलोकनले प्रतिवेदन तयार गर्न मार्गदर्शन पनि गर्नेछ ।

(घ) अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

संविधान, नीति, रणनीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, अन्तराष्ट्रिय सन्धि सम्झौताको विवरण उल्लेख गर्दा देहायको ढाँचामा उल्लेख गर्नु पर्नेछ :-

	प्रस्तावको कार्यान्वयन गर्दा आकर्षित हुने दफा/ नियम/ खण्ड आदि र सम्बन्धित बुँदा
नीति	
रणनीति	
ऐन	
नियमावली	
निर्देशिका	
कार्यविधि	
मापदण्ड	
महासन्धि अभिसन्धि	

परिच्छेद -५ (बढीमा २० पृष्ठ)

५. विद्यमान वातावरणीय अवस्था: कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको वातावरणका अवयव (भौतिक, रासायनिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण) मा प्रभाव पर्न सक्ने भएको हुँदा आयोजना प्रभावित क्षेत्रको विद्यमान वातावरणीय अवस्था स्पष्ट हुने आधार र परिमाणात्मक तथ्याङ्क सङ्कलन गरी प्रस्तुत गर्नु पर्नेछ । यस अन्तर्गत प्रभावित जिल्ला (आवश्यकता अनुसार), नगरपालिका/गाउँपालिका, वडा र आयोजना प्रभावित स्थलको तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ।

५.१ भौतिक वातावरणः क्षेत्र निर्धारण प्रतिवेदनको विद्यमान वातावरणीय अवस्थाको ढाँचाको तालिकामा उल्लिखित भौतिक वातावरणका विवरणको तथ्याङ्क सङ्कलन गरी विस्तृत रुपमा व्याख्या गर्नु पर्नेछ :

(क) भू-उपयोग

भू-उपयोगको किसिम	ओगटेको क्षेत्र	ओगटेको क्षेत्र प्रतिशतमा

(ख) भूगर्भ

आयोजनाको क्षेत्र	विद्यमान भौगर्भिक जोखिम	कैफियत

(ग) जल तथा मौसम

विवरण	परिमाण र एकाइ	कैफियत
औसत वायु तापक्रम		
वार्षिक औसत अधिकतम तापक्रम		
वार्षिक औसत न्यूनतम तापक्रम		
औसत वर्षा		
आयोजना क्षेत्रका मुख्य नदी		
औसत बहाव		
अधिकतम बहाव		
आयोजना क्षेत्रको हावापानी		

(घ) वायु, जल तथा ध्वनिको गुण

विवरण	सूचक	आधारभूत मान
वायुको अवस्था	पि एम १०	
	पि एम २.५	
	कार्बन मोनोअक्साइड	

नेपाल कानून आयोग

	TSP		
	हावाको गति		
	हावाको दिशा		
पिउने पानीको अवस्था	टि एस एस		
	घुलित अक्सिजन		
	कन्डक्टिभिटी		
	कूल नाइट्रेट		
	PH		
	ई. कोली		
	आर्सेनिक		
पानीको अवस्था	टि एस एस		
	घुलित अक्सिजन		
	कन्डक्टिभिटी		
	कूल नाइट्रेट		
ध्वनिको अवस्था	Equivalent Noise Level	दिउँसो	राती

५.२ जैविक वातावरण

(क) आयोजना क्षेत्रको वन सम्पदाको सूची

वनको नाम	वनको किसिम	आयोजना क्षेत्रबाट दूरी

नेपाल कानून आयोग

(ख) वनस्पतिको सूची

स्थानीय नाम	वैज्ञानिक नाम	परिवार	CITES	IUCN	नेपाल सरकार

(ग) प्रमुख गैह्र काष्ठ वनस्पति

स्थानीय नाम	वैज्ञानिक नाम	उपयोग

(घ) वन्यजन्तुको सूची

स्थानीय नाम	वैज्ञानिक नाम	परिवार	CITES	IUCN	नेपाल सरकार
स्तनधारी					
चराचुरुङ्गी					
सरीसृप					
माछा					

नेपाल कानून आयोग

५.३ सामाजिक-आर्थिक र साँस्कृतिक वातावरण

वस्तीको नाम	
आयोजनास्थलसँगको दूरी	
स्थानीय तह र वडा	
जम्मा घरधुरी	
औसत घरधुरी सङ्ख्या	
महिला पुरुष अनुपात	
जाति र धार्मिक सम्प्रदाय	
धार्मिक स्थल	
साँस्कृतिक रीतिरीवाज	
शैक्षिक स्तर (प्रतिशत) एस. ई. ई. वा सो सरह दशजोड दुई वा सो सरह स्नातक स्नातकोत्तर	
शैक्षिक संस्था आधारभूत माध्यमिक उच्च माध्यमिक कलेज तथा विश्वविद्यालय	
स्वास्थ्य र सफाईको अवस्था स्थानीय रुपमा देखिने रोग स्वास्थ्य संस्था	

नेपाल कानून आयोग

रोजगारी (प्रतिशत) तथा आयस्तर	
सीमान्तकृत समूह	
उद्योग र यसका किसिम	
पूर्वाधार	
सडक र यसका किसिम	
जग्गा जमिनको मूल्य	
सार्वजनिक सुविधा	
बसाइँ सराईको स्थिति	
बजार र यसको स्थिति	
सम्भाव्य विकास केन्द्र	
धार्मिक स्थल	
भौतिक र जैविक वातावरणसम्बन्धी फिल्ड सर्भे (कम्तीमा Seasons समावेश भएको)	

नेपाल कानून आयोग

परिच्छेद-६ (बढीमा १५ पृष्ठ)

६. प्रस्तावको विकल्प विश्लेषण: वातावरणीय मूल्याङ्कन प्रक्रियाले प्रस्तावको विकल्पको खोजी गर्ने भएकोले प्रस्तावको कार्यान्वयन बाहेक अरु विकल्प नै नभएको स्थितिमा पनि प्रस्ताव कार्यान्वयन गर्ने अवधारणा भित्र रही विकल्पको अध्ययन गरी प्रस्ताव गर्नु पर्नेछ र प्रस्तावित विकल्पको कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल र प्रतिकूल प्रभावको तुलनात्मक आँकलन गर्नु पर्नेछ ।

विकल्प	अनुकूल वातावरणीय प्रभाव	प्रतिकूल वातावरणीय प्रभाव
विकल्प १		
डिजाइन		
आयोजना स्थल		

भू-बनौट		
अपनाईने प्रविधि		
सञ्चालन विधि		
समय तालिका		
कच्चा पदार्थ		
वन तथा सरकारी जग्गाको प्रयोग		
प्रतिकूल असर		
विकल्प २		
डिजाइन		
आयोजना स्थल		
भू-बनौट		
अपनाईने प्रविधि		
सञ्चालन विधि		
समय तालिका		
कच्चा पदार्थ		
वन तथा सरकारी जग्गाको प्रयोग		
प्रतिकूल असर		
विकल्प ३		
डिजाइन		
आयोजना स्थल		
भू-बनौट		

नेपाल कानून आयोग

अपनाईने प्रविधि		
सञ्चालन विधि		
समय तालिका		
कच्चा पदार्थ		
वन तथा सरकारी जग्गाको प्रयोग		
प्रतिकूल असर		

परिच्छेद -७ (बढीमा २० पृष्ठ)

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपायः प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई निम्नानुसार वर्गीकरण गरी प्रभावको पहिचान, आकलन तथा तिनको संरक्षणको उपाय स्पष्ट प्रस्तुत गर्नु पर्नेछः-

प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

भौतिक प्रभाव

	पर्ने प्रभाव	तह निर्धारण परिमाण, सीमा, समयावधि, प्रत्यक्ष, अप्रत्यक्ष (reversible/irreversible)
१. जमिन		
२. वायु मण्डल		
३. पानी		
४. ध्वनि		
५. मानव निर्मित वस्तु		
६. अन्य		

जैविक प्रभाव

१. वन/जङ्गलको क्षय		

२. वनस्पति		
३. जीवजन्तु		
४. प्राकृतिक वासस्थान		

सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

१. जनसङ्ख्या		
२. समुदाय		
३. खेती योग्य जमिनको क्षय		
४. मानव स्वास्थ्यमा पर्ने प्रभाव		
५. सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन		
६. आर्थिक प्रभाव		
७. धार्मिक र साँस्कृतिक प्रभाव		
८.अन्य		

यसरी प्रस्तुत गर्दा प्रतिकूल प्रभावको साथै अनुकूल प्रभावलाई पनि उल्लेख गर्नु पर्नेछ र प्रतिकूल प्रभावलाई न्यून गर्ने तर्फ बढी ध्यान दिनु पर्नेछ। यसरी प्रतिकूल तथा अनुकूल प्रभावको मल्याङ्कन गर्दा प्रस्तावको कार्यान्वयन गर्दा हुन सक्ने फाइदा बेफाइदा बारे अधिकतम जानकारी प्राप्त हुनेछ । स्वीकृत कार्यसूचीको आधारमा अध्ययन गरिएको विद्यमान वातावरणीय अवस्थामा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावको अवधि, प्रकार र संवेदनशीलता सहि रुपमा प्रस्तुत गर्नु पर्नेछ। यसैगरी प्रत्यक्ष वा अप्रत्यक्ष, संरक्षण, उपायबाट हटाउन वा घटाउन सकिने वा नसकिने खालका प्रभाव पहिचान तथा आँकलन गरी प्रतिवेदनमा यस्ता प्रभावको उल्लेखनीयता स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

परिच्छेद-८ (बढीमा १५ पृष्ठ)

८. अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायः कुनै पनि प्रस्तावमा सकारात्मक तथा अनुकूल प्रभावलाई अधिकतम गर्न कस्ता वातावरण

संरक्षणका कार्य अवलम्बन गर्नु पर्नेछ । ती अधिकतम गर्ने उपाय प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

८.१ कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने विषयलाई विशेष ध्यान दिनु पर्ने भएकाले पहिचान तथा आकलन गरिएका प्रतिकूल प्रभावलाई प्रतिवेदनमा छोटकरीमा तर प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । उल्लेख्य प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायलाई ३ प्रकार (क्षतिपूर्ति, सुधारात्मक वा प्रतिरोधात्मक) ले वर्गीकरण गरी उल्लेख गर्नु पर्नेछ । न्यूनीकरणका उपाय भौतिक, जैविक, सामाजिक–आर्थिक तथा साँस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गरी न्यूनीकरणका लागि जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ ।

८.२ उल्लेख्य प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायलाई ३ प्रकारले वर्गीकरण गर्न सकिनेछ :

(क) क्षतिपूर्तिका उपायको अवलम्बन (Compensatory Measures) : कम गर्न वा हटाउन नसकिने खालका प्रतिकूल प्रभावको क्षतिपूर्तिका उपायमा विशेष गरी देहायका क्रियाकलाप समावेश हुनु पर्नेछ :

(१) क्षतिग्रस्त प्राकृतिक स्रोतको पुर्नस्थापना

(२) हटाइने बस्तीको पुनर्बास

(३) प्रभावित व्यक्तिलाई क्षतिपूर्ति

(ख) सुधारात्मक उपायको अवलम्बन (Corrective measure): प्रतिकूल प्रभावलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपाय प्रयोग गर्नु पर्नेछ। प्रस्ताव कार्यान्वयन गर्दा अपनाउनु पर्ने सुधारात्मक उपाय देहाय बमोजिम छन्:-

(१) प्रदूषण नियन्त्रण उपकरणको जडान,

(२) प्रदूषित पानी उपचार गर्ने संयन्त्रको निर्माण,

(३) बाँध तथा तटबन्धमा माछा आवातजावत गर्न सक्ने बाटो (Fish ladder) को निर्माण ।

(ग) प्रतिरोधात्मक उपायको अवलम्बन (Preventive measures): निम्नलिखित प्रतिरोधात्मक उपायको अवलम्बनद्वारा केही गम्भीर खालका प्रभावलाई त्यस्ता प्रभाव देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मूल गर्न सकिन्छः-

(१) स्वास्थ्य शिक्षा कार्यक्रमको कार्यान्वयन,

(२) जनचेतना कार्यक्रमको थालनी,

(३) सामाजिक सहयोग अभिवृद्धिकरणका उपाय ।

माथि उल्लेख भए बमोजिमका संरक्षणका उपाय भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गर्नु पर्नेछ । यसो गर्दा प्रस्तावको कुन कुन अवस्थामा यी उपाय अवलम्बन गरिनु पर्ने हो भन्ने कुरा सजिलोसँग थाहा पाउन सकिन्छ । यी संरक्षणका उपायलाई कार्यान्वयन गर्ने (प्रस्तावक) को जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ ।

<u>तालिका:</u> वातावरणीय प्रभावका तह निर्धारण र न्यूनीकरणका उपाय

(प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि (उच्च/वृहत-६०; मध्यम-२०; निम्न-१०), सीमा (क्षेत्रीय-६०; स्थानीय-२०; स्थलगत-१०) र अवधि (दीर्घकालीन-२० ; मध्यम-१०; अल्पकालिन-५) किटान गर्नु पर्नेछ)

प्रस्तावका कार्य	वातावरणीय प्रभाव	प्रभावको तह निर्धारण								न्यूनीकरणका उपाय
		प्रत्यक्ष	अप्रत्यक्ष	अनुकूल	प्रतिकूल	परिमाण	सीमा	अवधि	जम्मा अङ्कमान	
निर्माण अवधि										
भौतिक वातावरण										
१.										
२.										

नेपाल कानून आयोग

जैविक वातावरण										
१.										
२.										
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण										
१.										
२.										
सञ्चालन अवधि										
भौतिक वातावरण										
१.										
२.										
जैविक वातावरण										
१.										
२.										
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण										
१.										
२.										

प्रतिकूल प्रभावको स्तर अनुसार तय गरिएको अङ्कमान जोडी हरेक प्रभावको कूल अङ्कमान लेख्नु पर्नेछ ।

तालिकाः अनुकूल प्रभाव अधिकतम तथा प्रतिकूल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी

वातावरण संरक्षणका उपाय	कार्यान्वयन हुने स्थान	कार्यान्वयन हुने समय	अनुमानित रकम	कार्यान्वयनको जिम्मेवारी

नेपाल कानून आयोग

अनुकूल प्रभाव				
१.				
२.				
प्रतिकूल प्रभाव				
१.				
२.				

परिच्छेद -९ (बढीमा ५ पृष्ठ)

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावको वातावरणीय अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छः-

(क) कानूनले तोकेका सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन,

(ख) वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपाय वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएअनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न,

(ग) सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन,

(घ) पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन ।

९.१ अनुगमनका प्रकारः वातावरणीय प्रभावको अनुगमन देहायको अवस्थामा निम्न प्रकारले गर्नु पर्नेछ :-

(क) प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring): प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्नेछ । यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ ।

(ख) प्रभाव अनुगमन (Impact Monitoring): प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका

क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गर्नु पर्नेछ ।

(ग) नियमपालन अनुगमन (Compliance Monitoring): यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राख्नु पर्नेछ ।

९.२ वातावरणीय अनुगमनका सूचक (Indicators): प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव तथा वातावरण संरक्षणका उपायलाई ध्यान दिई प्रस्तावकले पालना गर्नु पर्ने र वातावरणीय प्रभावको प्रभावकरिताको अनुगमन गर्न सूचक प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ । जस्तैः कृषि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावबाट जैविक विविधता, माटोको गुण, भूक्षयको मात्रा, जनस्वास्थ्य आदिमा प्रभाव पर्न सक्ने हुँदा यस्तो पक्षलाई सम्बोधन गर्ने गरी अनुगमनका सूचक छनौट गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

९.३ अनुगमनको विधिः उल्लिखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाउनु आवश्यक हुनेछ । यस्ता विधि भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्बन गर्न सक्ने खालको हुनु पर्नेछ ।

९.४ अनुगमनको लागि समय तालिकाः आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नु पर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

९.५ अनुगमन गर्ने निकायः वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भएअनुसार वातावरणीय अनुगमनको लागि सम्बन्धित निकाय वा मन्त्रालय वा विभाग जिम्मेवार हुनेछ । यस अर्थमा कृषि क्षेत्रसँग सम्बन्धित प्रस्तावको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अनुगमन गर्नेछ। ऊर्जासँग सम्बन्धित हकमा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले अनुगमन गर्नेछ। प्रस्तावक आफैंले पनि कुनै न कुनै सूचक अनुगमन गर्न सक्नेछ, जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न

सकिनेछ। प्रतिवेदनमा कुन कुन सूचक क-कसले अनुगमन गर्ने भन्ने प्रष्ट खुलाउनु पर्नेछ। साधारण तथा घरिघरि गरिनु पर्ने अनुगमन प्रस्तावकले गरेको खण्डमा प्रभाव न्यूनीकरण छिटो र कम खर्चमा गर्न सकिनेछ। प्रस्तावको अनुगमन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ। तर सो अनुगमनको प्रतिवेदनको सम्बन्धमा सम्बन्धित मन्त्रालयले सुपरिवेक्षण गर्नेछ ।

९.६ अनुगमनको लागि अनुमानित रकम (Monitoring Cost): प्रस्ताव कार्यान्वयन र निर्माणको समयमा विभिन्न सूचकको अनुगमन गर्न आवश्यक पर्ने रकम खुलाउनु पर्नेछ र सो रकम प्रस्तावकले मात्रै व्यहोर्ने हो वा अन्य स्रोतबाट पनि व्यहोरिने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

तालिकाः अनुगमन सम्बन्धी विवरणलाई म्याट्रिक्सको रुपमा प्रस्तुत गरिएको छः

अनुगमनका प्रकार	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम	अनुगमन गर्ने निकाय
प्रारम्भिक अवस्थाको अनुगमन						
१.						
२.						
प्रभाव अनुगमन						
१.						
२.						
नियमपालन अनुगमन						
१.						
२.						

नेपाल कानून आयोग

परिच्छेद-१० (बढीमा ५ पृष्ठ)

१०.१ वातावरणीय परीक्षणः वातावरणीय परीक्षणका किसिम देहाय बमोजिमका हुनेछन् :-

(क) निर्णय तहको परीक्षण,

(ख) कार्यान्वयन परीक्षण,

(ग) कार्यको प्रभावकारिता परीक्षण,

(घ) आयोजना प्रभाव परीक्षण,

(ङ) आकलन गरिएको प्रविधि परीक्षण,

(च) वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण ।

१०.२ वातावरणीय परीक्षणमा सामान्यतया तीन पक्ष संलग्न हुने गर्दछन्:

(क) परीक्षक,

(ख) परीक्षित पक्ष (प्रस्तावसँग सरोकार भएको),

(ग) तेस्रो पक्ष ।

१०.३ स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय परीक्षण आन्तरिक वा बाह्य हुन सक्नेछ :

(क) आन्तरिक परीक्षण,

(ख) बाह्य परीक्षण,

(ग) बाध्यकारी परीक्षण,

(घ) स्वैच्छिक परीक्षण ।

१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा: परीक्षणको उद्देश्य र क्षेत्र अनुसार प्रतिवेदनको ढाँचा फरक हुन सक्छ तथापि यसलाई तर्कसँगत रुपमा देहाय अनुसार प्रस्तुत गरिएको छ:

अध्याय १	कार्यकारी सारांश
अध्याय २	परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि यो अध्ययनमा समावेश गर्नु पर्नेछ। साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ।
अध्याय ३	परीक्षणको पूर्ण विवरण
अध्याय ४	आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाव तथा

नेपाल कानून आयोग

	सुधारात्मक कार्य
अनुसूची	सम्बन्धित तथ्याङ्क र विवरण
परीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति	
प्राविधिक	प्रस्तावसँग विषय मिल्ने विज्ञ
	वातावरण विज्ञ
	सामाजिक, आर्थिक, साँस्कृतिक विज्ञ
	प्रस्तावको क्षेत्र, किसिम र यसले पारेको प्रभावको गाम्भिर्यताको आधारमा थप अन्य विज्ञ
वातावरणीय परीक्षणको लागि चेकलिष्ट	
१. भौतिक पक्ष	

क्र. सं.	विवरण	आयोजनाको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत	
१.	वायुको गुण								
२.	पानीको गुण								
३.	ध्वनिको मात्रा								
४.	भूउपयोग								
५.	जलस्रोत								

नेपाल कानून आयोग

२. जैविक पक्ष									
क्र. सं.	विवरण	आयोजनको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत	
१.	वन जङ्गल								
२.	वनस्पति								
३.	जीवजन्तु								
४.	गैरकाष्ठ								
५.	माछा								
६.	दुर्लभ र सङ्कटापन्न प्रजाति								
७.	संरक्षण क्षेत्र								
३. सामाजिक आर्थिक तथा साँस्कृतिक पक्ष									
क्र. सं.	विवरण	आयोजनाको क्रियाकलाप	अनुमान गरिएको प्रभाव	खास प्रभाव	न्यूनीकरणका उपाय	प्रभावकारिता	सूचना	तथ्याङ्कको स्रोत	
१.	शिक्षा								
२.	कृषि								
३.	रोजगारी								
४.	बसाइँ सराई								
५.	स्वास्थ्य र सरसफाइ								
६.	वातावरणीय								

नेपाल कानून आयोग

	सौन्दर्यता								
७.	लैङ्गिक सवाल								
८.	धार्मिक तथा साँस्कृतिक स्थिति								
९.	सामाजिक स्थिति								

परिच्छेद-११ (बढीमा ३ पृष्ठ)

११. निष्कर्ष तथा प्रतिबद्धता :

११.१ अध्ययनको निष्कर्षः वातावरण संरक्षणका उपाय र वातावरणीय अनुगमनको कार्यान्वयनको पक्षमा प्रस्तावकको प्रतिबद्धता तथा अन्य अध्ययनको आवश्यकता पर्ने नपर्ने आदि प्रष्ट्याई निष्कर्षमा राख्नु उपयुक्त हुनेछ । अध्ययनको निष्कर्ष र पुनरावलोकन समितिको राय सुझाव अनुसार वातावरणीय प्रभाव मूल्याङ्कनमा शर्त समावेश गरिनेछ ।

११.२. प्रतिबद्धता : वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्दा प्रस्तावकले परामर्शदाताको सहयोग लिएको र परामर्शदाताले सुझाव दिएको भए पनि प्रतिवेदनमा त्यस्तो सुझाव राखी स्वीकृतिको लागि पेश गर्न मिल्दैन, किनकि वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रस्तावकले नै प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । यस खण्डमा प्रस्तावकको प्रतिबद्धता झल्किनु पर्नेछ । प्रस्ताव कार्यान्वयन गर्दा अन्य संस्था वा निकायबाट आवश्यक पर्ने सहयोगलाई उल्लेख गर्न सकिनेछ । प्रस्ताव कार्यान्वयनमा कुनै नीति, कानून वा मापदण्डले बाधा पुऱ्याउने अवस्था आएमा त्यस्ता बाधालाई कसरी फुकाउन सकिन्छ भन्ने बारेमा राय दिन सकिनेछ ।

१२. सन्दर्भ सामग्रीः प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भ सामग्रीको प्रकाशनसम्बन्धी सूची निम्न लिखित आधारमा बनाउनेः-

(क) लेखक,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,

(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,

(ङ) वर्ष, खण्ड, अङ्क आदि (भएको खण्डमा),

(च) पृष्ठ ।

<u>ढाँचा:</u> लेखक, प्रकाशित भएको बर्ष ....., उद्धृत गरिएका सामग्रीको शीर्षक ..... उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम...., वर्ष, खण्ड (अङ्क), पृष्ठ।

१३. अनुसूचीः अनुसूचीमा आवश्यकता अनुसार देहायका कुरा समावेश गर्नु पर्नेछः

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्सा र फोटोग्राफ,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रको हवाई फोटो,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषय वस्तुको सूची,

(घ) चार्ट तथा चित्र जस्ता वातावरणीय प्रभाव मल्याङ्कनसँग सम्बन्धित कुरा,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्याङ्क (समयको आधारमा क्रमबद्ध गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तरसम्बन्धी जानकारी,

(झ) वातावरणीय प्रभाव मल्याङ्कन सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखाचित्र,

(ञ) नक्सा, स्लाइड, रेकर्ड तथा भिडियो फिल्मजस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल, प्रयोग गर्ने मात्रासम्बन्धी तथ्याङ्क ,

(ठ) आमन्त्रित व्यक्ति तथा सहभागिताको सूची तथा सम्बन्धित संस्था बिचको छलफल, भेला र बैठकको रेकर्ड तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ड) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाको नामावली,

(ढ) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाको नाम, ठेगाना र टेलिफोन नम्बर,

(ण) प्रस्तावक र अध्ययन टोलीको स्वयम् घोषणापत्र,

(त) अध्ययनसम्बन्धी सार्वजनिक सूचना, मुचुल्का, सिफारिसपत्र, लिखित राय सुझाव, सार्वजनिक परामर्श बैठक र सार्वजनिक सुनुवाईसँग सम्बन्धित कागजपत्र ।

१४. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहनु पर्ने वातावरणीय व्यवस्थापन योजनाको खाँकाः

विषयगत क्षेत्र	सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक क्षेत्र								
अन्य								
विषयगत क्षेत्र	नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन

नेपाल कानून आयोग

भौतिक क्षेत्र								
जैविक क्षेत्र								
सामाजिक क्षेत्र								
साँस्कृतिक क्षेत्र								
अन्य								

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रुपमा उल्लेख गर्नु पर्नेछ ।

<u>पुनश्चः</u>

(१) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

(२) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ । प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-१३

(नियम ७ को उपनियम (६) सँग सम्बन्धित)

वातावरणीय अध्ययन प्रतिवेदन तयार पार्ने विज्ञ

(1) वातावरण विज्ञान, वातावरण व्यवस्थापन वा वातावरण इञ्जिनियरिङ्ग विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न भएको व्यक्ति ।

(2) प्रस्तावसँग सम्बन्धित प्रमुख विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न भएको व्यक्ति ।

(3) प्राकृतिक स्रोत व्यवस्थापन, वन विज्ञान, जीव विज्ञान वा वनस्पति विज्ञान विषयमा न्यूनतम स्नातकोत्तर उपाधि हासिल गरी कम्तीमा तीन वटा वातावरणीय अध्ययन प्रतिवेदन तयारीमा संलग्न भएको व्यक्ति ।

(4) सिभिल, आर्किटेक्ट, मेकानिकल वा केमिकल इञ्जिनियरिङ्ग, हाइड्रोलोजी, भू-गर्भ शास्त्र, भू-विज्ञान, भौतिक शास्त्र, रसायन शास्त्र, माईनिङ्ग इन्जिनियरिङ्ग वा मेटलर्जिक इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति ।

(5) प्राणी शास्त्र वा वनस्पति शास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति ।

(6) समाज शास्त्र, मानव शास्त्र वा अर्थशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति।

(7) वातावरण कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको व्यक्ति ।

(8) प्रयोगशालामा वैज्ञानिक परीक्षण गरी तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयारी गर्नु पर्ने प्रस्तावको हकमा यस्तो परीक्षण गर्ने विषयसँग सम्बन्धित स्नातक उपाधि प्राप्त गरी कम्तीमा ३ (तीन वर्ष) को कार्य अनुभव भएको व्यक्ति ।

(9) क्रमसङ्ख्या (३) देखि (७) सम्म उल्लिखित शैक्षिक उपाधि नभएको तर त्यस मध्ये कुनै विषयमा स्नातक उपाधि हासिल गरी वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा कम्तीमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको व्यक्ति ।

नेपाल कानून आयोग

<u>द्रष्टव्य</u>:

(१) उल्लिखित विज्ञ मध्येबाट देहायको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न देहाय बमोजिमको सदस्य रहेको अध्ययन दल रहनेछ :-

(क) संक्षिप्त वातावरणीय अध्ययनको हकमा क्रमसङ्ख्या (१) र (२) प्रत्येकबाट एक एक जना विज्ञ रहने गरी कम्तीमा तीन जना सदस्य,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणको हकमा क्रमसङ्ख्या (१), (२) र (३) प्रत्येकबाट एक एक जना विज्ञ रहने गरी कम्तीमा चार जना सदस्य,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्रमसङ्ख्या (१), (२) र (३) प्रत्येकबाट एक एक जना विज्ञ रहने गरी कम्तीमा पाँच जना सदस्य ।

(२) वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार भाषा विज्ञलाई परामर्शदाताको रुपमा अध्ययन दलमा समावेश गर्न सकिनेछ ।

नेपाल कानून आयोग

अनुसूची-१४

(नियम ८ को उपनियम (८) सँग सम्बन्धित)

सिफारिसपत्रको ढाँचा

कार्यालयको नाम, ठेगाना कार्यालयको फोन नं.

कार्यालको छाप

मितिः .....

विषयः राय सुझाव सहित सिफारिस गरिएको बारे ।

श्री.....कार्यालय/विभाग/मन्त्रालय

ठेगाना..... वा

श्री----------(प्रस्तावक)

ठेगाना----------

प्रस्तुत विषयमा ..... कार्यालयको/विभागको/मन्त्रालयको मिति .....को प्रकाशित सूचना र/वा------ मितिको सार्वजनिक सुनुवाई अनुसार कार्यान्वयन हुने .....विषयको प्रस्तावबाट यस क्षेत्रमा निम्नानुसारको वातावरणीय प्रभाव पर्न जाने देखिन्छः-

(क) सकारात्मक प्रभावः

(ख) नकारात्मक प्रभावः

उल्लिखित प्रभावको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभाव न्यून गर्ने वातावरणीय व्यवस्थापनको योजना कार्यान्वयन गर्दा उल्लिखित प्रस्तावको सकारात्मक प्रभाव/नकारात्मक प्रभाव बढी हुने देखिएकोले उल्लिखित प्रस्ताव निम्न आधारमा कार्यान्वयन गर्न मिल्ने/नमिल्ने व्यहोरा उल्लेख गरी यो सिफारिस गरिएको छ ।

प्रस्ताव कार्यान्वयन गर्न मिल्ने आधार	वा	प्रस्ताव कार्यान्वयन गर्न नमिल्ने आधार
१.----------		१.----------
२.----------		२.----------
३.----------		३.----------

नेपाल कानून आयोग

दस्तखतः

नामः

पदः

वोद्यार्थः

श्री ---------- कार्यालय/विभाग/मन्त्रालय

नेपाल कानून आयोग

अनुसूची-१५

(नियम १० को उपनियम (१३) सँग सम्बन्धित)

रणनीतिक वातावरणीय विश्लेषणका आधार

(१) एकीकृत रूपमा विश्लेषण हुने (Integrated) ।

(२) दिगो विकासको अवधारणाद्वारा नेतृत्व प्रदान भएको (Sustainability-led) ।

(३) विषय केन्द्रित (Focused) रहेको ।

(४) उत्तरदायित्वको प्रष्ट किटानी (Accountable) भएको ।

(५) सहभागितामूलक (Participative) प्रकृतिको ।

(६) पुनरावृत्तीय (Iterative) चरण पार गरेको ।

(७) रणनीतिक वातावरणीय विश्लेषण परिवेश अनुकूल हुनुपर्ने (Assessing the Context) ।

(८) रणनीतिक वातावरणीय विश्लेषण दूरगामी पक्षलाई ख्याल गर्दै समग्र परिवेश, अन्तरक्षेत्र विषय र एकीकृत रूपमा रहनु पर्ने ।

(९) हालको स्थितिभन्दा प्रवृत्तिगत अवस्थाको विश्लेषणमा आधारित भएर संवेदनशील विषयमा ध्यान केन्द्रीत भएको हुनु पर्ने ।

(१०) दीगोपना गर्ने निर्णयलाई सघाउ हुनु पर्ने ।

(११) बहुविधागत अवधारणा, सुशासन र सन्देश सम्प्रेषणात्मक हुनु पर्ने ।

(१२) अनुगमन र पृष्टपोषणलाई आत्मसात गरेको हुनु पर्ने ।

(१३) विवेचनात्मक निर्णय (क्रिटिकल डिसिजन) गर्नलाई सहयोग गर्ने हुनु पर्ने ।

नेपाल कानून आयोग

अनुसूची-१६

(नियम १६ को उपनियम (२) सँग सम्बन्धित)

जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन र ओसारपसार गर्नको लागि अनुमति प्राप्त गर्न वा नवीकरण गर्न पेश गर्ने निवेदनको ढाँचा

१. निवेदकको नाम र ठेगानाः

२. अनुमति माग भएको विषयः

(क) सङ्कलन

(ख) ओसारपसार

(ग) भण्डारण

(घ) प्रशोधन

(ङ) विसर्जन

३. नवीकरणको हकमा पहिले प्राप्त गरेको अनुमति सङ्ख्या र मितिः

४. प्रस्तावित कार्य गर्न तोकिएको स्थानको ठेगानाः

५. प्रस्तावित स्थानको वातावरणीय स्थितिः

६. जोखिमपूर्ण पदार्थको रासायनिक परिचयः

७. जोखिमपूर्ण पदार्थको अनुमानित परिमाणः

८. जोखिमपूर्ण पदार्थको भण्डारण र प्रशोधन गर्ने तरिकाः

९. जोखिमपूर्ण पदार्थ प्याकेजिङ्ग गर्ने तरिकाः

१०. जोखिमपूर्ण पदार्थको विसर्जन गर्ने स्थानः

११. जोखिमपूर्ण पदार्थ विसर्जनको प्रकार र तरिकाः

१२. जोखिमपूर्ण पदार्थ विसर्जन गरिने स्थानसम्म ओसार पसार गर्ने माध्यम र तरिकाः

१३. क्रियाकलापको विस्तृत विवरणः

१४. प्रयोग हुने उपकरणको (प्रकार, क्षमता, सङ्ख्या आदि) विस्तृत विवरणः

नेपाल कानून आयोग

निवेदकको

हस्ताक्षरः

नामः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची-१७

(नियम १६ को उपनियम (३) सँग सम्बन्धित)

जोखिमपूर्ण पदार्थको उत्पादन, सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन, ओसारपसार गर्नको लागि अनुमतिपत्र

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वातावरण विभाग

मितिः .....

श्री ..... लाई ..... क्षेत्रमा जोखिमपूर्ण पदार्थको उत्पादन/सङ्कलन/ओसारपसार/भण्डारण/प्रशोधन/विसर्जन गर्न यो अनुमति दिइएको छ ।

यो अनुमति पत्र मिति ..... सम्म कायम रहनेछ ।

शर्तः

१.

२.

हस्ताक्षरः

नामः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची-१८

(नियम १६ को उपनियम (७) सँग सम्बन्धित)

अनुमति प्राप्त व्यक्ति वा संस्थाले विवरण अद्यावधिक गर्दा खुलाउनु पर्ने विवरण

१. उत्पादकको नाम र ठेगानाः

२. अनुमतिपत्रको जारी मितिः

३. जोखिमपूर्ण पदार्थको विस्तृत विवरणः

(क) भौतिक अवस्थाः

(ख) रासायनिक अवस्थाः

(ग) कुल परिमाण (आयतन/तौल)ः

४. जोखिमपूर्ण पदार्थको भण्डारण र प्रशोधनकोः

(क) भण्डारणको मिति र तरिकाः

(ख) प्रशोधनको मिति र तरिकाः

५. जोखिमपूर्ण पदार्थको ओसारपसारः

(क) प्याकेजिङ्ग गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

(ख) ओसार पसार गरिने जोखिमपूर्ण पदार्थको प्याकिङ्गको प्रकारः

(ग) विसर्जन गरिने स्थानसम्म पुऱ्याउने ओसार पसारको किसिमः

(घ) ओसार पसारको मितिः

६. जोखिमपूर्ण पदार्थको विसर्जनको विवरणः

(क) विसर्जनको प्रकारः

(ख) विसर्जन गरिने स्थानः

(ग) विसर्जन गरिने तरिकाः

(घ) विसर्जनमा संलग्न व्यक्ति वा संस्थाः

नेपाल कानून आयोग

७. वातावरणीय अवस्थाको तथ्याङ्कः

(क) तथ्याङ्क सङ्कलन गरिएको मितिः

(ख) भूमिगत जलको विश्लेषणः

(ग) माटोको विश्लेषणः

(घ) वायुको विश्लेषणः

(ङ) जैविक वातावरणको विवरणः

(च) अन्यः

नेपाल कानून आयोग

अनुसूची-१९

(नियम २२ को उपनियम (६) सँग सम्बन्धित)

प्रदूषण नियन्त्रण प्रमाणपत्रको नमूना

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्रदूषण नियन्त्रण प्रमाणपत्र

मितिः .....

वातावरण संरक्षण नियमावली, २०७७ को नियम २२ बमोजिम मिति ..... मा.....(निकाय)..... दर्ता भई गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका /महानगरपालिकामा सञ्चालनमा रहेको ..... प्रा.लि.ले प्रदूषण नियन्त्रणका लागि गरेका क्रियाकलापलाई कदर गर्दै यो प्रदूषण नियन्त्रण प्रमाणपत्र प्रदान गरिएको छ ।

यो प्रमाण पत्र मिति ..... सम्म कायम रहनेछ ।

शर्तः

१.

२.

३.

प्रमाणपत्र जारी गर्ने अधिकारीको,-

नामः

हस्ताक्षरः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची-२०

(नियम ४४ सँग सम्बन्धित)

वातावरण संरक्षण योजनाको ढाँचा

१. योजनाको पृष्ठभूमिः

२ योजनाको उद्देश्यः

३. संरक्षणका मार्गदर्शक सिद्धान्तः

४. योजनाले समेट्ने क्षेत्रः

(क) भौतिक

(ख) जैविक

(ग) रासायनिक

(घ) आर्थिक

(ङ) सामाजिक

(च) साँस्कृतिक

(छ) भौगोलिक

(ज) जनशक्ति

५. सम्बद्ध नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधिः

६. संरक्षण योजनाको ढाँचाः

विषयगत क्षेत्र	संरक्षणका क्रियाकलाप	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
भौतिक								
जैविक								
सामाजिक								
साँस्कृतिक								

नेपाल कानून आयोग

अन्य								

७. अपेक्षित प्रतिफल/उपलब्धिः

(क) भौतिक क्षेत्रमा प्राप्त हुने

(ख) सामाजिक क्षेत्रमा प्राप्त हुने

(ग) जैविक क्षेत्रमा प्राप्त हुने

(घ) अर्थतन्त्रमा प्राप्त हुने

(ङ) अन्य क्षेत्रमा प्राप्त हुने

८. प्रतिवेदनः

९. विविधः

नेपाल कानून आयोग

अनुसूची-२१

(नियम ४६ को उपनियम (१) सँग सम्बन्धित)

वार्षिक प्रतिवेदनको ढाँचा

1. प्रतिवेदनको कार्यकारी सारांशः
2. अनुगमन तथा निरीक्षणको विधि तथा प्रयोग भएका उपकरणको विवरणः
3. अनुगमन तथा निरीक्षणका आधारः
   (क) ऐन, नियम, कार्यविधि, मापदण्ड,
   (ख) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,
   (ग) अनुगमन गरिने उद्योग, कलकारखाना, यन्त्रजस्ता विषयसँग सम्बन्धित सान्दर्भिक आदेश,
   (घ) अनुगमन गरिने उद्योग, कलकारखाना, यन्त्रको यथार्थ स्थितिको विवरण ।
4. अनुगमन तथा निरीक्षणका मापदण्डः
   (क) वायुको स्थिति,
   (ख) जलीय स्थिति,
   (ग) माटोको स्थिति,
   (घ) ध्वनिको स्थिति,
   (ङ) जोखिमयुक्त पदार्थको स्थिति,
   (च) प्रदूषण नियन्त्रणको अवस्था,
   (छ) मानव स्वास्थ्य सुरक्षाको अवस्था ।
5. वातावरणीय जोखिमको अवस्थाः
   (क) वायु प्रदूषणको मात्रा, फैलावट र अवधिको यथार्थ स्थिति,
   (ख) जलीय प्रदूषणको मात्रा, फैलावट र अवधिको यथार्थ स्थिति,
   (ग) जीवजन्तु तथा वनस्पतिमा परेको वा पर्न सक्ने प्रतिकूल असरको स्थिति,

नेपाल कानून आयोग

(घ) मानव स्वास्थ्यमा परेको वा पर्न सक्ने प्रतिकूल असर तथा प्रभावको स्थिति ।

6. वातावरणीय जोखिम न्यूनीकरण गर्न लिएका उपायको लेखाजोखाः

(पर्याप्त या अपर्याप्त के छ सो समेत उल्लेख गर्नु पर्ने)

7. वातावरणीय जोखिम न्यूनीकरण गर्नका लागि आगामी दिनमा चालिनु पर्ने कदमः

(क) नीतिगत/कानूनी/योजनागत/कार्यक्रमगत,

(ख) पालना/सुधारात्मक/क्षतिपूर्ति/प्रतिस्थापन/हटाउने,

(ग) दण्डात्मक ।

8. सिफारिस, सुझाव तथा निष्कर्षः

9. सान्दर्भिक दस्तावेज, निर्णयः

नेपाल कानून आयोग



प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, मंसिर १६ गते, २०७८ साल (अतिरिक्ताङ्क २९

भाग १

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७८ सालको ऐन नं ६

वन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

प्रस्तावनाः नेपालको संविधान बमोजिम प्रदेशको एकल अधिकारको सूचीमा रहेको राष्ट्रिय वनको दिगो विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न उपयुक्त वन व्यवस्थापन पद्धति अपनाई वन, वन्यजन्तु, वातावरण, जलाधार एवम् जैविक विविधताको संरक्षण, सम्वर्द्धन र स्वस्थ पर्यावरणको प्रवर्द्धन गरी जनताको आधारभुत आवश्यकता पुरा गर्दै वन क्षेत्रलाई प्रदेशको आर्थिक विकासको महत्वपूर्ण स्रोतको रुपमा प्रभावकारी नियमन गरी प्रदेशको समृद्धिमा योगदान पुऱ्याउन वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "प्रदेश वन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिन देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**औजार**" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत वा वृक्षारोपण गर्न प्रयोग गरिने सबै किसिमका औजार, मेशिनरी तथा रुख विरुवा काट्ने, ताछने, टुक्रा पार्ने, खुकुरी, बञ्चरो, हँसिया, आरा, मेशिन तथा उपकरण समेत सम्झनु पर्छ ।

(ख) "**कबुलियती वन**" भन्नाले परिच्छेद ७ बमोजिम कबुलियती वनको रूपमा व्यवस्थापन गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ग) "**कार्ययोजना**" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण, तथा वन पैदावारको उपयोग र विक्री

वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत सम्वर्द्धन प्रणालीमा आधारित वन सम्बन्धी कार्ययोजना सम्झनुपर्छ ।

(घ) "**कोष**" भन्नाले दफा ९८ बमोजिमको वन विकास कोष सम्झनुपर्छ ।

(ङ) "**चकला वन**" भन्नाले दफा १० को उपदफा (२) बमोजिम चकला वनको रूपमा व्यवस्थापन गर्न स्वीकृति प्राप्त सरकारद्वारा व्यवस्थित वनको भागलाई सम्झनुपर्छ ।

(च) "**जलाधार**" भन्नाले वर्षाको वा अन्य पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानी ढलो क्षेत्र सम्झनुपर्छ र सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सो भन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ ।

(छ) "**जैविक मार्ग**" भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्छ ।

(ज) "**टाँचा**" भन्नाले काठ वा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्छ र सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने निशाना अङ्कित फलामे औजारलाई समेत जनाउँछ ।

(झ) "**डिभिजन वन कार्यालय**" भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालय सम्झनुपर्छ।

(ञ) "**तोकिएको**" **वा** "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ट) "**धार्मिक वन**" भन्नाले परिच्छेद ८ बमोजिम धार्मिक वनको रूपमा संरक्षण गरिएको राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ठ) "**नदीजन्य पदार्थ**" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा जम्मा भएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, गेग्रान, माटो, दहत्तर, बहत्तर समेत सम्झनुपर्छ ।

(ड) "**निजी वन**" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा रूख विरूवा लगाई हुर्काएको वा संरक्षण र व्यवस्थापन गरिएको वन सम्झनुपर्छ ।

(ढ) "**निर्देशनालय**" भन्नाले मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालयलाई सम्झनुपर्छ ।

(ण) "**निर्देशक**" भन्नाले निर्देशनालयको प्रमुखलाई सम्झनुपर्छ ।

(त) "**राष्ट्रिय वन**" भन्नाले निजी स्वामित्वको जग्गा वाहेक प्रदेश भित्रको सबै वन सम्झनुपर्छ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(थ) "**पर्यापर्यटन**" भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ्ग लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटन गतिविधिलाई सम्झनु पर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने साहसिक खेल जस्ता क्रियाकलापलाई समेत जनाउँछ। तर वन क्षेत्र भित्रको हकमा सम्बन्धित डिभिजन वन कार्यालयले पूर्वाधार निर्माण गर्न वा सञ्चालन गर्न अनुमति दिएको क्रियाकलापलाई जनाउनेछ।

(द) "**मन्त्रालय**" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ध) "**वन**" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिमको वन क्षेत्रलाई समेत जनाउँछ।

(न) "**वन पैदावार**" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, लगायतका काष्ठजन्य पैदावार

(२) रुख, बिरुवा, गोल, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, लगायतका गैरकाष्ठ जन्य पैदावार

(३) गिट्टी, बालुवा लगायतका नदिजन्य र ढुंङ्गा, चट्टान, माटो, पत्थर कोइला, सुन, चाँदी, तामा, फलाम, कच्चा तेल लगायतका खानी तथा खनिजजन्य पदार्थ

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार ।

(प) "**वन क्षेत्र**" भन्नाले निजी स्वामित्वको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सीमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको वा वन सीमानासँग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी,

खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम वनक्षेत्रको रुपमा परिभाषित गरिएको क्षेत्र समेतलाई जनाउँछ ।

(फ) "**वन सम्वर्द्धन प्रणाली**" भन्नाले वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली, माउरूख प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) लाई सम्झनुपर्छ।

(ब) "**वन सीमाना चिन्ह**" भन्नाले राष्ट्रिय वनको सीमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै बस्तुका खम्बा वा चिन्हपट सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम तयार गरेको नक्सामा अङ्कित वन सीमाना चिन्हलाई समेत जनाउँछ ।

(भ) "**वन व्यवस्थापन पद्धति**" भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्धारा व्यवस्थित वन, संरक्षित वन, चकला वन, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन व्यवस्थापन पद्धतिलाई सम्झनुपर्छ ।

(म) "**वन्यजन्तु**" भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी प्राणी (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने प्राणी (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता प्रजाती (एम्फिवियन्स) र कीरा फटयाङ्ग्रा (इन्सेक्ट्स) लगायतका प्राणीलाई सम्झनुपर्छ र सो शब्दले फुल पार्ने प्राणीको फुल समेतलाई जनाउँछ ।

(य) "**वनस्पति**" भन्नाले हरितकण भएका वा नभएका तर, आफ्नै प्रजनन् क्षमता भएका प्राकृतिक रुख, बिरुवा, झाडी, बुट्यान, झारपात, लहरा तथा उन्यूका विभिन्न प्रजाति सम्झनु पर्छ र सो शब्दले लेउ, ढुसी, च्याउ वा यस्तै प्रकारका अन्य वनस्पति समेतलाई सम्झनुपर्छ ।

(र) "**वनस्पति स्रोत**" भन्नाले जीवित वा निर्जीव अवस्थामा रहेका फूल फुल्ने वा नफुल्ने कुनै पनि प्रकारका बनस्पतिको हाँगा विँगा, बोक्रा, जरा, पात, काण्ड, फूल, कुनै अंश, बीउ, जर्मप्लाज्म वा आनुवंशिक पदार्थ सम्झनुपर्छ ।

(ल) "**वातावरणीय परीक्षण**" भन्नाले प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन वा रणनितिक वातावरणीय विश्लेषणलाई सम्झनुपर्छ ।

(व) "**वातावरणीय सेवा**" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनुपर्छः-

(१) कार्बन सक्लेषण सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य बस्तु, सेवा तथा लाभ ।

(श) "**सव-डिभिजन वन कार्यालय**" भन्नाले डिभिजन वन कार्यालय मातहतको सव डिभिजन वन कार्यालय सम्झनुपर्छ ।

(ष) "**सम्बन्धित अधिकारी**" भन्नाले वन सेवाको जनरल फरेष्ट्रि समूहको डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ ।

(स) "**सरकारद्वारा व्यवस्थित वन**" भन्नाले परिच्छेद ३ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ह) "**साझेदारी वन**" भन्नाले परिच्छेद ५ बमोजिम साझेदारी वनको रूपमा व्यवस्थापन गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(क्ष) "**सामुदायिक वन**" भन्नाले परिच्छेद ६ बमोजिम सामुदायिक वनको रूपमा व्यवस्थापन गरिएको राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(त्र) "**सिमसार क्षेत्र**" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदिबाट प्रभावित जमिन (रिभराईन फ्लड प्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (बाटर स्टोरेज एरिया) समेतलाई सम्झनुपर्छ र सो शब्दले साबिकमा सिमसार क्षेत्रले ओगटेको सिमसार क्षेत्र वरिपरिको सुख्खा जमिनलाई समेत जनाँउछ ।

(ज्ञ) "**संरक्षित वन**" भन्नाले परिच्छेद ४ बमोजिम संरक्षित वनको रूपमा व्यवस्थापन तथा संरक्षण गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ।

परिच्छेद २

राष्ट्रिय वनको भू-स्वामित्व, भू-उपयोग तथा सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. राष्ट्रिय वनको भू-स्वामित्व तथा भू-उपयोगः (१) राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व तथा भू-उपयोग सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन क्षेत्र नघट्ने गरी प्रदेश सरकारले कुनै खास वन क्षेत्रमा तोकिए बमोजिम भू-उपयोग योजना बनाई लागु गर्न सक्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रलाई मानव बसोबास वा पुनर्वासका लागि प्रयोग गरिने छैन ।

(४) राष्ट्रिय वन क्षेत्रको भू-उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **वन सीमाना निर्धारण र विवरण अद्यावधिक गर्नुपर्नेः**(१) प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको सीमा निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय वन क्षेत्रको नक्शा, वनको किसिम, वनको अवस्था र प्रजाति, वन व्यवस्थापन पद्धति र सीमा निर्धारण गरेको तथ्याङ्क लगायतको सम्पूर्ण विवरण सम्बन्धित अधिकारीले अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारित सीमा छुट्याई सम्बन्धित अधिकारीले आफ्नो कार्यक्षेत्रको वन सीमाना चिन्ह लगाउन सक्नेछ ।

५. **निजी जग्गा प्राप्त गर्न सक्नेः** (१) दफा ४ बमोजिम राष्ट्रिय वनको सीमाना छुट्टयाउँदा वन संरक्षण, सुरक्षा वा अन्य पर्यावरणीय कारणबाट राष्ट्रिय वनसँग सीमाना जोडिएका निजी हकभोगका घरजग्गा हटाउन

आवश्यक देखिएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घरजग्गा प्राप्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिने घर जग्गाको क्षतिपूर्ति वा मुआब्जा रकमको निर्धारण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त गरिएको घरजग्गा दर्ताको लगत कट्टा गर्न सम्बन्धित अधिकारीले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा गर्न लेखी आएको सात दिनभित्र मालपोत कार्यालय र स्थानीय तहले लगत कट्टा गरी सम्बन्धित अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत कट्टा भएको विवरण प्राप्त भएको तीन दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम प्राप्त गरिएको घरजग्गा स्वतः राष्ट्रिय वन क्षेत्र कायम हुनेछ।

६. **<u>राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थाको स्वामित्व नहुने:</u>** (१) राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थालाई स्वामित्व प्राप्त हुने छैन र राष्ट्रिय वन भित्रको जग्गा कसैले दर्ता गरे गराएमा स्वतः बदर हुनेछ ।

(२) प्रचलित कानून बमोजिम पट्टा, पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा यस ऐनको व्यवस्था बमोजिम कुनै हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा संस्थालाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(३) प्रचलित कानून बमोजिम अनुमति लिइएकोमा बाहेक कुनै व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम प्रदेश भित्रको राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक,

दान दातव्य वा सट्टापट्टा गरी वा अरु कुनै प्रकारले हक हस्तान्तरण गर्न सकिने छैन ।

(४) यस ऐनमा भएको व्यवस्था बाहेक वन क्षेत्रलाई कार्यस्थल बनाई कुनै संघ संस्था दर्ता गर्न वा त्यस्तो दर्ताको नाताले वन क्षेत्रमा कुनै किसिमको संरचना निर्माण वा अन्य क्रियाकलाप गर्न हुदैन ।

(५) उपदफा (४) विपरित कुनै संस्था दर्ता भएको भए त्यस्तो संस्थाको दर्ता खारेजीको लागि सम्बन्धित अधिकारीले सम्बन्धित निकायमा लेखि पठाउनेछ ।

(६) उपदफा (४) विपरित कुनै संस्थाले कुनै किसिमको संरचना निर्माण गरेको वा कुनै क्रियाकलाप सञ्चालन गरेको भए सम्बन्धित अधिकारीले त्यस्तो संरचना हटाउन वा त्यस्ता क्रियाकलाप सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम संरचना हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध गर्ने:</u>** (१) वन वा वन्यजन्तुको संरक्षण वा मानव सुरक्षाको दृष्टिकोणबाट आवश्यक देखिएमा सम्बन्धित अधिकारीले राष्ट्रिय वनको सबै वा केही भागमा निश्चित समयका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रवेश निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही मानिस आवत जावतको लागि बाटो प्रयोग गर्न र प्रचलित कानून बमोजिमका आयोजना सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।

(३) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा सम्बन्धित अधिकारीले राष्ट्रिय वनको सबै वा केही भागमा कुनै प्रकारको घर पालुवा जनावर वा चौपाया प्रवेश निषेध गर्न सक्नेछ।

८. **राष्ट्रिय वनको व्यवस्थापनः** (१) प्रदेश सरकारले राष्ट्रिय वनको व्यवस्थापन, संरक्षण, संवर्द्धन, विकास र सदुपयोग गर्न रणनीतिक योजना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रणनितिक योजनाको अधिनमा रहि सम्बन्धित अधिकारीले आफ्नो कार्य क्षेत्र भित्रको वनको तोकिए बमोजिम आवधिक वन व्यवस्थापन योजना बनाई स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो योजना सुझाव सहित डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित निर्देशनालयमा पठाएपछि त्यस्तो योजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको योजना सम्बन्धित अधिकारीले कार्यान्वयन गर्नु पर्नेछ।

(५) प्रदेश भित्रको राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश सरकारले वन सम्बन्धी प्रादेशिक आयोजनाको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रणनितिक योजना स्वीकृत नभएसम्म मन्त्रालयबाट वन व्यवस्थापन योजना स्वीकृत गर्न कुनै बाधा पर्ने छैन ।

९. <u>अनुमतिपत्र लिनु पर्नेः</u> (१) राष्ट्रिय वन भित्र अनुमति बिना कसैले अध्ययन, अनुसन्धान वा नमूना सङ्कलन गर्न हुँदैन ।

(२) वन क्षेत्र भित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान र नमूना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर बुझाई मन्त्रालयबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(३) कसैले अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको प्रयोजनको लागि राष्ट्रिय वनको कुनै क्षेत्र माग गरेमा मन्त्रालयले निर्धारण गरेको शर्त बमोजिम कार्य गर्ने गरी तोकिएको दस्तुर लिई निश्चित अवधिका लागि अनुमति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम अनुमति पत्र दिने र वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम अनुमति पत्र लिएको ब्यक्ति वा संस्थाले अध्ययन अनुसन्धान प्रतिवेदन मन्त्रालय र सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

परिच्छेद ३

<u>सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था</u>

१०. <u>सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः</u> (१) प्रदेश सरकारले बनाएको रणनीतिक योजनाको अधिनमा रही सम्बन्धित अधिकारीले संरक्षित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वन बाहेकको राष्ट्रिय वनको भागलाई आवधिक वन व्यवस्थापन योजना अनुसार सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनको कम्तिमा दुई सय हेक्टर क्षेत्रफलमा नघट्ने गरी प्रदेश सरकारको रणनितिक योजना र आवधिक वन व्यवस्थापन योजनाको अधिनमा रहि मन्त्रालयले वनको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि हुने गरी वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति बमोजिम चकला वनको रूपमा व्यवस्थापन गर्न स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको चकला वनको व्यवस्थापन प्रदेश सरकार आफैले वा वनको हैसियतमा तोकिए बमोजिम अभिवृद्धि हुने गरी प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सङ्गठित संस्थाहरु तथा निजी क्षेत्रसँगको साझेदारीमा गर्न सक्नेछ ।

(४) सरकारद्वारा व्यवस्थित वन एवम् चकला वनको क्षेत्र निर्धारण, कार्ययोजना निर्माण र व्यवस्थापन साझेदारी सगँ सम्बन्धित अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

११. **सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः** रणनितिक योजना र आवधिक वन व्यवस्थापन योजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास सम्बन्धी कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन ।

परिच्छेद ४

संरक्षित वन सम्बन्धी व्यवस्था

१२. **संरक्षित वनः** (१) संरक्षित क्षेत्र बाहिर रहेका वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा साँस्कृतिक महत्वको, जलाधार संरक्षणको हिसाबले संवेदनशिल देखिएको, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा पर्यापर्यटनको विकास गर्न

उपयुक्त देखिएको राष्ट्रिय वनको कुनै भागलाई प्रदेश सरकारले संरक्षित वन घोषणा गर्न सक्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि संरक्षित क्षेत्र भन्नाले प्रचलित कानून बमोजिमको राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्र सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम संरक्षित वन घोषणा गरेपछि मन्त्रालयले प्रदेश राजपत्रमा त्यसको सूचना प्रकाशित गर्नेछ।

(३) संरक्षित वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **संरक्षित वनको व्यवस्थापनः** (१) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको संरक्षित वन परिषद् रहनेछः

(क) पदेन सदस्यहरू मध्येहरूबाट निर्वाचित एक जना -संयोजक

(ख) संरक्षित वन क्षेत्र पर्ने प्रत्येक स्थानीय तहबाट एक महिला सहित दुई जनाका दरले प्रमुख वा अध्यक्षले तोकेको जनप्रतिनिधि -पदेन सदस्य

(ग) संरक्षित वन क्षेत्र भित्रका सामुदायिक/ कवुलियती / धार्मिक वन उपभोक्ता समूहका अध्यक्ष -पदेन सदस्य

(घ) वन संरक्षण र प्रवर्द्धन कार्यमा योगदान गर्ने व्यक्ति र सरोकारवाला संघ सस्थाका प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको कम्तिमा २ जना महिला सहित ४ जना -सदस्य

(ङ) डिभिजन वन कार्यालयले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको संरक्षित वन परिषद् सञ्चालन मन्त्रालयबाट स्वीकृत विनियमावली बमोजिम हुनेछ।

(३) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन गर्दा प्राप्त हुने आम्दानीको बाँडफाँट तोकिए बमोजिम हुनेछ ।

(४) परिषद्को एक छुट्टै कोष हुनेछ र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **संरक्षित वनको कार्ययोजनाः** (१) दफा १२ को उपदफा (१) अनुसार घोषित संरक्षित वनको दिगो संरक्षण तथा व्यवस्थापनका लागि आवधिक वन व्यवस्थापन योजनाको अधिनमा रही संरक्षित वन परिषद्ले कार्ययोजना तयार गर्नु पर्नेछ

(२) संरक्षित वनको भू-उपयोग र अवस्थितिमा परिवर्तन नहुने सुनिश्चितता कार्ययोजनामा गरी संरक्षित वनमा वातावरणमैत्री पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना स्वीकृतिको लागि सम्बन्धित अधिकारीले सिफारिश सहित निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) संरक्षित वनको कार्ययोजना कार्यान्वयनको जिम्मेवारी संरक्षित वन परिषद्को हुनेछ ।

(५) संरक्षित वनभित्र पर्ने सामुदायिक वन, धार्मिक वन, कवुलियती वनको कार्ययोजना उपदफा (१) बमोजिमको कार्ययोजनासँग नबाझिने गरी स्वीकृत र सञ्चालन गर्नुपर्नेछ।

१५. **संरक्षित वनमा रूपान्तरण हुनेः** (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम संरक्षित वन वा वन संरक्षण क्षेत्रको रूपमा कायम

भएका वन स्वतः यस ऐन बमोजिमको संरक्षित वनमा रुपान्तरण हुनेछन्।

(२) संरक्षित वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद ५

साझेदारी वन सम्बन्धी व्यवस्था

१६. **साझेदारी वनः** वनको दिगो व्यवस्थापन गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन, वनको हैसियतमा सुधार गर्न, वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराउन, उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन प्रदेश सरकारको रणनितिक योजनाको अधिनमा रही सम्बन्धित अधिकारीको सिफारिसमा राष्ट्रिय वनको कुनै भागलाई आवधिक वन व्यवस्थापन योजना बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गर्न सकिनेछ।

१७. **साझेदारी वनको कार्ययोजनाः** (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा सम्बन्धित अधिकारीले वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना कार्यान्वयन गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा १८ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा निर्देशकले त्यस्तो साझेदारी वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा रुपान्तरित
हुनेछ ।

तर, त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिन भित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) उपदफा (३) बमोजिम कुनै साझेदारी वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (४) बमोजिम उजुरी परी मन्त्रालयबाट त्यस्तो निर्णय बदर भएमा सम्बन्धित अधिकारीले साविककै साझेदारी वन उपभोक्ता समूह मध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समूहलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

१८. **साझेदारी वन उपभोक्ता समूह गठन गरिने:** (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन र उपयोग गर्न साझेदारी वन व्यवस्थापन क्षेत्र

भित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहको गठन, सञ्चालन, काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारले स्थानीय तह र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्नेछ ।

(४) कार्ययोजनामा व्यवस्था गरी समूहले साझेदारी वन क्षेत्रमा तोकिए बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१९. <u>साझेदारी वनको वन पैदावार उपयोग तथा विक्री वितरणः</u> (१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा पचास प्रतिशत प्रदेश सरकारको र पचास प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ र गैरकाष्ठ वन पैदावारको हकमा तोकिए बमोजिम बाँडफाँट हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले प्राप्त गरेको पचास प्रतिशत काठ दाउरा मध्ये जिल्ला भित्रको आपुर्तिका लागि आवश्यक काठ दाउरा छुट्याई बाँकी रहने काठ दाउरा डिभिजन वन कार्यालयले लिलाम विक्री गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूह बाहिर बिक्रि गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको वन पैदावार आन्तरिक बिक्रि वितरण र समूह वाहिर बिक्रि गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार विक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा र बाँकी रहेको रकममा सस्थागत सशक्तिकरण र प्रशासनिक खर्च छुट्याई स्थानीय तहहरूसँग तोकिए बमोजिम समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण, उद्यम विकास, भौतिक पूर्वाधार विकास तथा समुदायको हितमा खर्च गर्न सकिनेछ ।

(६) साझेदारी वनबाट उत्पादित वन पैदावारको बाँडफाँट र वन पैदावार विक्री वितरणबाट प्राप्त रकमको सदुपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **साझेदारी वन उपभोक्ता समूहको कोषः** (१) साझेदारी वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) वन पैदावारको विक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(ख) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम समेत,

(घ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता, ऋण वा दान दान्तव्यको रकम,

(ङ) कार्ययोजना बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) दफा १९ को उपदफा (५) बमोजिम उपभोक्ता समूहले गर्ने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम उपभोक्ता समूहले गर्ने आर्थिक कारोबार नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक मार्फत गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धित अधिकारी वा निजले तोकेको कर्मचारी अनिवार्य रहने गरी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **साझेदारी वन व्यवस्थापन समिति गठन गर्न सक्ने:** (१) साझेदारी वनको विकास र संरक्षणका लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुले साझेदारी वन व्यवस्थापन समिति गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ६

सामुदायिक वन सम्बन्धी व्यवस्था

२२. **सामुदायिक वनको व्यवस्थापन:** (१) रणनीतिक योजनाको अधिनमा रहि स्वीकृत आवधिक वन व्यवस्थापन योजना अनुरूप निर्धारित

राष्ट्रिय वनको कुनै भागमा वनको विकास, संरक्षण, सदुपयोग, व्यवस्थापन गर्न पाउने गरी सामुदायिक वनको रुपमा सामुदायिक वन उपभोक्ता समूह मार्फत वन व्यवस्थापन गर्न सकिने छ।

(२) दफा ३० बमोजिम गठित उपभोक्ता समूहले विधान बनाई उपदफा (१) बमोजिमको वन व्यवस्थापनका लागि सम्बन्धित डिभिजन वन कार्यालयसमक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समूहले पेश गरेको विधान उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ र स्वीकृत विधानको एक एक प्रति सम्बन्धित समूह, स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

(५) सामुदायिक वन व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. **कार्ययोजना सम्बन्धी व्यवस्था:**(१) दफा २२ बमोजिम वन व्यवस्थापन गर्ने उपभोक्ता समूहले तोकिएको ढाँचामा वनको हैसियत र उपभोक्ताको चाहना अनुरूप कार्ययोजना तयार गरी स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्न डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पेश हुन आएको कार्ययोजना आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गर्नुपर्नेछ ।

(४) सामुदायिक वनको कार्ययोजनाको अवधि वनको अवस्था हेरी पाँच वर्ष वा दश वर्षको हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादनशील वनको हकमा उपभोक्ता समूहको चाहनामा समूहले वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजना तयार गर्नुपूर्व उपभोक्ता समूहले यसको अवधारणा पत्र डिभिजन वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले सो को जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।

२४. **कार्ययोजनामा संशोधनः** (१) दफा २३ बमोजिम स्वीकृत कार्ययोजनाको अवधि समाप्त भएमा वा संशोधन गर्नु पर्ने भएमा उपभोक्ता समूहले संशोधित कार्ययोजना बनाई स्वीकृतिको लागि सम्बन्धित अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गर्नसक्नेछ।

तर, विशेष अवस्था परी निर्देशकले लिखित सहमति दिएमा बाहेक दुई वर्ष पुरा नभई कार्ययोजना संशोधन गरिनेछैन ।

(३) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा सम्बन्धित अधिकारीले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कार्ययोजना संशोधन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **सामुदायिक वन फिर्ता लिन सकिनेः** (१) दफा २२ बमोजिम व्यवस्थापन गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना

बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालना गर्नु पर्ने शर्त पालना नगरेमा सम्बन्धित अधिकारीले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर, त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले २१ दिन भित्र निर्देशक समक्ष उजूरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा निर्देशकले ३५ दिन भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही उपदफा (२) बमोजिम उजुरी परी उपदफा (३) बमोजिम निर्देशकले निर्णय गर्दा त्यस्तो निर्णय बदर भएमा सम्बन्धित अधिकारीले साविककै उपभोक्ता समूहमध्येबाट नयाँ कार्यसमिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम उजुरी नपरेमा वा त्यस्तो उजुरी परी सो निर्णय सदर भएमा सम्बन्धित अधिकारीले दफा ३० बमोजिमको प्रकृया पुरा गरी

उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न यो दफाले कुनै बाधा परेको मानिने छैन ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विकास आयोजना सञ्चालन गर्न आवश्यक परेको बखत उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको सामुदायिक वनको पुरै वा केही भाग फिर्ता लिन सक्नेछ र त्यस्ता वनको उपभोक्तालाई सम्भव भएसम्म अन्यत्र नजिकैको सामुदायिक वनमा व्यवस्थापन गर्न सकिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जुनसुकै अवस्थामा सामुदायिक वनको संरक्षण गर्ने अन्तिम दायित्व सम्बन्धित उपभोक्ता समूहको हुनेछ ।

२६. **कार्ययोजना विपरीत काम गरेमा सजाय हुनेः** (१) सामुदायिक वनको उपभोक्ता समूहका सदस्य वा समितिका पदाधिकारीले विधान र कार्ययोजना विपरीत हुने कुनै काम कारवाही गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले विधान र कार्ययोजना बमोजिम जरिवाना गर्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैले कारबाही गर्न नसकेमा सो समूहले कारबाहीको लागि सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा सम्बन्धित अधिकारीले आवश्यक जाँचबुझ गरी यस ऐन बमोजिम कारबाही गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरेको कारणले मात्र त्यस्तो समितिका पदाधिकारीलाई प्रचलित कानून बमोजिम अन्य कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२७. <u>सामुदायिक वनको आम्दानीको व्यवस्थापनः</u> (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा चालीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यक्रममा दोहोरोपना नपर्ने गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकासमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहलाई जानकारी गराई समूहको हितका लागि गरिने सामाजिक वा भौतिक पूर्वाधार विकासको कार्यमा प्रयोग गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता समूहले आफ्नो कुल आम्दानीको दश प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च गर्न सक्नेछन् ।

२८. <u>सामुदायिक वनको वन पैदावार बिक्री वितरणः</u> (१) सामुदायिक वनको कार्य योजना बमोजिम प्राप्त हुने वनपैदावार मध्ये समूहले आफ्ना सदस्यलाई तोकिए बमोजिम बिक्री वितरण गरी खपत नभएको वन पैदावार तोकिए बमोजिम समूह बाहिर बिक्री वितरण गर्न सक्नेछन् ।

(२) समूह भन्दा बाहिर बिक्री वितरण गर्दा प्रचलित कानून बमोजिम तोकिएको दररेट भन्दा कम दरमा बिक्री गर्न सकिने छैन र यसरी वन पैदावार बिक्रीबाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम प्रचलित कानून बमोजिम प्रदेश सरकार र सम्बन्धित वन भएका स्थानीय तह बीच बाँडफाँट हुनेछ।

(४) उपदफा (२) बमोजिमको रकम जम्मा भई सकेपछि स्थानीय तह वा कुनै निकायले यस सम्बन्धी कुनै किसिमको सेवा शुल्क वा दस्तुर उठाउने छैन।

(५) यस दफा बमोजिमको वन पैदावार विक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **कबुलियतनामा गरी वन उपलब्ध गराउन सकिने:** (१) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन कार्ययोजनाको अधिनमा रही सामुदायिक वनको कुनै भाग समूह भित्रका विपन्न वर्गका उपभोक्ताले सामुहिक रूपमा आयआर्जनका लागि वनजन्य क्रियाकलाप सञ्चालन गर्न समूह बनाई एक पटकमा वढीमा दश वर्षका लागि कबुलियतनामा गरी उपलब्ध गराउन सक्नेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि वनजन्य क्रियाकलाप भन्नाले वनमा आधारित कृषि वन प्रणाली समेतलाई जनाउनेछ।

(२) कबुलियतनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **सामुदायिक वन उपभोक्ता समूह सम्बन्धी व्यवस्था:** (१) दफा २२ को प्रयोजनको लागि सामुदायिक वनका सम्बन्धित उपभोक्ताले सामुदायिक वन उपभोक्ता समूह गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समूहमा वन क्षेत्र नजिक स्थायी बसोबास रहेका, वनको संरक्षणमा योगदान वा उपभोगमा प्रत्यक्ष संलग्न हुने, अन्यत्र वन उपभोक्ता समूहको सदस्य नरहेका इच्छुक प्रति घरधुरी एक सदस्य हुनेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै घरधुरी एक भन्दा बढी उपभोक्ता समूहमा

सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र कुनै एक उपभोक्ता समूहको मात्र सदस्य कायम रहने गरी समूह छनौट गर्नु पर्नेछ।

(४) डिभिजन वन कार्यालयले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उपभोक्ता समूहहरू एक आपसमा गाभिन चाहेमा सम्बन्धित अधिकारीले स्वीकृति दिएमा गाभिन सक्नेछन।

(६) उपदफा (५) बमोजिम उपभोक्ता समूह एक आपसमा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **उपभोक्ता समूह सङ्गठित संस्था हुनेः** (१) दफा ३० बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह आर्जित चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, आर्जित सम्पत्ती बेच बिखन गर्न, वनजन्य उद्यम सञ्चालन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

३२. **उपभोक्ता समूहको पदाधिकारी सार्वजनिक पद धारण गरेको व्यक्ति हुनेः** सामुदायिक वन उपभोक्ता समूहको पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

३३. <u>उपभोक्ता समूहको कोषः</u>(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ख) वन पैदावारको विक्री वितरण र अन्य आयबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम समेत,

(घ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता, ऋण वा दान दातव्यको रकम,

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम उपभोक्ता समूहले आर्थिक कारोबार सञ्चालन गर्दा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक मार्फत मात्र गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. <u>प्रतिवेदन दिनु पर्नेः</u> (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको

स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र सम्बन्धित वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा सम्बन्धित स्थानीय तह र सम्बन्धित वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निर्देशन उपभोक्ता समूहले पालना गर्नु पर्नेछ ।

परिच्छेद ७

कबुलियती वन सम्बन्धी व्यवस्था

३५. **व्यवसायिक कबुलियती वन प्रदान गर्ने:** (१) नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले रणनीतिक योजनाको अधिनमा रही आवधिक वन व्यवस्थापन योजनाले निर्धारण गरेको औसत बीस प्रतिशत वा सो भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भागमा सरकार आफैले वा प्रतिस्पर्धाको आधारमा सङ्गठित संस्था, उद्योग वा समुदायलाई वनको संरक्षण र विकास हुने गरी बढीमा चालिस वर्ष अवधिको लागि देहायका उद्देश्यहरू प्राप्त गर्न कबुलियती वनको रुपमा प्रदान गर्न सक्नेछः-

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा अभिवृद्धि गरी विक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) जडीबुटी खेती वा कृषि वन बाली वा वागवानी वा पशु फर्म सञ्चालन गर्न,

(घ) कीटपतङ्ग तथा वन्यजन्तु फर्म सञ्चालन गर्न,

(ङ) हिल स्टेशन, साहसिक पर्यटन, केबलकार, रिसोर्ट, प्राकृतिक संग्राहलय लगायतका पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्राप्त गर्नेले तोकिए बमोजिमको रकम प्रदेश सरकारलाई तिर्नु पर्नेछ।

(३) कबुलियती वनमा उत्पादन गरेको वन पैदावारको सङ्कलन र विक्री वितरणका लागि कुनै इजाजत लिई रहनुपर्ने छैन ।

(४) कबुलियती वन प्रदान गर्ने प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **<u>गरिबका लागि कबुलियती वन प्रदान गर्न सकिने:</u>** (१) आवधिक वन व्यवस्थापन योजनाले निर्धारण गरेको क्षेत्रमा सम्बन्धित अधिकारीले वनको संरक्षण र विकासमा वाधा नपर्ने गरी गरिबीको रेखामुनि रहेका घर परिवारको गरिबी न्यूनीकरण गर्न सामुहिक रूपमा आयआर्जनका लागि वनजन्य क्रियाकलाप सञ्चालन गर्न समूह गठन गरी बीस प्रतिशत भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिमको प्रकृया पुरा गरी कबुलियती वन प्रदान गर्न सक्नेछ।

(२) ठुला रुख बिरुवा राख्न जोखिम हुने विद्युत प्रसारण लाइन मुनिका जग्गाहरुमा उपदफा (१) बमोजिम समूह गठन गरी तुलनात्मक लाभ बढी हुने कम उचाइका नगदे घुसुवा वाली, फलफूल, जडीबुटी, घाँसबाली लगाउन सम्बन्धित अधिकारीले कबुलियती वन प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) को जग्गामा उपदफा (१) बमोजिम समूह गठन नभएमा सम्बन्धित अधिकारीले तोकिए बमोजिम व्यवसायिक कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ।

३७. **मौजुदा रहेका रुखहरुको व्यवस्थापन सम्बन्धमाः** (१) दफा ३५ बमोजिम कबुलियती वन प्रदान गर्दाका वखत उक्त क्षेत्रमा मौजुदा रहेका रुखहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ र नहटाई नहुने रुखहरुको व्यवस्थापन सम्बन्धित अधिकारीले गर्नेछ ।

(२) दफा ३६ बमोजिम उपलब्ध गराइएको क्षेत्रमा मौजुदा रहेका नहटाई नहुने रुखहरु व्यवस्थापन सम्बन्धित अधिकारीले सम्बन्धित समूहलाई प्रयोग गर्ने गरी दिन सक्नेछ।

३८. **कबुलियती वन फिर्ता लिन सक्नेः** (१) दफा ३५ बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौता विपरित कुनै काम गरे गराएको पाइएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो वन फिर्ताको लागि निर्देशनालयमा लेखि पठाउनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा निर्देशकले २१ दिन भित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ।

तर, त्यसरी फिर्ता लिने निर्णय गर्दा सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको २१ दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको पुनरावेदन उपर मन्त्रालयले १५ दिन भित्र निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(५) दफा ३६ बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौता विपरित कुनै काम गरे गराएको पाइएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने सम्बन्धित पक्षले २१ दिन भित्र निर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ र निर्देशकको निर्णय अन्तिम हुनेछ।

(७) कबुलियती वन फिर्ता लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद ८

धार्मिक वन सम्बन्धी व्यवस्था

३९. **धार्मिक वनः** (१) परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनको रुपमा संरक्षण गर्नेछ।

तर, यस उपदफा बमोजिम धार्मिक वन संरक्षण गर्ने जिम्मेवारी पाएको कारणले मात्र त्यस्तो वनको हक हस्तान्तरण भएको मानिने छैन र त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा जग्गाको स्वामित्व हस्तान्तरण हुनेछैन।

(२) उपदफा (१) बमोजिम धार्मिक वन संरक्षण गर्ने जिम्मेवारी दिँदा लिँदा अन्य उपभोक्ताको परम्परागत हक हीतमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको धार्मिक वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई दिन पाइने छैन।

(४) धार्मिक वनको संरक्षण गर्दा संरक्षणको जिम्मेवारी पाएको परम्परागत धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनमा सञ्चालन गरिने संरक्षण सम्बन्धी क्रियाकलापको विवरण खुलेको कार्ययोजना सम्बन्धित वन कार्यालयमा पेश गर्नुपर्नेछ र त्यस्तो कार्ययोजना सम्बन्धित अधिकारीले स्वीकृत गर्न सक्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका धरोहर तथा सम्पदाहरूको मर्मत, सम्भार र जिर्णोदार गर्न र धार्मिक वनको संरक्षणको लागि आवश्यक पर्ने बाहेक कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्न पाइने छैन ।

(६) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

४०. **<u>धार्मिक वन फिर्ता लिन सकिने:</u>** (१) दफा ३९ बमोजिमको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले कार्ययोजना विपरीतको कार्य गरेमा वा स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन

अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्त पालना नगरेमा सम्बन्धित अधिकारीले त्यस्तो धार्मिक वन फिर्ता लिन सक्नेछ ।

तर, धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले एक्काइस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजूरीमा निर्देशकले पन्ध्र दिनभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(४) यस दफा बमोजिम फिर्ता भएको धार्मिक वनको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ९

बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४१. **बेवारिसी काठ व्यवस्थापन:** (१) बेवारिसी तथा दरिया बुर्दी काठको स्वामित्व प्रदेश सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिमका काठ सम्बन्धित अधिकारीले सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नदी वा खोला किनारमा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले बर्षादको बखत नदी किनारबाट सङ्कलन गरेको उपदफा (१) बमोजिमको बेवारिसे काठ दफा ४२ बमोजिम कसैको हकदावी पुग्ने नदेखिएमा

त्यस्तो संकलित काठको तोकिए बमोजिमको परिमाण वा सङ्कलन खर्च सम्बन्धित सङ्कलनकर्तालाई उपलब्ध गराइने छ ।

(४) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **हकदावी उपर कारबाही:** (१) दफा ४१ बमोजिमको बेबारिसी वा दरिया बुर्दी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित कसैले डिभिजन वन कार्यालय समक्ष माग गरेमा र सो सम्बन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ सम्बन्धित अधिकारीले निजलाई हस्तान्तरण गरी सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

(२) बेबारिसी वा दरियाबुर्दी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनको लागि "**दरिया वुर्दी**" भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनुपर्छ ।

परिच्छेद १०

विकास आयोजना र खनिज पदार्थ सम्बन्धी व्यवस्था

४३. **वन क्षेत्र प्रयोग सम्बन्धी व्यवस्थाः** (१) कसैले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त भएमा मन्त्रालयले त्यस्तो वन क्षेत्रमा रहेका रुखहरु हटाउन अनुमति दिन सक्नेछ र

त्यस्तो वन क्षेत्रमा रहेको वन पैदावारको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(३) विकास आयोजना सञ्चालनमा वन क्षेत्रको सिफारिस, प्रयोग गर्ने र वन क्षेत्रमा रहेका रुखहरु हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **खनिज पदार्थको अध्ययन, अन्वेषण र उत्खनन् कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेः** (१) राष्ट्रिय वनभित्र खनिज पदार्थको अध्ययन, अन्वेषण र उत्खनन् गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(२) राष्ट्रिय वन क्षेत्र भित्र खानी वा खनिज पदार्थको प्रचलिन कानून बमोजिम उत्खनन् वा व्यवस्थापनको अनुमति प्राप्त व्यक्ति वा निकायले यस परिच्छेद बमोजिम जग्गा प्राप्ति गर्नुपर्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रभित्रको खनिज पदार्थको अध्ययन अन्वेषणको अनुमति र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद ११

चराचुरुङ्गी तथा वन्यजन्तु संरक्षण र व्यवस्थापन सम्बन्धी व्यवस्था

४५. **बर्ड स्याङ्चुरी वा जैविकमार्ग तोक्न सक्नेः** (१) प्रदेश सरकारले रैथाने तथा आगन्तुक पञ्छी र संकटापन्न वन्यजन्तुको वासस्थान संरक्षण तथा वन्यजन्तुको आवत जावत गर्ने प्रदेश भित्रको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी बर्ड स्याङ्चुरी वा जैविकमार्ग घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा पर्यापर्यटनका क्रियाकलापहरू सञ्चालन गर्न मन्त्रालयले अनुमति दिन सक्नेछ।

(३) बर्ड स्याङ्चुरी वा जैविक मार्ग व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **समस्याग्रस्त वन्यजन्तु व्यवस्थापनः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास क्षेत्रमा खास समयका लागि कुनै वन्यजन्तुलाई समस्याग्रस्त वन्यजन्तु घोषणा गर्नसक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका वन्यजन्तुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारी र तोकिएको क्षेत्रमा विना अनुमति लखेट्न, धपाउन, पक्रन वा अन्य व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा कुनै वन्यजन्तुको मृत्यु भएमा प्रचलित कानून बमोजिम कुनै कसुर गरेको मानिने छैन ।

(३) उपदफा(१) बमोजिम पक्रिएको वा मरेको कुनै वन्यजन्तु सम्बन्धित नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) कुनै क्षेत्र विशेषमा सम्बन्धित अधिकारीले बँदेलको सख्या बहन क्षमता भन्दा बढी भएको सिफारिस गरेमा तोकिएको प्रक्रिया पुरा गरी मन्त्रालयले सो क्षेत्रमा बँदेलको शिकार गर्न अनुमति दिन सक्नेछ ।

(५) समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि समस्याग्रस्त वन्यजन्तु भन्नाले नियमित वा बारम्बार रूपमा कुनै वन्यजन्तुले मानिस वा घरपालुवा जनावरलाई आक्रमण गरी सुरक्षामा खतरा वा बालीनालीमा क्षति पुर्याउने वन्यजन्तु सम्झनुपर्छ ।

४७. <u>चिडियाखाना वा प्राणी उद्यान स्थापना सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकार आफै वा कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण, शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धानका लागि तथा उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि तोकिए बमोजिम अनुमति लिई चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा विशेष आरक्षण गरिने वन्यजन्तु राख्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा प्राप्त वन्यजन्तुको संरक्षण हुन सक्ने वासस्थान, आहार र उपचारको सुनिश्चितता भएको हुनुपर्नेछ ।

(४) यस दफा बमोजिम अनुमति नलिई चिडियाखानाको रुपमा सञ्चालन गरेका चिडियाखाना वा प्राणी उद्यानले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अनुमति नलिई वा मापदण्ड पुरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(७) यस दफा बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापनाको अनुमति मन्त्रालयले दिनेछ ।

४८. <u>वन्यजन्तु अस्पताल, उद्धार केन्द्र र पालन सम्बन्धी व्यवस्थाः</u> (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र

उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कुनै व्यक्ति वा निकायले संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु पालन गर्न चाहेमा मन्त्रालयको स्वीकृति लिई पालन गर्न सक्नेछ ।

(४) वन्यजन्तु पालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१२

कसुर र सजाय

४९. **कसुरः** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था गरेकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ ।

(क) दफा ६ को उपदफा (१) विपरीत राष्ट्रिय वनभित्रको जग्गा दर्ता गरेमा वा गराएमा।

(ख) दफा ७ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा

(ग) राष्ट्रिय वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(घ) राष्ट्रिय वनमा आगो लगाउने वा आगलागि हुन जाने कुनै कार्य गरेमा,

(ङ) निषेध गरिएको वनक्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा,

(च) राष्ट्रिय वनक्षेत्रबाट वन पैदावार हटाउने, विना इजाजत वन पैदावार ओसारपसार गर्ने वा सङ्कलन गरी राख्ने वा विक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(छ) राष्ट्रिय वनक्षेत्रको रुख वा बिरुवा काट्ने, हाँगा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(ज) ईजाजत प्राप्त गरी राष्ट्रिय वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(झ) वनक्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चून पोल्ने वा यी बस्तुहरुबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने काम गरेमा,

(ञ) वन पैदावारको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ट) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा,

(ठ) वन सीमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(ड) टाँचा वा सीमाना किर्ते गर्ने वा काठ वा खडा रुखमा लगाईएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(ढ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने उखेल्ने, अरु कुनै प्रकारले नोक्सान गरेमा वा प्राकृतिक रूपमा उम्रेका विरूवा मासेमा,

(ण) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका बार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(त) इजाजत विना वन्यजन्तुको शिकार गर्ने, वन्यजन्तुको शिकारका लागि हतियार वा अन्य सामग्री लिई वन क्षेत्रमा प्रवेश गर्ने, वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा विक्री वितरण गर्ने काम गर्ने,

(थ) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राखेमा,

(द) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने वा समूहको विधान तथा कार्ययोजना विपरित कुनै कार्य गरेमा,

(ध) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा।

५०. <u>सजायः</u> (१) दफा ४९ को खण्ड (क) अन्तर्गतको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्ष सम्म कैद वा पचास हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२) दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई एक महिना सम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) दफा ४९ को खण्ड (ग) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ ।

(४) दफा ४९ को खण्ड (घ) अन्तर्गतको कसुर गर्नेलाइ क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) दफा ४९ को खण्ड (ङ) अन्तर्गतको कसुर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिवाना हुनेछः-

(क) भेडा, बाख्रा जातको भए पचास रुपैयाँ देखि पाँच सय रुपैयाँसम्म,

(ख) हात्ती भए एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म,

(ग) अन्य चौपाया भए एक सय रुपैयाँ देखि एक हजार रुपैयाँसम्म ।

(६) दफा ४९ को खण्ड (च), (छ), (ज), (झ) वा (ञ) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः-

(क) एक हजार रुपैयाँसम्मको बिगो भए एक हजार रुपैयाँसम्म जरिवाना,

(ख) एक हजार रुपैयाँदेखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा एक महिनासम्म कैद वा दुवै,

(ग) पाँच हजार रुपैयेँखि पचास हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै,

(घ) पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै,

(ङ) एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै,

(च) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि बिगोको दोब्बर जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै ।

(७) दफा ४९ को खण्ड (ट) अन्तर्गतको कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी बिगोको दोब्बर जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(८) दफा ४९ को खण्ड (ठ) वा (ड) अन्तर्गतको कसुर गर्नेलाई बीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(९) दफा ४९ को खण्ड (ढ) अन्तर्गतको कसुर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र सोही कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटक बीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(१०) दफा ४९ को खण्ड (ण) अन्तर्गतको कसुर गर्नेलाई बिगो असुल गरी दस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(११) दफा ४९ को खण्ड (त) अन्तर्गतको कसुर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

(१२) दफा ४९ को खण्ड (थ) अन्तर्गतको कसुर गर्नेलाई त्यस्तो कसुरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(१३) दफा ४९ को खण्ड (द) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(१४) दफा ४९ को खण्ड (ध) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

५१. <u>हैरानी गर्ने नियतले कब्जा वा पक्राउ गर्नेलाई सजायः</u> मनासिब माफिकको कारण नभई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले रिसइविले वा हैरानी गर्ने नियतले मालबस्तु कब्जा गरेमा

वा कसैलाई पक्राउ गरेमा त्यस्ता कर्मचारीलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

५२. **कर्तव्य पालन गर्दा बाधा अड्चन पुऱ्याउनेलाई सजायः** यस ऐन बमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालना गर्दा कसैले बाधा अड्चन पुऱ्याएमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

५३. **कसुरदारलाई भाग्न सहयोग गर्नेलाई सजायः** यस ऐन अन्तर्गतको कसुर गर्ने व्यक्तिलाई भाग्न सहयोग गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सरहको सजाय हुनेछ ।

५४. **दुरुत्साहन दिने वा मिलेमतो गर्नेलाई सजायः** यस ऐन अन्तर्गतको कसुर गर्न दुरुत्साहन दिने वा मिलेमतो गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

५५. **कसुरको उद्योग गर्नेलाई सजायः** यस ऐन बमोजिम वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको संरक्षित वन्यजन्तु सम्बन्धी कसुरको उद्योग भएमा कसुरदारलाई भए सरह र अन्य कसुरको उद्योग भएमा कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

परिच्छेद १३

कसुरको जाँचबुझ र कार्यविधि

५६. **कसुर रोक्न आवश्यक कारबाही गर्नेः** कसैले यो ऐन बमोजिम हुने कसुर गर्न लागेको छ भन्ने शङ्का लागेमा वा कसुर गर्दैका अवस्थामा फेला पारेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो कसुर हुन नपाउने प्रबन्ध गर्नु पर्नेछ र सो कामका लागि आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

५७. **विशेष अधिकार:** (१) यस ऐन अन्तर्गतको वन तथा वन्यजन्तु सम्बन्धी कसुरमा संलग्न कसुरदारलाई वनक्षेत्रभित्र वा बाहिर पक्राउ गर्न लाग्दा पक्राउ गर्न नदिने वा पक्राउ परिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जल गरी कसुरदारलाई भगाई लैजाने अवस्था परेमा वा पक्राउ गर्ने व्यक्तिकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था उत्पन्न भएमा सम्बन्धित अधिकारीको आदेशले वन सुरक्षाको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले घुँडा मुनी लाग्ने गरी गोली चलाउन सक्नेछ ।

(२) राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि सम्बन्धित अधिकारी वा निजले तोकेको वन सम्बन्धी कर्मचारीले सो आवादी हटाउन वा घर छाप्रो भत्काउन सक्नेछ र त्यस्तो क्षेत्रमा लगाएको बाली समेत जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले हुने अरु सजायमा सो उपदफामा लेखिएको कुराले कुनै असर पार्ने छैन ।

५८. **पक्राउ गर्ने अधिकार:** (१) यस ऐन बमोजिमको कुनै कसुरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा अनुसन्धान अधिकृतले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई अनुसन्धान अधिकृत, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले पक्राउ गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकृत, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

तर, यसरी पक्राउ गरिनु पर्ने व्यक्ति महिला भएमा सम्भव भएसम्म वन सम्बन्धी महिला कर्मचारी वा महिला सुरक्षाकर्मीको प्रयोग गर्नुपर्नेछ ।

(५) कुनै कसुरको सिलसिलामा पक्राउ गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखि तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम थुनामा अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

५९. <u>खानतलासी अधिकारः</u> (१) यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिब कारण भएमा कम्तीमा पाचौ तहको वन प्राविधिक कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाका कर्मचारीले प्रचलित कानून बमोजिम कुनै स्थानको खानतलासी गर्न सक्नेछ ।

स्पष्टीकरणः यो दफाको प्रयोजनको लागि "स्थान" भन्नाले स्थायी वा अस्थायी भवन वा टहरा सम्झनु पर्छ र सो शब्दले खाली जग्गा, पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारी साधनलाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्ने व्यक्तिले खानतलासी गर्दा सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्य तथा कम्तीमा दुईजना साक्षी राखी निजहरुको रोहबरमा गर्नु पर्नेछ ।

(३) मानिस बसोबास गरेको घरमा खानतलासी गर्नु परेमा सो घरमा महिला भए निजलाई घर वाहिर निस्कने सूचना र मौका दिनु पर्नेछ ।

(४) यस दफामा लेखिएका कुनै कुराले खानतलासी गर्ने कर्मचारीलाई सूर्यास्त देखि सूर्योदय नभएसम्म मानिस बसोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुने छैन।

६०. <u>वन पैदावार र तत्सम्बन्धी मालबस्तु बरामद गर्न सक्नेः</u> (१) कुनै वन पैदावार भण्डारण वा ओसार पसारका क्रममा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्ता वन पैदावार र कसुरसँग

सम्बन्धित हतियार, डुङ्गा, सवारी साधन तथा चौपायालाई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले बरामद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमकै वन पैदावार वा बस्तु बरामद गरिएमा त्यसरी बरामद गर्ने कर्मचारी वा सुरक्षाकर्मीले बरामद गरेको वन पैदावार वा बस्तुको विवरण खोली सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिनु पर्नेछ र त्यस्तो वन पैदावार वा बस्तुमा खास चिन्ह लगाई नाप जाँच गरी यथाशक्य चाँडो डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरामद गरिएका वन पैदावार र हतियार बाहेकका कसुरसँग सम्बन्धित डुङ्गा, सवारी साधन वा चौपायालाई कम्तीमा पाचौ तहको वन प्राविधिक कर्मचारी वा सो सरहका सुरक्षाकर्मीले तोकेको दिन र स्थानमा दाखिला गर्ने शर्तमा सम्बन्धित स्थानीय तहको कम्तीमा एकजना पदाधिकारी वा सदस्य वा कम्तीमा दुईजना स्थानीय व्यक्तिको उपस्थितिमा मालधनीलाई कागज गराई छाडिदिन सक्नेछ ।

६१. **<u>दसी प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिमको कसुरको सम्बन्धमा बरामद भएका वन पैदावार वा त्यस्तो कसुर हुने कार्य गर्नको लागि प्रयोग भएका औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी बरामद भएका वन पैदावार, औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेश गरेमा दसी प्रमाण पेश गरे सरह मानिनेछ ।

(३) उपदफा (२) बमोजिम दसी प्रमाण राखेको ठाउँमा मुद्दा हेर्ने अधिकारीले डोर खटाई प्रतिवेदन लिई कारवाही गर्न सक्नेछ ।

६२. **मुद्दाको अनुसन्धान र दायरीः** (१) यस ऐन बमोजिमको एक वर्ष सम्म कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकातको कार्य प्रदेश सरकारको वन सेवा जनरल फरेष्ट्री समूहको कम्तिमा पाँचौ तहको कर्मचारीले गर्नेछ ।

(२) यस ऐन बमोजिम एक वर्ष भन्दा बढी कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात कार्य प्रदेश सरकारको वन सेवा जनरल फरेष्ट्री समूहको कम्तिमा सातौं तहको कर्मचारीले गर्नेछ ।

(३) एउटै कसुरमा कुनै व्यक्तिलाई एक वर्ष सम्म र कुनै व्यक्तिलाई एक वर्षभन्दा बढी कैद सजाय हुने रहेछ भने सो मुद्दाको अनुसन्धान तथा तहकिकात उपदफा (२) बमोजिमको कर्मचारीले गर्नेछ ।

(४) यस ऐन बमोजिमको कसुरको अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नु पर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण संलग्न मिसिल मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित सरकारी वकील कार्यालयले उक्त विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दावी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा यो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयबस्तु यकिन गर्न सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदावी तथा मिसिल पुनः सरकारी वकीलको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले उपदफा (५) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(९) उपदफा (५) वा (८) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

६३. **सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ ।

६४. **बरामद गरिएका मालबस्तुको व्यवस्थापनः** (१) यो ऐन बमोजिम सजाय हुने कसुरसँग सम्बन्धित भई बरामद गरिएका र धनी पत्ता नलागेका वन पैदावार, औजार, हतियार, सवारी साधन, चौपाया लगायतका मालबस्तुको हकदार कुनै भए हकदाबी गर्न आउनु भनी अनुसन्धान अधिकृतले सबैले देख्ने ठाउँमा सात दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मालबस्तु उपर हकदाबी परेमा निर्णयको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको मालबस्तु उपर हकदावी नपरेमा वा हकदाबी नपुग्ने ठहरी फैसला भएमा त्यस्तो मालबस्तु प्रदेश सरकारको हुनेछ ।

६५. **सडी गली जाने वन पैदावार, मालबस्तु र चौपाया लिलाम गर्न सकिनेः** (१) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा बरामद गरिएका सडी गली जाने वन पैदावार, मालबस्तु वा संरक्षण प्रदान गरिन नसकिने अवस्थाको वन पैदावार, मालबस्तु वा चौपायालाई नजिकको वन कार्यालय वा सुरक्षित स्थानमा ल्याई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई लिलाम विक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम विक्रीबाट प्राप्त हुन आएको रकम त्यस्तो मुद्दा फैसला हुँदाका बखत ठहरे बमोजिम हुने गरी धरौटीमा आम्दानी बाँधिनेछ ।

६६. **पूर्पक्ष सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पक्राउ गरिएको र एक वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दाको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिन मनासिब माफिकको आधार देखिएमा त्यस्तो व्यक्तिलाई पूर्पक्षका लागि थुनामा राखी कारवाही गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अरु व्यक्तिको हकमा निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौटी वा जेथा जमानी दिए तारिखमा राखी र त्यस्तो धरौटी वा जमानी दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्नेछ ।

तर, पटके कसुर गरी छ महिना भन्दा बढी कैद हुने कसुरदारलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्दा निजलाई हुनसक्ने सजायको उपल्लो हदभन्दा बढी अवधि थुनामा राख्न पाइने छैन ।

६७. <u>मुद्दा हेर्ने अधिकारीः</u> (१) यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा सम्बन्धित अधिकारीले कारवाही र किनारा गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाईनेछ ।

(३) यस ऐन अन्तर्गत पाँच हजार रुपैयाँसम्म जरिवाना हुने कसुरमा वन सेवा जनरल फरेष्ट्री समूहको कम्तीमा पाचौं तहको कर्मचारीले घटनास्थलमै मुचुल्का खडा गरी तत्काल जरिवाना गरी छाडिदिन सक्नेछ र यसरी गरिएको सजायको लिखित जानकारी र आवश्यक कागजात सम्बन्धित सव डिभिजन वन कार्यालयले चौविस घन्टा भित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६८. <u>बरामद भएका मालबस्तु जफत हुनेः</u> (१) कसैले यो ऐन बमोजिम सजाय हुने कसुर गरेको ठहरेमा त्यस्तो कसुरसँग सम्बन्धित बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरु जफत हुनेछन् ।

(२) यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धानको सिलसिलामा बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरु मुद्दा हेर्ने अधिकारीको अनुमतिमा लिलाम विक्री गरी

प्राप्त रकम मुद्दा किनारा नलागुन्जेल सम्म धरौटी खातामा राख्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदार बाहेक अन्य व्यक्तिले जानी-जानी कसुरदारलाई सघाउ पुऱ्याउन त्यस्तो सवारी साधन प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्था अनुसन्धानबाट नदेखिएमा वा पचास हजार रुपैयाँभन्दा कम मोल पर्ने बोझवाहक जफत गरिने छैन र त्यस्तो कार्य गर्नेलाई यस ऐन बमोजिम हुने सजायमा बिगो बमोजिम वा पचास हजार रुपैयाँसम्म थप जरिवाना हुनेछ।

६९. **जफत भएका वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापनः** प्रदेश सरकारले यस ऐन बमोजिम कसुरमा जफत भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधिजन्य प्रयोगका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ ।

परिच्छेद १४

निजी तथा सार्वजनिक जग्गामा वन सम्बन्धी व्यवस्था

७०. **निजी वनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा सम्बन्धित सव डिभिजन वन कार्यालयसँगको समन्वयमा आवश्यक जाँचबुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको निजी वनको विवरण सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम अद्यावधिक गरी सम्बन्धित सव डिभिजन वन कार्यालयमा समेत पठाउनु पर्नेछ।

(३) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन ।

(४) निजी वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. <u>निजी वनको व्यवस्थापन र वन पैदावार ओसारपसारः</u> (१) दफा ७० बमोजिमको निजी वनमा निजी वन धनीले कृषि वन, पूर्ण वन वा जडीबुटी खेती गर्न सक्नेछ ।

(२) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछ ।

(३) निजी नम्बरी दर्ता जग्गा वा निजी वनबाट फलफूल, डालेघाँस र अन्य तोकिए बमोजिमको जातको रुखबाट उत्पादित काठ दाउरा कटान, सङ्कलन, ओसारपसार, विक्री, चिरान र प्रयोगमा कुनै पनि निकायबाट कटान आदेश वा चिरान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन। तर तोकिए बमोजिमको प्रक्रिया पुरा गरी लगत प्रमाणित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उत्पादित काठ दाउरा गैह्र कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको भनी उजूरी परेमा सम्बन्धित सव-डिभिजन वन कार्यालयले जाँचबुझ गर्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निजी दर्ता जग्गा वा निजी वनबाट नै काठ दाउरा उत्पादन गरेको ठहरेमा यही

विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ ।

(६) निजी वन पैदावारको व्यवसायिक प्रयोजनको लागि बिक्री गर्दा तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ । यसरी बिक्री गरेको काठ, दाउराको शुल्क तोकिए बमोजिम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम वन पैदावार बिक्रि वितरण गर्दा प्रचलित कानून बमोजिम कर, दस्तुर लाग्नेछ।

७२. **निजी वन धनीलाई सहुलियतः** (१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, संरक्षण गर्न, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, विमा लगायतका तोकिए बमोजिमको आर्थिक र प्राविधिक सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहुलितयका लागि प्रदेश सरकारले सहकारी, संघ संस्था, निजी क्षेत्र, वित्तीय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

७३. **सार्वजनिक जग्गामा रूख बिरूवाको व्यवस्थापनः** (१) प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो क्षेत्र भित्र खाली रहेको राष्ट्रिय वन बाहेकको ऐलानी, पर्ति, सार्वजनिक जग्गामा सार्वजनिक उपयोगका लागि वन वाटिका, उद्यान, हरित पार्क र सहरी वनको रूपमा विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ ।

(२) कसैले पनि सार्वजनिक सडक, नहर, कुलो, पोखरीको किनार, पार्क, चौर, चौतारो, धार्मिक स्थल, अन्त्येष्टी स्थल वा यस्तै

अन्य संवेदनशील ठाउँ वा सरकारी निकायको परिसरमा लगाएका रुख विरूवाहरु काट्न मास्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको रूख विरूवाको सम्बर्द्धन गर्न वा रूख विरूवा ढली मानवीय वा अन्य भौतिक क्षती हुनबाट बचाउन वा अन्य कुनै विपदका कारण ढलेको, सुकेको रुखको काठ दाउराको व्यवस्थापन तथा विक्रि वितरणको व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम रूख विरूवाको विकास र उपयोग सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

(५) राष्ट्रिय लोकमार्ग, प्रादेशिक सडक र एक भन्दा वढी स्थानीय तह जोड्ने सडकको स्तरवृद्धि गर्नेक्रममा सडक किनारामा रहेका रूखहरू हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद १५

वन पैदावारको सदुपयोग, ओसार पसार र आपुर्ति सम्बन्धी व्यवस्था

७४. **राष्ट्रिय वनबाट उत्पादित काठ, दाउरा लगायतका वन पैदावारको स्वामित्व र मूल्य निर्धारणः** (१) यस ऐनमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनबाट उत्पादित वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिमको वन पैदावार उपयोग गर्न, सङ्कलन तथा विक्रि वितरण गर्नको लागि राजश्व सङ्कलन तथा शुल्क, दस्तुर र दर निर्धारण गर्ने अधिकार प्रदेश सरकारमा रहने छ ।

७५. <u>वन पैदावारको सङ्कलन र विक्री वितरणः</u> (१) वन पैदावारको सङ्कलन स्वीकृत कार्ययोजना बमोजिम हुनेछ र यसको उपयोग, विक्री वितरण, निकासी, ओसारपसारको इजाजत सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रमा हावाहुरी, वाढी पहिरो, नदी कटान वा अन्य प्राकृतिक प्रकोपका कारण कार्ययोजनाले निर्धारण गरेको परिमाण भन्दा वढी रुखहरु ढल्न गएमा निर्देशनालयको सिफारिशमा मन्त्रालयले त्यस्तो ढलापडा रुखहरु तोकिए बमोजिम सङ्कलन र व्यवस्थापनका लागि स्वीकृति दिन सक्नेछ ।

(३) घरकाज, विकास निर्माण, दाह संस्कार, प्राकृतिक प्रकोप पीडितका लागि आवश्यक पर्ने काठ तथा दाउराको आपूर्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य, शुल्क, दस्तुर वा दर तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका नरम प्रजातीको काठ दाउरा सङ्कलन तथा विक्री बितरण तोकिए बमोजिम विशेष व्यवस्था हुनेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसायीले लिलाम सकारबाट प्राप्त गोलिया काठलाई कम्तिमा एक चरण प्रशोधन गरी विक्री गर्नु पर्नेछ र यसरी प्रशोधन नगरी विक्री गर्न चाहेमा तोकिए बमोजिमको रकम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि प्रशोधन भन्नाले गोलिया काठको चिरान गर्ने, फर्निचरको सामग्री निर्माण गर्ने, खयरको चिप्स उत्पादन गर्ने लगायतका कार्यलाई बुझिन्छ।

(७) वन पैदावार सङ्कलन तथा विक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७६. **वन पैदावारको निकासी पैठारी सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनको अधिनमा रही सम्बन्धित अधिकारीले काठ बाहेकका अन्य गैर काष्ठजन्य वन पैदावार विदेश निकासीको लागि सम्बन्धित भन्सारलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काष्ठ र गैर काष्ठजन्य वनपैदावार वा उत्पादित बस्तुको सम्बन्धमा मापदण्ड निर्धारण गरी विदेश निकासीको व्यवस्था प्रदेश सरकारले मिलाउन सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेशभित्र अन्य देशबाट पैठारी हुने काठको प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(४) वन पैदावारको निकासी र पैठारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७७. **वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्राकृतिक प्रकोपबाट राहत, उद्दार वा कुनै विशेष कार्यको लागि वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेछ ।

७८. **वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सकिनेः** (१) प्रदेश सरकारबाट इजाजत प्राप्त कागज तथा अन्य काष्ठजन्य उद्योगलाई आवधिक कार्ययोजनाको अधिनमा रहि तोकिए

बमोजिमको वन पैदावार कच्चा पदार्थको रूपमा उपलब्ध गराउन सकिनेछ ।

(२) प्रदेश सरकारबाट इजाजत प्राप्त उद्योगलाई सम्बन्धित अधिकारीले आवधिक कार्ययोजनाको अधिनमा रहि गैर काष्ठजन्य वन पैदावार तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

७९. **जोखिम हुने रुखहरु हटाउने सम्बन्धी व्यवस्थाः**(१) वन व्यवस्थापन गरिने क्षेत्र भन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, रुख नहटाएमा अन्य भौतिक संरचना वा जनधन वा मानव बस्ती तथा आवागमनमा मानवीय हिसाबले जोखिममा रहेको पाइएमा सम्बन्धित अधिकारीले त्यस्ता रूखहरू हटाउन सक्नेछ ।

(२) जोखिमयुक्त रुख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८०. **पुरानो घर गोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसार पसार सम्बन्धी व्यवस्थाः** कसैले निजी स्वामित्वको जग्गामा रहेको पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री अन्यत्र लैजान चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा स्थानान्तरण गर्न सकिनेछ ।

स्पष्टिकरणः-यस दफाको प्रयोजनको लागि पुरानो घरगोठमा प्रयोग भएको काठ भन्नाले कम्तिमा दस वर्ष पुरानो घरमा प्रयोग भएको काठलाई सम्झनुपर्छ ।

८१. **काठजन्य बस्तुहरूको मापदण्ड निर्धारण गर्नेः** प्रदेश सरकारले प्रदेश भित्रका सरकारी कार्यालयमा उपयोग हुने फर्निचर लगायतका काठजन्य बस्तुहरूको प्रयोग सम्बन्धी मापदण्ड निर्धारण गरी लागु गर्न सक्नेछ ।

८२. **जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विक्री वितरणः** (१) स्वीकृत आवधिक योजनाको अधिनमा रही डिभिजन वन कार्यालयले तोकिएको जडीबुटी प्रजातिहरुको सङ्कलन तथा विक्री वितरणको इजाजत दिन सक्नेछ ।

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन, विक्री वितरणको इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८३. **प्रतिवन्ध लगाउन वा फुकुवा गर्न सक्नेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले कुनै पनि प्रजातिको कटान, सङ्कलन, विक्री वितरण, ओसारपसार वा उपभोगमा प्रतिबन्ध लगाउन वा प्रतिबन्ध फुकुवा गर्न सक्नेछ ।

८४. **वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्नेः** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले सम्बन्धित डिभिजन वन कार्यालयमा उत्पादन गर्ने बस्तु र सेवाको बारेमा वार्षिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीका आधारमा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी वन पैदावारमा आधारित उद्योगहरुको आर्थिक योगदान देखिने अभिलेख राखी सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

परिच्छेद १६

वनस्पति तथा वनस्पति स्रोतको संरक्षण सम्बन्धी व्यवस्था

८५. **जडीबुटी अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिनेः** (१) प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न जडीबुटीजन्य वनस्पतिको अध्ययन, अनुसन्धान, प्रदर्शनी वा व्यवसायिक

खेती प्रवर्द्धनका लागि प्रयोगशाला सहितको जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने जडीबुटी अनुसन्धान केन्द्र सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(३) वनस्पति प्रजातीको संरक्षण शिक्षा, मनोरञ्जन, पर्यापर्यटन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान गर्ने प्रयोजनका लागि मन्त्रालयले वनस्पति उद्यान स्थापनाको अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्थापित वनस्पति उद्यानले वनस्पति प्रजातिको आनुवंशिक स्रोतको संरक्षणका लागि सिड बैंकको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थापना हुने वनस्पति उद्यानको मापदण्ड निर्धारण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम स्थापना हुने बनस्पति उद्यानको सञ्चालन र व्यवस्थापन प्रदेश सरकार, स्थानीय तह, सङ्गठित संघ सस्था वा निजी क्षेत्रबाट एकल वा सार्वजनिक निजी साझेदारीबाट गर्न सकिनेछ ।

८६. **हर्वेरियम सम्बन्धी व्यवस्थाः** (१) प्रदेश भित्र पाइने विभिन्न प्रजातिका वनस्पति तथा वनस्पति स्रोतको आधिकारिक अभिलेख सहितको नमूना सङ्ग्रहका लागि हर्वेरियम केन्द्र स्थापना गर्न प्रदेश सरकारले अनुमति दिनेछ।

(२) हर्वेरियम केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. **प्रयोगशाला सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले वनस्पति तथा वनस्पति स्रोतको पहिचान, जैविक तथा रासायनिक परीक्षण, स्तरीकरण,

गुणस्तर निर्धारण तथा प्रविधि विकासका लागि आवश्यकता अनुसार प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाबाट कुनै व्यक्ति वा संस्थाले वनस्पति तथा वनस्पति स्रोतको पहिचान, गुणस्तर निर्धारण, रासायनिक विश्लेषण वा प्रमाणीकरण गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर बुझाई त्यस्तो सेवा लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सिफारिसमा तोकिएको कार्यालयले कुनै पनि वनस्पति तथा वनस्पति स्रोत प्रयोग गरी उत्पादित बस्तुहरुमा तोकिए बमोजिमको गुणस्तर भए नभएको वा मिसावट, हानिकारक तत्व र हानिकारक जीव भए नभएको यकिन गरी प्रमाणित गर्न सक्नेछ ।

(४) मन्त्रालयको स्वीकृतिमा कुनै संघ सस्था वा निजी क्षेत्रले समेत उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना र सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद १७

विविध

८८. **वन क्षेत्रभित्रको खोला खोल्सी व्यवस्थापनः**(१) राष्ट्रिय वन क्षेत्रबाट नदीजन्य पदार्थले वन क्षेत्र, वातावरण, बस्ती, खेतीपातीमा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भई वनक्षेत्र भित्र रहेका खोला खोल्सी खहरेको व्यवस्थापन गर्नुपर्ने भएमा यस खालको व्यवस्थापनबाट उत्पादन हुने नदीजन्य पदार्थको सङ्कलन व्यवस्थापन र विक्री वितरण डिभिजन वन कार्यालयबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वनक्षेत्र भित्र रहेका खोला खोल्सी खहरेको व्यवस्थापनका लागि तयार पारिएको वातावरणीय

अध्ययन प्रतिवेदन निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा औँल्याएका सुझाव कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित डिभिजन वन कार्यालयको हुनेछ ।

(३) उपदफा (१) बमोजिम व्यवस्थापन गर्दा सङ्कलित नदीजन्य पदार्थको विक्री वितरणको लागि लिइने शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यस्तो आय डिभिजन वन कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) वन क्षेत्र भित्रको खोला खोल्सी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९. **वृक्षारोपण सम्बन्धी व्यवस्था:**(१) आवधिक योजनाको अधिनमा रही डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्रको शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानलाई प्राथमिकता दिइ वृक्षारोपण गर्न सकिने सार्वजनिक खाली पर्ति जग्गा, नदी उकास र राष्ट्रिय वनक्षेत्र भित्र रहेका अन्य अनुत्पादित बुट्यान क्षेत्रहरुको आँकलन गरी बिरुवा उत्पादनको योजना सहित बृक्षारोपण योजना तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गर्ने कार्यक्रममा प्रदेश सरकारले लगानी, पूँजी, सीप र प्रविधिका क्षेत्रमा सहकार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको बृक्षारोपणको लागि स्थानीय वा रैथाने प्रजातिलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) वन क्षेत्र भित्र बाह्य प्रजातिको वृक्षारोपण गर्नु पर्दा वृक्षारोपण सम्बन्धी अनुसन्धानलाई आधार लिई गर्नु पर्नेछ ।

(५) वृक्षारोपणको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९०. **बीउ उत्पादन क्षेत्र व्यस्थापनः**(१) मन्त्रालयले राष्ट्रिय वनमा पाइने बृक्षारोपणका लागि उपयोगी प्रजाति भएको वन मध्ये औसत भन्दा उच्च गुणस्तर भएका वन क्षेत्र पहिचान गरी बीउ उत्पादन क्षेत्र तोक्न सक्नेछ ।

(२) मन्त्रालयले कुनै उपयोगी प्रजातिको प्राकृतिक बासस्थानमा उच्च गुणस्तरीय माउ रुखको संख्या न्यून, लोपोन्मुख वा संकटापन्न अवस्थामा रहेमा तोकिए बमोजिमको अन्य स्थानमा बीउ उत्पादन वन विकास गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका बीउ उत्पादन क्षेत्र वा बीउ उत्पादन वनको गुणस्तर वृद्धिका लागि स्याहार संभार, सम्वर्द्धन, बीउ सङ्कलन र वितरण गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रदेशभित्र पहिचान भएका वन बीउ उत्पादन क्षेत्र वा बीउ उत्पादन वन यसै ऐन अन्तर्गत भए सरह अभिलेख राखी अद्यावधिक गरिनेछ ।

९१. **वन डढेलो रोकथाम र नियन्त्रणः** (१) प्रदेशमा वन डढेलो रोकथाम तथा नियन्त्रण गर्न मन्त्रालयले रणनीतिक योजना तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजनामा सुख्खाग्रस्त क्षेत्रमा पानी पोखरीहरुको मर्मत, संभार र बर्षातको पानी सङ्कलन गरी वा अन्य स्रोतको पानी उपयोग गरी नयाँ पोखरी निर्माण गर्ने जस्ता कार्य समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको योजनाको अनुगमन मूल्याङ्कन गरी आवश्यक भए परिमार्जन र अद्यावधिक गरी लागु गर्नु पर्नेछ ।

(४) डिभिजन वन कार्यालयले उपदफा (२) र (३) बमोजिम पहिचान गरिएका वन डढेलोको अति जोखिम क्षेत्रहरुको नक्साङ्कन एवं चारकिल्ला तोकी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा वन डढेलो रोकथामका लागि पूर्व सावधानी अपनाउनु पर्ने बिषय र सो क्षेत्रमा निषेध गरिएका कार्यहरु उल्लेख गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचना पालना गर्नु सबैको कर्तव्य हुनेछ । कसैले निषेध गरेका कार्यहरु गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(६) वन डढेलो नियन्त्रणको सिलसिलामा खटिएका सुरक्षाकर्मी, कर्मचारी, वा उपभोक्तालाई क्षति पुग्न गएमा क्षतिको मूल्याङ्कन गरी तोकिए बमोजिमको राहत उपलब्ध गराइनेछ ।

(७) वन डढेलो रोकथाम, नियन्त्रण तथा पुर्नस्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि हरेक सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, चकला वन, संरक्षित वनको कार्ययोजनामा वन डढेलो नियन्त्रण सम्बन्धी योजना समावेश गर्नुपर्नेछ र त्यस्तो योजनामा वन डढेलो नियन्त्रणका लागि अनिवार्य रूपमा अग्नी रेखा निर्माण, मर्मत सम्भार, संरक्षण पोखरी निर्माण, ज्वलनशिल पदार्थको व्यवस्थापन, नियमित गस्ती तथा सचेतना सम्बन्धी क्रियाकलापहरू समावेश गरी सम्बन्धित समूह, व्यवस्थापक वा परिषद्ले कार्यान्वयन गर्नुपर्नेछ ।

(९) उपदफा (८) बमोजिमको डढेलो नियन्त्रण योजना कार्यान्वयनका लागि लाग्ने खर्च सम्बन्धित समूह, व्यवस्थापक वा परिषद्ले व्यहोर्नु पर्नेछ ।

९२. <u>राष्ट्रिय वन क्षेत्रभित्र विज्ञापन सम्बन्धी प्रचारप्रसार सामग्रीको प्रयोग गर्न नपाइनेः</u> (१) वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले विज्ञापन सम्बन्धी होर्डिङ बोर्ड, व्यानर वा अन्य प्रचार सामग्री राख्न पाइने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुअघि वन क्षेत्रमा राखिएका उपदफा (१) बमोजिमका प्रचार सामग्री यो ऐन प्रारम्भ भएको मितिले पैंतिस दिन भित्र हटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रचार सामग्री नहटाएमा सम्बन्धित अधिकारीले हटाउन सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत प्राप्त गरी तोकिए बमोजिमका वन सम्बन्धी जनचेतनामुलक प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्न यसले बाधा पुऱ्याएको मानिने छैन ।

९३. <u>वनक्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्थाः</u> राष्ट्रिय वन क्षेत्रभित्र सञ्चालनमा रहेको राजमार्ग र अन्य सडकहरुमा सडक दुर्घटनामा परी वन्यजन्तुको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सीमित गर्ने गरी सम्बन्धित निकाय मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ ।

९४. <u>वनक्षेत्र भित्र फोहोर फाल्न प्रतिबन्धः</u> राष्ट्रिय वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिक वा प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न पाइने छैन ।

९५. <u>रोग किराको नियन्त्रण तथा व्यवस्थापनः</u> (१) कुनै वन वा वनका रुखमा लागेको रोग किराको नियन्त्रण गर्न त्यस्तो वनमा तोकिए बमोजिमका वन सम्बर्द्धन प्रणाली अपनाई सम्बन्धित अधिकारीले व्यवस्थापन गर्नु पर्नेछ ।

(२) वनमा रोग किरा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९६. **वन उद्यम वा पर्यापर्यटन कार्यक्रम सञ्चालनः** (१) संरक्षित, सामुदायिक, कबुलियती र साझेदारी वनमा आवधिक वन व्यवस्थापन योजनाले निर्दिष्ट गरेका वन उद्यम वा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गर्दा वनको भू-उपयोग तथा भू बनोटमा परिवर्तन नहुने गरी गर्नुपर्नेछ ।

(३) सामुदायिक वन क्षेत्र भित्र बढीमा पाँच हेक्टर वा पाँच प्रतिशत मध्ये जुन कम हुन्छ सो हुनेगरी पर्यापर्यटनको लागि सम्बन्धित डिभिजन बन कार्यालयले बन कार्य योजनामा उल्लेख पूर्वाधार निर्माण गर्न वा अनुमति दिन सक्नेछ।

(४) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रमसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९७. **वन विकास कोष सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय वनको संरक्षण र संवर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले एक कोष स्थापना गर्न सक्नेछ ।

(२) यस कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) वन क्षेत्र प्रयोग भए बापत प्राप्त हुने क्षतिपूर्ति वृक्षारोपण बापतको रकम,

(ख) सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहले वन संरक्षणमा खर्च गर्नुपर्ने भनी तोकिएको रकम मध्ये खर्च नभई बाँकी रहेको रकम,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९८. **अभिलेख व्यवस्थित गर्नुपर्ने:** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने राष्ट्रिय वन र वन व्यवस्थापनसँग सम्बन्धित विषयको अभिलेखीकरण तोकिए बमोजिम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थित गरिएको अभिलेखको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

९९. **कृषि वन प्रणाली अवलम्बन गर्न सकिने:** वन क्षेत्रको जग्गाको भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिने छ ।

१००. **प्राविधिक सहयोग उपलब्ध गराउन सक्ने:** कुनै उपभोक्ता समूह, कबुलियती वनको व्यवस्थापक, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित अधिकारीले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१०१. **राहत सम्बन्धी व्यवस्था:** (१) वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ ।

(२) प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ ।

१०२. **वातावरणीय सेवाको व्यवस्थापनः** वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग, तथा लाभांश वितरण सम्बन्धी ब्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१०३. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्थाः** नेपाल सरकारले वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन तथा व्यवस्थापन प्रदेश सरकारले तोकिए बमोजिम गर्नेछ ।

१०४. **वन कामदारको सुरक्षाः** (१) यस ऐन बमोजिम वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने दक्ष वा अदक्ष कामदारहरुको न्यूनतम सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

(२) वनमा काम गर्ने कामदारको सुरक्षा सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको सुरक्षा मापदण्डको पालना भए नभएको अनुगमन गर्नेछ ।

(४) कार्यस्थलमा कामदारको कुनै किसिमको क्षति हुन गएमा वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले प्रचलित कानून बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(५) वन कामदार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०५. **ड्रेस कोड सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीको पहिचान र विशिष्टताका लागि ड्रेस कोड लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लागु गर्ने ड्रेस कोड मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

१०६. **सुराकीलाई पुरस्कार दिनेः** (१) यस ऐन बमोजिम कसूर हुन लागेको वा भइरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिवानाको दश प्रतिशत वा पाँच लाख मध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार स्वरुप दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०७. **लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहको लेखा परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०८. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग गरी असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

१०९. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा निर्देशनालयले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) सम्बन्धित अधिकारीले जिल्ला भित्र विभिन्न वन व्यवस्थापन पद्दति अपनाई व्यवस्थापन भएका वनको प्रत्येक महिना अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११०. **अधिकार प्रत्यायोजनः** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१११. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

११२. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको प्रतिकुल नहुने गरि मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि, निर्देशिका तथा मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

११३. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०७८/०८/०१ गते ।

आज्ञाले,
राजेन्द्र थापा
कानून सचिव
प्रदेश सरकार



प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, असार २४ गते, २०७७ साल (अतिरिक्ताङ्क ५

भाग १

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. ५

वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः वातावरण र विकास बीच सन्तुलन कायम गर्दै विकासको क्रममा प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल प्रभाव र जोखिम कम गर्न तथा वातावरणीय प्रदुषणबाट पीडितलाई क्षतिपुर्ति समेत उपलब्ध गराउन र जलवायु परिवर्तनका सम्भावित चुनौतिको व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको सुनिश्चितताको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद - १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "**अनुकूलन**" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "**उत्सर्जन**" भन्नाले कुनै स्रोतबाट कुनै निश्चित समयमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "**कार्यसूची**" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि गर्नु पर्ने कार्यहरुको विवरण सम्झनु पर्छ।

(घ) "**जलवायु परिवर्तन**" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक वा मानवीय क्रियाकलापका कारणले वायुमण्डलीय बनावटमा हुने फेरबदलबाट पृथ्वीको जलवायुमा हुने परिवर्तन सम्झनु पर्छ।

(ङ) "**जैविक विविधता**" भन्नाले प्राणी र वनस्पतिको विविधता सम्झनु पर्छ र सो शब्दले पारिस्थितिकीय, प्रजातीय तथा आनुवाशिंक विविधतालाई समेत जनाउँछ ।

(च) "**जोखिमपूर्ण पदार्थ**" भन्नाले जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी वासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ ।

(छ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "**न्यूनीकरण**" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(झ) "**परिषद्**" भन्नाले दफा २२ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ञ) "**पूरक प्रारम्भिक वातावरणीय परीक्षण**" भन्नाले एक पटक स्वीकृत भइसकेको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न वा आयोजनाको क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(ट) "**पूरक वातावरणीय प्रभाव मूल्याङ्कन**" भन्नाले एकपटक स्वीकृत भईसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको

क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(ठ) "**प्रदूषण**" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ड) "**प्रस्ताव**" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ढ) "**प्रस्तावक**" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने वा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध-सरकारी वा गैर-सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ण) "**प्रारम्भिक वातावरणीय परीक्षण**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(त) "**फोहरमैला**" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ।

(थ) "**मन्त्रालय**" भन्नाले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(द) "**वातावरण**" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ध) "**वातावरणीय अध्ययन प्रतिवेदन**" भन्नाले संक्षिप्त वातारणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(न) "**वातावरणीय पार्श्वचित्र**" भन्नाले कुनै निश्चित क्षेत्रको वातावरणीय पक्षहरूको विश्लेषण तथा नक्सांकनको आधारमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(प) "**वातावरणीय प्रभाव मूल्याङ्कन**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(फ) "**वातावरणीय सम्परीक्षण**" भन्नाले प्रस्ताव कार्यान्वयन भएको निश्चित अवधि पछि वा प्रस्ताव कार्यान्वयनको अवधि समाप्त भए पछि वातावरणीय अध्ययन प्रतिवेदनमा प्रक्षेपित प्रभाव र वास्तविक प्रभावहरुको लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ब) "**व्यवस्थापन**" भन्नाले जलवायु परिवर्तनका कारक तत्वको न्यूनीकरण तथा यसको नकारात्मक प्रभावको न्यूनीकरण, सकारात्मक प्रभावको वृद्धि तथा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, विज्ञ व्यवस्था, क्षमता अभवृद्धि लगायतका समष्टिगत कार्य समेतलाई जनाउँछ ।

(भ) "**संक्षिप्त वातावरणीय अध्ययन**" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा

न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(म) "**स्थानीय तह**" भन्नाले नगरपालिका वा गाउँपालिकालाई सम्झनु पर्छ।

(य) "**हरीतगृह ग्याँस**" भन्नाले वायूमण्डलको तापक्रम परिवर्तन गर्न सक्ने कण र ग्याँसहरु अथवा तिनको समष्टिगत रुपलाई सम्झनु पर्छ।

(र) "**क्षेत्र निर्धारण**" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु भन्दा पहिले कुनैपनि प्रस्ताव कार्यान्वयनबाट हुने प्रभाव तथा असरहरुका क्षेत्रहरुको विवेचनात्मक दस्तावेज सम्झनु पर्छ।

परिच्छेद - २
वातावरणीय अध्ययन प्रतिवेदन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने:** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नु पूर्व तोकिए बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायका निकाय समक्ष पेश गर्नु पर्नेछ।

(क) प्रदेश प्राथमिकता प्राप्त विकास आयोजना, प्रदेश गौरवका आयोजना, प्रदेश लगानी बोर्डबाट स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, प्रचलित कानून बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना, एक भन्दा बढी स्थानीय तहहरुमा संचालन गर्नु पर्ने आयोजना वा प्रदेश सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष ।

(ख) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष ।

(ग) प्रचलित कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा स्थानीय तहको कानूनले तोकेको निकाय समक्ष।

(घ) प्रचलित कानून बमोजिम तोकिएका अन्य प्रस्तावहरूको हकमा सोही बमोजिम ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिका लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पर्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक नपर्ने कार्य वा आयोजना संचालन गर्दा यस दफा बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन ।

(५) प्रस्तावकले तोकिएको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(६) वातावरण अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने</u>: (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावको विकल्पहरु विश्लेषण गर्दा त्यस्ता विकल्पहरु मध्ये

प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव बमोजिमको आयोजना कार्यान्वयन गर्दा विकल्प विश्लेषणबाट प्राप्त भएको सबैभन्दा उत्तम विकल्प कार्यान्वयनको लागि छनौट गर्नु पर्नेछ।

५. **क्षेत्र निर्धारण तथा कार्यसूचीः** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व मन्त्रालयबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याकंनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **वातावरणीय व्यवस्थापन योजनाः** (१) प्रस्तावकले वातावरणीय अध्ययन गर्दा पाईएका प्रतिकूल प्रभावहरुको न्यूनिकरण तथा नियन्त्रण एवम् अनुकुल प्रभावहरुको प्रबर्द्धन गर्नको लागि प्रस्ताव कार्यान्वयनका चरणहरु अनुसार तोकिए बमोजिम निरीक्षण, अनुगमन तथा सम्परीक्षण व्यवस्था सहितको वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावक आफैले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको अर्धवार्षिक र वार्षिक प्रगति विवरण तोकिए बमोजिम पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम संचालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

७. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने:</u> (१) कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

(२) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन पेश गरिएको निकायले जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. <u>पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने:</u> (१) दफा ७ बमोजिम स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको प्रस्तावको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

(२) दफा ७ बमोजिम स्वीकृत भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको प्रस्तावको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु परेमा वा वन क्षेत्र थप गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

तर पूरक वातावरणीय प्रभाव मूल्याङ्कन पर्याप्त नहुने देखिएमा मन्त्रालयले पुनः वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिन सक्नेछ।

३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रस्तावमा फेरबदलका कारण तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(४) पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **वातावरणीय सम्परीक्षण गर्नुपर्नेः** (१) यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको र कार्यान्वयन तथा संचालनमा आएको दुई वर्ष पुगेको मितिले छ महिना भित्र प्रस्ताव कार्यान्वयनबाट भएको वातावरणीय प्रभावको सम्परीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय सम्परीक्षण गर्दा प्रस्तावमा उल्लेख भएका प्रभाव र न्यूनिकरणका उपायहरु पर्याप्त भए नभएको न्यूनिकरण कार्यान्वयनमा आई परेका बाधा व्यवधानहरुको विश्लेषणात्मक अध्ययन गरी सुझाव सहितको वातावरणीय सम्परीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको वातावरणीय सम्परीक्षण प्रतिवेदन अनुसार उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि मन्त्रालयले आदेश दिनेछ र सोको पालना गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१०. **रणनीतिक योजना बनाउन सक्नेः** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु अघि त्यसको रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. <u>रोक लगाउन सक्नेः</u> (१) यस ऐन बमोजिम कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रस्ताव कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको कारणबाट प्रस्तावकलाई हुन जाने क्षति वापत प्रस्तावकले क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम रोक लगाइएकोमा प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार कार्यान्वयन गरेमा रोक्का गर्ने निकायले फुकुवा गर्न सक्नेछ ।

१२. <u>वातावरणीय पार्श्वचित्र बनाउन सक्नेः</u> (१) प्रदेश सरकारले प्रदेश भित्रको कुनै क्षेत्र वा स्थानको वातावरणीय अध्ययन तथा विश्लेषण गरी सो क्षेत्रको वातावरणीय पार्श्वचित्र बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय पार्श्वचित्र बनाउँदा अध्ययन क्षेत्रको नक्साङ्कन गर्ने र वातावरणीय वहन क्षमताको अध्ययन गरी सो क्षेत्रमा गर्न सकिने विकास निर्माण कार्य वा आयोजनाको सीमा तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम बनेको वातावरणीय पार्श्वचित्रको सबैले पालना गर्नु पर्नेछ।

(४) पार्श्वचित्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद - ३
प्रदूषण नियन्त्रण तथा नियमन

१३. **प्रदूषण नियन्त्रणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा फोहरमैला निष्काशन वा उत्सर्जनबाट हुने नकारात्मक प्रभाव न्यूनिकरण वा नियन्त्रण गर्न तथा स्वच्छ र स्वस्थ वातावरण कायम गर्नको लागि जल, माटो, वायुको गुणस्तर कायम गर्न मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको मापदण्ड विपरित कसैले पनि जनजीवन वा वातावरणमा नकारात्मक प्रभाव पार्ने गरी प्रदूषण वा फोहरमैला निष्कासन वा उत्सर्जन गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(३) उपदफा (१) र (२) बमोजिम कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको ठहरेमा मन्त्रालयले सम्बद्ध व्यक्ति, समूह, संस्था वा निकायलाई प्रदूषण न्यूनिकरण वा नियन्त्रण गर्न, निर्देशन दिन, शर्त तोक्न वा प्रदूषण हुन जाने कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) प्रदूषण तथा नकारात्मक प्रभाव नियन्त्रणको लागि मन्त्रालयले कुनै पदार्थ, ईन्धन, औजार, यन्त्र वा उपकरण सम्बन्धी प्रयोग, उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(६) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. <u>वातावरणीय सहुलियत तथा वातावरणीय प्रतीक चिन्हः</u> (१) प्रदेश सरकारले वातावरण वा जैविक विविधता वा जलवायू परिवर्तन अनुकूलन तथा न्यूनिकरणका पक्षमा सकारात्मक प्रभाव पार्ने उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न सहुलियत वा सुविधा दिन सक्नेछ।

(२) मन्त्रालयले प्रदेश भित्रको औद्योगिक उत्पादनलाई वातावरणीय चिन्ह तथा प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(३) वातावरणीय सहुलियत तथा चिन्ह र प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>वातावरण निरीक्षकः</u> (१) यस ऐन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको, प्रदूषण नियन्त्रण तथा वातावरण सम्बन्धी मापदण्डको पालना भए नभएको र स्वस्थ तथा स्वच्छ वातावरण कायम भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको कुनै अधिकृत स्तरको कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन पालना भए नभएको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित स्थानीय तहले आफ्नो कुनै कर्मचारीलाई वातावरण निरीक्षक तोक्न सक्नेछ ।

१६. <u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u> (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्यहरु भए नभएको निरीक्षण गर्ने,

(ख) यस ऐन बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय पार्श्वचित्र लगायतका प्रतिवेदन अनुसार कार्यहरु भए नभएको निरीक्षण गर्ने,

(ग) वातावरणीय चिन्ह र प्रमाणपत्र सम्बन्धमा उत्पादन तथा उत्पादन प्रकृया वातावरण मैत्री भए नभएको निरीक्षण गर्ने,

(घ) यस ऐन अनुसार दिइएको निर्देशन, शर्तहरुको पालना भए नभएको निरीक्षण गर्ने,

(ङ) दफा ११ बमोजिम रोक लगाईएको विषय पालना भए नभएको निरीक्षण गर्ने,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित, व्यक्ति, संस्था वा प्रस्तावकलाई जानकारी दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा प्रकृयाको जाँचबुझ गर्न तथा सो सम्बन्धी बयान लिन सक्नेछ ।

(३) वातावरण निरीक्षकले उपदफा (२) बमोजिम जाँचबुझको सिलसिलामा यस ऐन विपरीत भए गरेको कुनै काम कारवाही तुरुन्त रोक्का गर्नु पर्ने भएमा त्यस्तो काम कारवाही रोक्का राखी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम वातावरण निरीक्षकले कुनै काम कारवाही रोक्का राख्नु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा अवरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँ सम्म,

(ख) निरीक्षणको क्रममा मागेको विवरण वा जानकारी जानी जानी उपलब्ध नगराएमा वा निरीक्षणमा सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँ सम्म ।

(७) उपदफा (६) बमोजिम भएको जरिवानामा चित्त नबुझेमा सम्बन्धित पक्षले मन्त्रालयको सचिव समक्ष पन्ध्र दिन भित्र निवेदन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिमको निवेदन उपर मन्त्रालयको सचिवको निर्णय अन्तिम हुनेछ।

(९) यस दफा बमोजिम गरिएको निरीक्षणको प्रतिवेदन मन्त्रालयले तोकेको वातावरण निरीक्षकले मन्त्रालय समक्ष र स्थानीय तहले तोकेको वातावरण निरीक्षकले सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ ।

(१०) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. <u>नमूना सङ्कलन गर्न दिनु पर्ने:</u> (१) वातावरण प्रदूषण तथा फोहरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नको लागि आधिकारिक व्यक्ति वा निकायले कुनै उद्योग, यन्त्र, सवारी साधन, उपकरण वा प्रकृयाबाट

उत्सर्जन हुने वा हुन सक्ने पदार्थ तथा जल, वायू वा माटोको नमूना लिन चाहेमा सम्बन्धित धनि वा व्यक्ति वा निकायले नमूना सङ्कलन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलन र सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **प्रयोगशाला:** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी नमुना जाँच वा परीक्षण गर्न प्रदेश सरकारले वातावरण प्रयोगशाला स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना नभएसम्म मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कुनै प्रयोगशालामा नमूना जाँच वा परीक्षण गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशाला संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद - ४
जलवायू परिवर्तन सम्बन्धी व्यवस्था

१९. **अनुकूलन योजना बनाउन सक्ने:** (१) जलवायू परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायू परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्रथमिकता दिनु पर्नेछ ।

२०. <u>जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापनः</u> प्रचलित कानून बमोजिम जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापन सम्बन्धमा जारी गरेको आदेश प्रदेश सरकारले कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

<u>परिच्छेद - ५</u>
<u>वातावरण संरक्षण सम्वन्धी व्यवस्था</u>

२१. <u>वातावरणीय संरक्षण क्षेत्रः</u> (१) मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले स्वच्छ र स्वस्थ वातावरण कायम गर्न वा कुनै स्थान, धार्मिक र सांस्कृतिक क्षेत्रको वातावरणीय विशेषता संरक्षण गर्न स्थानीय तहको वा प्रदेशको कुनै क्षेत्रलाई वातावरणीय संरक्षण क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा मन्त्रालयले मानवीय क्रियाकलापहरुमा नियन्त्रण गर्न सक्नेछ।

(३) मन्त्रालयले तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी योजना वा कार्यक्रम लागू गर्न सक्नेछ।

(४) प्रदेश सरकारले वातावरणीय प्रदूषणका दृष्टिले जोखिमयुक्त कुनै स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(५) कुनै क्षेत्र वा स्थान विशेषमा वातावरणीय ह्रासका कारण वातावरणमा वा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने सम्भावना देखिएमा त्यस्तो क्षेत्रलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय पूनर्स्थापनाको लागि प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको क्षेत्रमा वातावरणीय दृष्टिले उल्लेखनीय सुधार भएमा त्यस्तो क्षेत्रलाई प्रदूषणयुक्त क्षेत्र र संवेदनशील क्षेत्रबाट हटाउन सक्नेछ ।

(७) वातावरणीय संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>वातावरण संरक्षण परिषद्को गठन</u> : (१) वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश तथा अन्तर प्रदेश र स्थानीय तहमा प्रभावकारी रुपमा संचालन गर्न एक प्रदेश वातावरण संरक्षण परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:-

(क)	मुख्यमन्त्री	- अध्यक्ष
(ख)	मन्त्री,आर्थिक मामिला तथा योजना मन्त्रालय	- सदस्य
(ग)	मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय	- सदस्य
(घ)	मन्त्री, उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय	- सदस्य
(ङ)	मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	- सदस्य
(च)	मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय	- सदस्य
(छ)	मन्त्री, सामाजिक विकास मन्त्रालय	- सदस्य
(ज)	प्रदेश सभामा वातावरण विषय हेर्ने समितिको सभापति	- सदस्य
(झ)	मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको प्रमुख सचिव	- सदस्य
(ञ)	फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित स्थानीय तहका प्रमुख वा उपप्रमुख गरी दुई जना	- सदस्य
(ट)	प्रदेश योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य	- सदस्य
(ठ)	प्राकृतिक श्रोत व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन विषयमा विज्ञता हासिल गरी सो क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्ये अध्यक्षबाट मनोनित कम्तिमा एक जना महिला सहित दुई जना	- सदस्य

(ङ) संकटासन्न क्षेत्र र समुदायको प्रतिनिधित्व हुनेगरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित कम्तिमा एकजना महिला सहित तीन जना - सदस्य

(ढ) सचिव, मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम अध्यक्षबाट मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

२३. <u>परिषद्को बैठकः</u> (१) परिषद्को बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडी सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ ।

तर आकस्मिक परिस्थितिमा अध्यक्षबाट तत्काल बैठकको आह्वान हुन सक्नेछ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को बरिष्ठ सदस्यले गर्नेछ ।

(४) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ सस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) परिषद्को निर्णय परिषद्को सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **परिषद्को काम कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण, जलवायू परिवर्तन तथा विपद् जोखिम सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, जोखिमयूक्त पदार्थ, फोहरमैला व्यवस्थापन, वातावरणीय सम्पदा तथा अन्य क्षेत्रहरुको संरक्षण तथा संबर्द्धनको प्रणाली विकासको लागि नीति तय गर्ने,

(ग) प्रदेशको वातावरण विषयक कार्यहरुमा नेपाल सरकार एवं अन्य प्रदेश, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वय तथा वातावरणीय सम्बन्ध स्थापित गर्न भूमिका निर्वाह गर्ने,

(घ) वातावरण संरक्षण, जलवायू परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनको लागि आर्थिक स्रोतको व्यवस्थापन तथा सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने र

(च) यस ऐन बमोजिम भएका कार्यहरुको मूल्यांकन गर्ने ।

परिच्छेद - ६

जरिवाना तथा क्षतिपूर्ति

२५. **जरिवानाः** (१) कसैले देहायको कार्य गरेमा वा गराएमा मन्त्रालयको सचिवले देहाय बमोजिमको जरिवाना गर्नेछ।

(क) दफा ३ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँ सम्म,

(ख) दफा ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँ सम्म,

(ग) दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँ सम्म,

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा मन्त्रालयले त्यस्तो कार्य रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा स्वीकृत गराउन तथा स्वीकृत प्रतिवेदन विपरीत प्रस्ताव कार्यान्वयन गरेमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिएको आदेश कार्यान्वयन गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश कार्यान्वयन नगरेमा मन्त्रालयको सचिवले उपदफा (१) बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै क्रियाकलाप गरेमा मन्त्रालयको सचिवले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिना भित्र यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ र यसरी दिएको आदेश बमोजिम

कार्य नभएमा यस उपदफा बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम दिएको आदेश कार्यान्वयन नभएमा त्यस्तो क्रियाकलापमा बन्देज लगाईनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई मन्त्रालयको सचिवले कालो सूचीमा राख्नेछ ।

(६) उपदफा (५) बमोजिम कालो सूचीमा परेको व्यक्ति वा संस्थाले कालो सूचीमा राखिएको अवधि भर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासंग सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन ।

(७) यस दफा बमोजिम जरिवाना गर्नु अघि सम्बन्धित पक्षलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहबाट स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन विपरित कार्य भएमा सम्बन्धित स्थानीय तहको कानून नबनेसम्म यस दफा बमोजिम सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारवाही र जरिवाना गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम पर्न आएको निवेदन उपयुक्त लागेमा निर्देशनालयले अनुसूची - ३० को ढाँचामा अनुमति पत्र दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम अध्ययन अनुसन्धानको अनुमति पत्र प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले अध्ययन अनुसन्धानको प्रतिवेदनको एक प्रति मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

५१. **बर्ड स्यान्चुअरी र जैविकमार्गमा निषेधित कार्यः** बर्ड स्यान्चुअरी र जैविक मार्गमा देहायका कार्यहरु गर्न गराउन पाईने छैनः

(क) बिना ईजाजत प्रवेश गर्न,

(ख) वन्यजन्तुलाई लखेट्न, पक्रन, तर्साउन, शिकार गर्न वा हानी नोक्सानी हुने कुनै प्रकारको कार्य गर्न,

(ग) विना ईजाजत कुनै किसिमको भौतिक संरचना निर्माण गर्न,

(घ) विना ईजाजत सवारी साधन प्रवेश गराउन,

(ङ) घरपालुवा पशुचौपायालाई प्रवेश गराउन,

(च) फोहोरजन्य पदार्थ फाल्न,

(छ) ध्वनी प्रदुषण गर्न,

(ज) वन्यजन्तुको वासस्थान विनाश हुने कुनै प्रकारको कार्य गर्न,

(झ) सवारी साधनको गति प्रति घण्टा बीस किलोमिटर भन्दा बढी गर्न,

(ञ) प्रचलित कानुन बिपरित अन्य कुनै कार्य गर्न ।

५२. **समस्याग्रस्त वन्यजन्तुको व्यवस्थापनः** (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रको कुनै खास क्षेत्रमा कुनै वन्यजन्तुले

समस्या सिर्जना गरेमा त्यस्ता वन्यजन्तुलाई ऐनको दफा ४६ बमोजिम समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न मन्त्रालय समक्ष अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजम अनुरोध भएमा मन्त्रालयले कुनै खास अवधिका लागि त्यस्तो वन्यजन्तुलाई समस्याग्रस्त वन्यजन्तु घोषणा गर्न प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) कुनै वन क्षेत्रमा बदेलको संख्या बहन क्षमता भन्दा बढी भएको भनी सम्बन्धित अधिकारीले ऐनको दफा ४६ को उपदफा (४) बमोजिम सिफारिस गरेमा मन्त्रालयले त्यस्तो वन क्षेत्रमा तोकिएको अवधिका लागि तोकिएको संख्यामा बंदेलको शिकार गर्न सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम बंदेलको शिकार अनुमति लिने सम्बन्धी अन्य व्यवस्था वन्यजन्तु सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति प्राप्त व्यक्तिले बंदेलको शिकार गर्दा प्रति बँदेल पाँच हजार रुपैयाँ दस्तुर तिर्नुपर्नेछ र त्यस्तो दस्तुर प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

५३. <u>चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिने:</u> (१) ऐनको दफा ४७ बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न चाहने कुनै संस्था, निकाय, स्थानीय तह वा समुदायले कार्ययोजना सहितको प्रस्ताव तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव पेश हुन आएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी गराई प्रस्ताव उपयुक्त

देखेमा चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापनाको अनुमति दिन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम अनुमति प्राप्त चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानको मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

५४. **चिडियाखाना वा प्राणी उद्यानमा गर्न नहुने कार्यहरुः** चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानभित्र देहायका कार्यहरु गर्न गराउन पाईने छैनः

(क) वन्यजन्तुलाई लखेट्न, पक्रन, तर्साउन वा हानि नोक्सानी हुने कुनै प्रकारको कार्य,

(ख) खुला चिडियाखानामा विना ईजाजत कुनै किसिमको भौतिक संरचना निर्माण,

(ग) घरपालुवा पशुचौपायालाई प्रवेश,

(घ) फोहोरजन्य पदार्थ फाल्न,

(ङ) चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यानको क्षेत्र वरिपरी ध्वनी प्रदुषण गर्न,

(च) प्रचलित कानुन विपरीतका अन्य कुनै कार्य गर्न।

५५. **वन्यजन्तु अस्पताल र उद्धार केन्द्र सम्वन्धी व्यवस्थाः** (१) कुनै व्यक्ति, संस्था वा निकायले समस्याग्रस्त, असहाय, नरभंक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्न चाहेमा वन्यजन्तु अस्पताल र वन्यजन्तु उद्धार केन्द्र स्थापनाको अनुमतिका लागि कार्ययोजना सहित निर्देशनालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको कार्ययोजना उपर जाँचबुझ गरी उपयुक्त देखेमा निर्देशनालयले स्वीकृतिका लागि सिफारिससाथ मन्त्रालयमा पेश गर्नुपर्ने छ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको कार्ययोजना मन्त्रालयले स्वीकृत गरी अनुसूची - २९ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थापना भएको वन्यजन्तु अस्पताल र वन्यजन्तु उद्धार केन्द्रको सञ्चालन र व्यवस्थापन सम्बन्धी मापदण्ड मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिम हुनेछ ।

५६. **वन्यजन्तु पालन सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ४८ बमोजिम कुनै व्यक्ति वा संस्थाले अनुसूची - ३० बमोजिमका वन्यजन्तु पालन गर्न चाहेमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस सहित निर्देशनालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश भएको प्रस्ताव जाँचबुझ गरी उपयुक्त देखिएमा निर्देशनालयले स्वीकृतिका लागि राय साथ मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएको प्रस्ताव मन्त्रालयले परिमार्जन गर्न आवश्यक देखेमा गरी गराई स्वीकृत गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम प्रस्ताव स्वीकृत भएमा अनुसूची - ३० बमोजिमको दस्तुर लिई निर्देशनालयले वन्यजन्तु पालनको लागि आवश्यक शर्त तोकि अनुमति दिन सक्नेछ।

(५) वन्यजन्तु पालन सम्बन्धी अन्य शर्तहरु अनुमति पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद – १२

निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था

५७. निजी वनको दर्ता तथा वन पैदावार ओसारपसार सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा ७० बमोजिम निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले देहाय बमोजिमका कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछः-

(क) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(ग) नापी कार्यालयले प्रमाणित गरेको नक्शा,

(घ) नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

(ङ) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, करमा दर्ता भएको प्रमाण र संचालक समितिको निर्णयको प्रतिलिपि,

(च) जग्गामा भएका रुख बिरुवाको विवरण ।

(२) सम्बन्धित स्थानीय तहले उपनियम (१) बमोजिम पर्न आएको निवेदन र संलग्न कागजात उपर आवश्यक जाँचबुझ गरी निजी वन दर्ता गरी प्रमाणपत्र दिन सक्नेछ।

(३) स्थानीय तहले उपनियम (२) बमोजिम दर्ता भएका निजी वनको लगत राखी सम्बन्धित सब डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(४) यस नियम बमोजिम दर्ता भएको निजी वनमा वृक्षारोपण गर्न तथा निजी वनको व्यवस्थापन गर्न सम्बन्धित कार्यालयले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) निजी वनको धनीले निजी वनमा उत्पादन गरेको वन पैदावार सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ।

(६) ऐनको दफा ७१ को उपदफा (३) मा उल्लेख भए

बमोजिम निजी वन दर्ता हुनु अघि त्यस्तो वनमा रहेका साल प्रजातीका वन पैदावार बाहेक अन्य प्रजातीका वन पैदावारको बिक्री वितरण र ओसारपसार गर्नको लागि सव डिभिजन वन कार्यालयमा लगत प्रमाणितका लागि निवेदन दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निवेदन पेश भएमा सव डिभिजन वन कार्यालयको कम्तीमा सहायक पाँचौस्तरको वन प्राविधिकले स्थलगत जाँचबुझ गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा सव डिभिजन वन कार्यालयले अनुसूची -३१ बमोजिमको फाराममा लगत प्रमाणित गर्नेछ ।

(९) उपनियम (८) बमोजिम लगत प्रमाणित भएका काठ बिक्री वितरण र ओसारपसारका लागि डिभिजन वन कार्यालयबाट खटिएका कम्तीमा अधिकृतस्तरका प्राविधिक कर्मचारीबाट टाँचा र सिल लगाई लगत पेश हुन आएमा निश्चित म्याद सहित अनुसूची -१३ बमोजिमको ढाँचामा ओसारपसार अनुमतिपत्र दिनेछ ।

(१०) यस नियम बमोजिम निजी वनको वन पैदावार बिक्री गर्दा काठको हकमा प्रति क्युविक फिट पाँच रुपैयाँ र दाउराको हकमा प्रति चट्टा एक सय रुपैयाँ दस्तुर प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

५८. <u>सार्वजनिक जग्गामा रहेका रुख हटाउने सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ७३ बमोजिम सार्वजनिक जग्गामा रहेका रुखहरु हटाउन सम्बन्धित स्थानीय तहको अनुरोध प्राप्त भएमा देहाय बमोजिमको समितिको सिफारिसमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछः

(क) सम्बन्धित अधिकारी वा निजले तोकेको अधिकृत	-संयोजक
(ख) सम्बन्धित वडाको जनप्रतिनिधि	-सदस्य
(ग) नापी कार्यालयको प्रतिनिधि	-सदस्य

(२) उपनियम (१) बमोजिम हटाईएका रुखहरु सम्बन्धित अधिकारीले प्रचलित कानुन बमोजिम लिलाम बिक्री गर्नेछ।

(३) ऐनको दफा ७३ को उपदफा (५) बमोजिम रुखहरु हटाउँदा यस नियम बमोजिम हटाईनेछ ।

(४) जग्गाधनि प्रमाणपूर्जा भएका वा नभएका सरकारी कार्यालय परिषरमा रहेका जोखिमयुक्त रुखहरु उप-नियम (१) बमोजिमको समितिको सिफारिसमा डिभिजन वन कार्यालयले हटाउन सक्नेछ ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) र (४) बमोजिम रुख हटाउँदा लागेको खर्च सम्बन्धित आयोजना वा कार्यालयले व्यहोर्नु पर्नेछ ।

परिच्छेद – १३

वन पैदावारको सदुपयोग, ओसारपसार र आपूर्ति सम्बन्धी व्यवस्था

५९. **वन पैदावार सङ्कलन सम्बन्धी व्यवस्था :** (१) वन पैदावार सङ्कलन गर्दा कार्ययोजनाले तोकेको परिमाणमा नवढ्ने गरी गर्नु पर्नेछ ।

तर प्राकृतिक रुपमा आफै ढलेका रुखहरुको लगत मूल्याङ्कन स्वीकृत कार्ययोजनाले तोकेको परिमाण भन्दा बढी भएमा डिभिजन वन कार्यालयले वन निर्देशनालयबाट पन्ध्र प्रतिशत छपान चेकजाँच गराई तत्काल सङ्कलन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको वन पैदावार सङ्कलन गर्दा डिभिजन वन कार्यालयको अनुमतिमा कम्तीमा पाँचौ तहका प्राविधिक कर्मचारीले छपान तथा मुल्याँङ्कन गरी लगत सहितको विवरण डिभिजन वन कार्यालयमा पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश हुन आएको लगत विवरण अनुसारका रुखहरु डिभिजन वन कार्यालयको कम्तिमा

अधिकृतस्तरको वन प्राविधिक कर्मचारीबाट कम्तीमा पन्ध्र प्रतिशत र निर्देशनालयले कम्तिमा पाँच प्रतिशत चेकजाँच गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम चेकजाँचको प्रतिवेदन पेश भएपछि सम्बन्धित अधिकारीले कटान आदेश दिनेछ ।

(५) काठ दाउरा वाहेकका जडीबुटी र अन्य वन पैदावारको सङ्कलन डिभिजन वन कार्यालयबाट सङ्कलन ईजाजत लिई नियमानुसार गर्नु पर्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा वा रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण प्रदेश भित्र राष्ट्रिय वनमा वन पैदावारको हानि नोक्सानी हुन गई वन पैदावार सड्ने वा नासिने अवस्था आईपरेमा उक्त वन पैदावारलाई वनक्षेत्रबाट सङ्कलन गर्न कार्ययोजनाले तोकेको वार्षिक परिमाणको हदले बाधा पुऱ्याएको मानिने छैन।

(७) उपनियम (६) मा उल्लेखित विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन पुगेमा सम्बन्धित अधिकारीले तोकेको अधिकृत कर्मचारीले तत्काल स्थलगत निरीक्षण, मापन, छपान तथा मुल्याँङ्कन प्रतिवेदन पेश गरे पछि डिभिजन वन कार्यालयको कम्तिमा अधिकृतस्तरको वन प्राविधिक कर्मचारीबाट कम्तीमा पन्ध्र प्रतिशत र निर्देशनालयले कम्तिमा पाँच प्रतिशत छपान चेकजाँच गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको वन पैदावार जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा सम्बन्धित अधिकारीले हटाउन सक्नेछ र सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ ।

(९) यस नियम बमोजिम वन पैदावार सङ्कलन पछी कार्ययोजनाले तोकेको परिमाणलाई पुनरावलोकन गरी वन कार्ययोजनामा संशोधन गर्नु पर्नेछ।

६०. <u>रुखको छपान मूल्याङ्कन तथा घाटगद्दी गर्नुपर्नेः</u> (१) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा सङ्कलन गर्नुपूर्व कटान गर्नुपर्ने रुखहरुको छपान तथा मूल्याङ्कन गर्नु पर्नेछ।

(२) रुख तथा काठको मापन, आयतन निकाल्ने र मूल्याङ्कन गर्ने तरिका अनुसूची - ३२ बमोजिम हुनेछ।

(३) वनक्षेत्रवाट सङ्कलन गरिएका काठ दाउरा सुरक्षित स्थानमा घाटगद्दी गर्नु पर्नेछ र त्यसरी सङ्कलन गरिएका काठ दाउरा सुरक्षित राख्नको लागि सम्बन्धित अधिकारीले चारकिल्ला खुलाई घाटगद्दी क्षेत्र तोक्नु पर्नेछ।

(४) वनक्षेत्रबाट घाटगद्दीसम्म गोलिया काठ ओसारपसार गर्दा प्रत्येक गोलिया काठमा डिभिजन वन कार्यालयमा रहेको टाँचा लगाई अनुसूची - ३३ बमोजिमको चलानी पुर्जी लिएर मात्र ओसारपसार गर्नु पर्नेछ।

(५) सङ्कलन गरिएका काठ दाउरा घाटगद्दी स्थलमा पाइलिङ्ग र लट कायम गरी सोको लगत अनुसूची - ३४ वमोजिम घाटगद्दी रजिष्टर खडा गरी राख्नु पर्नेछ।

६१. <u>काठ दाउरा सङ्कलन गर्ने तथा निकाल्ने अवधिः</u> (१) राष्ट्रिय वनक्षेत्रबाट कार्तिक एक गते देखि जेष्ठ मसान्तसम्म मात्र काठ दाउराको सङ्कलन गर्न तथा निकाल्न सकिनेछ।

(२) उपनियम (१) को अधिनमा रही राष्ट्रिय वन क्षेत्रको रुख कटान गर्दा कटान आदेशमा तोकिएको अवधिभित्र कटान तथा घाटगद्दी सम्पन्न गर्नुपर्नेछ ।

(३) उपनियम (१) मा उल्लेखित अवधिभित्र रुख कटान गरी काठ दाउरा सङ्कलन गर्न नसकिएको उचित र पर्याप्त कारण

भएमा सम्बन्धित अधिकारीले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ र सो अवधिभित्र पनि कटान तथा घाटगद्दी हुन नसकेमा सम्बन्धित अधिकारीको सिफारिसमा निर्देशकले बढिमा दुई महिनासम्म उपनियम (१) को अवधि भित्रै गर्ने गरी कटान तथा सङ्कलन अवधि थप गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिमको अवधिमा कार्य सम्पन्न गर्न नसकेमा कटान ईजाजत प्राप्त व्यक्ति वा संगठित संस्थालाई कटान ईजाजतपत्रमा उल्लेख भए अनुसार क्षतिपूर्ति असुल उपर गरी निज संगको सम्झौता खारेज गरिनेछ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परेका व्यक्तिहरुलाई जुनसुकै समयमा वन क्षेत्रबाट काठ दाउरा सङ्कलन गरी उपलब्ध गराउन सकिनेछ।

६२. **<u>वन पैदावार आपूर्ति सम्वन्धी व्यवस्थाः</u>** ऐनको दफा ७५ को उपदफा (३) बमोजिम काठ दाउरा बिक्री वितरण तथा आपूर्ति व्यवस्थाको लागि देहाय बमोजिमको एक वन पैदावार आपूर्ति समिति रहनेछः-

(क) सम्बन्धित अधिकारी -अध्यक्ष
(ख) प्रदेश लेखा ईकाई कार्यालयको प्रमुख -सदस्य
(ग) जिल्ला समन्वय समितिले तोकेको प्रतिनिधि -सदस्य
(घ) मन्त्रालयले तोकेको प्रदेश सरकारको जिल्लास्थित कार्यालयको अधिकृत कर्मचारी -सदस्य

(ङ) सम्बन्धित अधिकारीले तोकेको वन अधिकृत

-सदस्य सचिव

६३. <u>वन पैदावार आपूर्ति समितिमा काठ दाउरा व्यवस्थापन :</u> (१) नियम २८ को उपनियम (२) बमोजिम सामुदायिक वनबाट प्राप्त हुने काठ दाउरा र डिभिजन वन कार्यालयलाई वार्षिक रुपमा प्राप्त हुने परिमाणको कम्तीमा पच्चिस प्रतिशत काठ दाउरा वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) स्वीकृत कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त हुन नसक्ने डिभिजन वन कार्यालयलाई काठ दाउरा उपलब्ध हुन सक्ने अन्य कुनै डिभिजन वन कार्यालयबाट काठ दाउरा उपलब्ध गराउने व्यवस्था मन्त्रालयले मिलाउन सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त हुने काठ दाउरा समितिले अनुसूची - ११ बमोजिमको मूल्यमा कटानमुछान तथा ढुवानी खर्च र समितिको मुनाफा समेत जोडी अनुसूची - ३५ को परिमाणमा नबढ्ने गरी देहायको प्रयोजनको लागि काठ दाउराको बिक्री वितरण गर्ने व्यवस्था गर्नेछः-

(क) विपद् व्यवस्थापन,

(ख) घर निर्माण तथा मर्मत,

(ग) कृषि औजार तथा कृषिमा आधारित उद्योग,

(घ) धार्मिक तथा सांस्कृतिक कार्य,

(ङ) शव दाहसंस्कार र

(च) जनसहभागितामा गरिने साना लागतका विकास निर्माण कार्य

(छ) लुम्बिनी प्रदेशमा स्थायी बसोबास रहेको वा लुम्बिनी प्रदेशमा कम्तीमा पाँच वर्ष निरन्तर वन सेवामा रही काम गरेका कर्मचारीको घर निर्माण कार्यका लागी एक पटक । ।

(४) समितिबाट काठ दाउरा प्राप्त गर्नेले जुन प्रयोजनको लागि काठ दाउरा प्राप्त गरेको हो सोही प्रयोजनमा उपयोग गर्नु पर्नेछ र त्यस्तो काठ दाउरा अन्यत्र बिक्री वितरण गर्न पाइने छैन।

(५) समितिले काठ दाउराको बिक्री वितरण व्यवस्थित गर्न वार्षिक कार्ययोजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

(६) समितिलाई प्राप्त काठ दाउरा एक वर्षसम्म पनि बिक्री नभएमा वन पैदावार आपूर्ति समितिले लिलाम बिक्री गर्न सक्नेछ।

६४. <u>वन पैदावार प्राप्त गर्न निवेदन दिनु पर्नेः</u> (१) वन पैदावार आपूर्ति समितिबाट वन पैदावार लिन चाहने व्यक्तिले देहायका विवरण खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) वन पैदावारको जात,

(ख) वन पैदावारको किसिम र परिमाण,

(ग) वन पैदावार लिन चाहेको प्रयोजन,

(घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) सम्बन्धित स्थानीय तहबाट सिफारिस पत्र,

(च) विपद्को हकमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(छ) घरनिर्माणको लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत नक्सा पास,

(ज) जनसहभागितामा हुने विकास निर्माण कार्यका लागि सम्बन्धित निकायको सिफारिस,

(झ) अन्य प्रयोजनका लागि समितिले तोकेका कागजात ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा वन पैदावार आपूर्ति समितिले आवश्यक जाँचबुझ गरी काठ दाउरा उपलब्ध गराउन सक्नेछ ।

६५. <u>काठ दाउरा लिलाम बिक्रीः</u> (१) सरकारी निकाय, सरकारी स्वामित्वमा रहेका अन्य निकायहरु र उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम सङ्कलन गरेका काठ दाउरा व्यापारिक तथा व्यावासायिक प्रयोजनका लागि लिलाम बिक्री गर्दा पूर्ण प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ र यस सम्बन्धी सूचना राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्न छ ।

(२) उपनियम (१) बमोजिमको सूचना टाँस र टेण्डर बिक्री सम्बन्धी व्यवस्था डिभिजन वन कार्यालय र निर्देशनालयबाट गरिनेछ र काठ दाउरा लिलाम बिक्रीको लागि अनुसूची - ११ मा उल्लेखित मूल्यलाई न्यूनतम मूल्य मानिने छ।

(३) उपनियम (२) बमोजिमको लिलाम बिक्री प्रक्रियामा काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्न ईजाजत प्राप्त र सञ्चालनमा रहेका उद्योगहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने छन्।

(४) उपनियम (३) बमोजिम प्रतिस्पर्धामा सहभागी उद्योगमध्ये सबैभन्दा बढी मूल्य सकार गर्ने उद्योगलाई माग बमोजिमको स्थानसम्म ढुवानी गरी लैजान अनुसूची - ३३ बमोजिमको चलानी पूर्जी जारी गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम डिभिजन वन कार्यालयको क्षेत्र भित्र काठ दाउरा ओसारपसार गर्दा सिल प्रयोग गर्नुपर्ने छैन।

६६. <u>लिलाम बिक्री सदर गर्ने अधिकारीः</u> (१) डिभिजन वन कार्यालयबाट बिक्री हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार देहाय बमोजिमको अधिकारीलाई हुनेछः-

(क) पन्ध्र लाख रुपैयाँसम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार सम्बन्धित अधिकारीलाई,

(ख) पन्ध्र लाख भन्दा माथि पचीस लाख सम्म सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार निर्देशकलाई,

(ग) पचीस लाख रुपैयाँ भन्दा बढी सकार मूल्य रहेको लिलाम बिक्री स्वीकृत गर्ने अधिकार मन्त्रालयको सचिवलाई।

(२) उपभोक्ता समूहबाट हुने वन पैदावारको लिलाम बिक्री सदर गर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिलाई हुनेछ।

६७. **गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन गरी बिक्री गर्नुपर्नेः** ऐनको दफा ७५ को उपदफा (६) बमोजिम गोलिया काठ खरिद गर्ने उद्योगले प्रशोधन नगरी बिक्री गर्न चाहेमा लिलाम सकार गरेको मूल्यको थप दश प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ।

६८. **काठ दाउराको ओसारपसारः** (१) नियमानुसार छोडपुर्जी भएका काठ दाउरा डिभिजन वन कार्यालयबाट ईजाजत पत्र लिई ओसारपसार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको काठदाउरा नियमानुसार सिल लगाई ईजाजतपत्रको पिठमा सो व्यहोरा उल्लेख गरी ओसार पसार गर्नुपर्नेछ ।

तर डिभिजन वन कार्यालयको कार्य क्षेत्रभित्र ओसार पसार गर्दा सिल गर्नुपर्ने छैन।

(३) उपनियम (१) बमोजिम ओसारपसार गरिएको काठ दाउराको चेकजाँच ईजाजत जारी गरेको डिभिजन वन कार्यालय र अनलोड हुने स्थानको डिभिजन वन कार्यालयको कम्तीमा पाँचौ स्तरको कर्मचारीले गर्न सक्नेछ।

(४) सम्बन्धित उद्योगले नियमानुसार प्राप्त गरेका चिरान काठ मूल्य अभिवृद्धि कर तिरेको विल विजकको आधारमा बिक्री तथा ओसारपसार गर्न सक्नेछ।

(५) काठ दाउरा बिक्री गर्ने उद्योगले वार्षिक रुपमा डिभिजन वन कार्यालयमा आफ्नो कारोवारको विवरण पेश गर्नु पर्नेछ।

६९. <u>जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरणः</u> (१) कुनै वनक्षेत्रबाट अनुसूची - ३६ मा उल्लेखित जडीबुटी तथा अनुसूची - ३७ मा उल्लेखित अन्य वन पैदावारको सङ्कलन गर्न चाहने व्यक्ती वा संस्थाले जडीबुटी तथा अन्य वन पैदावारको किसिम, सङ्कलन गरीने क्षेत्र, जात र परिमाण समेत खुलाई सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित अधिकारीले स्वीकृत कार्ययोजनाको अधिनमा रही सङ्कलन हुने जडिबुटीको प्रजाती, सङ्कलन गर्न सकिने परिमाण, समय र निश्चित अवधि तोकी अनुसूची - ३६ र अनुसूची - ३७ मा उल्लेख भए बमोजिमको दर अनुसार हुने रकम धरौटी लिई अनुसूची - ३८ बमोजिम नियमानुसार सङ्कलन ईजाजत दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम इजाजत लिई सङ्कलन गरिएका जडीबुटी तथा अन्य वन पैदावार सङ्कलनकर्ताले अनुसूची - ३६ र अनुसूची - ३७ मा उल्लेख भए बमोजिमको रकम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ र रकम दाखिला भएपछि सम्बन्धित अधिकारीले अनुसूची - ३३ बमोजिमको ढाँचामा चलानी पूर्जी दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम छोडपुर्जी हुने जडीबुटी तथा अन्य वन पैदावारको ओसारपसार गर्दा जडीबुटी राखिएको बोरा वा कन्टेनर वा यस्तै प्रकारको भाँडोमा सिल लगाई ईजाजतपत्रको पिठमा सो व्यहोरा उल्लेख गरी ओसारपसार गर्नु पर्नेछ।

७०. <u>सङ्कलन तथा बिक्री वितरण सम्बन्धी विशेष व्यवस्थाः</u> संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धीको अनुसूची - १, अनुसूची - २ र अनुसूची - ३ मा सूचीकृत

रहेका वन पैदावारको सङ्कलन, ओसारपसार वा निकासी प्रचलित कानुन बमोजिम हुनेछ।

७१. <u>खयर काठ बिक्री वितरणः</u> (१) खयर जातको गोलिया काठ बिक्री गर्दा काठको आयतनको आधारमा र जरा ठुटाको बिक्री गर्दा तौलको आधारमा अनुसूची - ११ बमोजिमको दस्तुरमा नघटाई बोल कवोलको माध्यमबाट प्रतिस्पर्धा गराई गर्नु पर्नेछ।

(२) खयर (गोलिया) काठको आयतन मापन गर्दा पलास (स्याप्उड) सहित मापन गर्नुपर्नेछ ।

७२. <u>वन पैदावारको बिगो कायम गर्नेः</u> (१) वनक्षेत्रमा हानी नोक्सानी भई ठुटामात्र भएको तर काठ फेला नपरेको अवस्थामा बिगो कायम गर्नु पर्दा अनुसूची – ३२ बमोजिम ठूटाबाट काठको आयतन निकाली अनुसूची - ११ बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(२) केही काठ र ठूटा फेला परेको अवस्थामा ठूटालाई नै आधार मानी आयतन निकाली अनुसूची - ११ बमोजिमको दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(३) ठूटा फेला नपरी चिरान काठमात्र फेला परेको अवस्थामा चिरान काठलाई १.४ ले गुणन गरी गोलिया काठको आयतन कायम गरीनेछ।

(४) जडीबुटीको बिगो कायम गर्दा फेला परेको वा वरामद भएको परिमाणलाई अनुसूची – ३६ को दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

(५) जडीबुटी बाहेकका अनुसूची - ३७ मा उल्लेखित अन्य वन पैदावारको हकमा सोही अनुसूचीमा उल्लेखित दस्तुरले गुणन गरी बिगो कायम गर्नु पर्नेछ।

७३. <u>पुरानो काठ दाउराको व्यवस्थापनः</u> (१) डिभिजन वन कार्यालयको कार्य क्षेत्र भित्रको विभिन्न घाटगद्दीमा लिलाम बिक्री नभई वा अन्य कुनै कारणले लामो समयसम्म रहेका पुरानो काठ दाउरा व्यवस्थापन गर्न देहाय बमोजिमको एक पुरानो काठ दाउरा व्यवस्थापन समिति रहनेछः-

(क) निर्देशक, - संयोजक

(ख) प्रमुख, प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित डिभिजनल वन अधिकृत -सदस्य सचिव

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "पुरानो काठ" भन्नाले साल जातको काठको हकमा घाटगद्दीमा आएको पाँच वर्ष वा सो भन्दा बढी समयसम्म रहेको र अन्य जातको काठको हकमा घाटगद्दीमा आएको तीन वर्ष वा सो भन्दा बढी समयसम्म रहेको काठलाई जनाउने छ र दाउराको हकमा गाटगद्दीमा तीन वर्ष वा सो भन्दा बढी अवधिसम्म रहेको जुनसुकै प्रजातीको दाउरालाई पुरानो दाउरालाई जनाउनेछ।

(२) उपनियम (१) बमोजिमको पुरानो काठ दाउरा व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काठ दाउराको पहिचान गरी स्रोत खुलेको र नखुलेको वर्गीकरण गर्ने,

(ख) लामो समयसम्म काठ दाउरा घाटगद्दीमा रहनुको कारण पत्ता लगाई डिभिजन वन अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ग) लामो समयसम्म घाटगद्दीमा रहेको काठ दाउराको पुनः नाप जाँच र ग्रेडिङ्ग गर्ने,

(घ) नाप जाँचको आधारमा काठ दाउरा अनुसूची - ११ बमोजिमको मूल्यमा पनि बिक्री नहुने देखिएमा सो भन्दा कम हुने गरी मूल्य कायम गर्ने,

(ङ) खण्ड (ग) र (घ) बमोजिम नाच जाँच तथा मूल्याङ्कनको आधारमा तत्काल बिक्री वितरण गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिने,

(च) खण्ड (घ) बमोजिमको मूल्य कायम गरी लिलाम बिक्रीको लागि बोलपत्र आवह्वान गर्दा पनि कसैले सकार नगरेमा लगत कट्टा गरी अभिलेख राख्ने।

(३) सम्बन्धित अधिकारीले उपनियम (२) को खण्ड (ङ) बमोजिमको निर्देशन प्राप्त भएको मितिले एक महिनाभित्र काठ दाउरा बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ।

७४. <u>मिनाहा गर्न सक्नेः</u> (१) सङ्कलन भई घाटगद्दीमा रहेको काठ दाउरा आगलागी वा बाढी पहिरो वा कुनै प्राकृतिक प्रकोपको कारणले हानी नोक्सानी हुन गएमा प्रदेश सरकारले मिनाहा गर्न सक्नेछ।

(२) डिभिजनल वन अधिकृले उपनियम (१) बमोजिमको मिनाहको लागि देहाय बमोजिमका कागजात संलग्न गरी निर्देशनालयको सिफारिस सहित मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछः-

(क) घटनाको मुचुल्का

(ख) जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(ग) नियम ७५ को उपनियम (१) बमोजिमको समितिले स्थलगत निरिक्षण गरी गरेको सिफारिस।

७५. <u>जोखिमपूर्ण रुखको व्यवस्थापनः</u> (१) ऐनको दफा ७९ बमोजिम जोखिम हुने रुखहरु सम्बन्धित डिभिजन कार्यालयले नियम ५८ बमोजिम हटाउनेछ ।

परिच्छेद - १४

<u>वनस्पति तथा वनस्पति स्रोतको संरक्षण सम्बन्धी व्यवस्था</u>

७६. <u>जडिबुटी अनुसन्धान केन्द्र र प्रयोगशाला सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले ऐनको दफा ८५ को उपदफा (१) बमोजिम जडिबुटी अनुसन्धान केन्द्र र दफा ८७ को (१) बमोजिम प्रयोगशाला स्थापना गर्ने सम्बन्धी व्यवस्था त्यस्तो अनुसन्धान केन्द्र र प्रयोगशाला स्थापना गर्ने सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको नियमावली नबनेसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

७७. <u>वनस्पति उद्यान, हर्बेरियम र प्रयोगशाला स्थापना सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ८५ को उपदफा (३) बमोजिम बनस्पति उद्यान, दफा ८६ बमोजिम हर्बेरियम र दफा ८७ को उपदफा (४) बमोजिम प्रयोगशाला स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले व्यवसायिक योजना सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन र व्यवसायिक योजना उपयुक्त लागेमा मन्त्रालयले त्यस्तो बनस्पति उद्यान र हर्बेरियम स्थापना गर्न अनुमति दिनेछ ।

परिच्छेद - १५

विविध

७८. **गोलिया काठ र बल्लाबल्लीको स्तर (ग्रेड) निर्धारण र वन पैदावारको मूल्य सम्बन्धी व्यवस्थाः** (१) गोलिया काठको स्तर (ग्रेड) निर्धारण, बल्लाबल्ली र दाउराको निर्धारण तथा मापन अनुसूची - ३९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) राष्ट्रिय वनबाट उत्पादित काठ दाउराको दस्तुर अनुसूची - ११, जडीबुटीको दस्तुर अनुसूची - ३६ र अन्य वन पैदावारको दस्तुर अनुसूची - ३७ मा उल्लेख भए बमोजिम हुनेछ।

७९. **सिमसार क्षेत्रको संरक्षण तथा पर्यापर्यटन विकास सम्वन्धी व्यवस्थाः** (१) रामसार सूचीमा सूचिकृत सिमसार क्षेत्रहरु बाहेक राष्ट्रिय वनक्षेत्र भित्र र बाहिरका खास महत्व राख्ने सिमसार क्षेत्रहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरी पर्यापर्यटन विकास तथा प्रवर्द्धन गर्न डिभिजन वन कार्यालयले छुट्टै व्यवस्थापन योजना तयार गर्न सक्नेछ।

(२) सम्बन्धित अधिकारीले उपनियम (१) बमोजिमको सिमसार क्षेत्रको व्यवस्थापन योजना निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ र निर्देशनालयले आवश्यक परिमार्जन सहित स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको योजना स्वीकृत भएमा त्यस्तो योजना डिभिजन वन कार्यालयले कार्यान्वयन गर्नेछ।

८०. **वन विकास कोष सञ्चालन सम्बन्धी व्यवस्थाः** ऐनको दफा ९७ बमोजिमको वन विकास कोषको सञ्चालन तथा व्यवस्थापन कोष सञ्चालन नियमावली बमोजिम हुनेछ ।

८१. **अभिलेख व्यवस्थित गर्नुपर्नेः** (१) ऐनको दफा ९८ बमोजिम डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने राष्ट्रिय वन र वन व्यवस्थापनसँग सम्बन्धित विषयको अभिलेख राख्ने सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

८२. **कृषि वन प्रणाली सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ९९ बमोजिम कृषि वन प्रणाली अबलम्बन गर्दा वनक्षेत्रभित्रका खालि, पर्ति चउर, नदी उकास क्षेत्र, झाडी बुट्ट्यानयुक्त क्षेत्रलाई डिभिजन वन कार्यालयले कृषि वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको क्षेत्रमा अम्रिसो, नेपियर जस्ता बहुबर्षिय आयमुलक घाँस प्रजाती, क्यामोमाईल, सिट्रोनेला, लेमनग्रास, काउलो, तेजपात जस्ता जडिबुटी/ गैह्रकाष्ठ वन पैदावार, बहुबर्षिय सुगन्धित प्रजातीहरु, चिउरी, बेल, काफल, तिजु, बयर, ऐँसेलु जस्ता फलफुलजन्य प्रजातीहरु, वर, पीपल, समि, गिठी, खिर्रो, रुद्राक्ष, बोधिचित्त, अगरउड जस्ता रुख प्रजातीहरुको रोपण गर्न सकिने छ।

(३) उपनियम (२) बमोजिमका कृषि वन कार्यक्रम न्यून आय भएका स्थानीय उपभोक्ताालाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको प्रयोजन बाहेक अन्यको प्रयोजनको हकमा प्रदेश सरकारले राष्ट्रिय वन क्षेत्रको भू-उपयोगमा परिवर्तन नहुने गरी मापदण्ड बनाई कृषि वन प्रणाली अबलम्बन गर्न सक्नेछ।

८३. **राहत सम्बन्धी व्यवस्थाः** ऐनको दफा १०१ बमोजिम वन संरक्षण, व्यवस्थापन कार्यमा संलग्न कर्मचारी, उपभोक्ता, श्रमिक वा वन्यजन्तुको आक्रमणबाट पीडित घाईते वा मृतकको हकवालालाई प्रदेश सरकारले देहाय बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउन सक्नेछः

(क) सामान्य घाइतेको लागि उपचारको प्रकृति हेरी पेश भएका कागजात र सिफारिसका आधारमा बढीमा बीस हजार रुपैयाँ सम्म औषधोपचार खर्च ।

स्पष्टिकरण: "सामान्य घाइते" भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नु पर्ने अन्य अवस्थाको घाईतेलाई जनाउँछ ।

(ख) गम्भिर घाइतेको लागि उपचारको प्रकृति हेरी पेश भएका कागजात र बिशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा दुई लाख रुपैयाँसम्म औषधोपचार खर्च ।

स्पष्टिकरण: "गम्भीर घाइते" भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्गभङ्ग हुने गरी घाईते भएको अवस्थालाई जनाउँछ ।

"तर वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा प्रदेश सरकारले व्यहोर्ने छ ।"

(ग) मृतकको हकवालाको लागि सात लाख रुपैयाँ राहत रकम।

(२) ऐनको दफा १०१ को उपदफा (२) बमोजिम देहायको क्षति भएमा प्रदेश सरकारले देहाय बमोजिमको रकम राहत स्वरुप उपलब्ध गराउन सक्नेछः

(क) वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नतजातको गाई वा साँढेको मृत्यु भएमा तीस हजार रुपैयाँ सम्म ।

तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

(ख) खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा दश हजार रुपैयाँसम्म राहत रकम उपलव्ध गराइनेछ ।

तर, एक मौसममा लगाएको बालीको हकमा एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

(३) उपनियम (२) बमोजिमको राहत रकम घटना स्थलको सर्जमित मुचुल्का, सम्बन्धित स्थानिय तह, उपभोक्ता समूहको सिफारिस र सम्बन्धित कार्यालयको क्षति सम्बन्धी प्रतिवेदन र सिफारिस लगायतका कागजातका आधारमा उपलब्ध गराईनेछ ।

(४) अन्य कुनै निकायबाट राहत रकम लिईसकेकाको हकमा यस नियम बमोजिमको राहत रकम उपलब्ध गराईने छैन ।

(५) राहत सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

८४. **<u>वन क्षेत्रभित्रको खोला खोल्सी व्यवस्थापनः</u>** ऐनको दफा ८८ बमोजिम खोला खोल्सी व्यवस्थापन गर्दा उत्पादन भएको नदीजन्य पदार्थको सङ्कलन र बिक्रि वितरण सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

८५. **<u>सशस्त्र वन रक्षकको परिचालन र व्यवस्थापनः</u>** ऐनको दफा १०३ बमोजिम सशस्त्र वन रक्षकको परिचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत नियमावली बमोजिम हुनेछ।

८६. **<u>वन कामदार सम्बन्धी व्यवस्थाः</u>** (१) वन क्षेत्रमा काम गर्ने कामदार सम्बन्धी व्यवस्था प्रदेश सरकारबाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

८७. <u>ड्रेस कोड सम्बन्धी व्यवस्थाः</u> ऐनको दफा १०५ बमोजिम व्यवस्था गरिएको वन सेवामा कार्यरत कर्मचारीको ड्रेस कोडको ढाँचा र प्रकार अनुसूची - ४० बमोजिम हुनेछ ।

८८. <u>अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्थाः</u> (१) निर्देशनालयले ऐनको दफा १०९ बमोजिम अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कनको लागि निर्देशनालयले अनुगमन प्रतिवेदनको ढाँचा मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

८९. <u>टाँचा तथा सिल सम्बन्धी व्यवस्थाः</u> (१) राष्ट्रिय वन तथा निजी जग्गाका रुखहरुको कटान तथा ओसार पसार गर्दा टाँचा तथा सिल प्रयोग गर्नुपर्नेछ ।

(२) डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचा र सिल निर्देशनालयले तयार गरी उपलब्ध गराउनु पर्नेछ र निर्देशनालयले सोको विवरण अध्यावधिक गरी राख्नुपर्नेछ।

(३) डिभिजन वन कार्यालयले अनुसूची - ४१ बमोजिमको टाँचा समूहबाट एक हजार रुपैयाँ शुल्क लिई दर्ता गर्नु पर्नेछ र दर्ता भएका टाँचाहरुको अद्यावधिक विवरण तयार गरी निर्देशनालयमा पठाउनु पर्नेछ ।

स्पष्टिकरण: यस उपनियमको प्रयोजनको लागि "समूह" भन्नाले सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहलाई जनाउँछ ।

(४) वन पैदावारमा आधारित उद्योगहरुले उत्पादन गरेका वन पैदावारको ओसार पसार गर्दा डिभिजन वन कार्यालयले तोकेको ढाँचामा टाँचा तयार गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको टाँचा दर्ताको निवेदन

पर्न आएमा डिभिजनल वन अधिकृतले पाँच हजार रुपैयाँ शुल्क लिई टाँचा दर्ता गर्नुपर्ने छ ।

(६) उपभोक्ता समूहको टाँचाको प्रयोग र सुरक्षाको जिम्मेवारी उपभोक्ता समूहको अध्यक्षको हुनेछ।

(७) उपभोक्ता समूहको टाँचा कुनै कारणवश हराएमा वा नोक्सान भएमा समूहले डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र यस्तो अवस्थामा डिभिजन वन कार्यालयले पुरानो टाँचा रद्द गरी नयाँ टाँचा दर्ता गरिदिने छ ।

(८) उपनियम (७) बमोजिम रद्द गरेको पुरानो टाँचा र दर्ता गरेको नयाँ टाँचाको जानकारी सबै निर्देशनालय र डिभिजन वन कार्यालयमा दिनु पर्नेछ ।

(९) डिभिजन वन कार्यालयमा दर्ता भएका टाँचा प्रत्येक वर्ष पाँच सय रुपैयाँ तिरी नवीकरण गराउनु पर्नेछ ।

(१०) टाँचा र सिलको प्रयोग कम्तीमा सहायक पाँचौ तहको प्राविधिक कर्मचारीले गर्नेछ।

(११) यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र नयाँ टाँचा र सिल बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(१२) यो नियम प्रारम्भ हुनुअघि साविक वन विभागबाट जारी भएका टाँचा यसै नियम बमोजिम जारी भएको मानिनेछ ।

९०. **प्रमाणपत्र प्रतिलिपिः** उपभोक्ता समूह वा व्यवस्थापन समिति दर्ताको प्रमाणपत्र हराए वा मासिएमा डिभिजन वन कार्यालयले पाँच सय रुपैयाँ दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनेछ।

९१. **शुल्क दस्तुर सम्बन्धी विशेष व्यवस्थाः** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्रदेशको सालवसाली आर्थिक ऐनमा

तोकिएको वन पैदावारको शुल्क दस्तुरको हकमा सोही ऐन बमोजिम हुनेछ ।

९२. **यसै नियम बमोजिम हुनेः** (१) यस नियमावलीमा भएका विषयहरु यसै नियम बमोजिम हुने र यस नियमावलीमा लेखिए बाहेकको अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस अघि प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी लागु गरिएका वन पैदावारको शुल्क दस्तुर यस नियमावली प्रारम्भ भएपश्चात यसै बमोजिम हुनेछ।

अनुसूची - १

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

राष्ट्रिय वनको रणनितिक योजनामा समावेश हुनुपर्ने विषय

१. परिचय

२. वनको सीमाङ्कन

(क) वनको प्रकार

(ख) वनको क्षेत्रफल

(ग) वन क्षेत्रको स्रोतको अवस्था

(घ) प्रमुख नदी, खोला तथा जलाधार क्षेत्र

(ङ) सिमसार क्षेत्र

३. विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समीक्षा

४. वन पैदावारको माग र आपूर्तिको अवस्था

५. वन व्यवस्थापनका लक्ष्य तथा उद्देश्यहरु

६. वनस्रोत सर्वेक्षण, विश्लेषण, वन सम्वर्धन प्रणाली तथा व्यवस्थापन

(क) वन व्यवस्थापन पद्दति अनुसार वन वृद्धि मौज्दात

(ख) वन व्यवस्थापन पद्दति अनुसार वार्षिक प्राप्ति

(ग) वन वाली कटान चक्र तथा पुनरोत्पादन तरिका

७. वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था

(क) अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

(ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

(ग) मिचाहा प्रजाती तथा रोग किरावाट नियन्त्रण

(घ) चोरी शिकार तथा गैरकानूनी व्यापार नियन्त्रण

(ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानुनी कारबाहीका विषयहरु

(च) अन्य

८. जैविक बिबिधता संरक्षण तथा प्रवर्धन

(क) वन्यजन्तुको हिंडडुल तथा जैविक मार्ग व्यवस्थापन

(ख) सिमसार, वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन

(ग) लोपोन्मुख एवं दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातीको संरक्षण तथा व्यवस्थापन

(घ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थन

(ङ) वनक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण

९. वन व्यवस्थापन पद्दति

(क) सरकारद्वारा व्यवस्थित वन

(ख) सामुदायिक वन

(ग) साझेदारी वन

(घ) कबुलियती वन

(ङ) धार्मिक वन

(च) वन संरक्षण क्षेत्र

(छ) सार्वजनिक जग्गाको वन तथा निजी वन

१०. वन सम्बर्धन प्रणाली

(क) प्राकृतिक पुनरोत्पादन, विरुवा उत्पादन तथा बृक्षारोपण

(ख) वन सम्बर्धन प्रणाली

(ग) वन सम्वर्धन प्रणाली छनौट गर्ने विधि

(घ) वन सम्वर्धन प्रणाली अनुसार वन वाली उत्पादन तथा पुनरोत्पादन चक्र

११. वन पैदावार उत्पादन तथा आपूर्ति

(क) वन पैदावारहरुको सङ्कलन, बिक्री वितरण

(१) काष्ठ वन पैदावार

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावार

(३) अन्य वन पैदावार

(ख) वन पैदावार ओसारपसार

१२. वन पैदावारमा आधारित उद्योग

(क) वन पैदावारमा आधारित उद्योग

(ख) पर्यापर्यटन

(ग) व्यावसायिक वन्यजन्तु पालन

१३. सिमसार संरक्षण तथा व्यवस्थापन

१४. वन व्यवस्थापन सूचना प्रणाली

(क) वन संरक्षण, व्यवस्थापन प्रणालीमा समूह, डिभिजनस्तरका सूचकहरू

(ख) वन पैदावार उत्पादन, बिक्रीवितरण तथा ओसारपसार सम्वन्धी सूचकहरू

(ग) वन पैदावारमा आधारित उद्योग, रोजगारी सम्वन्धी सूचकहरू

(घ) लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी सूचकहरू

(ङ) सिमसार, पानीका मुहान, जैविक विविधता संरक्षण तथा व्यवस्थापनका सूचकहरू

(च) डिभिजन तथा जिल्लास्तरको वन क्षेत्र व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली स्वचालन

१५. वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था

१६. योजना कार्यान्वयन गर्न आवश्यक स्रोत तथा जनशक्ती

१७. अनुगमन तथा प्रतिवेदन

अनुसूची - २

(नियम ५ को उपनियम (३) सँग सम्बन्धित)

आवधिक योजनाको ढाँचा

परिचय

पूर्व कार्ययोजनाको समीक्षा

कार्ययोजना तयार गर्दा अपनाईएको विधि

भाग-१: जिल्लाको सामान्य परिचय

१.१ ऐतिहासिक पृष्ठभूमी

१.२ राजनैतिक विभाजन

१.३ भौगोलिक अवस्था तथा भू-बनौट

१.४ जियोलोजी (खनिज, चट्टान, माटो)

१.५ जल सम्पदा

१.६ जलवायू तथा वर्षा

१.७ भौतिक पूर्वाधारहरु

१.८ भू-उपयोग

१.९ अन्य प्रयोजनका लागि उपलब्ध गराईएका वनक्षेत्रहरुको विवरण

१.१० मौजुदा वन संगठन

१.११ सहयोगी संघसंस्थाहरु

१.१२ वन व्यवस्थापनका समस्या, चुनौतीर हालसम्मका सिकाई

भाग २: वन प्रजाती तथा वन्यजन्तु (Forest flora and fauna)

२.१ वनको विवरण

२.१.१ वनको प्रजाती अनुसारको मौज्दात

२.१.२ प्राकृतिक पुनरुत्पादनको अवस्था

२.१.३ वन संरक्षण

२.२ वन्यजन्तुहरुको विवरण

२.२.१ स्तनधारी वन्यजन्तुहरु, चराचुरुङ्गी, सरिसृप, माछा आदि
२.२.२ वन्यजन्तुका लागि महत्वपूर्ण स्थानहरु
२.२.३ वन्यजन्तु संरक्षण

भाग ३: वन सदुपयोग

३.१ जिल्लाको जनसंख्या तथा घरधुरी
३.२ वनजन्य वस्तुहरुको माग र आपूर्तिको अवस्था (वनक्षेत्रमा पर्न सक्ने चापहरु आदि)
३.३ मुख्य वनजन्य प्रजातीहरुको सङ्कलन तरिका तथा त्यसको खर्चहरु
३.४ वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण
३.५ वन पैदावारको बिक्री वितरण
३.६ ढुंगा, गिटी, बालुवा सङ्कलन
३.७ खनिज/उत्खनन् उद्योगहरुको विवरण
३.८ व्यवसायिक कवुलियती वनहरुको विवरण
३.९ अन्य वन पैदावारहरुको उत्पादन, विक्रि वितरण

भाग ४: वन व्यवस्थापन कार्ययोजना

४.१ वन व्यवस्थापन कार्ययोजनाको अवधि
४.२ लक्ष्य तथा उद्देश्य
४.३ उद्देश्य पूरा गर्ने कार्यनीतिहरु
४.४ प्रस्तावित कार्यक्रमहरु
४.४.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम
४.४.२ संरक्षित वन व्यवस्थापन कार्यक्रम
४.४.३ समुदायमा आधारित वन व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन कवुलियती वन र धार्मिक वन) कार्यक्रम
४.४.४ वन संरक्षण कार्यक्रम
४.४.५ कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम
४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोज कार्यक्रम

४.४.७ ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास कार्यक्रम
४.४.८ भू-तथा जलाधार संरक्षण कार्यक्रम
४.४.९ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम
४.४.१० प्रचार प्रसार कार्यक्रम
४.४.११ विशेष आयमूलक कार्यक्रम
४.४.१२ जलवायू परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रम
४.४.१३ भौतिक पूर्वाधार निर्माण कार्यक्रम
४.४.१४ जनशक्ति व्यवस्थापन (स्थायी/अस्थायी) कार्यक्रम
४.४.१५ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सहयोग कार्यक्रम
४.४.१६ वजेट व्यवस्थापन

भाग-५: उपलब्धी, अनुगमन तथा समन्वय

५.१ प्राप्त हुने राजश्वको विवरण
५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धी
५.३ रोजगारीका अवसर र गरिबी निवारणमा योगदान
५.४ अनुगमन कार्ययोजना
५.५ समन्वय योजना
५.६ कार्ययोजना संशोधन
५.७ प्रतिवेदन/जाहेरी
५.८ विविध

नक्शाहरु	
सि.नं.	**विवरण**
१	जिल्लाको राजनीतिक विभाजन सहितको डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयहरुको कार्यक्षेत्र विभाजन गरिएको नक्शा (Location Map)

२	वनक्षेत्र, कृषि क्षेत्र लगायतको भू-उपयोगको नक्शा (Landuse Map)
३	गैह्रकाष्ठ वन पैदावारहरुको उपलब्धता अनुसारको नक्शा (Map showing the Potential area of NTFPs)
४	ईकोलोजिकल क्षेत्र अनुसारको वनको किसिमहरु देखाईएको नक्शा
५	सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, संरक्षित वन, संरक्षित क्षेत्र, निजी वन आदि देखाईएको नक्शा
६	उपलब्ध हुन सकेमा वन अतिक्रमण भएको क्षेत्रको पुरानो तथा नयाँ क्षेत्रहरुको विवरण देख्न सकिने किसिमको नक्शा । वन क्षेत्रले ढाकेको र पछि परिवर्तन भएको क्षेत्रको Change detection गरि तयार गरिएको विभिन्न चरणका नक्शाहरु
७	वन तथा वन्यजन्तु चोरी निकासी हुने नाकाहरुको रेखाँङ्कन तथा लोकेशनहरुको जि.पि.एस. रेकर्ड गरिएको नक्शा
८	वन डढेलो जोखिम क्षेत्र छुट्ट्याएको नक्शा (Forest Fire Hazard Mapping)
९	अन्य आवश्यक नक्शाहरु: विशेष व्यवस्थापनको लागि जस्तै भू-क्षय जोखिम क्षेत्र, वन क्षयिकरण (Forest degradation), मानव-वन्यजन्तु द्वन्द्वग्रस्त क्षेत्रहरु ।
१०	जिल्ला भित्रको मुख्य खोला, नदीहरुको उदगम देखि जिल्ला स्थित अन्तिम निकासको स्थान समेत देखिने नक्शाहरु

अनुसूचीहरु	
सि.नं.	**विवरण**
१	वनको किसिम र प्रजाती अनुसारको पुनरुत्पादन सर्वेक्षणको विवरण
२	जिल्ला भित्र रहेका अनुसन्धान तथा विउ उत्पादनको लागि भएका प्लटहरु जस्तै विउ वगैंचा (Seed orchard/Seed stand) आदिको स्थान क्षेत्रफल प्रजाती तथा हालसम्मका स्थिति विवरण

३	काठ दाउराको वर्तमान बिक्री सम्बन्धी विवरण
४	सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, साझेदारी वन, संरक्षित वन, संरक्षित क्षेत्र, निजी तथा सार्वजनिक वन विकासको रुपमा व्यवस्थापन भएको वनहरुको क्षेत्रफल, हस्तान्तरण मिति, लाभान्वित घरधुरी संख्या आदिको विवरण
५	अन्य प्रयोजनका लागि भोगाधिकार/हक हस्तान्तरण भएको वन क्षेत्रहरुको विवरण
६	वन अतिक्रमण सम्बन्धी विस्तृत विवरण
७	वन तथा वन्यजन्तु सम्बन्धी अपराधहरुको अद्यावधिक विवरण (विगतको ५ वर्ष सम्मको तथ्याङ्कलाई तुलना गरेको विवरण)
८	जिल्लामा सुरु देखि हालसम्म भएको वृक्षारोपणको क्षेत्रफल हे.र वृक्षारोपणको अद्यावधिक स्थितिको विवरण
९	जिल्लामा भएका स्थायी/अस्थायी नर्सरीहरुको स्थान, क्षमता तथा अवस्था खुलेको विवरण
१०	जिल्लाबाट सङ्कलन भई बिक्री वितरण भएको काठ दाउरा जडिबुटी ढुङ्गा गिट्टी बालुवा आदिको उत्पादन परिमाण तथा बिक्री भई आएको राजश्व परिमाणको सुरु देखि हालसम्मको अद्यावधिक तथ्याँङ्क विवरण
११	जिल्लामा संचालित आयोजना, योजनाहरु सञ्चालन भएको अवधि तथा मुख्य उपलब्धीहरु
१२	अन्य विशेष विवरणहरु जस्तै विशेष रुख प्रजातीका विवरणहरु, कर्तव्यको सिलसिलामा ज्यान गुमाएका कर्मचारीहरुको विस्तृत विवरण, वन डढेलो तथा मानव वन्यजन्तु द्वन्द्वबाट भएको जनधनको क्षतिको विवरण आदि ।

अन्य आवश्यक विषयहरु

अनुसूची - ३

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान र नमूना सङ्कलन गर्न लाग्ने बार्षिक दस्तुर

क) वन क्षेत्रमा अध्यन अनुसन्धान (Non Distructive)

१ हेक्टर भन्दा कम — रु ५,०००।-

१ हेक्टर देखि ३ हेक्टर सम्म - रु १०,०००।-

३ हेक्टर भन्दा बढी ५ हेक्टर सम्म- रु १५,०००।-

५ हेक्टर भन्दा बढी जतिसुकै भएपनि- मन्त्रालयको निर्णय अनुसार

ख) वनस्पति

बनस्पतिको भाग-पात प्रति किलो १५ रुपैयाँ

बनस्पतिको भाग-डाठ प्रति किलो ३० रुपैयाँ

बनस्पतिको भाग-जरा प्रति किलो ६० रुपैयाँ

बनस्पतिको पूरैभाग-३ फिट सम्मको वनस्पति प्रति गोटा ३५ रुपैयाँ

बनस्पतिको पूरैभाग-३ फिट भन्दा बढी ७ फिट सम्मको वनस्पति प्रति गोटा १५० रुपैयाँ

बनस्पतिको पूरैभाग-७ फिट भन्दा बढी उचाईको वनस्पति प्रति गोटा ७५० रुपैयाँ

ग) वन्यजन्तु

रगत-१० मिलिलिटर सम्म २०० रुपैयाँ

रौ- ५ ग्राम सम्म २०० रुपैयाँ

पिसाव- १०० रुपैयाँ

दिसा- ५० रुपैयाँ

सिंङ- पूरै २५०० रुपैयाँ

सिंङ- नमूना १०० ग्राम सम्म ५०० रुपैयाँ

दात/वंगारा/हड्डी/छाला-प्रति गोटा १००० रुपैयाँ
मासु- १ किलो सम्म २००० रुपैयाँ
सिंगै वन्यजन्तु- मन्त्रालयको निर्णय अनुसार

नोटः मन्त्रालय वा अन्तर्गतका निकायहरुको हकमा कुनै शुल्क लाग्ने छैन । सचिवले आवश्यक ठानेका अध्ययन अनुसन्धानको लागि पुरै वा आँशिक रुपमा शुल्क छुट दिन सक्नेछ । सिंह, दात/वंगारा/हड्डी/छाला र मासु मृत वन्यजन्तु वा बरामद आखेटोपहारबाट मात्र उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची -४

(नियम ८ को उपनियम (१) संग सम्बन्धित)

चकला/सरकारबाट व्यवस्थित वनको कार्ययोजनामा समाबेश हुनु पर्ने विषयहरु

संक्षिप्त शब्दहरुको सूची
योजनाको साराँश

भाग १ परिचय

- वनको ऐतिहासिक पृष्ठभूमि
- भौगोलिक स्थिति र पहुँच
  - अक्षांस र देशान्तर
  - टोपोग्राफी
  - वनको सिमाना तथा अवस्थिति
- क्षेत्रफल
- भू-बनौट तथा माटो
- हावापानी
- नदीनाला, ताल तथा खोलाको बिवरण
- भू-उपयोग
- वनको अवस्था
- वनको किसिम र प्रजाती समिश्रण
- वनको बर्गीकरण
- वनको वर्तमान अवस्था
  - पुनरुत्पादनको अवस्था
  - संचिति मौज्दात (Growing stock)
  - वनको औसत बृद्धी दर
- वन पैदावार सङ्कलनको अवस्था
- वन अतिक्रमण तथा चोरी निकासी/शिकारीको अवस्था

मुख्य वनस्पती तथा वन्यजन्तुको स्थिति

भाग २ वन व्यवस्थापन योजना

दुरदृष्टी

उद्देश्य

वन व्यवस्थापन रणनीति

व्यवस्थापन योजना तयारी प्रक्रिया तथा विधि

योजनाको सीमितता

वन संवर्द्धन प्रणाली, बाली चक्र र पुनरुत्पादन अवधि

ब्लक, कम्पार्टमेन्ट तथा सब-कम्पार्टमेन्ट बिभाजन

वन संवर्द्धनका क्रियाकलापहरु

पुनरुत्पादन कटान

पुनरुत्पादन तयारी कटान

पत्ल्याउने, हाँगा काट्ने तथा सुधार कटान

पुनरुत्पादन अभिबृद्धी कार्यक्रम

कटान पश्चातको फोहर हटाउने

जैविक विविधता संरक्षण

गैह्रकाष्ठ वन पैदावार व्यवस्थापन

ढलापडा रुखहरुको सङ्कलन

वन संवर्द्धनका क्रियाकलाप कार्यान्वयन कार्य तालिका

बार्षिक रुपमा उत्पादन हुने वन पैदावारको अनुमानित परिमाण

वन संरक्षण

वन डढेलो नियन्त्रण

वन अतिक्रमण नियन्त्रण

चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण

चरिचरण नियन्त्रण/ब्यवस्थापन

अन्य वन विकास तथा व्यवस्थापनका क्रियाकलापहरु

अग्निरेखा निर्माण तथा मर्मत संभार र स्तरोन्नति

अग्निरेखा निर्माण, अग्निरेखाको झाडी सफाई, अग्निरेखाको डिलमा मार्कर राख्ने, स्टोन पिचिङ, काठे पुल निर्माण, ह्युम पाइप राख्ने, लुज स्टोन चेकड्याम आदि

घाटगद्दी व्यवस्थापन
खहरे तथा पानी निकास व्यवस्थापन
वन क्षेत्रको खाली जग्गा व्यवस्थापन
पानीका मुहान, पोखरी निर्माण सिमसार, जलाधार संरक्षण तथा भू-क्षय नियन्त्रण
जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरू
वाच टावर निर्माण
जैविक मार्ग ब्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण कार्यक्रम, वातावरणिय सेवा भुक्तानी
कट स्लोप व्यवस्थापन आदि।

वन व्यवस्थापनबाट प्राप्त हुने अनुमानित राजश्व
योजना कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ती
योजना कार्यान्वयनका लागि आवश्यक खर्च
राजश्व बाँडफाँट

भाग ३ कार्यक्रम ब्यवस्थापन

अनुगमन तथा मुल्याँकन
बजार व्यवस्थापन

भाग ४ विविध

दश बर्ष पछिको वनको अवस्थाको प्रक्षेपण
वित्तीय बिश्लेषण
रोजगारीका अवसर र गरिबी निवारणमा योगदानको प्रक्षेपण
ब्यवस्थापन योजनाको पुनरावलोकन तथा संशोधन
वातावरणीय प्रभाव मुल्याँकन
तर्कपूर्ण खाका
दश बर्षे कार्यक्रम
ब्यवस्थापन योजना कार्यान्वयन गर्ने स्रोत

ब्यवस्थापन योजना कार्यान्वयनमा जोखिम

अन्य आवश्यक बिषयहरु

अनुसूचिहरु

१(क) वनको अवस्थिति (गुगल अर्थमा)

(ख) वनको बस्तुस्थिति देखाइएको नक्सा

(ग) ब्लक, कम्पार्टमेन्ट र सबकम्पार्टमेन्ट छुट्याउने रेखा देखाईएको नक्सा

(घ) नमुना प्लट देखाईएको नक्सा

(ङ) वन संवर्द्धन तथा व्यवस्थापनका क्रियाकलाप देखाइएको नक्सा

(च) पुनरुत्पादन कटान गर्ने सबकम्पार्टमेन्टको रुखहरुको अवस्थिति देखाईएको नक्सा

२ वनको सिमाना सर्वेक्षणको कोअर्डिनेट (फिल्डबुक)

३ नमुना प्लट तथा सबकम्पार्टमेन्ट बिभाजक रेखाको कोअर्डिनेट

४ व्यवस्थापन योजनाको बित्तीय बिश्लेषण

५ अन्य आवश्यक कुराहरु

सन्दर्भ सामग्रीहरुको सूची

अनुसूची - ५
(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
संरक्षित वनको कार्ययोजनामा समावेश हुनुपर्ने विषय

१.१ पृष्ठभुमि

१.२ संरक्षित वन क्षेत्रको कार्ययोजनाका मान्यताहरु

१.३ अध्ययन विधि

१.३.१ संरक्षित वन व्यवस्थापन योजना बनाउँदा अपनाइएको कार्यविधिहरु

१.३.१.१ दोस्रो स्रोतबाट उपलब्ध जानकारीको पुनरावलोकन

१.३.१.२ प्रथम स्रोतबाट विवरण सङ्कलन

१.४ सन्दर्भ सामग्रीको पुनरावलोकन

१.४.१ वन क्षेत्रको नीति र कार्यनीतिहरुको पुनरावलोकन

१.४.१.१ वन क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय क्षेत्रमा भए गरेका महासन्धिहरु

१.४.१.२ सिमसार क्षेत्रको अन्तर्राष्ट्रिय महत्वको महासन्धि

१.४.१.३ खतरामा परेको वनस्पति र जन्तुको अन्तर्राष्ट्रिय रुपमा ओसार पोसार गर्ने महासन्धि

(साइटिस १९७३)

१.४.१.४ विश्व व्यापार संगठन (ई.सं. १९९५)

१.४.१.५ विश्व संरक्षण संघ

१.४.१.६ नेपाल भारत अन्तर देशीय सिमाना जैविक विविधता संरक्षण सम्बन्धी अन्तरक्रिया बैठक

१.४.२ अन्य सान्दर्भिक नीति तथा कार्यनीतिहरु

१.४.३ वन क्षेत्रको ऐन र नियमावलीहरुको पुनरावलोकन

१.५ वन क्षेत्रको संस्थागत व्यवस्थाको पुनरावलोकन

१.५.१ सरोकारवालाहरुसंग व्यापक छलफल

१.५.२ स्थलगत रुपमा विषयगत क्षेत्रमा अन्तरक्रिया गोष्ठी

१.५.३ जानकारहरुसंग छलफल

१.६ वन क्षेत्रको सर्वेक्षण

१.६.१ जैविक विविधताको सर्वेक्षण

१.६.२ वन क्षेत्र सिमाङ्कन निर्धारण

१.७ तथ्याङ्क विश्लेशण तथा लेखन

१.८ सरोकारवालाहरुसँग छलफल (जिल्ला स्तरीय र राष्टिय स्तरीय)

१.८.१ जिल्ला वन समन्वय समितिसँग सहकार्य, अन्रतक्रिया र अनुमोदन सहमति

१.८.२ केन्दीयस्तरका सरोकारवालाहरुसंग अन्तरक्रिया र छलफल

२.संरक्षित वन क्षेत्रको विवरण

२.१ भौगोलिक स्थिति

२.१.१ भौगोलिक अवस्था

२.१.२ संरक्षित वनको सिमाना

२.१.३ भु—उपयोगिताको अवस्था

२.१.४ वन अतिक्रमणको अवस्था

२.२ जैविक स्रोतहरु

२.२.१ वन स्रोत

२.२.१.१ वनको किसिम

२.२.१.२ वनको अवस्था

२.२.२ वन व्यवस्थापनका प्रयासहरु

२.२.२.१ सामुदायिक वन

२.२.२.२ धार्मिक वन

२.२.२.३ कबुलियती वन

२.२.२.४ चकला वन

२.२.२.५ नीजि वन

२.२.३ लघु वन-पैदावार जडिबुटी

२.२.४ जैविक स्रोत विविधता

२.२.४.१ जीवजन्तु विविधता

२.२.४.२ चराचुरुङ्गीको विविधता

२.२.४.३ वनस्पतिक विविधता

२.२.४.४ पारिस्थितिकीय प्रणाली तथा बासस्थान विविधता

२.२.४.५ जलाधार क्षेत्रमा जैविक विविधता

२.३ सामाजिक तथा आर्थिक विवरण

२.३.१ सामाजिक

२.३.१.१ जनसंख्या

२.३.१.२ जाति र जनजातिको वितरण

२.३.१.३ भाषा र धर्म

२.३.१.४ शिक्षा साक्षरता

२.३.१.५ लैंगिक सम्बन्धको अवस्था

२.३.१.६ जनजातीय, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु

२.३.२ आर्थिक अवस्था

२.३.२.१ जिविकोपार्जनको अवस्था

२.३.२.२ कृषि तथा पशुपालन

२.४.४ सामाजिक सेवा तथा भौतिक पूर्वाधार

२.४.४.१ यातायात तथा सडक सञ्जाल

२.४.४.२ विद्युत सेवा

२.४.४.३ संचार

२.४.४.४ बैकल्पिक उर्जा

२.५ पर्यापर्यटन

२.५.१ पर्यटन सम्बन्धी उत्पादन तथा विविधीकरण

२.५.२ दृश्य तथा दृश्यावलोकन

२.६ संरक्षित वन क्षेत्रको समस्या तथा चुनौतिहरु

२.७ संरक्षित वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि कानुनी अवसरहरु

३. संरक्षित वन व्यवस्थापन योजना

३.१ दूरदृष्टि तथा लक्ष्य

३.१.१ दूरदृष्टि

३.१.२ लक्ष्य

३.२ उद्देश्य तथा अपेक्षित उपलब्धीहरु

३.३ व्यवस्थापनको सिद्धान्त तथा पहुँचहरु

३.३.१ सघन वन व्यवस्थापन क्षेत्र

३.३.२ भित्री संरक्षित क्षेत्रहरु

३.३.३ संरक्षित वन क्षेत्रमा संलग्न स्थानीय तहहरु

३.४ व्यवस्थापकिय उद्येश्य, रणनिती तथा कार्यनीतिहरु

४. सांगठनिक व्यवस्था तथा कार्यान्वयन प्रक्रिया

४.१ प्रशासकीय संगठनात्मक स्वरुप

४.२ सांगठनिक व्यवस्था र कर्मचारी

४.३ संलग्न सोकारवालाहरुको भुमिका तथा जिम्मेवारी

४.४ संलग्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य

४.५ योजनाको पुनरावलोकन तथा अभिलेखीकरण सम्बन्धी व्वस्था

५. कार्यक्रम कार्यान्वयन तथा अनुगमन सम्बन्धी व्यवस्था

५.१ योजना तर्जुमा

५.२ बजेट तथा कार्यक्रम

५.३ अनुगमन तथा मुल्याकंन सम्बन्धी व्यवस्था

५.३.१ अनुगमन तथा मुल्याक्ंनका सिद्धान्तहरु

५.३.२ अनुगमन तथा मुल्याकंनका संरचना र विधिहरु

५.३.२.१ स्व—मुल्याकंन तथा अनुगमन

५.३.२.२ डिभिजन वन कार्यालयद्धारा गरिने अनुगमन तथा मुल्याकंन

५.३.२.३ विज्ञहरुको समूहद्धारा गरिने अनुगमन तथा मुल्याकंन

६. लाभांश वितरण प्रणाली

६.१ सक्रिय वन व्यवस्थापन क्षेत्र

६.२ भित्री वन व्यवस्थापन क्षेत्र

७. सन्दर्भ सामगीहरु

नक्शाहरुः

नक्शा नं १ संरक्षित वनको चारकिल्ला सहितको नक्शा

नक्शा नं २ संरक्षित वनको भू—उपयोगिता नकशा

नक्शा नं ३ संरक्षित वनको प्रकार

नक्शा नं ४ संरक्षित वनको भु—वनोट (उचाई)

नक्शा नं ५ संरक्षित वनको जैविक विविधतासम्बन्धी नक्शा

नक्शा नं ६ संरक्षित वनमा रहेका पर्यटकीय स्थल तथा टेकिङ्गरुट नक्शा

नक्शा नं ७ संरक्षित वन क्षेत्रको जलाधार नक्शा

नक्शा नं ८ संरक्षित वनको भिरालोपना

नक्शा नं ९ संरक्षित वन नक्शा

अनुसूची - ६

(नियम ११ को उपनियम (५) सँग सम्बन्धित)

साझेदारी वन उपभोक्ता समूहको विधानमा समावेश हुनुपर्ने विषय

१. प्रस्तावना, परिभाषा

२. साझेदारी वन उपभोक्ता समूहको नाम, ठेगाना

३. साझेदारी वन उपभोक्ता समूहको उद्देश्य

४. साझेदारी वन उपभोक्ता समूहको छाप

५. साझेदारी वन व्यवस्थापन क्षेत्र भित्रका घरधुरी तथा जनसंख्याको विवरण

६. साझेदारी वन उपभोक्ता समूहमा प्रतिनिधित्व समूह गठन विधि

७. साझेदारी वन व्यवस्थापन समिति गठन विधि

८. साझेदारी वन उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार

९. साझेदारी वन व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

१०. साझेदारी वन व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली

११. स्थानीय तह र डिभिजन वन कार्यालयको काम, कर्तव्य र अधिकार

१२. साधारण सभा तथा समितिको वैठक कार्यविधि

१३. वन अपराध नियन्त्रण

(क) कार्ययोजना विपरित कार्यगर्ने समूह सदस्यलाई गरिने दण्ड, जरिवाना र अपनाउनुपर्ने पर्ने कार्यविधि

(ख) कार्ययोजना विपरित कार्यगर्ने समूह वाहिरका व्यक्तिहरूलाई गरिने दण्ड, जरिवाना र अपनाउनुपर्ने पर्ने कार्यविधि

(ग) समुदायमा आधारित चोरी शिकार नियन्त्रण तरिका

१४. साझेदारी वन उपोक्ता समूहको आर्थिक कार्यविधि

(क) कोष व्यवस्थापन तथा लेखा प्रणाली

(ख) वजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन सम्वन्धी व्यवस्था

(ग) स्वीकृत वजेट खर्च गर्ने र अभिलेख राख्ने कार्यविधि

(घ) वरवुझारथ, लेखापरीक्षण, कोषको हिनामिना नियन्त्रणको व्यवस्था, सुशासनका मापदण्ड

(ङ) मासिक र वार्षिक आर्थिक विवरण

(च) उपभोक्ता समिति र पदाधिकारीको आर्थिक प्रशासन सम्वन्धी काम र कर्तव्य

१५. वार्षिक प्रतिवेदन

१६. समन्वय, अनुगमन तथा मूल्याङ्कन

१७. अन्य आवश्यक कुराहरु

अनुसूची - ७

(नियम ११ को उपनियम (६) र नियम २१ को उपनियम (६) सँग सम्बन्धित)

सामुदायिक वन/साझेदारी वन उपभोक्ता समूह दर्ताको लागि दिइने निवेदन

श्री डिभिजनल वन अधिकृत ज्यू,
..... डिभिजन वन कार्यालय,.....
.....।

प्रदेश वन ऐन, २०७८ तथा प्रदेश वन नियमावली, २०७९ मा भएका व्यवस्था बमोजिम सामुदायिक वन/साझेदारी वन उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं ।
उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक

..... सामुदायिक वन/साझेदारी वन उपभोक्ता समूहको तर्फबाट

क्र. सं.	नाम	पद	दस्तखत
१.			
२.			
३.			
४.			
५.			

मितिः–.....

अनुसूची - ८

(नियम ११ को उपनियम (७) र नियम २१ को ७ सँग सम्बन्धित)

सामुदायिक वन/साझेदारी वन उपभोक्ता समूह दर्ताको प्रमाणपत्र

लुम्विनी प्रदेश सरकार

..... मन्त्रालय

प्रदेश निर्देशनालय

..... डिभिजन वन कार्यालय,

.....

दर्ता नं. :– मितिः–

श्री .....साझेदारी वन उपभोक्ता समूह,

.....।

यस कार्यालयको मिति..... को निर्णय अनुसार वन ऐन, २०७८ र प्रदेश वन नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरणः–

उपभोक्ता समूहको क्षेत्रः–

घरधुरीको संख्याः–

कुल जनसंख्याः–

प्रमाणपत्र दिने अधिकृतको

नामः–

दर्जाः–

दस्तखतः–

मितिः–

कार्यालयको छापः-

अनुसूची - ९

(नियम १४ र २३ सँग सम्बन्धित)

उपभोक्ता समूहको वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विषय

(क) समूहको वार्षिक आर्थिक प्रतिवेदन

आम्दानी			खर्च		
क्र.सं.	**आम्दानी शीर्षक**	**रकम**	**क्र.सं.**	**खर्च शीर्षक**	**रकम**
१	अघिल्लो आ.व. को मौज्दात		१	प्रशासनिक खर्च	
	बैङ्क			तलब भत्ता	
	नगद			बैठक, चियापान	
२	वन पैदवार बिक्रीबाट		२	स्टेशनरी	
	काठ			पानी, बिजुली र टेलिफोन	
	खाँबा			भाडा र औजार	
	दाउरा			कार्यालय सामान	
	कृषि औजार			विविध (ले.प. शुल्क, पशु आहार,इन्धन र अन्य खर्च)	
	जडीबुटी		३	वन व्यवस्थापन खर्च	
	अन्य			वन संरक्षण	
३	अनुदान			वन विकास	
	सरकारी			वन सदुपयोग	
	गैर सरकारी		४	अन्य विकास खर्च	

	अन्य (व्यक्तिगत समेत)			संस्थागत विकास	
४	दण्ड जरिवाना			सामुदायिक विकास	
५	सदस्यता शुल्क		५	विपन्न वर्ग लक्षित जीविकोपार्जन	
	प्रवेश शुल्क		६	अनुदान, चन्दा, सहयोग	
	सदस्यता शुल्क		७	अन्य	
	नवीकरण		८	फछ्र्योट नभएको पेश्की	
६	ऋण आम्दानी		९	ऋण लगानी	
९	कुमकुम	*Didymocarpus cinereus*	५।–
१०	गाईतिहारे	*Inula cappa*	५।–
११	गुच्ची च्याउ	*Morchella spp.*	५००।–
१२	गेन्टियना	*Gentiana* spp.	१०।–

१३	गोरखमुण्डी	*Sphaernthus indica*	२।–
१४	गोल्को		५ ।–
१५	घोडताप्रे/ब्राम्ही	*Centella asiatica*	२।–
१६	चावा	*Piper chaba*	१०।–
१७	चिराइतो	*Swertia* spp.	१५।–
१८	जलब्रामी	*Bacopa monnieri*	२।–
१९	झ्याउ	Lichen	५०।–
२०	टाप्रे	*Senna tora*	१।–
२१	तितेपाती	*Artemisia* spp.	१।–
२२	द्रोणपुष्पी	*Leucas cephalotes*	२।–
२३	नागवेली	*Lycopodium japonicum*	१५।–
२४	पिप्लामुल		२।–
२५	पुडाइनो		५ ।–
२६	पुदिना	*Mentha* spp.	२।–
२७	पुनर्नवा	*Boerhavia diffusa*	८।–
२८	प्रिस्नपर्णि{	*Uraria picta*	२।–
२९	भुमी अमला	*Phyllanthus niruri*	५।–
३०	भूईकस्तुरी	*Chenopodium ambrosioides*	१५।–
३१	भृंगराज	*Eclipta prostrata*	५।–
३२	मेकोनोपसिस	*Meconopsis* spp.	१०।–
३३	यार्सागुम्वा (यार्चगुम्बू)	*Ophiocordyceps spp.*	३१,०००।–
३४	रगतसिंगे		५।–
३५	रातो च्याउ	*Ganoderma lucidum*	५०।–
३६	लज्जावती	*Mimosa pudica*	२।–

३७	वनालु/कस्तुरी/लताकस्तुरी	*Abelmoschus moschatus*	१५।–
३८	विहिकाँडा	*Solanum nigrmum*	२।–
३९	शंखपुष्पी	*Evolvulusal sinoides*	५।–
४०	साधारण च्याउ	*Wild mushroom*	१०।–
४१	सालपर्णि{	*Uraria picta*	२।–
४२	सिमझार	*Rotala rotundifolia*	१०।–
४३	सिलाजिनेला	*Selaginella* spp.	१।–
४४	सुनाखरी / सुनगाभा/ जीवन्ती / गामाडोल (पाँचऔले बाहेक)	Orchid	५००।–
४५	हडचुर	*Viscum album , V. articulatum*	३।–
४६	हलहले	*Rumex nepalensis*	३।–
४७	हिमाली गुलाब		७ ।–
(छ) गम, रेजिन, लोहावन जाति			
१	अगरउड (काठ)	Aquilaria spp.	५०।–
२	काकरसिंगी	Insect gall on *Pistacia integerrima*	२०।–
३	मइन	*Bee wax*	५।–
४	मह (जंगली)	*Bee honey*	२०।–
५	लाहा/लोहवान	*Lac gum*	४०।–
६	शिलाजित	*Rock exudate /Asphaltum*	५०।–
७	सल्लाको खोटो	*Pinus* spp.	१२।–
८	सालधुप	*Shorea robusta*	१५।–
९	सिमल	*Bombax ceiba*	१५।–
१०	हिङ्ग	*Ferula asafoetida*	५०।–

(ज) गैरकानूनी तवरले ल्याइएको नेपालमा नपाइने प्रजातिको हकमा सम्बन्धित मुलुकको राजश्वको पाँच गुणा मूल्य कायम गरिने छ ।

(झ) संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धी अन्तर्गतको अनुसूची-१, अनुसूची-२, र अनुसूची-३ मा सूचीकृत भएका वन पैदावार प्रजातिको निर्यात प्रमाणपत्र वापत रु. १,५००।- दस्तुर लाग्नेछ ।

(ञ) माथि उल्लेखित जडीबुटी हरियो वा सुकेको जुनसुकै अवस्थामा भएपनि राजश्व मूल्य एउटै रहनेछ ।

अनुसूची - ३७

(नियम ६९ को उपनियम (१) (२) र (३) , नियम ७२ को उपनियम (५) र नियम ७८ को उपनियम (२) सँग सम्बन्धित)

अन्य वन पैदावारको मूल्य दर

क) वनस्पतिजन्य वन पैदावार

क्र. सं.	नेपाली नाम	वैज्ञानिक नाम	इकाई	रोयल्टी प्रति के.जी. (रु.)
१	अर्गेली	*Edgeworthia gardneri*	प्रति के. जी.	७।–
२	अम्रिसो /अम्लिसो	*Thysanolaena latifolia*	प्रति के. जी.	२।–
३	अल्लो	*Girardinia diversifolia*	प्रति के. जी.	७।–
४	खसुको आँख्ला	*Quercus semecarpifolia*	प्रति गोटा	२।–
५	गोल्चे (गाभा)		प्रति के. जी.	१०।–
६	जिम्बु	*Allium hypsistum*	प्रति के. जी.	१०।–
७	ठोट्ने	*Aconogonum molle*	प्रति के. जी.	१।–
८	डण्डीसण्ठी, नरकट, खरखडाई,बन मारा भाट जस्त झाडी प्रजाती		प्रति भारी प्रति वयलगाडा	१।– १५।-
९	तेन्दुपात	*Diospyros* spp.	प्रति के. जी.	३।–

१०	थाकल	*Phoenix* spp.	प्रति भारी	१।–
११	निगालो	*Drepanostachyum* spp.	प्रति गोटा	१।–
१२	निगालोको टुसा	*Drepanostachyum* spp.	प्रति ५ गोटा	१।–
१३	नेपाली रक्तचन्दन (काठ)	*Daphniphyllum himalayense*	प्रति के. जी.	१५।–
१४	फुरु (तेलाईलीको गाँठा- Live Knot)		प्रति गोटा	३०।–
१५	भलायो पात	*Semecarpus anacardium*	प्रति के. जी.	१।–
१६	भोर्ला पात	*Bauhinia vahlii*	प्रति के. जी.	१।–
१७	मालागिरी	*Cinnamomum glanduliferum/C tenupile*	प्रति के. जी.	२०।
१८	रक्तचन्दन	*Pterocarpus santalinus*	प्रति के. जी.	८००।–
१९	बाँस	*Dendrocalamus* spp.	प्रति गोटा	५०।–
२०	बाँसको तामा	*Dendrocalamus* spp.	प्रति गोटा	३।–
२१	वेत	*Calamus* spp.	प्रति के. जी.	२५।–
२२	वनकस/वावियो/सवाईघाँस	*Eulaliopsis binata*	प्रति के. जी.	१।–
२३	लोक्ता	*Daphne* spp.	प्रति के. जी.	५।–
२४	सल्लाको	*Pinus* spp.	प्रति के. जी.	५।–

	आँख्ला			
२५	सल्लाको सिम्टा	*Pinus spp.*	प्रति के. जी.	५।–
२६	सालको पात	*Shorea robusta*	प्रति के. जी.	१।–
२७	सल्लाको पात/सल्लेपिर	*Pinus* spp.	प्रति के. जी.	२।–

ख) खनिजजन्य वन पैदावार

क्र.सं.	नेपाली नाम	ईकाई	रोयल्टी (रु.)
१	आइरन ओर	प्रति घन मिटर	१००।–
२	गोल / पत्थर कोईला	प्रति टन	२००।–
३	चुनढुंगा (लाइमस्टोन)	प्रति टन	१५०।–
४	खरीढुगा	प्रति टन	१००।–
५	कोईला /मिट्टी कोईला / ओभर बर्डेन	प्रति टन	५०।–
६	सिसा (लिड)	प्रति के.जी.	१०।–
७	उच्चस्तरीय निर्माण सामाग्री (उत्खनन हुने डिपोजिट) क) क्वारजाईट/बोल्डर/टुक्रेढुंगा ख) क्वारजाईट/स्लाव ग) सिलिका सेण्ड घ) डोलोमाईट/सिलौटे ढुंगा ङ) छाप्नेढुंगा/स्लेट	 प्रति टन प्रति टन प्रति टन प्रति टन प्रति वर्ग फिट	 १५०।– १५०।– १००।– १००।– ५।–
८	औद्योगिक क्लिंकर/विशेष माटो (उत्खनन		

	हुने डिपोजिट) क) कमेरो ख) गेरु/ ओर्के ग) मुल्तानी घ) अन्य ओभरबर्डेन	 प्रति घन मिटर प्रति घन मिटर प्रति घन मिटर प्रति घन मिटर	 ५०।– ७५।– १००।– ५०।–
९	जेम्स (सुहाग पत्थर) क) टर्मलिन ख) काईनाइट ग) अन्य जेम्स	 प्रति १० ग्राम प्रति १० ग्राम प्रति १० ग्राम	 ३००।– २५०।– १००।–
१०	निर्माण सामाग्री क) साधारण ढुङ्गा ख) गिट्टी ग) बालुवा घ) मस्कट/बोल्डर/ग्राबेल/सेल/कङ्लोमरेट	 प्रति घन मिटर प्रति घन मिटर प्रति घन मिटर प्रति घन मिटर	 १७५।– २५०।– १४०।– १५५।–

(ग) नदीजन्य वन पैदावार

क्र.सं.	नेपाली नाम	ईकाई	रोयल्टी (रु.)
१	क) ढुङ्गा ख) गिट्टी वा ग्राभ्रेल वा बोल्डर वा मस्कट ग) बालुवा	प्रति घन फिट प्रति घन फिट प्रति घन फिट	१०।– ९।– ७।–
२	पानी (सङ्कलन गरी विक्री वितरण गर्ने प्रयोजनका लागि)	प्रति ट्याङ्कर	२५०।–

(घ) खण्ड (ख) र खण्ड (ग) बमोजिमको वन पैदावारको हकमा प्रचलित कानून बमोजिम अन्य सरकारी निकायमा एक पटक रोयल्टी तिरी सकेको भए सोको लागि दोहोरो रोयल्टी लिईने छैन ।

(ङ) खण्ड (क) मा उल्लेखित वनस्पतिजन्य वन पैदावार हरियो वा सुकेको जुनसुकै अवस्थामा भएपनि राजश्व मूल्य एउटै रहनेछ ।

अनुसूची - ३८

(नियम ६९ को उपनियम (२) सँग सम्बन्धित)

वन पैदावार सङ्कलन ईजाजत

लुम्विनी प्रदेश सरकार

..... मन्त्रालय

प्रदेश वन निर्देशनालय

मितिः—

..... डिभिजन वन कार्यालय, ...

..... ।

ईजाजत प्राप्त गर्नेको

नाम, थर, वतनः-

सङ्कलन गर्ने म्यादः

घाटगद्दी स्थलः

धरौटी रकमः

सि. नं.	वन पैदावार को किसिम	वन पैदावार को स्थानीय नाम	वन पैदावार को वैज्ञानिक नाम	सङ्कलन गर्ने क्षेत्र (वनको नाम, चौहदी)	परिमाण	सङ्कलन गर्ने तरीका	कैफियत

बोधार्थ :—

१. ....., सब डिभिजन वन कार्यालय,

.....

सम्बन्धित अधिकारीको दस्तखत

मितिः

अनुसूची - ३९

(नियम ७८ को उपनियम (१) सँग सम्बन्धित)

गोलिया काठको गुणस्तर (ग्रेड) निर्धारण

(क) गोलिया काठको गुणस्तर (ग्रेड) निर्धारणः–

१. साल प्रजातीः

(१) "ए" ग्रेड : गोलाइ ५ फिट भन्दा बढी भई लम्बाइ ६ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा प्रति ६ फिट लम्बाइमा २ वटा सम्म प्वाल भएको, ५ प्रतिशतसम्म धोद भएको, सोझो गोलिया काठ।

(२) "बी" ग्रेड : गोलाइ ४ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, किरा लागेको वा प्रति ४ फिट लम्बाइमा ५ वटासम्म प्वाल भएको, चिरिएको, ५ फिट भन्दा बढी गोलाइ भएकोमा २५ प्रतिशतसम्म धोद भएको र ४ फिट देखी ५ फिटसम्म गोलाइ भएकोमा ५ प्रतिशतसम्म धोद भएको, गाँठो भएको, बोक्रा भित्र पसेको गोलिया काठ।

(३) "सी" ग्रेड : गोलाइ २ फिट ६ इन्च भन्दा बढी भई लम्बाइ ३ फिटभन्दा बढी भएको, "ए" र "बी" ग्रेडमा नपरेको गोलिया ।

(४) "डी" ग्रेडः "ए", "बी", "सी" ग्रेड र बल्लाबल्लीमा नपरेको चिरान काठ निस्कन सक्ने गोलिया काठ।

२. अस्ना, जामुन, कर्मा, टुनी, सिरिस र गम्हारी प्रजातीः

(१) "ए" ग्रेड : गोलाइ ५ फिट भन्दा बढी भई लम्बाई ४ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा सामान्य चिरिएको वा ७ प्रतिशतसम्म धोद भएको गोलिया ।

(२) "बी" ग्रेड :

(क) गोलाइ ४ फिट देखि ५ फिटसम्म भई लम्बाई ४ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा सामान्य चिरिएको वा कुल आयतनको ७ प्रतिशतसम्म धोद भएको वा

(ख) लम्बाई र गोलाईले ए ग्रेडमा पर्ने भए तापनि किरा लागेको वा ७ प्रतिशत भन्दा बढी १५ प्रतिशतसम्म धोद भएको वा चिरिएको र चर्केको वा गाँठो भएको वा बोक्रा भित्र पसेको वा रिङ्ग भएको गोलिया ।

(३) "सी" ग्रेड : (क) गोलाइ २ फिट वा सो भन्दा बढी भई लम्बाई २ फिट भन्दा बढी भएको वा

(ख) लम्बाई र गोलाईले बी ग्रेडमा पर्ने भए तापनि किरा लागेको वा ७ प्रतिशत भन्दा बढी धोद भएको वा चिरिएको र चर्केको वा गाँठो भएको वा बोक्रा भित्र पसेको वा रिङ्ग भएको वा

(ग) लम्वाई र गोलाईले ए ग्रेडमा भएपनि धोद कुल आयतनको १५ प्रतिशत भन्दा बढी भएको गोलिया ।

३.जङ्गली सिसौ प्रजातीः

(१) "ए" ग्रेड : गोलाइ ४ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा प्रति ४ फिट लम्बाइमा २ वटा सम्म प्वाल भएको, ५ प्रतिशतसम्म धोद भएको, सोझो गोलिया काठ।

(२) "बी" ग्रेड : गोलाइ ३ फिट भन्दा बढी भई लम्बाइ ४ फिट भन्दा बढी भएको, किरा लागेको वा प्रति ४ फिट लम्बाइमा ५ वटासम्म प्वाल भएको, चिरिएको, ४ फिट भन्दा बढी गोलाइ भएकोमा २५ प्रतिशतसम्म धोद भएको र ३ फिट देखी ४ फिट सम्म गोलाइ भएकोमा ५ प्रतिशतसम्म धोद भएको, गाँठो भएको, बोक्रा भित्र पसेको गोलिया काठ।

(३) "सी" ग्रेड : गोलाइ २ फिट ६ इन्च भन्दा बढी भई लम्बाइ ३ फिटभन्दा बढी भएको "ए" र "बी" ग्रेडमा नपरेको गोलिया ।

(४) "डी" ग्रेडः "ए", "बी" र "सी" ग्रेडमा नपरेको चिरान काठ निस्कन सक्ने गोलिया काठ।

४. वृक्षारोपण सिसौ प्रजातीः

(१) "ए" ग्रेड : ४ फिट वा सो भन्दा बढी गोलाई भएको, सामान्य किरा लागेको वा सामान्य चिरिएको वा ७ प्रतिशतसम्म धोद भएको गोलिया ।

(२) "बी" ग्रेड : ४ फिट भन्दा कम गोलाई भएको, वा गोलाईले ए ग्रेडमा पर्ने भएपनि धोद कुल आयतनको ७ प्रतिशत भन्दा बढी भएको गोलिया ।

५. सल्ला प्रजातीः

(१) "ए" ग्रेड : गोलाइ ५ फिट वा सो भन्दा बढी लम्वाई ४ फिट भन्दा बढी भएको, सामान्य किरा लागेको वा सामान्य चिरिएको वा ७ प्रतिशतसम्म धोद भएको गोलिया ।

(२) "बी" ग्रेड : गोलाइ ५ फिट भन्दा कम भएको लम्वाई २ फिट भन्दा बढी भएको वा गोलाईले ए ग्रेडमा पर्ने भएपनि धोद कुल आयतनको ७ प्रतिशत भन्दा बढी भएको गोलिया ।

६. उतिस प्रजातीः

(१) "ए" ग्रेड : ४ फिट वा सो भन्दा बढी गोलाई भएको, सामान्य किरा लागेको वा सामान्य चिरिएको वा ७ प्रतिशतसम्म धोद भएको गोलिया ।

(२) "बी" ग्रेड : ४ फिट भन्दा कम गोलाई भएको, वा गोलाईले ए ग्रेडमा पर्ने भएपनि धोद कुल आयतनको ७ प्रतिशत भन्दा बढी भएको गोलिया ।

६. बल्लाबल्लीः

"बल्लाबल्ली" भन्नाले १ फिट ६ इन्च देखि २ फिट ६ इन्चसम्म गोलाई भएको र ६ फिट भन्दा बढी लम्वाई भएको गोलिया काठ जनाउँछ ।

७. दाउराः

"दाउरा" भन्नाले खयर बाहेक दुई फिटभन्दा कम लम्बाई भएको, डेढ फिटभन्दा कम गोलाई भएको गोलिया काठ वा डेढ फिटभन्दा बढी गोलाई भए तापनि धोद्रो वा सडेको वा मक्किएको भई चिरानको रुपमा जान नसक्ने काठलाई जनाउँछ ।

अनुसूची - ४०

(नियम ८७ सँग सम्बन्धित)

वन सेवामा कार्यरत कर्मचारीको ड्रेस कोडको प्रयोग र ढाँचा

१. पोषाक प्रयोग गरिने समय र अवस्था

(क) नियमित अफिस कार्यमा : नियमित अफिसमा उपस्थित हुँदा हाल प्रयोग भईरहेको निजामती पोषाकको नै प्रयोग गरिने छ ।

(ख) फिल्ड कार्यमा : नियमित जंगल गस्ति, वन क्षेत्र सर्वेक्षण, मुद्दा अनुसन्धान तथा तहकिकातको कार्य, डढेलो नियन्त्रण लगायतका फिल्ड कार्यहरुमा सि.नं. ३ (क) वमोजिमको सर्ट, ३ (ख) वमोजिमको पाइन्ट, पाइन्टमा सि.नं. ३ (छ) बमोजिमको वेल्ट, सि.नं. ३ (ङ) बमोजिमको टोपी तथा सि.नं. ३(ज) बमोजिमको जुत्ता लगाइने छ। सर्टमा वायाँ तर्फ कुममा सि.नं. २ बमोजिमको दर्ज्यानी चिन्ह, वायाँ छातीमा सि.नं. ४ (ख) बमोजिमको ब्रासकोड, दायाँ छातीमा ४ (ग) बमोजिमको नेम प्लेट रहने छ । मौसम र कार्य क्षेत्रको भुगोल बमोजिम सर्ट प्रयोग गर्दा ३(क१) र ३(क२) बमोजिको सर्ट आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ तथा सि.नं. ३(ग) बमोजिमको ज्याकेट पनि आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ ।

(ग) जिल्ला, प्रदेश र राष्ट्रिय समारोहमा : जिल्ला, प्रदेश र राष्ट्रियस्तरको समारोहमा माथि उल्लेख भए अनुसार कै सर्ट, पाइट, टोपी, जुत्ता तथा सि.नं. ३(घ) बमोजिमको कोट र ३(च) बमोजिमको टाईको प्रयोग गरिनेछ । कोटमा वायाँ तर्फ कुममा सि.नं. २ बमोजिमको दर्ज्यानी चिन्ह, वायाँ छातीमा सि.नं. ४(ख) बमोजिमको ब्रासकोड, दायाँ छातीमा ४(ग) बमोजिमको नेम प्लेट रहने छ ।

२. पोषाक र दर्ज्यानी चिन्हको विवरण

सि.नं.	तह	पोषाक	दर्ज्यानी चिन्ह	कैफियत
१	प्रदेश सचिव	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S., वनको लोगो र पाँच तारा	दर्जानी चिन्हको पृष्ठभुमीमा हिमाल, पहाड देखिने आकृती रहनेछ ।
२	उप सचिव दशौ	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, वनको लोगो र चार तारा	
३	उप सचिव नवौ	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, लालिगुराँसको लोगो र चार तारा	
४	सहायक वन अधिकृत आठौं	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, वनको लोगो र तीन तारा	
५	सहायक वन अधिकृत साँतौ	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, लालिगुराँसको लोगो र तीन तारा	
६	रेञ्जर (अधिकृत स्तर छैठौं)	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, वनको लोगो र दुई तारा	
७	रेञ्जर (सहायक पाँचौ)	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, लालिगुराँसको लोगो र दुई तारा	
८	फरेष्टर	सर्ट, पाइन्ट, कोट, जुत्ता,	N.F.S, वनको	

		टोपी, टाई, ज्याकेट, वेल्ट	लोगो र एक तारा	
९	वन रक्षक	सर्ट, पाइन्ट, कोट, जुत्ता, टोपी, टाई, ज्याकेट, वेल्ट	N.F.S, वनको लोगो	

३. पोषाक विस्तृत विवरण

क) सर्ट : हल्का निलो, १०० प्रतिशत कटन, ब्यान्ड गरिएको कलर, पकेट दुईवटा अगाडी, बायाँ २ बमोजिमको दर्ज्यानी चिन्ह प्रिन्ट भएको ।



(क १)



(क २)

ख) पाइन्ट : खरानी रंग, १०० प्रतिशत कटन, अगाडी पछाडी दुई दुई वटा पकेट





ग) ज्याकेट : गाढा हरियो, १०० प्रतिशत तस्लान नायलन, १०० प्रतिशत थिनसेट थर्मल इन्सुलेशन, १०० प्रतिशत नायलाँन अस्तर, यस इन्सुलेटेड हिप लम्बाई पार्कामा दुई तर्फ जिपर फ्रन्ट स्निट गरिएको स्ट्रफ फल्याप र ड्राफ्ट फ्ल्याप, दुई बाहिर zippered हात तातो जेब, zippered साइड पहुँच, दुई भित्री जेब र समायोज्य कम्मर कोर्ड सुविधा, अलग गर्न योग्य हुड सामेल भएको । बायाँ कुममा ३(क) बमोजिमको लागो प्रिन्ट भएको।

घ) कोट : गाढा हरियो, अगाडी चार वटा पकेट भएको, ४ वटा बटम अगाडी र पकेटमा १/१ वटा गरि ४ वटा बटम भएको । घाँटीमा भि आकार भएको । बायाँ कुममा ३(क) बमोजिमको लागो प्रिन्ट भएको ।



ङ) टोपी : ९९ प्रतिशत कटन, अगाडी Forest Service लेखिएको सोको तल ३(क) बमोजिमको लोगो प्रिन्ट भएको ।



च) टाई : ठोस गाढा हरियो १०० प्रतिशत पोलिस्टर



छ) पेटि(वेल्ट) ब्राउन फुल ग्रेन काउहाइड लेदर



ज) जुत्ता (वुट) : कालो रङ्गको वुट



४. लोगो, ब्रासकोड र नेम प्लेटको नमुना :(क) लोगोको नमुना : ड्रेसको सर्टको वायाँ तर्फ कुममा राखिने लोगो (विल्ला) माथि बुँदा २ अनुसार हुनेछ ।

(ख) ब्रासकोडको नमुना : ब्रासकोडको नमुना तल देखाइएको छ । ब्रासकोड माथिल्लो भागमा Province forest Service हुनेछ भने तल्लो भागमा P र S को बिचमा रुखको चित्र बनाई तलपट्टी F लेखिएको हुनेछ।



Brass Badge 1.6" x 1.4

(ग) नेम प्लेट : नेम प्लेट तल देखाइए बमोजिमको हुनेछ । नेम प्लेटको चौडाई १ इन्च र लम्बाई ४ इन्च हुनेछ । हरियो नेम प्लेटमा सेतो अक्षरमा कर्मचारीको लेखिएको हुनेछ ।

Mr/Mrs A

अनुसूची - ४१

(नियम ८९ को उपनियम (३),

<u>उपभोक्ता समूहले प्रयोग गर्ने फलामे टाँचाको नमूना</u>

वन उपभोक्ता समूहको टाँचाको नमूना

क

ख  ग

घ

डाइमिटर १.४ (३.५ सी.एम) इन्चको गोल आकारमा बिचमा रूख रोपौं वन जोगाऔं लोगो राख्ने र चारैतिर देहाय बमोजिमको *Provincial Database* अनुसार *Code* राख्ने ।

(क) डिभिजन वन कार्यालयको कोड

(ख) सब डिभिजन वन कार्यालयको कोड

(ग) उपभोक्ता समूह रहेको स्थानीय तहको कोड

(घ) डिभिजन वन कार्यालयले सामुदायिक वन र साझेदारी वनका लागि अङ्कमा दिएको नम्वर कोड

प्रमाणीकरण मिति २०७९/०१/१४

आज्ञाले

दुर्गा बहादुर कार्की

प्रदेश सचिव



प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) मुकामः बुटवल, कार्तिक १४ गते, २०७७ साल (अतिरिक्ताङ्क १३

भाग २

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७।०७।०३ मा स्वीकृत भएको "वातावरण संरक्षण नियमावली, २०७७" सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

वातावरण संरक्षण नियमावली, २०७७

वातावरण संरक्षण ऐन, २०७७ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "वातावरण संरक्षण नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "**ऐन**" भन्नाले वातावरण संरक्षण ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "**प्रयोगशाला**" भन्नाले ऐनको दफा १८ बमोजिमको प्रयोगशाला सम्झनु पर्छ ।

(ग) "**वातावरण निरीक्षक**" भन्नाले ऐनको दफा १५ बमोजिमको वातावरण निरीक्षक सम्झनु पर्छ।

(घ) "**सम्बन्धित मन्त्रालय**" भन्नाले प्रस्तावसँग सम्बन्धित विषयगत मन्त्रालय सम्झनु पर्छ।

(ङ) "**क्षतिपूर्ति**" भन्नाले नियम २५ को उपनियम (२) बमोजिमको क्षतिपूर्ति सम्झनु पर्छ ।

परिच्छेद - २

वातावरणीय अध्ययन प्रतिवेदन

३. **वातावरणीय अध्ययन गर्नु पर्नेः** ऐनको दफा ३ को उपदफा (१) को प्रयोजनको लागि प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावहरूको संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरूको

प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-३ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

४. **सार्वजनिक सुनुवाई गर्नु पर्ने :** (१) ऐनको दफा ३ को उपदफा (५) को प्रयोजनको लागि प्रस्तावकले प्रस्ताव तथा वातावरणीय अध्ययन सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा प्रस्तावकले प्रस्ताव प्रभावित क्षेत्रका सिमान्तकृत समुदाय, महिला, स्थानीय समुदाय, उपभोक्ता समूहका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधी तथा सम्बन्धित अन्य सरोकारवालालाई समेत सहभागी गराउनु पर्नेछ ।

(३) आयोजनाले समेट्ने क्षेत्रको विकटता र पहुँचको आधारमा प्रस्तावकले एकभन्दा बढी स्थानमा सार्वजनिक सुनुवाईको आयोजना गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई कार्यक्रमको लागि प्रस्तावकले मिति, समय, स्थान र प्रस्तावको विवरण खोली आवश्यकता अनुसार स्थानीय पत्रिका, रेडियो वा अन्य सञ्चार माध्यमको प्रयोग गर्नुका साथै सम्बन्धित वडा कार्यालय र सार्वजनिक स्थलमा सूचना समेत टाँस गर्नु पर्नेछ र सोको पूर्व जानकारी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायलाई समेत दिनु पर्नेछ।

(५) यस नियम बमोजिम आयोजना गरिएको सार्वजनिक सुनुवाईमा प्राप्त राय सुझाव, उपस्थिति, तस्बीर तथा श्रव्य-दृश्य सामग्री समेत वातावरणीय अध्ययन प्रतिवेदनमा संलग्न गर्नु पर्नेछ।

५. **वातावरणीय अध्ययनमा विकल्प विश्लेषण गर्नु पर्नेः** (१) ऐनको दफा ४ बमोजिम प्रस्तावको वातावरणीय अध्ययन गर्दा प्रस्ताव कार्यान्वयनको सम्भावित विकल्पहरु विश्लेषण गरी सबैभन्दा उत्तम विकल्प कार्यान्वयन गर्ने गरी छनौट गर्नुपर्नेछ।

(२) उपनियम (१) अनुसार विकल्प विश्लेषण गर्दा प्रस्तावको प्रकृति हेरी आवश्यकता अनुसार स्थान, प्रविधि, कच्चा पदार्थ र कार्यान्वयन तरिकाको विकल्पहरु विश्लेषण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमका विकल्पहरु मध्ये सबैभन्दा उत्तम विकल्प छनौट गर्दा प्रस्तावमा कुनै परिमार्जन गर्नुपर्ने भए त्यस्तो परिमार्जन समेत गर्न सकिनेछ।

(४) यस नियम बमोजिम छनौट भएको विकल्प कार्यान्वयन गर्ने गरी वातावरणीय अध्ययन कार्य सम्पन्न गर्नुपर्नेछ।

६. **क्षेत्र निर्धारण गर्नु पर्नेः** (१) ऐनको दफा ५ बमोजिम प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कनको लागि क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि प्रस्तावकले प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेको सरोकारवाला निकाय, व्यक्ति वा संस्थाबाट सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव प्राप्त गर्न अनुसूची-४ बमोजिमको ढाँचामा स्थानीय तहको कार्यालय र अन्य सार्वजनिक स्थलमा सात दिने सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा र आफ्नो वेबसाईट भए सोमा समेत प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको राय सुझाव भए उपनियम (२) बमोजिमको सूचनामा तोकिएको अवधि भित्र आफ्नो राय सुझाव लिखितरुपमा दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त राय सुझाव र सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्तावकले अनुसूची-५ बमोजिमको ढाँचामा क्षेत्र निर्धारणको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रतिवेदन तयार भए पछि प्रस्तावकले देहायको आयोजना सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदन देहाय बमोजिम पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन भए सम्बन्धित मन्त्रालय समक्ष।

(ख) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भएको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदन भए सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालय समक्ष।

(६) उपनियम (५) बमोजिम पेश भएको क्षेत्र निर्धारण प्रतिवेदन सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गरी आफ्नो राय र सिफारिस सहित पन्ध्र दिन भित्र स्वीकृतिको लागि मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको क्षेत्र निर्धारणको प्रतिवेदन मन्त्रालयले आवश्यक जाँचबुझ गरी पेश भए बमोजिम वा आवश्यकता अनुसार परिमार्जन समेत गर्न लगाई पन्ध्र दिनभित्र स्वीकृत गर्नेछ।

७. **<u>कार्यसूची स्वीकृत गर्नु पर्ने:</u>** (१) ऐनको दफा ५ को उपदफा (१) बमोजिम प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययनको लागि अनुसूची-६, प्रारम्भिक वातावरणीय परीक्षणको लागि अनुसूची-७ र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि अनुसूची-८ बमोजिमको ढाँचामा कार्यसूची तयार गरी स्वीकृतिको लागि देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षणको लागि तयार गरेको कार्यसूची भए मन्त्रालय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कनको लागि तयार गरेको कार्यसूची भए सिफारिस सहित सम्बन्धित मन्त्रालय मार्फत मन्त्रालय समक्ष।

(ख) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भएको विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यसूची भए सम्बन्धित स्थानीय तहको सिफारिस सहित स्थानीय तह मार्फत मन्त्रालय समक्ष।

(ग) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रको प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची भए स्थानीय तहको कानूनले तोकेको निकाय समक्ष।

(घ) दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची भए सम्बन्धित स्थानीय तहहरु मार्फत मन्त्रालय समक्ष।

(ङ) उपनियम (१) को (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि वन क्षेत्र प्रयोग हुने सबै किसिमका आयोजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन र

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची भए सम्बन्धित मन्त्रालय वा स्थानीय तह मार्फत मन्त्रालय समक्ष ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा कार्यसूची पेश भएको निकायले आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित पन्ध्र दिन भित्र स्वीकृतिको लागि मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(३) यस नियम बमोजिम कार्यसूची तयार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले नियम ६ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन समेतको आधार लिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम प्राप्त भएको कार्यसूची स्वीकृत गर्ने निकायले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब लागेमा आवश्यकता अनुसार परिमार्जन गर्न लगाई पन्ध्र दिन भित्र स्वीकृत गर्नेछ।

(५) वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची एकै साथ पेश भएमा मन्त्रालयले एकैसाथ जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ।

८. **<u>वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने:</u>** (१) ऐनको दफा ६ बमोजिम प्रस्तावकले वातावरणीय प्रभावहरुको नियन्त्रण तथा व्यवस्थापन गर्न वातावरणीय व्यवस्थापन योजना समेत बनाउनु पर्नेछ।

(२) उपनियम (१) अनुसार वातावरणीय व्यवस्थापन योजना बनाउँदा कार्यान्वयनका चरणहरु अनुसार कृयाकलाप, जिम्मेवारी, समयावधि, सूचक एवं बजेट सहितको हुनुपर्नेछ।

(३) उद्देश्य पुरा भई प्रस्ताव कार्यान्वयन समाप्त भएमा वा कारणवश कार्यान्वनको बीचमै प्रस्ताव खारेज हुँदा प्रस्तावको अवशेषबाट हुनसक्ने वातावरणीय ह्रास नियन्त्रण गर्ने कृयाकलापहरु समेत वातावरणीय व्यवस्थापन योजनामा समावेश गर्नुपर्नेछ।

(४) वातावरणीय व्यवस्थापन योजनामा सूचक सहितको अनुगमन तथा निरीक्षण समय तालिका संलग्न गर्नुपर्नेछ।

(५) प्रस्ताव स्वीकृत भई कार्यान्वयनमा जाँदा वातावरणीय व्यवस्थापन योजनामा उल्लेख भएका कार्यहरुको सम्पादन सम्बन्धमा प्रस्तावकले निर्माण चरणमा कम्तीमा त्रैमासिक तथा संचालन चरणमा वार्षिक रुपमा प्रगति विवरण तयार गरी स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ।

९. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने:** (१) वातावरणीय अध्ययन सम्बन्धी कार्यसूची स्वीकृत भए पश्चात प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कनको लागि राष्ट्रिय स्तरको र अन्य प्रतिवेदनको लागि स्थानीय स्तरको दैनिक पत्रिकामा र आफ्नो वेबसाईट भए सोमा समेत अनुसूची-९ बमोजिमको ढाँचामा सात दिने सार्वजनिक सूचना प्रकाशन गरी राय सुझाव संकलन गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपनियम (१) बमोजिमको सूचना प्रकाशन गर्दा प्रस्ताव कार्यान्वयन हुने स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिमको सूचना टाँस वा प्रकाशन भएकोमा सो सम्बन्धमा कसैको राय सुझाव भए सूचनामा उल्लेखित अवधि भित्र सम्बन्धित प्रस्तावक वा सूचनामा उल्लेख भएका निकायलाई आफ्नो राय सुझाव लिखित रुपमा दिनु पर्नेछ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नियम ५ बमोजिमको विकल्प विश्लेषण, नियम ६ बमोजिम स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन, नियम ७ बमोजिम स्वीकृत कार्यसूची, नियम ८ बमोजिमको वातावरणीय व्यवस्थापन योजना तथा सार्वजनिक सूचना र सार्वजनिक सुनुवाईबाट प्राप्त राय सुझावलाई मुख्य आधार बनाउनु पर्नेछ।

(५) यस नियम बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा देहायको ढाँचामा तयार गर्नु पर्नेछ :-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन अनुसूची-१० बमोजिम,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसूची-११ बमोजिम,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसूची-१२ बमोजिम ।

(६) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा अनुसूची-१३ बमोजिमका विज्ञबाट तयार गर्नु पर्नेछ ।

(७) यस नियमावली बमोजिम तयार गरिने वातावरणीय अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची नेपाली भाषामा हुनुपर्नेछ ।

तर वातावरणीय अध्ययन प्रतिवेदन, क्षेत्र निर्धारण प्रतिवेदन वा कार्यसूचीमा उल्लेख गर्नु पर्ने प्राविधिक शब्द तथा नेपाली भाषामा उल्लेख गर्दा सो शब्दको मूल आशयमा फरक पर्न सक्ने खालको शब्द अङ्ग्रेजी भाषामा उल्लेख गर्न सकिनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन अङ्ग्रेजी भाषामा तयार गरिएको भए सोको कार्यकारी सारांश सहितको संक्षिप्त प्रतिवेदन नेपाली भाषामा समेत तयार गर्नु पर्नेछ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तुत गरिएका तथ्याङ्क एवं जानकारीहरुको स्रोत एवं प्रमाणहरु खुलाउनु पर्नेछ। पेश भएका तथ्याङ्कहरुको सत्यता, यथार्थता र विश्वसनीयताको जवाफदेहिता प्रस्तावकको हुनेछ।

(१०) वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरणीय अध्ययन टोलीका सदस्यहरुको अध्ययन जिम्मेवारी र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार प्रस्ताव कार्यान्वयन गर्ने भनी प्रस्तावकको स्व-घोषणापत्र समेत प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ।

१०. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नु पर्नेः</u> (१) नियम ९ बमोजिम तयार भएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति प्रकृयाको लागि देहाय बमोजिम पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए मन्त्रालय समक्ष।

(ख) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन भए सम्बन्धित मन्त्रालय समक्ष।

(ग) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भएको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए सम्बन्धित स्थानीय तह मार्फत मन्त्रालय समक्ष।

(घ) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भएको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए स्थानीय तहको कानूनले तोकेको निकाय समक्ष।

(ङ) ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम स्थानीय तहको क्षेत्राधिकार भएको विकास निर्माण सम्बन्धी कार्य वा आयोजना दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने भए सो सम्बन्धी संक्षिप्त

वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय तहहरु मार्फत मन्त्रालय समक्ष।

(च) उपनियम (१) को (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि वन क्षेत्र प्रयोग हुने प्रस्तावको हकमा वातावरणीय अध्ययन प्रतिवेदन मन्त्रालय समक्ष।

(२) उपनियम (१) को (ख) र (ग) बमोजिम पेश भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा सम्बन्धित स्थानीय तह वा सम्बन्धित मन्त्रालयले आवश्यक जाँचबुझ गरी सो सम्बन्धमा आफ्नो रायसुझाव उल्लेख गरी सिफारिस साथ स्वीकृतिको लागि पन्ध्र दिन भित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(३) संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्दा प्रस्तावसँग सम्बन्धित कार्यालयको सिफारिस समावेश गर्नुपर्नेछ।

(४) उपनियम (२) र (३) को सिफारिस गर्दा अनुसूची-१४ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

(५) कार्यसूची स्वीकृत भएको मितिले दुई वर्ष भित्र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम समयावधि भित्र वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्न नसकिएमा प्रस्तावकले उचित कारण सहित म्याद सकिएको नब्बे दिन भित्र म्याद थपको लागि प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त भएको निवेदनलाई प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब लागेमा प्रतिवेदन पेश गर्न बढीमा एक वर्ष अवधि थप गर्न सक्नेछ।

(८) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि क्षेत्र निर्धारण एवं कार्यसूची स्वीकृत भईसकेको भए यस नियमावली जारी भएको मितिले दुई वर्ष भित्र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नुपर्नेछ।

(९) तोकिएको अवधि भित्र वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्न नसकेमा प्रस्तावकले यस नियमावली बमोजिमको वातावरणीय अध्ययन प्रकृया पुनः शुरु गर्नुपर्नेछ।

(१०) कुनै प्रस्तावको क्षेत्र निर्धारण एवं कार्यसूची स्वीकृत भैसकेको अवस्थामा प्रभावित क्षेत्र बाहेक अन्य विषयमा परिवर्तन हुने भएमा मन्त्रालयबाट स्वीकृति लिई सो परिवर्तनलाई वातावरणीय अध्ययन प्रतिवेदनमा समावेश गरी पेश गर्नुपर्नेछ।

११. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने:</u> (१) नियम १० बमोजिम पेश भएको वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा प्रस्ताव स्वीकृत गर्ने निकायले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वातावरणीय प्रतिवेदन जाँचबुझ गर्नको लागि सम्बन्धित निकायले विषय विज्ञ सहितको समिति गठन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित समितिले आवश्यकता अनुसार प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन र अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ।

(४) प्रस्ताव स्वीकृति प्रकृयामा प्रतिवेदन स्वीकृत गर्ने निकायले वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा सरोकारवाला निकायसँग आवश्यक राय सुझाव लिन सक्नेछ ।

(५) नियम १० बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा जाँचबुझ गर्दा सो विषयमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले संक्षिप्त वातावरणीय अध्ययनको

हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिनु पर्नेछ ।

(६) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालयले राय सुझाव सङ्कलन गर्नका लागि सात दिनको अवधि तोकी प्रदेश वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सोही प्रयोजनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन वेबसाईट मार्फत उपलब्ध गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम प्रकाशित सूचना अनुसार प्रस्ताव र वातावरणीय अध्ययन प्रतिवेदन उपर कसैको राय सुझाव भए सूचनाको अवधि भित्र प्रतिवेदन स्वीकृत गर्ने निकायमा पठाउन सक्नेछ।

(८) यस नियमावली बमोजिमको प्रकृया पूरा गरी प्राप्त राय सुझाव समेतको आधारमा जाँचबुझ गर्दा प्रस्ताव कार्यान्वयनले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपार्ने र नकारात्मक प्रभावको व्यवस्थापन गर्न सक्ने देखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले वातावरणीय अध्ययन प्रतिवेदन देहायको अवधि भित्र स्वीकृत गर्नेछ :-

(क) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए पन्ध्र दिन भित्र।

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए पैंतीस दिन भित्र।

(९) उपनियम (८) को प्रयोजनको लागि दिन गणना गर्दा कुनै विषयमा थप स्पष्ट गर्न लेखी पठाएको वा थप कागजात माग गरेकोमा माग बमोजिमको विषयमा स्पष्ट भई आएको वा थप कागजात प्राप्त भएको मितिबाट गणना हुनेछ।

(१०) प्रस्तावसँग सम्बन्धित कुनै व्यवस्थापन योजना, कार्ययोजना वा विस्तृत परियोजना भएमा त्यस्ता योजना वा परियोजनाको स्वीकृति

वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि वा एकै साथ गर्न सकिनेछ।

(११) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै स्थानीय तहको वातावरण सम्बन्धी कानून निर्माण नभएको अवस्थामा स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्न सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएमा मन्त्रालयले ऐन र यस नियमावली बमोजिमको प्रकृया पूरा गरी त्यस्तो प्रतिवेदन स्वीकृत गर्न बाधा पर्ने छैन।

१२. <u>पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा ८ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भई प्रस्ताव कार्यान्वयनमा जाँदा स्वीकृत प्रतिवेदनले उल्लेख गरेको प्रभाव वा क्षेत्र निर्धारण भन्दा फरक प्रभाव पर्न गएमा प्रस्तावकले पूरक वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नुपरेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याइँ सहित प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष निवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा वा मन्त्रालयले प्रस्ताव कार्यान्वयनको अनुगमन निरीक्षण गर्दा पूरक वातावरणीय अध्ययन गर्नु पर्ने अवस्था देखिएमा सो गर्न अनुमति वा आदेश दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम प्रस्तावको पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउने प्रकृया बाहेक अन्य सबै प्रकृया पूरा गर्नु पर्नेछ।

(५) यस नियमावलीमा जुनसुकै कुरा लेखिएका भए तापनि एकपटक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको प्रस्तावमा केही भौतिक पूर्वाधार, डिजाइन वा स्वरुप परिमार्जन गर्नुपर्ने र संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भएतापनि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था नदेखिएमा वा आयोजनाको क्षमता घटेमा वा रुख कटान सङ्ख्यामा थपघट गर्नु पर्ने भएमा प्रस्तावकले मन्त्रालयको अनुमति लिई वातावरणीय व्यवस्थापन योजना परिमार्जन गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(६) उपनियम (५) बमोजिम पेश हुन आएको परिमार्जित वातावरणीय व्यवस्थापन योजनालाई आवश्यक जाँचबुझ गरी प्रस्ताव कार्यान्वयनको लागि मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

१३. **वातावरणीय सम्परीक्षणको व्यवस्थाः** (१) ऐनको दफा ९ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भई कम्तीमा दुई वर्ष संचालन भैसकेको प्रस्तावहरुको मन्त्रालयले वातावरणीय सम्परीक्षण गर्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले वातावरणीय सम्परीक्षण गर्नको लागि विषय विज्ञ सहितको टोली गठन गर्न सक्नेछ।

(३) उपनियम (२) अनुसार वातावरणीय सम्परीक्षण गर्ने टोली, गठन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने टोलीमा संलग्न नभएको व्यक्ति समावेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम गठन भएको सम्परीक्षण गर्ने टोलीले मन्त्रालयको कार्यादेश अनुसार वातावरणीय सम्परीक्षण गरी ऐनको दफा ९ को उपदफा (२) बमोजिम मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम पेश भएको प्रतिवेदन उपर सुझाव कार्यान्वयनको लागी मन्त्रालयले सम्बन्धित प्रस्तावकलाई आदेश दिन सक्नेछ र सोको पालना गर्नु प्रस्तावकको कर्तब्य हुनेछ।

१४. **रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेः** (१) ऐनको दफा १० को उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारको सम्बन्धित विषयगत

मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्ने नीति, कार्यक्रम वा आयोजनाको सूची तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूची प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु अघि प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालयले त्यस्ता नीति, कार्यक्रम वा आयोजनाको विषयमा प्रदेश योजना आयोगको सहमति लिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्ने नीति, कार्यक्रम वा आयोजनाको सूची प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूची अन्तर्गत पर्ने कुनै नीति, कार्यक्रम वा आयोजना सञ्चालन गर्ने सन्दर्भमा रणनीतिक वातावरणीय विश्लेषण गर्ने प्रयोजनको लागि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले सो को क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी सहमतिका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले तीस दिनभित्र सहमति प्रदान गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम मन्त्रालयको सहमति प्राप्त भए पछि सम्बन्धित मन्त्रालयले सो सहमति समेतलाई समावेश गरी तयार गरेको क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश भएको क्षेत्र निर्धारण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेमा सो प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेषणको प्रतिवेदन तयार गरी सो उपर राय सुझाव सङ्कलन गर्नका लागि तीस दिनको अवधि तोकी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो

प्रतिवेदन डाउनलोड गर्न मिल्ने गरी सो मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम सूचना प्रकाशन भएकोमा कुनै व्यक्ति वा संस्थाले सो प्रतिवेदनको सम्बन्धमा आफ्नो कुनै राय सुझाव भए सूचनामा उल्लेख भएको अवधिभित्र सूचना प्रकाशन गर्ने सम्बन्धित मन्त्रालयमा पठाउन सक्नेछ ।

(९) उपनियम (८) बमोजिम प्राप्त राय सुझाव समेतको आधारमा सम्बन्धित मन्त्रालयले रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन तयार गरी सहमतिको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम प्राप्त रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन अध्ययन गर्दा व्यहोरा मनासिब लागेमा मन्त्रालयले आवश्यक राय सुझाव सहित बढीमा तीस दिनभित्र सहमति उपलब्ध गराउनु पर्नेछ ।

(११) उपनियम (१०) बमोजिम मन्त्रालयबाट सहमति प्राप्त भएमा सम्बन्धित मन्त्रालयले त्यस्तो रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन स्वीकृतिका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(१२) उपनियम (११) बमोजिम पेश भएको रणनीतिक वातावरणीय विश्लेषण प्रतिवेदन प्रदेश सरकार (मन्त्रिपरिषद्)ले स्वीकृत गर्न सक्नेछ ।

(१३) रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी आधार तथा सिद्धान्त अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछ ।

१५. **<u>वातावरणीय पार्श्वचित्र बनाउन सक्नेः</u>** (१) ऐनको दफा १२ अनुसार मन्त्रालयले प्रदेशको वातावरण, प्रदूषण, जलवायू परिवर्तन, औद्योगिकरण, शहरीकरण, जनसंख्या चाप, प्राकृतिक स्रोत आदिको अवस्थिति चित्रण गर्नको लागि वातावरणीय पार्श्वचित्र बनाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम वातावरणीय पार्श्वचित्र बनाउँदा प्रदेशको भौगोलिक विभाजन गरी प्रत्येक ईकाइमा कुनै वा सबै वातावरणीय अवस्थितिको नक्साङ्कन गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम वातावरणीय पार्श्वचित्र बनाउँदा मन्त्रालयले प्रदेश योजना आयोगको राय सुझाव लिन सक्नेछ।

(४) वातावरणीय पार्श्वचित्रले वातावरणीय वहन क्षमता अनुसार मानव क्रियाकलाप, विकास निर्माण कार्य वा परियोजनाको हद सिमा समेत तोक्न सक्नेछ।

(५) प्रदेशमा कार्यान्वयन गरिने विकास निर्माण एवं अन्य मानव क्रियाकलाप वा योजना/परियोजना कार्यान्वयन गर्दा पार्श्वचित्रको समेत आधार लिन सकिनेछ ।

(६) मन्त्रालयले आवश्यकता अनुसार वातावरणीय पार्श्वचित्र अध्यावधिक गरी राख्नेछ।

परिच्छेद - ३

प्रदूषण नियन्त्रण तथा नियमन

१६. **प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा १३ को उपदफा (२) र (३) बमोजिम कसैले पनि प्रदूषण हुने कार्य वा फोहरमैला निष्कासन गरी वातावरण एवं जीउधन माथि असर पुऱ्याउने कार्य गर्नु हुँदैन।

(२) प्रदेशको वातावरणीय अवयव वा यसको पूर्णताको संरक्षण र संवर्द्धन गर्न मन्त्रालयले आवश्यक अध्ययन, अनुसन्धान गरी आवश्यक मापदण्ड, शर्त वा बन्देजको सूचना जारी गर्न सक्नेछ र सोको सबैले पालना गर्नुपर्नेछ।

(३) ऐन वा यस नियमावली अनुसार तोकिएको मापदण्ड, शर्त वा सूचना विपरित कसैले वातावरण वा कसैको जीउधन माथि प्रतिकूल प्रभाव

पार्ने पदार्थ वा फोहरमैला उत्सर्जन वा निष्कासन गरेमा मन्त्रालयले सोको मूल्याङ्कन गरी गराई प्रदुषकबाट क्षतिको असुलउपर गर्नेछ ।

(४) कुनै व्यक्ति, संस्था, उद्योग वा निकायले ऐन वा यस नियमावलीमा तोकिएको शर्त वा मापदण्ड विपरीत फोहरमैला निष्काशन नगर्न सूचना वा निर्देशन गर्दा वा लुकिछिपी फोहरमैला निष्कासन गरेको कारणले जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल प्रभाव पर्न गएमा मन्त्रालयले वा स्थानीय तहले आफ्नै खर्चमा त्यस्तो फोहरमैला हटाउनु पर्ने अवस्था आएमा सो फोहर हटाउँदा लागेको खर्चमा पचास प्रतिशत रकम थप गरी त्यस्तो फोहरमैला निष्कासन गर्ने व्यक्ति, संस्था, उद्योग वा निकायसँग असुलउपर गर्नेछ।

(५) प्रदेश भित्रको वातावरण स्वच्छ र स्वस्थ्य राख्न एवं नागरिकको मौलिक हक सुरक्षित गर्न हरेक स्थानीय तहले फोहरको प्रकृति अनुसार कुहिने, पुनःप्रयोग र पुनर्उत्पादन गर्न सकिने किसिमले वर्गीकरण गरी व्यवस्थापन गर्नु पर्नेछ र सोको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१७. <u>वातावरणीय सहुलियत तथा वातावरणीय चिन्ह सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १४ को उपदफा (१) बमोजिम वातावरण वा जलवायू परिवर्तनका विषयहरुमा सकारात्मक प्रभाव पार्ने उद्योग, व्यवसाय, प्रविधि, ईलम वा प्रकृयालाई प्रोत्साहित गर्न मन्त्रालयले जाँचबुझ गरी सहुलियतको रुपमा नगद अनुदान एवं छुटको व्यवस्था गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सहुलियत एवं सुविधा उपलब्ध गराईने आधार प्रदूषण तथा हरीत गृह ग्याँस न्यूनिकरण, वैकल्पिक उर्जा प्रवर्द्धन, प्राकृतिक स्रोत संरक्षण, प्रदूषण न्यूनिकरण तथा स्वच्छ र स्वस्थ्य वातावरणमा टेवा पुग्ने खालको हुनुपर्नेछ।

(३) ऐनको दफा १४ को उपदफा (२) बमोजिम औद्योगिक तथा व्यवसायिक प्रकृया एवं उत्पादनहरुमा वातावरण मैत्री अभ्यासहरु प्रवर्द्धन

गर्न एवं सर्वसाधरणलाई सोको जानकारी दिन वातावरण मैत्रीको प्रतीक स्वरुप मन्त्रालयले वातावरणीय चिन्ह प्रदान गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त भएको वातावरणीय चिन्हलाई व्यवसायीले आफ्नो उत्पादनमा समेत प्रयोग गर्न सक्नेछन्।

(५) उपनियम (३) बमोजिमको वातावरणीय चिन्ह प्राप्त गर्न चाहने उत्पादक व्यवसायीले सो उत्पादनको विस्तृत कच्चा पदार्थ र उर्जा स्रोत, उत्पादन प्रकृया, प्रदूषण नियन्त्रणका लागि अपनाइएको विधि प्रविधि र उत्सर्जन व्यवस्थापनको विवरण सहित मन्त्रालयमा निवेदन दिनुपर्नेछ र सो निवेदनका साथ पछिल्लो दुईवटा अर्धवार्षिक रुपमा गरिएको वातावरणीय स्वअनुगमनको प्रतिवेदन पनि संलग्न गर्नुपर्नेछ।

(६) उपनियम (५) बमोजिम निवेदन प्राप्त भए पश्चात मन्त्रालयले उत्पादित पदार्थ र उत्पादन प्रकृया एवं सयन्त्रको वातावरणीय अनुगमन निरीक्षण गरी सो संयन्त्र वा उत्पादनलाई वातावरणीय चिन्ह प्रदान गर्न सक्नेछ।

(७) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भई संचालनमा रहेको प्रस्तावले उपनियम (५) र (६) बमोजिम प्रकृया पुऱ्याई प्रदूषण नियन्त्रण प्रमाण-पत्र लिन सक्नेछन्।

(८) उपनियम (६) वा (७) बमोजिम प्रदान गरिएको वातावरणीय चिन्ह वा प्रदूषण नियन्त्रण प्रमाणपत्रको वैधता तीन वर्षलाई हुनेछ।

(९) उपनियम (८) बमोजिम वातावरणीय चिन्ह वा प्रदूषण नियन्त्रण प्रमाणपत्रको वैधता समाप्त हुनु भन्दा कम्तीमा तीन महिना अगावै नवीकरणको लागि उपनियम (५) को प्रकृया पूरा गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ। यसरी प्राप्त भएको निवेदनलाई मन्त्रालयले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा दुई महिना भित्र नवीकरण गर्न सक्नेछ।

(१०) वातावरणीय चिन्ह वा प्रदूषण नियन्त्रण प्रमाणपत्र प्राप्त गरेको उत्पादन वा प्रकृया वातावरण मैत्री नभएको वा प्रदूषणयुक्त भएको

पाईएमा मन्त्रालयले जुनसुकै बखत प्रदान गरेको वातावरणीय चिन्ह वा प्रदूषण नियन्त्रण प्रमाणपत्र खारेज गर्न सक्नेछ।

१८. **वातावरण निरीक्षकको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १६ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणको लागि प्रदेशमा अवस्थित जुनसुकै तहबाट स्वीकृत भएका प्रस्तावहरुको कार्यान्वयन अवस्थाको वातावरणीय अनुगमन निरीक्षण गर्ने।

(ख) प्रदेशमा स्वच्छ र स्वस्थ्य वातावरण कायम गर्न एवं प्रदूषण नियन्त्रणको लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने।

(ग) प्रदेश भित्रको वातावरण अध्ययन प्रकृया एवं स्वीकृति प्रकृया प्रभावकारी बनाउन आवश्यक प्राविधिक राय सुझाव दिने।

(घ) निरीक्षणको दौरानमा कुनै दस्तावेज, अभिलेख वा सामान, उपकरण वा पदार्थ एवं नमूना आवश्यक परेमा नियन्त्रणमा लिने।

(ङ) वातावरण निरीक्षणमा पाइएका विषयवस्तु र राय सहितको निरीक्षण प्रतिवेदन सम्बन्धित सरोकारवाला निकाय वा मन्त्रालय समक्ष पेश गर्ने।

(च) प्रदेश भित्रको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणको लागि यस नियम बमोजिमका कार्य सम्पादन गर्दा खटनपटन र नियमित प्रतिवेदनका सन्दर्भमा मन्त्रालयको सचिव प्रति जवाफदेही हुने।

१९. **सुरक्षा व्यवस्था मिलाउनु पर्नेः** ऐन तथा यस नियमावलीमा उल्लिखित कार्य गर्ने क्रममा कसैले वातावरण निरीक्षकलाई बाधा अवरोध गरेमा वा निजले निरीक्षण गर्न जाँदा सुरक्षा व्यवस्था प्रयोग गर्नु पर्ने भएमा निजले सम्बन्धित स्थानीय प्रशासनसँग सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग माग गरेकोमा सम्बन्धित स्थानीय प्रशासनले आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

२०. <u>नमूना सङ्कलन सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १७ बमोजिम मन्त्रालयले वातावरण संरक्षण गर्नको लागि आवश्यक वातावरणीय अवयव वा पदार्थको नमूना संकलन गरी जाँच एवं परीक्षण गर्न सक्नेछ।

(२) उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन वा निष्कासन हुने वा हुन सक्ने प्रदूषण तथा फोहरमैलाको विवरण यकिन गर्न मन्त्रालयले अनुसूची-१६ बमोजिमको विवरण अनुसार नमूना संकलन गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम नमूना संकलन गर्दा सम्बन्धित सरोकारवालाले आवश्यक सहयोग गर्नुपर्नेछ।

(४) उपनियम (१) र (२) बमोजिम सङ्कलन गरिएको नमूना नियम २१ को उपनियम (१) बमोजिमको प्रयोगशालाबाट परीक्षण गर्ने वा गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम नमूनाको परीक्षण भए पछि सोको विश्लेषण समेत गरी नतिजाको अभिलेखिकरण गर्नु पर्नेछ ।

(६) उपनियम (२) बमोजिम गरिएको नमूना परीक्षण नतिजा संवेदनशीलताको आधारमा प्रकाशन गर्न सकिनेछ ।

२१. <u>प्रयोगशाला सञ्चालन तथा व्यवस्थापनः</u> (१) ऐनको दफा १८ को प्रयोजनको लागि वायु, जल, जमीन, उर्जा, विकिरण वा ध्वनि प्रदूषण नियन्त्रण एवं वातावरण सम्बन्धी जाँच तथा परीक्षण गर्न मन्त्रालयले वातावरण प्रयोगशालाको व्यवस्थापन गर्नसक्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रयोगशाला वा ऐनको दफा १८ को उपदफा (२) बमोजिम नमुना जाँच वा परीक्षण गर्ने प्रयोगशालाले मन्त्रालय वा अन्य निकायबाट परीक्षण गर्न अनुरोध गरिएका नमूनालाई प्राथमिकता दिई परीक्षण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको प्रयोगशालामा प्राविधिक वा विशेष कारणले नमूना जाँच गर्न नसकिएमा त्यस्तो क्षमता वा विशेषता भएको र मन्त्रालयले तोकेको अन्य प्रयोगशालाबाट नमूना परीक्षण गराउन सक्नेछ।

(४) यस नियमावली प्रयोजनको लागि स्थापित भएका प्रयोगशालाले प्रचलित कानून बमोजिमको मापदण्ड पालना गर्नुपर्नेछ।

(५) यस नियमावली बमोजिम स्थापना हुने प्रयोगशालाको संचालन एवं नियमन सम्बन्धी कार्यविधि मन्त्रालयले बनाउन सक्नेछ।

परिच्छेद - ४

जलवायु परिवर्तन सम्बन्धी व्यवस्था

२२. **अनुकूलन योजना बनाउन सक्नेः** (१) ऐनको दफा १९ बमोजिम मन्त्रालयले र स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकारमा जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिम न्यूनिकरण गर्न वा अनुकूलन गर्न गराउनको लागि रेजिलियन्स सहितको अनुकूलन योजना देहाय बमोजिमको आधारमा बनाई कार्यान्वयन गर्न सक्नेछ।

(क) जलवायू परिवर्तन संकट सन्नता विश्लेषण एवं संकटासन्न क्षेत्र र समुदायलाई प्राथमिकता दिनुपर्ने।

(ख) सकंटासन्नता विश्लेषण गर्दा पहिचान गरिएका न्यूनिकरण र अनुकूलनका कार्यहरुलाई प्राथमिकिकरण एवं विकासको मूलधारमा समाहितीकरण गर्नुपर्ने।

(ग) अनुकूलन योजना कार्यान्वयन गर्दा अनुगमन मूल्याङ्कनबाट प्राप्त भएको पृष्ठपोषणबाट अनुकूलन योजनालाई परिमार्जन गर्न सकिने।

(घ) अनुकूलन योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय व्यवस्थापन प्रदेश स्तरको हकमा प्रदेश सरकार र स्थानीय तहको हकमा स्थानीय सरकारले गर्नुपर्ने।

(ङ) जलवायू परिवर्तन अनुकूलन योजना बनाउँदा तथा कार्यान्वयन गर्दा प्रदेश योजना आयोगको समन्वयमा गर्न सकिने।

२३. <u>जलवायू परिवर्तन तथा जोखिम सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा २० बमोजिम हरीतगृह ग्याँस उत्सर्जन सम्बन्धमा मन्त्रालयले उत्सर्जन नियन्त्रण सम्बन्धी आवश्यक प्रादेशिक रणनीति, योजना, कार्यक्रम एवं मापदण्ड तोकी लागू गर्न सक्नेछ।

(२) हरीतगृह ग्याँस नियन्त्रण सम्बन्धी कार्य गर्दा मानवजन्य उत्सर्जन स्रोतको पहिचान गर्दै नियन्त्रण कार्यमा र सम्बन्धित अवशोषकको प्रवर्द्धन कार्यमा केन्द्रित रहनेछ।

(३) मन्त्रालयले जलवायू परिवर्तन सम्बन्धी कार्य गर्दा जोखिममा परेको पारिस्थितिकीय प्रणाली, कृषि, सामाजिक-आर्थिक लगायत अन्य क्षेत्रहरुको पहिचान गरी क्षेत्रगत रुपमा विशेष संरक्षण र पूनर्स्थापनाका कार्य लागू गर्न सक्नेछ।

परिच्छेद - ५

<u>वातावरण संरक्षण सम्बन्धी व्यवस्था</u>

२४. <u>वातावरणीय संरक्षण क्षेत्र तोक्न सक्नेः</u> (१) ऐनको दफा २१ बमोजिम मन्त्रालयले प्रदेशको कुनै क्षेत्रको साँस्कृतिक, पुरातात्विक, धार्मिक र वातावरणीय दृष्टिकोणले महत्त्व रहेको विशेष क्षेत्रको संरक्षण गर्न आवश्यक ठानेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सो क्षेत्रलाई वातावरणीय संरक्षण क्षेत्र तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा मानवजन्य गतिविधीहरु नियन्त्रण गर्दै वातावरण संरक्षण, प्रदूषण नियन्त्रण, जलवायू परिवर्तन व्यवस्थापन एवं जैविक विविधता सम्बन्धित कार्ययोजना मन्त्रालयबाट स्वीकृत गरी लागू गर्न सकिनेछ।

(३) उपनियम (१) बमोजिम वातावरणीय क्षेत्र निर्धारण गर्दा तथा कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग सहित सिमान्तकृत एवं स्थानीय समुदाय तथा स्थानीय तहको सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(४) प्रदूषणको कारणले वातावरण तथा जीउधनमा पर्ने सम्भावित जोखिम न्यूनिकरणको लागि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश भित्रको कुनै क्षेत्रलाई प्रदूषणयुक्त क्षेत्र तोक्न सक्नेछ।

(५) उपनियम (४) अनुसारको प्रदूषणयुक्त क्षेत्रबाट प्रदूषणको जोखिम घटाउन मन्त्रालयले टोली गठन गरी अध्ययन अनुसन्धान गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिमको टोलीले प्रदूषणयुक्त क्षेत्रको अध्ययन गरी मन्त्रालयमा कार्ययोजना सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(७) उपनियम (६) बमोजिम पेश भएको प्रतिवेदन मन्त्रालयले आवश्यकता अनुसार संशोधन एवं कार्य टोली गठन गरी प्रतिवेदनको कार्ययोजना कार्यान्वयन गर्न सक्नेछ।

परिच्छेद - ६

क्षतिपूर्ति सम्बन्धी व्यवस्था

२५. **क्षतिपूर्ति भराउने:** (१) ऐनको दफा २६ को उपदफा (१) वा (२) बमोजिम क्षतिपूर्तिको लागि निवेदन प्राप्त भएमा मन्त्रालयले त्यस्तो निवेदनको सम्बन्धमा सम्बद्ध ठाउँको वस्तुस्थिति समेतको जाँचबुझ गर्न निवेदन प्राप्त भएको पन्ध्र दिन भित्र सो दफाको उपदफा (४) बमोजिम समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले प्राप्त निवेदनको सम्बन्धमा सम्बन्धित ठाउँको वस्तुस्थिति समेत जाँचबुझ गरी राय सहितको प्रतिवेदन तयार गरी तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनमा सो समितिले पीडित पक्षलाई पुग्न गएको क्षतिको किसिम, परिमाण, असर प्रभावको यकिन गरी कस्तो प्रकारको क्षतिपूर्ति भराउनु पर्ने हो सो समेत खुलाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा मन्त्रालयले साठी दिनभित्र क्षतिपूर्तिका विषयमा निर्णय गरी सोको जानकारी निवेदक तथा क्षतिपूर्ति भराउने पक्षलाई समेत दिनु पर्नेछ।

२६. **जायजेथाबाट क्षतिपूर्ति असुल उपर गरिनेः** (१) क्षतिपूर्ति बुझाउनु पर्ने सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले नियम २५ बमोजिमको म्यादभित्र क्षतिपूर्तिको रकम नबुझाएमा त्यस्तो क्षतिपूर्ति पाउने व्यक्ति वा संस्थाले सो म्याद नाघेको तीस दिन भित्र त्यस्तो क्षतिपूर्ति बुझाउनु पर्ने दायित्व भएको व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा खुलाई क्षतिपूर्ति असुल उपर गरी पाउन मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा मन्त्रालयले क्षतिपूर्ति बुझाउने दायित्व भएको व्यक्ति, संस्था वा प्रस्तावकको जायजेथा प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी क्षतिपूर्तिको रकम भराई दिई बाँकी रकम प्रचलित कानून बमोजिमको रीत पुऱ्याई लिन आएमा सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई फिर्ता दिनु पर्नेछ ।

परिच्छेद - ७

विविध

२७. **अनुगमन तथा निरीक्षणः** (१) ऐनको दफा २८ बमोजिम मन्त्रालयले वा सम्बन्धित स्थानीय तहले प्रस्ताव कार्यान्वयनको अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित प्रभाव भन्दा बढी नकारात्मक प्रभाव परेको देखिएमा त्यस्ता प्रभाव हटाउन वा हटाउने उपाय अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ।

(३) ऐनको दफा २८ को उपदफा (१) बमोजिम सम्बन्धित स्थानीय तहले आफूले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिन भित्र मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(४) ऐनको दफा २८ को उपदफा (१) वा (२) बमोजिम मन्त्रालय र सम्बन्धित स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्दा देहायका व्यवस्था अवलम्बन गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षणका लागि प्रत्येक वर्ष कार्ययोजनाको तर्जुमा गर्ने,

(ख) खण्ड (क) बमोजिम तयार गरिएको कार्य योजना अनुसार आवश्यक पर्ने जनशक्ति र खर्चको लेखाजोखा गरी वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गराउने,

(ग) अनुसूची-१७ बमोजिमको ढाँचामा अनुगमन तथा निरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र सार्वजनिक गर्ने ।

(५) उपनियम (४) को खण्ड (ग) बमोजिमको प्रतिवेदनद्वारा औंल्याइएका सुझाव तथा सिफारिसको प्राथमिकता र अनिवार्यताका आधारमा सम्बन्धित प्रस्तावकहरुले कार्यान्वयन गर्नु पर्नेछ।

(६) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा परेको प्रभावको विषयमा वार्षिक रुपमा स्वःअनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२८. **<u>पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्नेः</u>** मन्त्रालयले वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय वा प्रादेशिक सम्पदाको संरक्षण

सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई कदर स्वरुप नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्न सक्नेछ ।

२९. **वातावरण विशेषज्ञको रोष्टर अद्यावधिक राख्नु पर्नेः** मन्त्रालयले वातावरण संरक्षणको क्षेत्रमा विज्ञता हासिल गरेका र वातावरण संरक्षण क्षेत्रमा लामो अनुभव र महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरुको रोष्टर तयार गरी अद्यावधिक राख्नेछ।

३०. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)
संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावहरु

(क) **वन क्षेत्रः**

(१) १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने।

(३) २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैँचा, प्राणी उद्यान र चिडियाखाना निर्माण गर्ने।

(४) आयातित जङ्गली जनावरहरु प्रतिस्थापन गर्ने।

(५) वन क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घन मिटर सम्म बालुवा, ढुंगा, ग्राभेल र माटो संकलन गर्ने।

(६) १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने।

(७) जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म खोटो सङ्कलन गर्ने।

(८) क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा संचालन गर्ने आयोजना निर्माण गर्न ।

(९) स्रोत माथिको पँहुच, उपयोग र लाभको बाँडफाँड गर्ने।

(१०) तराईमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टरसम्म क्षेत्रफलको वन क्षेत्र व्यावसायिक कबुलियती वनको रूपमा दिने ।

(११) प्रदेश सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने ।

(१२) ५ देखी १० किलोमिटरसम्म लम्बाई भएको वन पथ वा अग्नी रेखा निर्माण गर्ने।

(१३) देहायका प्रस्तावहरुः

(क) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसार क्षेत्रमा सूचिकृत सीमसार क्षेत्रबाट भएर वग्ने नदीनालाको सतहबाट व्यवसायिक प्रयोजन बाहेक आयोजना संचालक आफैले सञ्चालन गर्ने विकास निर्माणका लागि आवश्यक पर्ने बालुवा, ढुंगा, ग्राभेल र माटो दैनिक १० देखि ५० घन मिटर सम्म निकाल्ने कार्य।

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा रहेका निजी बाहेकका जग्गामा प्रदेश सरकार वा स्थानीय सरकारबाट उपभोक्ता समूह मार्फत निर्माण तथा संचालन गर्ने आयोजना।

(ख) **<u>स्वास्थ्य क्षेत्रः</u>** १६ देखि २५ शैय्यासम्मको अस्पताल वा नर्सिङ्ग होम सञ्चालन गर्ने ।

(ग) **<u>पर्यटन क्षेत्रः</u>** २५ बेड देखि ५० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने।

(घ) **<u>सडक क्षेत्र</u>**

(१) १०० मीटर लम्बाईसम्मको पुल निर्माण गर्न ।

(२) प्रदेश तथा स्थानीय तहबाट निर्माण हुने स्थानीय स्तरका सडक।

(ङ) **<u>उर्जा, जलस्रोत तथा सिंचाई क्षेत्रः</u>**

(१) १०० हेक्टरसम्म लिफ्ट सिंचाइ आयोजना निर्माण गर्ने।

(२) ६६ के.भी. सम्मको विद्युत प्रशारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्ने।

(३) जल तथा मौसम मापन केन्द्र र मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्ने।

(४) १ देखि ३ मेगावाट सम्मको जलविद्युत उत्पादन गर्ने कार्य।

(५) १,००० देखि १,५०० घन मिटर क्षमताको बायोग्याँस प्लाण्ट निर्माण गर्ने कार्य।

(च) **<u>आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्रः</u>**

(१) ७ देखि १० तल्ला वा १५ देखि २५ मिटरसम्म उचाइका भवन निर्माण गर्ने ।

(२) ३,००० देखि ५,००० वर्गमिटर क्षेत्रफलसम्मको निर्माणक्षेत्र वा भूँईक्षेत्रफल भएको आवासीय, व्यावसायिक वा दुवै प्रकृति भएको भवन निर्माण गर्ने ।

(३) ५०० देखि १,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्ट हल, स्पोर्टस् वा व्यापारिक कम्पलेक्स आदि निर्माण गर्ने ।

(४) ५ देखि १० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने ।

(५) १ देखी ५ हेक्टरसम्म सुख्खा सतह ढलान (सुख्खा बन्दरगाह, बसपार्क, पार्किङलट आदि) निर्माण गर्ने।

(६) ५,००० देखि १०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा संचालन गर्ने।

(छ) **<u>उद्योग क्षेत्रः</u>**

(१) दैनिक २ देखि १०० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२) मेसिन उपकरणमा १ देखि ५ करोड रुपैयाँसम्म लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा संचालन गर्ने।

(३) वन क्षेत्र बाहेक अन्य स्थानमा ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने।

(४) साधारण निर्माणमुखी ढुंगा, डेकोरेटिभ ढुंगा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो उत्खनन्को लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् कार्य गर्ने।

(५) नदीनाला सतहबाट दैनिक १०० घन मिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

(ज) **शिक्षा क्षेत्रः** ५० शैयासम्मको शिक्षण अस्पताल संचालन गर्ने।

(झ) **खानी क्षेत्रः**

(१) दैनिक २५ मेट्रिक टनसम्म बालुवा प्रशोधन गर्ने।

(२) साधरण निर्माणमुखी ढुंगा, ग्राभेल, औद्योगिक माटोको लागि दैनिक ५० घन मिटरसम्म उत्खनन् कार्य गर्ने।

अनुसूची-२
(नियम ३ सँग सम्बन्धित)
प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु

(क) **वन क्षेत्रः**

(१) तराईमा ५० हेक्टर भन्दा बढी ५०० हेक्टरसम्म र पहाडमा ५० हेक्टर भन्दा बढी २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

(२) सम्बन्धित ठाँउमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवाहरू तराईमा १० हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टर भन्दा बढी देखि २५ हेक्टरसम्मका क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

(३) तराईमा २० हेक्टर भन्दा बढी देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टर भन्दा बढी देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यवसायिक वन कबुलियती वनको रूपमा दिने ।

(४) प्रदेश सरकारद्वारा वन अनुसन्धानको प्रयोजनार्थ वार्षिक १५ हेक्टर भन्दा बढी देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने ।

(५) निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र वा वन संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्र स्थापना गर्ने वा विस्तार गर्ने ।

(६) २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन वीउ बगैंचा, प्राणी उद्यान र चिडियाखाना निर्माण गर्ने ।

(७) प्रादेशिक निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र तथा संरक्षित जलाधार क्षेत्र व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

(८) देहाय परिमाणमा वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्चवर्षीय वन कार्य योजना, मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्य योजना तयार गर्ने।

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो संकलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात/डाँठ संकलन गर्ने (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लेपात, तेजपात बाहेक) ।

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल वा बीज संकलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान संकलन गर्ने ।

(ज) वार्षिक २ लाख घन फिट भन्दा बढी काठ उत्पादन तथा संकलन गर्ने।

(९) सार्वजनिक बुटयान क्षेत्रमा जडिबुटी र सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडिबुटी केन्द्र स्थापना गर्ने ।

(१०) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिहरुको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर सङ्कलन गर्ने ।

(११) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सीमसार क्षेत्र वा संरक्षित क्षेत्र भएर वहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने ।

(१२) १ हेक्टर देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने ।

तर यस नियमावली प्रारम्भ हुनु अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडक तथा सिंचाई नहरको स्तरोन्नती गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नुपर्नेछ।

(१३) वन क्षेत्र, संरक्षण क्षेत्र भित्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्र भित्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्र भित्रको वन क्षेत्रमा २५ शैय्यासम्मको रिसोर्ट, होटल, अस्पताल वा २५ कोठासम्मको शिक्षण संस्था निर्माण कार्य गर्ने ।

(१४) स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने।

(१५) बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको प्रथम आगमन (ईन्ट्रोडक्सन) लगायत जि. एम. ओ. (जेनेटिकल्ली मोडिफाइड अर्गानिज्म) र एल.एम.ओ. (लिभिङ मोडिफाइड अर्गानिज्म) प्रभावित प्रजाति एवं प्रविधिको स्थापना, प्रशारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने ।

(१६) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनभन्दा बढी खोटो सङ्कलन गर्ने।

(१७) १० किलोमिटर भन्दा बढी लम्बाईको वन पथ वा अग्नी रेखा निर्माण गर्ने।

(१८) देहायका प्रस्तावहरुः

(क) मध्यवर्ती क्षेत्र भित्र विद्युत प्रसारण लाइन वा विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण कार्य।

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र १० मेगावाट सम्मको जलविद्युत आयोजना वा १३२ के.भि. वा सो भन्दा कम भोल्टेज स्तरका विद्युत प्रसारण वा वितरण लाइन र सो अन्तर्गतका सबस्टेशन निर्माण कार्य।

(ख) उद्योग क्षेत्र

(१) ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने तथा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको ब्वाइलर र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने ।

(२) कार्बोनेटेड वा ननकार्बोनेटेड बेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(३) वनस्पति घ्यू वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४) दैनिक १ मेट्रिक टनभन्दा बढी चिया, कफी, जडिबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(५) दैनिक १०० देखि ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(६) दैनिक १० मेट्रिक टनभन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(८) दैनिक १५,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(९) पाइपलाईन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेन्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(१०) एल. पी. जी. ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(११) कार्वन डाई-अक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(१२) वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको ईट्टा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने।

(१३) दैनिक १० हजार भन्दा बढी कम्प्रेस्ड ईट्टा, होलो ईट्टा/ब्लक्स उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१४) दैनिक १,००० मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने ।

(१५) दैनिक २५ मेट्रिक टनभन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(१६) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१७) रसायन (प्लाष्टिसाईजर, क्लोरिन, सोडियम हाइपो-क्लोराइड आदि), ग्लु, एधेसिभ बनाउने उद्योग स्थापना गर्ने ।

(१८) जिङ्क अक्साइड उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१९) श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२०) ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२१) ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(२२) लामखुट्टे वा अन्य किरा रिपेलेन्ट (झोल, क्वाईल, ट्याबलेट, लोसन, धुप आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२३) दैनिक ५ मेट्रिक टनभन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाईजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२४) दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन, सर्फ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२५) ब्याट्री (ड्राइ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२६) दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(२७) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टनभन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

(२८) परम्परागत घरेलु उद्योगबाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

(२९) दैनिक १ मेट्रिक टनभन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३०) दैनिक ५ मेट्रिक टनभन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(३१) डाईङ्ग (परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई गर्ने गलैंचा, पस्मिना समेत) उद्योग स्थापना गर्ने।

(३२) दैनिक ५ मेट्रिक टनभन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(३३) स्पिनिङ्ग मिल स्थापना गर्ने ।

(३४) जुट उद्योग स्थापना गर्ने ।

(३५) कोयर डोरी वा कोयर म्याट्रेस उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(३६) चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

(३७) दैनिक ३,००० मेट्रिक टनसम्म चुन उत्पादन उद्योग स्थापना गर्ने।

(३८) दैनिक १० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको वा २० करोड देखि २ अर्बसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(३९) औषधि उद्योग स्थापना गर्ने र दैनिक ५० मेट्रिक टनसम्म औषधीको लागि प्रारम्भिक कम्पाउण्ड संश्लेषण वा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४०) दैनिक ५०० किलोग्राम भन्दा बढी आयुर्वेदिक औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४१) दैनिक ५ मेट्रिक टनभन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न, रयापर, आदि उत्पादन गर्ने सहित) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा भर्जिन ग्रयानुल्स, रेजिन, कम्पाउण्ड मा आधारित) स्थापना गर्ने ।

(४२) टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४३) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने ।

(४४) एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन वा चाँदीको प्लेटिङ गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने।

(४५) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने ।

(४६) दैनिक १० मेट्रिक टनभन्दा बढी कट्-टु-लेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने ।

(४७) दैनिक ५० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने ।

(४८) दैनिक ५०० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(४९) दैनिक ७५० मेट्रिक टनसम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग गर्ने उद्योग स्थापना गर्ने।

(५०) १० मेट्रिक टनभन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने।

(५१) गाडी, मोटर साईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(५२) १ करोड रुपैया भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरु एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(५३) दैनिक १ मेट्रिक टनभन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन वा विधुत ट्रान्सफर्मर उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(५४) मेसिन उपकरणमा ५ करोड रुपैयाभन्दा बढी लगानी भएको वर्कशप (मर्मात सम्भार गर्ने समेत) स्थापना गर्ने ।

(५५) मेसिन उपकरणमा ५ करोड रुपैया भन्दा बढी लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने ।

(५६) सबै प्रकारका ग्याँस सिलिन्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(५७) उद्योगले आफ्नो प्रयोगको लागि ५ देखि ४० मेगावाटसम्म वैकल्पिक ऊर्जा प्रविधि (सौर्य, वायू,जैविक आदि) बाट कोजेनेरेशन, ट्राईजेनेरेशन वा डिजिसेटबाट विद्युतीय ऊर्जा वा ताप उत्पादन गर्ने।

(५८) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने ।

(५९) वार्षिक ५० हजार देखि ५ लाख घन फिटसम्म काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने ।

(६०) दैनिक ५०० घन फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६१) रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६२) बार्षिक २ लाख घन फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने।

(६३) दैनिक ५ मेट्रिक टनभन्दा बढी बाँस तथा बेतका सामानहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६४) दैनिक ५०० किलोग्राम भन्दा बढी सुर्तिजन्य पानमसलाहरु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६५) चुरोट तथा बिडी उत्पादन (सूर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने ।

(६६) सलाई उद्योग स्थापना गर्ने ।

(६७) दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६८) सोल्भेन्ट एक्सट्र्याक्सन प्रक्रियाबाट खाने तेलबाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(६९) एक्सट्र्याक्सन, डिष्टिलेसन आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७०) अर्ध प्रशोधित तेल, फोस्सिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७१) दैनिक ५ लिटर भन्दा बढी रसायन तथा रिएजेण्ट प्रयोग हुने प्रयोगशाला स्थापना गर्ने ।

(७२) काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(७३) दैनिक १ मेट्रिक टनभन्दा बढी पशुपन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७४) दैनिक २०० जोरभन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७५) दैनिक १ लाखभन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने।

(७६) दैनिक १०० मेट्रिक टनभन्दा बढी कार्गो ह्याण्डलिङ गर्ने उद्योग स्थापना गर्ने ।

(७७) कम्प्युटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु

बाहेक रु. २५ करोड देखि २ अर्ब रुपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग ।

(७८) अस्फाल्ट ब्याचिङ्ग प्लाण्ट स्थापना तथा संचालन गर्ने।

(ग) **खानी क्षेत्रः**

(१) १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन् गर्ने ।

(२) रेडियोधर्मी धातुहरु बाहेक अन्य धातुहरु उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक १,००० टनसम्म वा सतही उत्खनन् भए दैनिक २,००० टनसम्म उत्खनन् कार्य गर्ने ।

(३) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन् भए दैनिक २,००० टनसम्म वा सतही उत्खनन् भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खनन् कार्य गर्ने ।

(४) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको दैनिक ५० देखि ५०० घन मिटरसम्म उत्खनन् कार्य गर्ने ।

(५) कोईला तथा मट्टीकोईलाको लागि सतही उत्खनन् दैनिक १,००० टनसम्म वा भूमिगत उत्खनन् दैनिक २,००० टनसम्मको कार्य।

(६) दैनिक २ लाख घन मिटरसम्म प्राकृतिक ग्याँस उत्पादन कार्य गर्ने।

(७) नदीनाला सतहबाट दैनिक १०० घन मिटर भन्दा बढी ३०० घन मिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

(घ) सडक क्षेत्रः

(१) २५ किलोमिटरसम्म लम्बाईको नयाँ सडकहरु निर्माण गर्ने ।

(२) ५ देखि ५० किलोमिटरसम्मको रज्जुमार्ग निर्माण गर्ने ।

(३) १ देखि ५ किलोमिटरसम्मको केबुल कार मार्ग निर्माण गर्ने ।

(४) १०० मिटरभन्दा बढी लम्बाईको पुल निर्माण गर्ने ।

(५) सडक प्रयोजनको लागि १ देखि ३ किलोमिटरसम्मको सुरुङ बनाउने।

(६) चारपाङ्ग्रे सवारी सञ्चालन हुने अकाशे पुल (फ्लाई ओवर) निर्माण गर्ने।

(७) सार्वजनिक यातायातको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने।

(८) १० किलोमिटर भन्दा बढी ५० किलोमिटरसम्म लम्बाईको प्रदेश सडक तथा सहायक सडकहरूको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना तथा पुनः निर्माण गर्ने ।

(ङ) **<u>आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्रः</u>**

(१) ५,००० भन्दा बढी १०,००० वर्गमिटर क्षेत्रफलसम्मको निर्माण क्षेत्र वा भूँईक्षेत्रफल भएको आवासीय, व्यवसायिक वा दुवैको संयूक्त भवन निर्माण गर्ने ।

(२) १,००० देखि २,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्टहल, स्पोर्टस् वा व्यापारिक कम्प्लेक्स आदि निर्माण गर्ने ।

(३) १ हेक्टरदेखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने ।

(४) १० हेक्टरदेखि १०० हेक्टरसम्मको जग्गा विकास आयोजना सञ्चालन गर्ने ।

(५) ५ हेक्टरभन्दा बढी सुख्खा सतह ढलान (सुख्खा बन्दरगाह, बसपार्क, पार्किङलट आदि) निर्माण गर्ने ।

(६) २०,००० घन मिटरभन्दा माथि माटो पुर्ने तथा माटो काटी साइट विकास गर्ने ।

(७) ११ तल्ला वा २५ मिटरभन्दा बढी १६ तल्ला वा ५० मिटरसम्म उचाई भएको भवन निर्माण गर्ने।

(८) १०,००० देखि २०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

(च) <u>जलस्रोत र ऊर्जा क्षेत्रः</u>

(१) विद्युत प्रशारण लाईन र सबस्टेशन निर्माण अन्तर्गतः-

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने ।

(ख) विद्यमान २२० के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सवस्टेशन निर्माण गर्ने ।

(२) विद्युत उत्पादन अन्तर्गतः

(क) ३ भन्दा माथि देखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने।

(ख) १ देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) १,५०० घन मिटर भन्दा बढी क्षमताको बायोग्याँस प्लाण्ट निर्माण गर्ने।

(३) सिंचाईको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई वा भित्री मधेशमा २०० हेक्टर देखि २,००० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने ।

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने ।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिंचाई गर्ने।

(घ) १०० हेक्टरभन्दा बढीको लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने।

(४) सिंचाईको पुनरुत्थान प्रणाली अन्तर्गतः विद्यमान प्रणाली भित्रका सिंचाई आयोजनामा नयाँ हेडवर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने।

(५) २५ देखि १०० जनासम्म स्थायी बसोबास भएका जनसंख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य।

(६) १० किलोमिटर भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने ।

(७) १५ देखि ३० हेक्टरसम्मको क्षेत्रफलमा कृत्रिम जलाशय निर्माण कार्य।

(८) २० घन मिटर प्रति सेकेन्ड भन्दा बढीको दरले पानी अर्को जलाधार डाइभर्सन निर्माण कार्य।

(९) नवीकरणीय ऊर्जा क्षेत्रः

(क) १ देखि १० मेगावाट क्षमतासम्मको सौर्य उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ख) १ देखि १० मेगावाट क्षमतासम्मको वायु उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(ग) ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक उर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (बगास) बाट विद्युत सहउत्पादन (कोजेनेरेशन) हुने आयोजना संचालन गर्न ।

(छ) <u>पर्यटन क्षेत्रः</u>

(१) ५१ देखि १०० शैयासम्मको होटल वा रिसोर्ट स्थापना तथा सञ्चालन गर्ने ।

(२) विद्यमान विमानस्थलमा क्षेत्रफल थप्ने ।

(३) माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी ऱ्याफ्टिङ्ग कार्य वा क्रुज सञ्चालन गर्ने।

(४) तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

(ज) <u>खानेपानी क्षेत्रः</u>

(१) १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षाको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतहरूको प्रयोग गर्ने ।

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेन्ड भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने।

(३) प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने ।

(४) भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने ।

(५) १ देखी ३ किलोमिटर सम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

(६) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसंख्या विस्थापन गर्ने ।

(७) पानीको श्रोतको माथिल्लो भागमा ५०० जनसंख्यासम्मको बसोबास गराउने ।

(८) ५० हजारदेखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने।

(९) ५० हजारदेखि २ लाखसम्मको जनसंख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने ।

(१०) १ किलोमिटर भन्दा बढीको डाइभरसन् सम्बन्धी काम गर्ने ।

(११) २५,००० भन्दा बढी जनसंख्यालाई सेवा दिने ट्रिटमेन्ट सहितको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने।

(झ) **<u>फोहोर मैला व्यवस्थापन क्षेत्रः</u>** घर तथा आवास क्षेत्रबाट निस्कने फोहरमैला सम्बन्धमा देहायको काम गर्नेः-

(१) वार्षिक १,००० देखि ५,००० मेट्रिक टनसम्म फोहोरमैला जमिनमा भर्ने ।

(२) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने।

(३) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने ।

(४) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने ।

(५) ५ एम. एल. डी. क्षमता सम्मको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने ।

(६) ५०,००० सम्मको जनसंख्यालाई टेवा पुर्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई वा फोहरमैला व्यवस्थापन कार्य गर्ने।

(ञ) **<u>कृषि क्षेत्रः</u>**

(१) पहाडमा १ हेक्टरसम्म र तराईमा ५ हेक्टरसम्म राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने ।

(२) निर्माण सम्बन्धी देहायको काम गर्ने ।

(क) ३०,००० वटाभन्दा बढी पंक्षी जाति पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ख) १,००० वटाभन्दा बढी ठूला चौपायाहरू पाल्नको लागि निर्माण कार्य गर्ने ।

(ग) ५,००० वटाभन्दा बढी साना चौपायाहरू (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने ।

(घ) २,००० वटा भन्दा बढी बगुंर/सुगुंर पाल्नको लागि निर्माण कार्य गर्ने।

(ङ) महानगरपालिका र उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराईमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने ।

(च) वार्षिक २५ करोडभन्दा बढी माछाको भूरा उत्पादन गर्न ह्याचरीका लागि पोखरी निर्माण गर्ने।

(छ) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण सम्बन्धी दैनिक २,००० भन्दा बढी नमूना संकलन तथा परीक्षण कार्यको लागि प्रयोगशाला निर्माण गर्ने।

(ज) अनुमति प्राप्त पशु बधशाला निर्माण गर्ने।

(झ) प्यारेन्ट र ग्रयाण्ड प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी सञ्चालनको लागि निर्माण कार्य।

(३) म्याद नाघेका विषादीको (सूचित विषादीहरूको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने ।

(४) रासायनिक मल उत्पादन, संश्लेषण (फर्मुलेशन), समिश्रण (ब्लेण्डिङ), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ), भण्डारण (स्टोरेज्) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने।

(५) जीवनाशक विषादी उत्पादन, संश्लेषण (फर्मुलेशन), समिश्रण (ब्लेण्डिङ), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ), भण्डारण (स्टोरेज्) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने।

(६) देहाय बमोजिमको कृषीजन्य उद्योग स्थापना गर्नेः-

(क) दैनिक १०,००० लिटर भन्दा बढी क्षमताको दुग्ध प्रशोधन (दुधको परीकार समेत) उद्योग स्थापना गर्ने।

(ख) दैनिक ५ मेट्रिक टन भन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(ग) १००० मेट्रिक टन भन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने।

(घ) परम्परागत भेटेरिनरी औषधी बाहेकका भ्याक्सिन तथा औषधी उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(ङ) दैनिक १० मेट्रिक टन भन्दा बढी फलफूल वा तरकारीको प्रशोधन गर्ने उद्योग स्थापना गर्ने।

(च) दैनिक २ देखी १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(ट) **स्वास्थ्य क्षेत्रः** २६ देखि १०० शैय्यासम्मको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने।

(ठ) **शिक्षा क्षेत्रः** ५१ भन्दा बढी १०० शैय्या सम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने।

अनुसूची-३

(नियम ३ सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरू

(क) **वन क्षेत्रः**

(१) तराईमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी विरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने ।

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका विरुवा तराईमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने ।

(३) तराईमा १०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन व्यावसायीक कबुलियती वनको रूपमा दिने ।

(४) प्रदेश सरकारले वन अनुसन्धान प्रयोजनार्थ वार्षिक ३० हेक्टरभन्दा बढीका राष्ट्रिय वन सरपट कटान गर्ने ।

(५) वन क्षेत्रमा फोहोर मैला फाल्न ल्यान्डफील साईट निर्माण तथा सञ्चालन गर्ने ।

(६) वन क्षेत्र, वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको वन क्षेत्र मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र र वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ बेड भन्दा बढीको रिसोर्ट वा होटल, २५ शैया भन्दा बढीको अस्पताल निर्माण वा २५ कोठा भन्दा बढीको शिक्षण संस्था निर्माण गर्ने ।

(७) देहाय अनुसारको वन पैदावार संकलन गर्ने गरी जिल्ला भित्रको पञ्च वर्षीय वन कार्ययोजना, मध्यवर्ति क्षेत्र तथा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्ने ।

(क) वार्षिक ५० मेट्रिक टन भन्दा बढी जरा तथा गानो संकलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बोक्रा संकलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टन भन्दा बढी पात/डाँठ संकलन गर्ने (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक)

(घ) वार्षिक १५० मेट्रिक टन भन्दा बढी फूल र भुवा संकलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी फल र बीज संकलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टन भन्दा बढी बिरुवा संकलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टन भन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक), लाहा वा लोहवान संकलन गर्ने।

(८) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टनभन्दा बढी वन पैदावार सङ्कलन गर्ने ।

(९) विद्युत प्रसारण लाइन निर्माण बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र प्रयोग गर्ने ।

(१०) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्रभित्र कार्यान्वयन गरिने प्रस्तावहरु ।

(ख) **<u>उद्योग क्षेत्रः</u>**

(१) दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी तथा वाइनरी उद्योग स्थापना गर्ने ।

(२) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(३) दैनिक २५ मेट्रिक टन भन्दा बढी हाड, सिंग र खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(४) दैनिक १५,००० वर्गफिट भन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(५) वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने ।

(६) दैनिक १०० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(७) ब्लेण्डिङ्ग प्रक्रिया बाहेक विटुमिन तथा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(८) ब्लेण्डिङ्ग प्रक्रिया बाहेक रसायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(९) ब्लेण्डिङ्ग प्रक्रिया बाहेक किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१०) ड्राई वेटको आधारमा दैनिक ५० मेट्रिक टन भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(११) दैनिक ५ मेट्रिक टन भन्दा बढी फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने ।

(१२) दैनिक १०० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने ।

(१३) चुनढुंगा वा क्लिंकरमा आधारित दैनिक ३,००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको क्लिंकर वा सिमेन्ट उद्योग स्थापना गर्ने ।

(१४) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने ।

(१५) २ अर्ब रुपैया भन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने ।

(१६) दैनिक ५० मेट्रिक टन भन्दा बढी औषधीको लागि प्रारम्भिक कम्पाउण्ड (बल्क ड्रग्स) संश्लेषण (फर्मुलेशन) गर्ने उद्योग स्थापना गर्ने ।

(१७) दैनिक ५०० मेट्रिक टन भन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(१८) दैनिक ७५० मेट्रिक टन भन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग गर्ने उद्योग स्थापना गर्ने ।

(१९) उद्योगले आफ्नो प्रयोगको ४० मेगावाट भन्दा बढी वैकल्पिक ऊर्जा प्रविधि, कोजेनेरेशन, ट्राईजेनेरेशन, डि.जि. सेटबाट विद्युतीय ऊर्जा वा ताप उत्पादन गर्ने कार्य गर्ने।

(२०) वार्षिक ५ लाख घन फिटभन्दा बढी काठ सःमिल स्थापना गर्ने ।

(२१) बार्षिक २ लाख घन फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने ।

(२२) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनभन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(२३) अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने ।

(२४) रेडियोधर्मी विकिरण निष्कासन हुने उद्योग स्थापना गर्ने ।

(२५) सुरक्षा बल (नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाली सेना)ले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने ।

(२६) प्रादेशिक पेट्रोलियम पाइपलाईन निर्माण कार्य।

(२७) दैनिक १,००० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमताको क्रसर उद्योग स्थापना गर्ने।

(२८) कम्प्यूटर, सफ्टवेयर, विद्युतीय उपकरणहरु प्रयोग गरी सफ्टवेयर तयारी, अनलाईन सेवा, ईन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता

प्रकृतिका सेवा दिने कार्य तथा तालिम, परामर्श जस्ता कार्यहरु बाहेक रु. २ अर्बभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग ।

(ग) **खानी क्षेत्र**

(१) खानी उत्खनन् गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्याको स्थायी बसोबास, स्थानान्तरण वा पुनर्वास गर्ने ।

(२) खानी उत्खनन् कार्यको लागिः-

(क) सबै रेडियोधर्मी धातुहरुको उत्पादन गर्न उत्खनन् कार्य गर्ने।

(ख) अन्य धातुहरु उत्पादन गर्न भूमिगत दैनिक १,००० टनभन्दा बढी वा सतही दैनिक २,००० टनभन्दा बढी उत्खनन्को कार्य गर्ने ।

(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत दैनिक २,००० मेट्रिक टन भन्दा बढी वा सतही दैनिक ४,८०० मेट्रिक टनभन्दा बढी उत्खनन्को कार्यगर्ने।

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक वा साधरण माटो दैनिक ५०० घन मिटर भन्दा बढी उत्खनन् कार्य गर्ने।

(ङ) कोईला तथा मट्टिकोईला उत्पादन गर्न गरिने भूमिगत दैनिक १,००० टन भन्दा बढी वा सतही दैनिक २,००० टनभन्दा बढी उत्खनन् कार्य गर्ने ।

(च) दैनिक २ लाख घनमिटरभन्दा बढी प्राकृतिक ग्याँस (बायोजेनिक नेचुरल ग्याँस) उत्पादन कार्य गर्ने।

(छ) पेट्रोलियम पदार्थको उत्खनन् र प्रशोधन सम्बन्धी कार्य गर्ने।

(ज) नदी नाला सतहबाट दैनिक ३०० घनमिटर भन्दा बढी बालुवा, ग्राभेल गिर्खा माटो निकाल्ने।

(घ) **सडक क्षेत्रः**

(१) २५ किलोमिटर भन्दा बढी लम्बाई हुने नयाँ सडकहरु निर्माण गर्ने।

(२) ५० किलोमिटर भन्दा लामो रज्जुमार्ग निर्माण गर्ने।

(३) ५ किलोमिटर भन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने।

(४) सार्वजनिक यातायातको लागि रेलमार्ग स्थापना गर्ने।

(४) सडक प्रयोजनको लागि ३ किलोमिटर भन्दा बढी लम्बाईको सुरुङ बनाउने।

(५) ५० किलोमिटर भन्दा बढी लम्बाइको प्रादेशिक सडक वा सहायक सडकको चौडाइ वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने।

(ङ) **<u>आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्रः</u>**

(१) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको निर्माण क्षेत्र वा भूँईक्षेत्रफल भएको आवासीय, व्यवसायिक वा दुवै प्रकृति भएको भवन निर्माण गर्ने ।

(२) २,००० वा सो भन्दा बढी जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्टहल, स्पोर्ट्स वा व्यवसायिक कम्प्लेक्स आदि निर्माण गर्ने ।

(३) ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने ।

(४) १०० हेक्टरभन्दा माथिको जग्गा (विकास) आयोजना सञ्चालन गर्ने।

(५) १६ तल्ला वा ५० मिटर भन्दा बढी उचाईको भवन निर्माण गर्ने।

(६) २०,००० लिटर भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

(७) कृषियोग्य भूमिमा शहरीकरण गर्ने।

(च) <u>जलस्रोत र ऊर्जा क्षेत्र</u>

(१) विद्युत उत्पादन अन्तर्गतः-

(क) ५० मेगावाट भन्दा बढी क्षमताको जलविद्युत आयोजना निर्माण कार्य गर्ने।

(ख) १ मेगावाटभन्दा बढीको कोइला वा आणविक विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ग) ५ मेगावाटभन्दा बढीको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

(२) सिंचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई र भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने।

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने।

(ग) पहाडी भिरालो पाखा र पर्वतीय क्षेत्रमा २०० हेक्टर भन्दा बढी क्षेत्र सिंचाइ गर्ने।

(३) १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसंख्या विस्थापित हुने जलस्रोत विकास कार्य गर्ने।

(४) ३० हेक्टर भन्दा बढी क्षेत्रफलमा बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने ।

(५) २० घन मिटर प्रति सेकेण्ड भन्दा बढीका दरले एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने ।

(६) <u>नवीकरणीय ऊर्जा क्षेत्रः-</u>

(क) १० मेगावाट भन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ख) १० मेगावाट भन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

(ग) २ मेगावाट भन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने ।

(छ) <u>पर्यटन क्षेत्रः</u>

१. १०० शैयाभन्दा बढीको होटल वा रिसोर्ट निर्माण, स्थापना र सञ्चालन गर्ने ।

२. नयाँ विमानस्थल निर्माण गर्ने ।

(ज) <u>खानेपानी क्षेत्र</u>

(१) ५०० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी संकलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतहरुको प्रयोग गर्ने।

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेन्ड भन्दा बढी सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने।

(३) भूमिगत पानीको स्रोत विकासका लागि कूल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने ।

(४) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसंख्या विस्थापित गर्ने ।

(५) खानेपानीको स्रोतको माथिल्लो तटीय भागमा ५०० जनाभन्दा बढीको जनसंख्या बसोबास गराउने।

(६) २ लाखभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गर्ने ।

(७) २ लाखभन्दा बढी जनसंख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने।

(८) प्रदूषित भूमिगत जलस्रोतको उपयोग गर्ने।

(९) प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोत सम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने ।

(१०) ३ किलोमिटर भन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने ।

(११) १,००० भन्दा बढी जनसंख्या सार्वजनिक खानेपानी आपूर्तिको मुख्य स्रोतमा कार्यान्वयन गरिने कुनै प्रस्ताव।

(झ) <u>फोहोर मैला व्यवस्थापन क्षेत्र</u>

(१) घर एवं आवास क्षेत्रहरूबाट निस्कने फोहोरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(क) वार्षिक ५,००० मेट्रिक टनभन्दा बढी फोहोरमैला जमिनमा भर्ने ।

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने।

(ग) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरिकाबाट फोहोरमैला छनौट, केलाउने, तह लाउने र पुनः प्रयोग गर्ने ।

(घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने ।

(ङ) कम्तीमा १०,००० जनसंख्या भएको शहरी क्षेत्रबाट निस्कने फोहोरमैला गाड्ने काम गर्ने।

(च) ५ एम.एल.डि. भन्दा बढी क्षमताको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने।

(छ) ५०,००० भन्दा बढी जनसंख्यालाई टेवा पुर्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाई र फोहरमैला व्यवस्थापन कार्य गर्ने।

(२) देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहोर मैलासम्बन्धी देहायका निर्माण सम्बन्धीकाम गर्नेः-

(क) फोहोरमैला संयन्त्र निर्माण ।

(ख) फोहोरमैला रिकोभरी प्लान्ट निर्माण ।

(ग) फोहोरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण ।

(घ) फोहोरमैला भण्डारण गर्ने ठाउँको निर्माण ।

(ङ) फोहोरमैला ट्रिटमेण्ट सुविधाको निर्माण ।

(३) जोखिमपूर्ण फोहोर पदार्थ सम्बन्धी देहायका काम गर्नेः-

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्काशन र व्यवस्थापन गर्ने।

(ख) संयुक्त राष्ट्र संघ वा नेपाल सरकार सदस्य भएको निकायले जारी गरेको वा आधिकारिक रुपमा जोखिमपूर्ण वर्गमा सूचिकृत भएको पदार्थको निष्काशन र व्यवस्थापन गर्ने कार्य।

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र, अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्तिम निष्कासन व्यवस्थापन गर्ने।

(घ) कुनै पनि घातक पदार्थलाई भष्म वा पुनः प्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफल जमिन वा ऊर्जा सम्बन्धी कुनै काम गर्ने।

(ञ) <u>कृषि क्षेत्र</u>

(१) पहाडमा १ हेक्टरभन्दा बढी र तराईमा ५ हेक्टरभन्दा बढी राष्ट्रिय वन क्षेत्रमा कृषि कार्य गर्ने।

(२) सूचित विषादीहरुको हकमा जीवनाशक विषादी प्लाण्ट स्थापना गर्ने।

(३) दैनिक १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(ट) <u>स्वास्थ्य क्षेत्रः</u> १०० शैय्या भन्दा बढीको अस्पताल वा नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय संचालन गर्ने ।

(ठ) <u>शिक्षा क्षेत्रः</u> १०० शैय्या भन्दा बढीको शिक्षण अस्पताल संचालन गर्ने।

अनुसूची-४

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा

लुम्बिनी प्रदेश.....

जिल्ला.....नगरपालिका/गाउँपालिकामा कार्यान्वयन गरिने.....प्रस्ताव/आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि प्रस्ताव कार्यान्वयन बाट पर्न सक्ने वातावरणीय प्रभावको

क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति . .....)

प्रस्तावकको नाम र ठेगाना	(क) नामः..... (ख) ठेगाना ..... (ग) ई-मेल.....वेबसाईट..... (घ) फोन नं.....फ्याक्स.....
प्रस्तावको व्यहोरा	(क) कार्यान्वयन हुने स्थानः.....कित्ता नं..... (ख) चार किल्लाः..... (ग) प्रस्ताव बारे सामान्य जानकारी..... (घ) लगानी रुः..... (ङ) लगानी किसिमः सरकारी/अर्धसरकारी/नीजि (च) अन्य (खुलाउने)ः.....
प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न.पा/गा.पा.	..... जिल्ला ..... न.पा/गा.पा हरु.....

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक

पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न न. पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव भए सो लिनको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ। यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः

प्रस्तावकको नाम र ठेगाना	.....(नाम),..... (ठेगाना), ...(ई-मेल) .....(फोन नं.)
परामर्शदाताको नाम र ठेगाना	.....(नाम), ...(ठेगाना), ...(ई-मेल) .....(फोन नं.)

अनुसूची-५

(नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदन ढाँचा

(आवरण पृष्ठको ढाँचा)

प्रस्तावको शिर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहित) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

..... (प्रस्तावको नाम) ..... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन

.....

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

..... (प्रस्तावकको नाम र ठेगाना).....

..... (महिना, वर्ष).....

(भित्री पृष्ठहरु)

प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्ने

१. परिचयः

- भूमिकाः
- प्रस्तावकको परिचयः
- प्रस्तावको उद्देश्यः
- क्षेत्र निर्धारणको उद्देश्यः
- प्रस्तावको सान्दर्भिकताः

- कानूनी औचित्यताः

२. प्रस्तावको बारेमा जानकारीः

(क) प्रस्तावको परिचयः

(ख) स्थान/अवस्थिति र पहुँचः

(ग) प्रस्तावको प्रकृति/किसिमः

(घ) संरचनाहरुको जानकारी र प्रमुख अवयवहरुः (प्रष्ट रुपमा स्थलगत अवस्थाको नक्सासँग मेल हुने हिसाबले प्रस्तुत गर्नुपर्ने)

(ङ) प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापहरुः (निर्माण पूर्व, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा/डि.पि.आर. भए मुख्य कृयाकलापहरु)

(च) निर्माण योजनाः

(छ) जग्गाको क्षेत्रफल

(ज) जग्गाको प्रकार

३. प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

(क) आवश्यक जनशक्ति, निर्माण सामाग्री (परिमाण र श्रोत), निर्माण तालिका, प्रयोग हुने उर्जा (किसिम, श्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि, एशोसिएट/एन्सिलरी फेसिलिटीहरु, प्रस्ताव कार्यान्वयन तालिका

(ख) अन्य थप विवरण

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि सम्झौताः

(प्रस्तावको प्रकृति र विषयगत क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

नीतिगत व्यवस्था	प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा-नियम-खण्ड आदि र सम्बन्धित बुँदा	
	बुँदा	सम्बन्धित विवरण
नीति		

ऐन		
नियमावली		
निर्देशिका		
मापदण्ड		
कार्यविधि		
सन्धि सम्झौताहरु		

५. क्षेत्र निर्धारण प्रतिवेदन तयार गर्दा अवलम्बन गर्नुपर्ने विधिः

(क) नीति नियमको पुनरावलोकन

(ख) क्षेत्र निर्धारण सूचना प्रकाशनः

(ग) स्थलगत अध्ययन

(घ) छलफल तथा परामर्श

(ङ) वातावरणीय सवालहरुको पहिचान तथा प्राथमिकीकरणः यस कार्यको लागि देहायका औजार (टुल) हरुको प्रयोग गर्न सकिनेछ-

१. चेकलिष्ट

२. ईन्टरेक्सन मेट्रिक्स

३. स्टेप्ड मेट्रिक्स एनालाईसिस

४. नेटवर्क एनलाईसिस

क्षेत्र निर्धारण प्रतिवेदन तयारी

६. विद्यमान वातावरणीय अवस्थाः

प्रस्तावले प्रभाव पार्न सक्ने स्थानहरुको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)

तालिकाः विभिन्न क्षेत्रहरु र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम

अवयव	क्षेत्र	विवरण
भौतिक वातावरण		
जलवायु	वर्षा	
	तापक्रम	
	आद्रता	
	वायुको दिशा	
	अन्य	
जल तथा जलाधार क्षेत्र	नदी	
	ताल	
	अन्य जलस्रोत	
	बाढी	
	हिमताल विष्फोटबाट बाढी	
	अन्य	
भू-गर्भ	चट्टान र माटोको किसिम	
	भूगर्भिय बनौट/संरचना	
	पहिरो भू-क्षय	
	भुकम्पीय जोखिम	
	अन्य	
वायुको गुणस्तर र ध्वनिको स्तर	वायुको गुणस्तर	
	ध्वनिको अवस्था	
	अन्य	
पानीको गुणस्तर	सतही पानीको गुणस्तर	
	जमिन मुनीको पानीको गुणस्तर	

जैविक वातावरण		
वनस्पति	<u>जंगलको किसिम</u> जलवायुको आधारमा वनस्पतिको आधारमा	
	<u>संरक्षणको अवस्था</u> वन व्यवस्थापनको अवस्था वनस्पतिका प्रमुख प्रजातिहरु इथनोबोटानीका दृष्टिले महत्वपूर्ण प्रजातिहरु जलीय वनस्पतिहरु	
प्राणी (जनावर)	वन्यजन्तु	
	चराहरु	
	सरीसृप	
	अन्य	
माछा जलचर	जलचरहरु (प्रजातिहरु, विचरणको अवस्था, वासस्थानको अवस्था)	
वनस्पति र प्राणीको प्रजातिको अवस्था	वन्यजन्तुको वासस्थानको अवस्था	
सामाजिक आर्थिक तथा साँस्कृतिक वातावरण		
जनसांख्यिक विवरण	जनसंख्या	
	जन्म, मृत्य'को अवस्था	
	लैंगिक विवरण	
	उमेर समूह	

	जात	
	धर्म	
	घरधुरी	
	बसाई सराई	
	अन्य	
शिक्षा	शैक्षिक संस्थाको संख्या र किसिम	
	साक्षरता दर	
	शैक्षिक स्तर	
	अन्य	
स्वास्थ्य र सरसफाई	स्वास्थ्य स्थिति	
	रोगका प्रकार	
	स्वास्थ्य संस्थाहरुको अवस्था	
	खानेपानीको अवस्था	
	शौचालयको अवस्था	
	फोहोरमैला व्यवस्थापनको अवस्था	
	अन्य	
भौतिक-सामुदायिक पूर्वाधार	यातायात पूर्वाधार	
	ऊर्जा आपूर्ति	
	संचार (टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा)	
	खानेपानी	
	बजार	
	सिंचाई प्रणाली	
	उद्योग-कलकारखाना	

	अन्य	
आर्थिक	रोजगारी-पेशा-व्यवसाय	
	जग्गाको स्वामित्व	
	कृषि उत्पादन	
	पशुपालन	
	आय आर्जन र खर्च	
	अन्य उत्पादन	
जलउपयोग	कृषि प्रयोजनको लागि जल उपयोग	
	उपल्लो र तल्लो तटीय जल उपयोगको अवस्था	
	अन्य	
संस्कृति	ऐतिहासिक र साँस्कृतिक धरोहरहरु	
	साँस्कृतिक महत्वका खुलास्थलहरु	
	धार्मिक स्थलहरु	
	सांस्कृतिक मान्यता, चालचलन र परम्परा	
	अन्य	
भाषा	स्थानीय भाषाहरु र बोल्ने समुदाय	
	मातृ भाषा बोल्ने समुदाय	
चाडवाड र अन्य प्रथाहरु	प्रमुख चाडवाड र समारोहहरु	
	अन्तिम संस्कार गर्ने स्थल र प्रचलन	

	अन्य	

७. **प्रत्याशित/अपेच्छित प्रस्तावका विकल्पहरुः** यस शिर्षकमा प्रस्तावहरुको सम्भावित विकल्पहरुको जानकारी दिन सकिनेछ।

८. **क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेका र सम्बन्धित सरोकारवालाहरुले उठाएका सवालहरु तथा ती सवालहरुको औचित्यताको आधारमा प्राथमिकता निर्धारणः** अध्ययनमा संलग्न विज्ञहरुले पहिचान गरेका तथा सरोकारवालाहरुले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक सांस्कृतिक वातावरणीय सवालहरुको छुट्टा छुट्टै सूची तयार गर्नुपर्नेछ र यसरी छुट्याईएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालहरुको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार गर्नुपर्नेछ । यसरी अन्तिम सूची तयार गर्दा सरोकारवालाहरुले उल्लेख गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नुपर्नेछ ।

९. **सवालहरुको पहिचानः** सवालहरुको पहिचान देहाय बमोजिम गर्नुपर्नेछः-

सरोकारवालाहरुले पहिचान गरेका सवालहरु

अध्ययन टोलीले पहिचान गरेका सवालहरु

प्राथमिकीकरण गरिएका सवालहरु

प्राथमिकीकरण गरिएका सवालहरु देहायको तालिका बमोजिम उल्लेख गर्नुपर्नेछ

	सकारात्मक सवालहरु	**नकारात्मक सवालहरु**
निर्माण चरण		

भौतिक		
रासायनिक		
जैविक		
सामाजिक, आर्थिक		
संचालनको चरण		
भौतिक		
रासायनिक		
जैविक		
सामाजिक, आर्थिक		
सांस्कृतिक		

१०. अनुसूची

(क) प्रस्ताव र प्रस्तावकसँग सम्बन्धित कागजातहरु

(ख) नक्सा

(ग) सूचना एवं सूचना टाँस प्रमाण तथा मुचुल्का

(घ) प्राप्त भएका राय सुझावहरु

(ङ) प्रस्तावसँग सम्बन्धित विस्तृत आयोजना रिपोर्ट, सम्भाव्यता अध्ययन, लाभ लागत विश्लेषण बेनिफिट एनलाईसिस

(च) अन्य सान्दर्भिक कागजातहरु

अनुसूची-६

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) ..... को

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची

.....

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

..... (प्रस्तावकको नाम र ठेगाना).....

..... (महिना, वर्ष).....

१. प्रस्तावकको परिचयः

२. प्रस्तावकोः-

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिक

(ख) साँस्कृतिक-भौतिक

(ग) रासायनिक

(घ) जैविक

५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

७. अन्य आवश्यक कुराहरू ।

८. अनुसूची

(क) प्रतिवेदन तयार गर्ने विज्ञहरुको विवरण

(ख) प्रस्ताव र प्रस्तावकसँग सम्बन्धित कागजातहरु

(ग) नक्सा

(घ) अन्य सान्दर्भिक कागजातहरु

अनुसूची-७
(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)
प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) ..... को
प्रारम्भिक वातावरणीय प्रतिवेदनको कार्यसूची

.....

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः.....

प्रस्तावक

..... (प्रस्तावकको नाम र ठेगाना).....

..... (महिना, साल).....

भित्री पृष्ठः

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः
२. प्रस्तावको-
   (क) सामान्य परिचय
   (ख) प्रस्तावको सान्दर्भिकता
३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि
४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता
५. प्रतिवेदन तयार गर्दा लाग्नेः-
   (क) समय
   (ख) अनुमानित बजेट
६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः-

(क) सामाजिक-आर्थिक

(ख) साँस्कृतिक-भौतिक

(ग) रसायनिक

(घ) जैविक

७. प्रस्ताव कार्यान्वयनका विकल्पहरूः-

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) अन्य कुराहरू

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषयः

१०. अन्य विषयः

११. अनुसूचीः

(क) प्रस्ताव र प्रस्तावकसँग सम्बन्धित कागजातहरु

(ख) नक्सा

(ग) अन्य सान्दर्भिक कागजातहरु

अनुसूची-८
(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)
वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

(आवरण पृष्ठको ढाँचा)

..... (प्रस्तावको नाम) ..... को
